

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# विपद् जोखिम व्यवस्थापन स्थानीयकरण निर्देशिका

स्थानीय सरकारहरुको विपद् जोखिम व्यवस्थापन क्षमता अभिवृद्धि प्रशिक्षण कार्यसञ्चालन निर्देशिका

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

यो प्रशिक्षण निर्देशिका अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआईडी) मार्फत अमेरिकी जनताको सहयोगका कारण सम्भव बनेको हो । यस निर्देशिका भित्रका विषयवस्तु र सामग्रीको पूर्ण जिम्मेवारी अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठन (IOM)- आप्रवासनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय निकायको एकल जिम्मेवारी हुन् तर तीनले युएसएआईडी वा अमेरिकी सरकारको विचारको प्रतिविम्बित गर्छन् भन्ने जरूरी छैन ।

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
फोन { ४२००५०५ ४२००२९९ ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः-

चलानी नं.:-

प्राक्कथन

नेपालको संविधानले विपद् व्यवस्थापनको सम्बन्धमा तीनैवटा तहका सरकारलाई आवश्यकता अनुसार एकल तथा साझा अधिकार प्रदान गरेको छ । केन्द्रिय संरचनामा मात्र सीमित तथा उद्धार केन्द्रित विगतको कानूनी व्यवस्थालाई प्रतिस्थापन गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ जारी भए पश्चात विपद्को सम्पूर्ण चरणलाई व्यवस्थापन गर्नको लागि आवश्यक कानूनी रिक्ततालाई परिपूर्ति गरेको अवस्था छ ।

विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको सन्दर्भमा अन्तर्राष्ट्रिय स्तरमा स्वीकार गरिएको 3R (Reduce Risk Minutely, Respond Locally and Recover Immediately ) को अवधारणासंग एकाकार रहेको विद्यमान कानूनी प्रावधानहरुले नेपालमा विषेशतः विपद्को पूर्वतयारी र प्रारम्भिक प्रतिकार्यमा स्थानीय तहहरुलाई जिम्मेवार बनाएको छ । विपद्का घटना जहाँ घट्दछ, प्रारम्भिक प्रतिकार्य पनि त्यहींबाट नै सुरु हुनुपर्दछ तसर्थ कुनै पनि विपद्को पूर्वतयारी र प्रतिकार्यको लागि समुदायस्तर नै तयार नभएसम्म अपेक्षाकृत नतिजा निकाल्न सकिन्न। विपद् व्यवस्थापनको सन्दर्भमा संघीय सरकारको सफलता स्थानीय तहको क्षमताको जगमा नै अडेको हुन्छ । अतः विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सन्दर्भमा स्थानीय तहमा समुदायस्तर सम्मको क्षमता अभिबृद्धि गर्ने उद्धेश्यले तयार पारीएको **"विपद् जोखिम व्यवस्थापन स्थानीयकरण प्रशिक्षण निर्देशिका, २०७७"** प्रस्तुत गर्न पाउँदा मलाई खुशी लागेको छ ।

समुदायस्तर तथा स्थानीय स्वयंसेवकहरु परिचालित गरी विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको सन्दर्भमा स्थानीय तहको भूमिकाको प्रभावकारिता अभिबृद्धि गर्नमा यस प्रशिक्षण निर्देशिका सहयोगी सवित हुनेछ भन्नेमा म विश्वस्त छु । यस प्रशिक्षण निर्देशिका तयारी तथा प्रकाशनको क्रममा निरन्तर खटिनुहुने सम्पूर्ण कर्मचारीहरु, प्रशिक्षण निर्देशिका तयार गर्न आर्थिक तथा प्राविधिक सहयोग पुर्याउने अन्तर्राष्ट्रिय आप्रवासन संगठन लगायत यस कार्यमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पुर्याउनुहुने सबैप्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

सूर्यप्रसाद गौतम
(सचिव)

# विषय सूची


| | |
|---|---|
| भाग एक (१) । पृष्ठभूमि | १३ |
| परिचय | १३ |
| नेपाल सरकारको विपद् जोखिम व्यवस्थापनसम्बन्धी पहल | १४ |
| स्थानीय तहमा विपद् जोखिम व्यवस्थापन | १६ |
| चौध गाउँपालिका तथा नगरपालिकामा विपद् जोखिम व्यवस्थापनसम्बन्धी आवश्यकता र क्षमताको लेखाजोखा | १६ |
| भाग दुई (२) । प्रशिक्षण निर्देशिका | १९ |
| प्रशिक्षण प्याकेजको ढाँचा | १९ |
| प्रशिक्षणको उद्देश्य | २० |
| प्रशिक्षण प्याकेजको परिष्करण प्रकृया | २१ |
| प्रशिक्षण निर्देशिकाको उद्देश्य | २३ |
| भाग तीन (३) । प्रशिक्षणको विधि | २५ |
| प्रशिक्षणको कार्यप्रणाली | २५ |
| प्रशिक्षण निर्देशिका अनुसारको लक्षित समूह | २६ |
| थप चरणहरु | २६ |
| बसाई व्यवस्थापन | २७ |
| भाग चार (४) । प्रशिक्षण तयारी | २८ |
| तयारी योजना : दर्ता र प्रबन्धगत व्यवस्थापन योजना | २८ |
| पृष्ठभूमि | २८ |
| सत्र योजना (३० मिनेट) | २८ |
| भाग पाँच (५) । प्रशिक्षणको शुभारम्भ | ३२ |
| प्रशिक्षणको सुरू योजना । शुभारम्भ सत्रको आयोजना | ३२ |
| पृष्ठभूमि | ३२ |
| सत्र योजना (९० मिनेट) | ३२ |

भाग छ (६) । प्रशिक्षणका सत्रहरू ३७

सत्र १: विपद् जोखिमहरूबारे बुझाइ, विपद् जोखिमसम्बन्धी नेपाल सरकारका नीतिहरू र प्राथमिकताहरू ५८
पृष्ठभूमि ५९
सत्र योजना (१३५ मिनेट) ६५

सत्र २: नेपालमा विपद् जोखिम सुशासन (संस्थागत र कानुनी प्रावधानहरू) ७१
पृष्ठभूमि ७२
सत्र योजना (६० मिनेट) ७५

सत्र ३: स्थानीय तहमा विपद् जोखिम व्यवस्थापन सुशासन - स्थानीय विपद् जोखिम व्यवस्थापन ऐन ८०
पृष्ठभूमि ८१
सत्र योजना (७५ मिनेट) ८३

सत्र ४: स्थानीय विपद् व्यवस्थापन समितिको काम र कर्तव्यहरू ८७
पृष्ठभूमि ८८
सत्र योजना (६० मिनेट) ८९

सत्र ५: स्थानीय तहमा विपद् जोखिम व्यवस्थापन कोष सञ्चालन कार्यविधि ९४
पृष्ठभूमि ९५
सत्र योजना (६० मिनेट) ९६

सत्र ६: विपद् लेखाजोखा मार्गदर्शन १००
पृष्ठभूमि १०१
सत्र योजना (७५ मिनेट) १०३

सत्र ७: आपतकालीन कार्यसञ्चालन केन्द्रको प्रावधान १०७
पृष्ठभूमि १०८
सत्र योजना (३० मिनेट) १०९

सत्र ८: पूर्वचेतावनी प्रणाली ११२
पृष्ठभूमि ११३
सत्र योजना (४५ मिनेट) ११६

सत्र ९: स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना ११८
पृष्ठभूमि ११९
सत्र योजना (९० मिनेट) १२२

सत्र १०: विकास प्रक्रियामा समावेशी विपद् जोखिम न्यूनीकरण मूल प्रवाहीकरण १२५
पृष्ठभूमि १२६
सत्र योजना (६० मिनेट) १३४
सत्र ११: विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि अन्तरस्थानीय तह सहकार्य १३८
पृष्ठभूमि १३९
सत्र योजना (१०५ मिनेट) १४०
सत्र १२: विपद् पूर्वतयारी र प्रतिकार्ययोजना १४३
पृष्ठभूमि १४४
सत्र योजना (४५ मिनेट) १४६
सत्र १३: विपद् जोखिम व्यवस्थापनमा मानवीय सिद्धान्तहरू, मूलभूत मानवीय मापदण्ड
लैङ्गिक समानता र सामाजिक समावेशीकरण १५०
पृष्ठभूमि १५१
सत्र योजना (६० मिनेट) १५७
सत्र १४: खुल्ला क्षेत्रहरूको पहिचान र संरक्षण तथा शिविर समन्वय तथा शिविर व्यवस्थापन १६१
पृष्ठभूमि १६२
सत्र योजना (४५ मिनेट) १६८
सत्र १५: जोखिमको वित्तीय व्यवस्था र जोखिम हस्तान्तरण संयन्त्र १७०
पृष्ठभूमि १७१
सत्र योजना (३० मिनेट) १७४
सत्र १६: स्थानीय तहमा विपद् जोखिम व्यवस्थापन कार्ययोजनाहरूको मार्गचित्र १७७
पृष्ठभूमि १७८
सत्र योजना (६० मिनेट) १७८
भाग सात (७) । प्रशिक्षण पूर्व र प्रशिक्षण पश्चात लिइने परीक्षणहरू, मूल्याङ्कन तथा प्रशिक्षण प्रतिवेदन १८२
प्रशिक्षण पूर्व र प्रशिक्षण पश्चात लिइने परीक्षणहरू र मूल्याङ्कन १८२
प्रशिक्षण प्रतिवेदन (नमुना) १८२

# सङ्क्षिप्त शब्दावलीहरूको सूची
## (अङ्ग्रेजी शब्दका आधारमा)

| | |
|---|---|
| BIPAD | Building Information Platform Against Disaster<br>(गृह मन्त्रालयद्वारा हालसम्म यो शब्दावलीलाई नेपालीमा अनुवाद गरिएको छैन) |
| CC | Climate Change<br>(जलवायु परिवर्तन) |
| CEDAW | Convention on Elimination of All forms of Discrimination Against Women<br>(महिलाविरूद्ध हुने सबै खालका भेदभाव उन्मूलन गर्ने महासन्धि) |
| CHS | Core Humanitarian Standards<br>(मूलभूत मानवीय मापदण्ड) |
| CLA | Cluster Lead Agency<br>(विषयगत अगुवा संस्था) |
| DEOC | District Emergency Operations Centre<br>(जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र) |
| DIMS | Disaster Information Management System<br>(विपद् सूचना व्यवस्थापन प्रणाली) |
| DRM | Disaster Risk Management<br>(विपद् जोखिम व्यवस्थापन) |
| DRR | Disaster Risk Reduction<br>(विपद् जोखिम न्यूनीकरण) |
| DRRNSPA | Disaster Risk Reduction National Strategic Plan of Action 2018-2030<br>(विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना : २०१८-२०३०) |

| | |
|---|---|
| DRM | Disaster Risk Reduction and Management<br>(विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन) |
| EOCs | Emergency Operations Centres<br>(आपतकालीन कार्यसञ्चालन केन्द्र) |
| EWS | Early Warning System<br>(पूर्वचेतावनी प्रणाली) |
| GAM | Gender with Age Marker<br>(लैङ्गिक तथा उमेरसम्बन्धी विवरण) |
| GESI | Gender Equality and Social Inclusion<br>(लैङ्गिक समानता र सामाजिक समावेशीकरण) |
| GoN | The Government of Nepal<br>(नेपाल सरकार) |
| HPC | Humanitarian Planning Cycle<br>(मानवीय योजना चक्र) |
| IASC | Inter Agency Standing Committee<br>(अन्तर्निकाय स्थायी समिति) |
| IOM | International Organisation for Migration<br>(अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठन) |
| LDCRP | OLcal Disaster and Climate Resilience Plan<br>(स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना) |
| LDMC | OLcal Disaster Management Committee<br>(स्थानीय विपद् व्यवस्थापन समिति) |
| LEOC | OLcal Emergency Operations Centre<br>(स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र) |
| LGO | OLcal Government Operations Act<br>(स्थानीय सरकार कार्यसञ्चालन ऐन) |


| | |
|---|---|
| LSA | Lead Support Agency<br>(अगुवा सहयोगी संस्था) |
| MoFAGA | Ministry of Federal Affairs and General Administration<br>(सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय) |
| MoHA | Ministry of Home Affairs<br>(गृह मन्त्रालय) |
| MoUD | Ministry of Urban DeveoLpment<br>(सहरी विकास मन्त्रालय) |
| NDRF | National Disaster Response Framework<br>(राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा) |
| NDRRMA | National Disaster Risk Reduction and Management Authority<br>(राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण) |
| NDMA | National Disaster Management Authority (a short abbreviation for NDRMA)<br>(राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरण-छोटकरीमा) |
| NEOC | National Emergency Operations Centre<br>(राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्र) |
| NSRUC | National Strategy for Resilient Urban Communities<br>(उत्थानशील सहरी बस्तीका लागि राष्ट्रिय रणनीति) |
| NUDS | National Urban DeveoLpment Strategy<br>(राष्ट्रिय सहरी विकास रणनीति) |
| OFDA | Office of Foreign Disaster Assistance<br>(अमेरिकी सरकारको वैदेशिक विपद् सहयोग निकाय) |
| PEOC | Provincial Emergency Operations Centre<br>(प्रादेशिक आपतकालीन कार्यसञ्चालन केन्द्र) |
| PSC | Project Steering Committee<br>(परियोजना सञ्चालन समिति) |

| | |
|---|---|
| RGA | Rapid Gender Analysis<br>(द्रुत लैङ्गिक विश्लेषण) |
| SADD | Sex, Age, Diversity Disaggregated Data<br>(लैङ्गिक र उमेर विविधता खण्डीकृत तथ्याङ्क) |
| SOPs | Standard Operating Procedures<br>(कार्यसञ्चालन प्रक्रियाको मापदण्ड) |
| UN Women | United Nations Entity for Gender Equality and the Empowerment of Women<br>(संयुक्त राष्ट्रसङ्घीय लैङ्गिक समानता र महिला सशक्तीकरण निकाय) |
| USAID | United States Agency for International DeveoLpment<br>(अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग) |
| VCA | Vulnerability and Capacity Assessment<br>(सङ्कटासन्नता र क्षमता विश्लेषण) |

# भाग एक । पृष्ठभूमि

## परिचय

भौगोलिक विविधताले भरिपूर्ण नेपाल जलवायु, वनस्पति र जैविक प्रचुरताले भरिपूर्ण छ । यी विविधताहरु युगौंदेखिका प्राकृतिक विपद्हरूबाट निर्मित तथा परिवर्तित हुँदै आएका छन् । पृथ्वीको सतहमुनिको टेक्टोनिक प्लेटहरूको बिस्तारै तर निरन्तर सर्ने प्रक्रियाले नेपाल उच्च भूकम्पीय जोखिमयुक्त क्षेत्रभित्र पर्छ । भूकम्पीय जोखिमबाट सङ्कटासन्न अवस्थाका मुलुकमध्ये एघारौं स्थानमा पर्छ । उत्तरी हिमश्रृंखलामा छेकिएर हुने मनसुनी वर्षाले देशमा जीवनदायी वर्षा गराउँछ । यद्यपि अत्याधिक जलवाष्पको कारण हुने वर्षा र भिराला पर्वत श्रृंखलाहरूबाट बग्ने नदीहरूले व्यापक रुपमा बाढी र डुबान समस्या सिर्जना गरी कठिनाइ पैदा गर्छ । यस अतिरिक्त यसले मुलुकको हिमाली र पहाडी भेगहरूमा प्रशस्त पहिरो निम्त्याउँछ र मुलुकका दक्षिणी समतल क्षेत्रमा डुबानको समस्या बढ्ने गरेको छ । जलवायुजन्य परिस्थितिमा आएको द्रुत फेरबदलावले यस्ता विपद्हरूको तीव्रता र प्रभावहरु बढ्ने गरेको छ । माथि उल्लेखित विपद्बाहेक अन्य विपद् जस्तै, आगलागी, हुरीबतास, मानव श्रृजित विपद्हरूबाट आक्रान्त छ । बाढीजन्य जोखिमबाट सङ्कटासन्न अवस्थामा पर्ने मुलुकमध्ये नेपाल तीसौं स्थानमा पर्छ । जलवायुजन्य जोखिमबाट सङ्कटासन्न अवस्थामा पर्नेमध्येमा चौथो स्थानमा छ तथा विशेषगरी काठमाडौं सङ्कटासन्न सहरमध्ये विश्वमै एक्काइसौं स्थानमा पर्छ ।



Source: Germanwatch 2019, Global Climate Risk Index 2019

नेपालमा विपद् जोखिम निम्त्याउने प्रकोपहरूलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ– भौगर्भिक (टेक्टोनिक प्लेटहरूको हलचलबाट हुने भूकम्प, कमजोर नवपर्वतहरु), भूभौतिक (जस्तै, उच्च पर्वतीय चुचुराहरु, ठाडो भिरालो जमिन, सुख्खा पहिरो, नदीतटीय इलाका र समथर क्षेत्र) जल उत्पन्न प्रकोप (आर्द भूमि, बाढी, डुबान), मौसमसम्बन्धी (वर्षा, हावाहुरी, आँधी), जलवायुसम्बन्धी (विषम तापमान जस्तै, लु, ठण्डी, खडेरी), जैविक (किट–पतङ्गबाट हुने नोक्सानी, महामारी) र मानव सिर्जित (प्राविधिक, रसायनिक र आणविक) । कमजोर नवपर्वतीय क्षेत्रहरूको साथै जनसंख्या वृद्धि, गरिबी र अव्यवस्थित सहरीकरणबाट सिर्जित बहुप्रकोपहरूले नेपाललाई अतिउच्च विपद् जोखिममा पुऱ्याएको छ । नेपालको दक्षिणी भाग बाढी

र बारम्बार डुबानका समस्याहरू भोग्न बाध्य छ । यसका अतिरिक्त विषम जलवायु अनि प्राकृतिक संशाधनको व्यापक दोहन (ढुङ्गा, गिटी, बालुवा, माटो, पानी, जङ्गल) बाट विपद्हरूको बारम्बार दोहोरिने र तीव्र रूपमा बढ्ने क्रमले विकासमा भएको लगानी जोखिममा छ, जसले धेरै मानिस सङ्कटासन्न अवस्थामा आइपुगेका छन्, त्यसमध्ये पनि गरिबहरू, महिला, सामाजिक बहिष्करणमा परेका र सीमान्तकृत समुदायहरू विपद् जोखिमबाट बढी प्रभावित छन् । यी सङ्कटासन्न अवस्थाहरू, उमेर, अपाङ्गता, यौनिक अभिमुखीकरण, लैङ्गिक पहिचान, जात जातीयता र धर्मका कारणले झनै बढ्छ । विद्यमान सामाजिक संरचना, सामाजिक मान्यता, भेदभावजन्य प्रथाहरू र लैङ्गिक भूमिकाले समाजका केही वर्ग जस्तै, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरू, यौनिक र लैङ्गिक अल्पसङ्ख्यक, एचआईभी/एड्सबाट प्रभावित, किशोरी, एकल महिला, घरमूली महिला, गर्भवती र सुत्केरी, जेष्ठ नागरिक, दलित महिला, धार्मिक र जातइी अल्पसङ्ख्यक र आदिवासी महिला बढी जोखिममा पर्न सक्छन् ।

यसै शताब्दीको सुरूतिरको एक दशक लामो सशस्त्र द्वन्द्वले नेपालमा ठूलो मानवीय विपद् पैदा गरेको कुरा मननीय छ । यी प्राकृतिक र मानव सिर्जित विपद् जोखिमहरू र २०७२ सालको ठूलो भूकम्पबाट भएको धनजनका क्षतिहरूले नेपाललाई विपद् जोखिम न्यूनीकरण र प्रतिकार्य व्यवस्थापनका लागि पाठ सिक्न प्रेरित गऱ्यो ।

सङ्घीय संरचनाअन्तर्गत हाल नेपालमा तीन तहका सरकार छन् तर सबै तहमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी बुझाइमा कमी छ । त्यसकारण पनि, नेपाल सरकार सक्रियताका साथ प्रमुख सङ्घीय मन्त्रालयहरू, प्रदेशका साथै स्थानीय सरकारसहित सबै तहमा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनबारे बुझाइ र क्षमता वृद्धि गर्न तीव्र रूपमा प्रयासरत छ ।

## विपद् जोखिम व्यवस्थापनबारे नेपाल सरकारको पहलहरूको झलक

विपद् जोखिम व्यवस्थापनलाई नेपालको संविधानले सबै तहका सरकारका प्राथमिकतामा राखेको छ । संविधानको अनुसूची ६ ले विपद् जोखिम व्यवस्थापनको जिम्मेवारी सङ्घीय र प्रादेशिक दुवै सरकारका संयुक्त जिम्मेवारी हो भनी तोकेको छ । अनुसूची ८ अनुसार यसको जिम्मेवारी स्थानीय सरकारहरूको हुने र अनुसूची ९ अनुसार विपद् जोखिम व्यवस्थापन सबै तहका सरकारको संयुक्त जिम्मेवारी हुने उल्लेख छ । यी सबै प्राथमिकताअनुसार नेपाल सरकार सबै तहका सरकारहरूको विपद् जोखिम व्यवस्थापनसम्बन्धी नीति र संस्थागत क्षमता अभिवृद्धि गर्न लागि परेको छ । यसैअनुरूप विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ (संशोधन २०७५) र विपद् जोखिम व्यवस्थापन नियमावली, २०७६ अनुमोदन गऱ्यो । हालै राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको कार्यकारी प्रमुखको नियुक्तिबाट विपद् सुशासन र व्यवस्थापन प्रक्रियाहरूले गति लिने अपेक्षा गर्न सकिन्छ । यसैगरी, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले विपद् जोखिम न्यूनीकरण र प्रतिकार्य, स्थानीय सरकारहरूको खास जिम्मेवारी हुने उल्लेख छ । सेन्दाई कार्यढाँचाअनुसार, नेपाल सरकारले विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३० अनुमोदन गरेको छ । यस कार्ययोजनाले सेन्दाई कार्यढाँचामा उल्लेख गरिएका चार प्राथमिकता प्राप्त क्षेत्रअन्तर्गत अल्पकालीन, मध्यकालीन र दिर्घकालीन गरी १८ रणनीतिक गतिविधिको सूची तयार गरेको छ । पन्ध्रौं पञ्चवर्षीय योजना

(२०१९/२०-२०२३/२४) ले सबै विकास योजनामा विपद् जोखिम व्यवस्थापनको मूल प्रवाहीकरणलाई जोड दिएको छ । नेपालको संविधान[1]ले सामाजिक न्याय र समावेशीकरण[2]का लागि केही उल्लेखनीय प्रावधानहरु समावेश गरेको छ । यी सबैमा महिला र सदियौंदेखि बहिष्करणमा परेका समूहहरूका अधिकारप्रति उत्तरदायी हुनुपर्ने नीति र प्रणालीमा जोड दिइएको छ ।

विपद् व्यवस्थापनका नीतिहरु सम्बन्धमा गृह मन्त्रालयले राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचालाई २०७६ सालमा परिमार्जन गरेको छ । बाढीजन्य आपतकालीन प्रतिकार्य कार्यविधि २०७६, आपतकालीन कार्यसञ्चालन केन्द्रहरु सञ्चालनार्थ कार्यसञ्चालन प्रक्रियाहरूका मापदण्डको नमुना तयार गरेको छ । सूचनालाई व्यवस्थित गर्न राष्ट्रिय तहमा विपद् सूचना व्यवस्थापन प्रणाली (BIPAD) लाई संस्थागत गरेको छ । बाढी र जलवायुजन्य प्रकोपको सटिक र भरपर्दो भविष्यवाणी र पूर्वचेतावनी प्रणालीले नदीहरूका तटीय क्षेत्रमा बसोबास गर्ने बस्तीहरूलाई समयमै पूर्वानुमान सूचनाहरु जारी गरिरहेको छ । सहरी विकास मन्त्रालयले सहरी विकास रणनीतिअन्तर्गत प्रादेशिक र स्थानीय सरकारहरूलाई सहरी विकास योजनाहरु निर्माणमा तथा सुरक्षित निर्माणका लागि भवन निर्माण संहिता तयारी गर्न सहयोग गरिरहेको छ । सङ्घीय मामिला तथा सामान्य प्रशाासन मन्त्रालयले उत्थानशील सहरी बस्तीका लागि राष्ट्रिय रणनीति ल्याएको छ । स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको कार्यविधि तयारीको अन्तिम चरणमा छ । यिनै कार्यविधिहरूका आधारमा स्थानीय सरकारलाई जलवायु परिवर्तन तथा विपद् न्यूनीकरणलाई विकास योजनाहरूमा मूल प्रवाहीकरण गर्न दिइने प्रशिक्षणका लागि प्रशिक्षण निर्देशिकाको तयारी गरिसकेको छ । स्थानीय सरकारहरूको क्षमता अभिवृद्धि गर्ने सरोकारवाला मन्त्रालय भएकाले पनि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४ मा स्थानीय विपद् न्यूनीकरण तथा व्यवस्थापन ऐनको नमुना र विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधिको नमुना बनाएर स्थानीय तहलाई उपलब्ध गराएको छ ।

सेन्दाई कार्यढाँचा मानवीयताको एजेण्डा र दिगो विकासका लक्ष्यहरूले जोखिम र सङ्कटासन्न अवस्थाका सङ्कटासन्न महिला, किशोरी, किशोर, पुरूषहरु सबैको आवश्यकता पूर्ति गर्ने प्रतिवद्धता जाहेर गरेको छ । सेन्दाई कार्यढाँचाले पनि विपद् जोखिम न्यूनीकरणमा महिलाको सहभागिता महत्वपूर्ण हुने उल्लेख छ । यो कार्यढाँचाको २०३० सम्ममा गर्नुपर्ने प्रतिवद्धतामा पनि कोही नछुटुन् भन्ने कुरा उल्लेख छ । विपद्बाट जोखिममा पर्न सक्ने सबैसम्म पुगी उनीहरूको जीवन उकास्ने प्रतिवद्धतालाई यसले अझ सुदृढ बनाउने लक्ष्य राखेको छ । महिलाविरूद्ध हुने भेदभावहरु उन्मूलन समितिको साधारण सुझाव नं. ३७ (२०१८) ले जलवायु परिवर्तनजन्य विपद् जोखिम न्यूनीकरणमा लैङ्गिकसम्बन्धी आयाममा राज्यहरूलाई महासन्धिअन्तर्गतको दायित्व पूरा गर्न सुझाव दिएको छ ।

1 नेपाल सरकार, राष्ट्रिय योजना आयोगको सचिवालय (२०१५) प्रस्तुति, Nepal's Implementation of Istanbul Programme of Action for LDSs 2011-2020 : Initiatives, Achievements, Constraints and way forward, delivered on 7-8 December, 2015, available at : http://www.ipoareview.org/wp-content/upoLads/2016/04/NEPAL.pdf

2 नेपालको संविधान (२०७२) available at: http://www.lawcommission.gov.np/en/documents/2016/01/constitution-of-nepal-2.pdf

## स्थानीय तहमा विपद् जोखिम सुशासन

स्थानीय तहमा विपद् जोखिम व्यवस्थापनसम्बन्धी क्षमता अभिवृद्धि गर्न विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजनामा रणनीतिक गतिविधिहरु उल्लेख गरिएको छ । विपद् जोखिम व्यवस्थापन सम्वद्ध यी रणनीतिलाई स्थानीयकरण गर्नेमध्येको एक प्रमुख साधन, स्थानीय सरकार कार्यसञ्चालन ऐन, २०७४ हो । यो ऐनले विपद् जोखिम व्यवस्थापनमा स्थानीय सरकारको मुख्य मुख्य काम र कर्तव्य उल्लेख गरेको छ । यस अलावा नेपाल सरकारले नमुना स्थानीय विपद् जोखिम व्यवस्थापन ऐन, नमुना स्थानीय वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, आपतकालीन कार्यसञ्चालन केन्द्रको कार्यसञ्चालन नमुना कार्यविधि र नमुना स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना कार्यविधि तयार पारी पालिकाहरुमा स्थानीयकरण गर्न आवश्यक ऐन, नीति, प्रक्रिया र योजनाहरु तयार पार्न र अनुमोदन गर्न सहयोग गर्दै आएको छ । यी सबै कार्य एकदमै उत्साहजनक भए पनि यसलाई संस्थागत गर्ने कुरा चाहिँ निकै चुनौतीपूर्ण छ ।

२०७४ सालको स्थानीय तहको निर्वाचनबाट ६ महानगरपालिका, ११ उप-महानगरपालिका, २७६ नगरपालिका र ४६० गाउँपालिकामा जनप्रतिनिधि निर्वाचित भएका छन् । विकासप्रति उत्साहित यी जनप्रतिनिधिले आआफ्ना क्षेत्रमा विकासका कार्यहरु अगाडि बढाउन लागि परेका छन् । यसै क्रममा भौतिक पूर्वाधार विकासहरुमा मात्र बढ्ता जोड दिइने गरिएकाले विपद् जोखिम व्यवस्थापनलगायत क्षेत्र ओझेलमा छन् । नेपालमा राष्ट्रिय तहमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको कार्यढाँचा तयारीदेखि स्थानीय तहहरुमा विपद् जोखिम व्यवस्थापनको जग निर्माण गर्न थुप्रै निकाय लागि परेका छन् । यसरी जग बसाउनु पर्ने महत्वपूर्ण तह स्थानीय तहमा बारम्बार आइपर्ने जोखिमहरु, सम्मुखता र सङ्कटासन्नताबारेको ज्ञान र बुझाइ बढाउन तथा विपद् जोखिम व्यवस्थापनप्रति स्थानीय तहको काम र कर्तव्यप्रति सजग गराउन अझै धेरै प्रयत्न गर्नुपर्ने अवस्था छ । हाल प्रशस्त मात्रामा रहेका ऐन, नीति, रणनीति, कार्यविधिहरु बुझी सोहीअनुरुप कार्यहरु गर्न प्रदेश र स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीलाई कठिनाइ परिरहेको अवस्था छ । यसका अलावा धेरै स्थानीय तह विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी कार्यहरुका लागि  आवश्यक कर्मचारी र आर्थिक स्रोतका लागि पर्खेर बसेको अवस्था छ । धेरै स्थानीय तहले आआफ्ना पालिकामा विपद् जोखिम व्यवस्थापन सम्वद्ध ऐन, नियमावली र कार्यविधिहरु तयार पार्दा उपलब्ध नमुनाहरु नै हुबहु नक्कल गरेर पालिकासम्वद्ध विपद् जोखिमलाई ख्याल नगरी नीतिहरु तयार गर्ने गरेको पाइएको छ ।

## चौध गाउँपालिका र नगरपालिकामा विपद् जोखिम व्यवस्थापनसम्बन्धी आवश्यकता र क्षमताको लेखाजोखा

यस मन्त्रालयले अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठनको सहकार्यमा "नेपालको चौध नगरपालिका र गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी आवश्यकता र क्षमता लेखाजोखा" नामक शीर्षकअन्तर्गत नेपालका सातै प्रदेशका विभिन्न भौगोलिक क्षेत्र समेटेर चौध नगरपालिका र गाउँपालिकामा विस्तृत अध्ययन गरिएको थियो । समग्र नेपालको अवस्थालाई प्रतिनिधित्व गर्ने आधार तय गरेको यो लेखाजोखाले सम्वद्ध स्थानीय सरकारहरुलाई स्थानीय विपद् जोखिम व्यवस्थापनका लागि ऐन, नीति, योजना, कार्यविधि र प्रक्रियाहरु तथा यससम्बन्धी संरचनाहरुलाई संस्थागत गर्न समावेशी विपद् जोखिम व्यवस्थापनलाई

विकास योजनाहरूमा मूल प्रवाहीकरण गर्न र स्रोत बाँडफाँटका प्रक्रियाहरूका लागि आवश्यक सूचना दिई मद्दत पुऱ्यायो ।

| | | |
|---|---|---|
| प्रदेश १<br>१. विराटनगर महानगरपालिका, मोरङ्ग<br>२. उदयपुरगढी गाउँपालिका, उदयपुर | प्रदेश २<br>३. राजविराज नगरपालिका, सप्तरी<br>४. भङ्गाहा नगरपालिका, महोत्तरी | वाग्मती प्रदेश<br>५. भीमेश्वर नगरपालिका, दोलखा<br>६. नीलकण्ठ नगरपालिका, कास्की |
| गण्डकी प्रदेश<br>७. बाग्लुङ्ग नगरपालिका, बाग्लुङ्ग<br>८. माछापुच्छ्रे गाउँपालिका, कास्की | प्रदेश ५<br>९. तुलसीपुर उपमहानगरपालिका, दाङ्ग<br>१०. गुलरिया नगरपालिका, बर्दिया | कर्णाली प्रदेश<br>११. वीरेन्द्रनगर नगरपालिका, सुर्खेत<br>१२. कपूरकोट गाउँपालिका, सल्यान |
| | सदुरपश्चिम प्रदेश<br>१३. धनगढी उपमहानगरपालिका, कैलाली<br>१४. जयपृथ्वी नगरपालिका, बझाङ्ग | |

तलिका २ : छनौट गरिएका गाउँ/नगरपालिकाहरू

यसैगरी, माथिको जस्तै पालिकाहरूको आवश्यकता र कमीकमजोरीको लेखाजोखा गर्न गरेको निम्नानुसारको अरू ६ वटा नगरपालिकाको अध्ययनले पनि उस्तै निष्कर्ष निकालेको थियो ।

| | | | |
|---|---|---|---|
| वाग्मती प्रदेश | १. ललितपुर महानगरपालिका, ललितपुर<br>२. चाँगुनारायण नगरपालिका, भक्तपुर<br>३. शंखरापुर नगरपालिका, काठमाडौं<br>४. चौतारा सांगाचोकगढी नगरपालिका, सिन्धुपाल्चोक<br>५. गोसाईकुण्ड गाउँपालिका, रसुवा | गण्डकी प्रदेश | ६. गोरखा नगरपालिका, गोरखा |

तलिका २ : थप अध्ययन गरिएका अन्य गाउँ/नगरपालिकाहरू

सेन्दाई कार्यढाँचाका प्राथमिकताहरु तथा विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजनालाई मध्यनजर राख्दै पालिकाहरूको क्षमता र आवश्यकता आँकलनका लागि गरिएको लेखाजोखा अध्ययन निम्न बुँदामा केन्द्रित रहेको थियो ।

- पालिका तहमा विपद् जोखिम व्यवस्थापनको ज्ञान र अवधारणा तथा विपद् जोखिम विधायन
- विपद् जोखिम र यसबाट हुने जनधनको क्षतिबारे बुझाइ
- उत्थानशील विकासका लागि सार्वजनिक निजी लगानीको प्रवर्द्धन
- अझ राम्रो र बलियो बनाउन, विपद् पूर्वतयारी र प्रभावकारी प्रतिकार्य, पुनर्लाभ, पुनर्निर्माण कार्यलाई बढावा दिने

माथि उल्लेखित गाउँपालिका र नगरपालिकामा गरिएको लेखाजोखाअनुसार, विपद् जोखिम व्यवस्थापनबारेको ज्ञान र व्यवस्थापन क्षमता सबैमा समान नरहेको पाइयो । केही स्थानीय तहमा विपद् जोखिम व्यवस्थापन ऐन र विपद्को घडीमा राहत वितरणसम्बन्धी कार्यविधि तयार पारेको पाइयो भने केहीमा यस्ता प्रक्रियाहरु तयार पार्ने क्रममा रहेको भेटियो । केही स्थानीय तहमा आपतकालीन कार्यसञ्चालन केन्द्र निर्माणदेखि वडा तहसम्म विपद् जोखिम व्यवस्थापन समितिहरु निर्माण भएको पाइयो भने बाँकीमा यस्ता प्रक्रियाहरु अपनाउने तयारी भइरहेको पाइयो । यस सम्बन्धमा पालिकाहरूका क्षमतामा विद्यमान असमानताबारे माथि उल्लेखित आवश्यकता र क्षमता लेखाजोखा प्रतिवेदनमा उल्लेख गरिएको छ ।

विभिन्न पालिकाबीच विपद् पूर्वतयारीको स्तरमा रहेको भिन्नताले स्थानीय तहका सरकारबीच राष्ट्रिय आपतकालीन सुशासन प्रणालीको बुझाइ अभिवृद्धि गराउनु पर्ने आवश्यकता टड्कारो रूपमा देखा परेको छ । यस बुझाइलाई नीति र प्रक्रियाहरूद्वारा स्थानीय शासन प्रणालीमा आवद्ध गराई स्थानीय विपद् जोखिम सुशासनद्वारा विपद् पूर्वतयारी र प्रतिकार्यको क्षमता बढाउन जरूरी छ । विपद् पूर्वतयारी र प्रतिकार्य क्षमता बढाउन पालिकाका जनप्रतिनिधि र कर्मचारीले विपद् जोखिम व्यवस्थापन चक्रका सबै चरणमा आआफ्ना काम र कर्तव्यबारे राम्ररी बुझ्नुपर्ने, विपद् जोखिम न्यूनीकरणलाई पालिकाका सबै आवधिक योजनामा एकीकृत र मूल प्रवाहीकरण गर्ने प्रतिवद्धता हुनुपर्ने र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणद्वारा विपद्को बेला राहत पुनर्लाभ, पुनर्स्थापना र पुनर्निर्माणमा कोही पनि नछुटुन् भन्ने कुराहरूलाई सुनिश्चित गर्नुपर्छ ।

सेन्दाई कार्यढाँचा र विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३० लाई मध्यनजर गर्दै गरिएको यो आवश्यकता र क्षमता लेखाजोखा अध्ययनले प्रशिक्षणको क्रममा निम्न बुँदाहरु समावेश गर्न सुझाव दिएको छ :-

१. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनबारे विषयगत प्रष्टता
२. नेपालमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सुशासनको सिंहावलोकन
३. विपद् जोखिम लेखाजोखा : विपद् जोखिम तथा यसबाट हुने आर्थिक क्षतिबारे बुझाइ
४. स्थानीय तहको विकास निर्माण योजनामा विपद् जोखिमलाई समाहित गर्ने
५. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा लगानी

# भाग २ । प्रशिक्षण निर्देशिका

## प्रशिक्षण प्याकेजको रुपरेखा

माथि उल्लेखित सुझावहरु र स्थानीय तहमा रहेका कमीकमजोरीलाई मध्यनजर गर्दै यो प्रशिक्षण प्याकेज तयार पारिएको छ । यस प्रशिक्षण प्याकेजको अधारमा विविध सत्रहरु तयार पारी निम्न तालिकाअनुसारको सातै प्रदेशका चौध पालिकाका स्थानीय तहका जनप्रतिनिधिलाई प्रशिक्षण प्रदान गरिएको थियो ।

| | | | |
|---|---|---|---|
| ७-९ श्रावण, २०७६<br>नेपालगन्ज<br>स्थान : होटल सोल्टी बेष्ट एण्ड प्रेमियर | धनगढी उपमहानगरपालिका, कैलाली<br>जयपृथ्वी नगरपालिका, बझाङ्ग<br>गुलरिया नगरपालिका, बर्दिया<br>वीरेन्द्रनगर नगरपालिका, सुर्खेत<br>कपूरकोट गाउँपालिका, सल्यान | १४-१६ श्रावण, २०७६<br>पोखरा<br>स्थान : होटल बाराही | तुलसीपुर उपमहानगरपालिका, दाङ्ग<br>बाग्लुङ्ग नगरपालिका, बाग्लुङ्ग<br>माच्छापुच्छे गाउँपालिका, कास्की<br>नीलकण्ठ नगरपालिका, धादिङ्ग |
| २१-२३ श्रावण, २०७६<br>काठमाडौं<br>स्थान : गोकर्ण फरेस्ट रिसोर्ट | विराटनगर महानगरपालिका, मोरङ्ग<br>उदयपुरगढी गाउँपालिका, उदयपुर<br>राजविराज नगरपालिका, सप्तरी<br>भङ्गाहा नगरपालिका, महोत्तरी<br>भिमेश्वर नगरपालिका, दोलखा | | |

तालिका ३ : विपद् जोखिम व्यवस्थापन क्षमता अभिवृद्धि प्रशिक्षण कार्यक्रममा भाग लिएका पालिकाहरु, मिति र स्थान ।

प्रशिक्षण कार्यक्रममा १३३ जनाको सहभागिता थियो । केही सहभागी कार्यक्षेत्रमा जानु परेकाले पूरा समय प्रशिक्षणमा सहभागी हुन सक्नु भएन तर ११३ जना सहभागी पूरै प्रशिक्षण अवधिभर सहभागी रहनुभएको थियो । महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिकाका प्रमुख र उपप्रमुख र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र अरू कर्मचारी (जस्तै : इन्जिनियर, विषय समितिका सम्पर्क व्यक्तिहरु) ले कार्यक्रममा प्रशिक्षण अवधिभर सक्रिय सहभागी जनाउनुभएको थियो । प्रशिक्षण सत्रहरूलाई मुख्य सहजकर्ता श्री सुरेश प्रधान र उहाँका सहयोगी श्री नवीन दाहालले सहयोग गर्नुभएको थियो ।

नेपाल सरकारका उच्च अधिकृतहरु पनि यस प्रशिक्षण कार्यक्रममा सम्मिलित हुनुभएको थियो । नेपालगन्जमा भएको प्रशिक्षण कार्यक्रममा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका उपसचिव श्री ऋषिराज आचार्यले उद्घाटन सत्रमा सहजकर्ताको भूमिका निभाउनु भएको थियो । यसैगरी, पूर्वशिक्षामन्त्री तथा विपद् जोखिम व्यवस्थापनसम्बन्धी विज्ञ डा. गङ्गालाल तुलाधार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव श्री जयनारायण आचार्यले पोखरामा आयोजित प्रशिक्षण शुभारम्भ सत्रमा मन्तव्य राख्नुभएको थियो । यसैगरी, काठमाडौंमा भएको प्रशिक्षण कार्यक्रममा गृह मन्त्रालयका सहसचिव श्री इन्दु घिमिरे, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका उपसचिव श्री ऋषिराज आचार्य र सहरी विकास मन्त्रालयका उपसचिव श्री पोषराज ढुङ्गानाले क्रमशः विपद् सूचना व्यवस्थापन प्रणाली, विपद् जोखिम व्यवस्थापन र राष्ट्रिय भवन संहितामा जानकारी दिनुभएको थियो ।

यसैगरी, पोखरामा आयोजित प्रशिक्षण कार्यक्रममा सहरी विकास मन्त्रालयका वरिष्ठ डिभिजनल इन्जिनियर श्री किशोर श्रेष्ठ, काठमाडौं तथा पोखरामा आयोजित प्रशिक्षण कार्यक्रममा ओएफडीए/युएसएआईडीका विपद् जोखिम न्यूनीकरण अधिकृत श्री सन्तोष ज्ञवाली, काठमाडौंमा आयोजित प्रशिक्षणमा युनिसेफका वरिष्ठ इमर्जेन्सी अधिकृत श्री असिम श्रेष्ठ र स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानका श्री दिपक थापा पर्यवेक्षकका रूपमा सहभागी हुनुभएको थियो । यी कार्यक्रमका अलावा निम्न स्थानहरुमा थप दुईवटा प्रशिक्षण कार्यक्रम आयोजना गरिएको थियो जसमा तल उल्लेखित पालिकाहरुका ५७ जना जनप्रतिनिधि र मुख्य कर्मचारीहरु सम्मिलित हुनुहुन्थ्यो ।

| | | | |
|---|---|---|---|
| ९-११ मङ्सिर, २०७६<br>स्थान : आकामा होटेल | ललितपुर महानगरपालिका, ललितपुर<br>शङ्खरापुर नगरपालिका, काठमाडौं<br>चौतारा साङ्गाचोकगढी नगरपालिका, सिन्धुपाल्चोक | १६-१८ मङ्सिर, २०७६<br>स्थान : रिभरसाइड रिसोर्ट | गोरखा नगरपालिका, गोरखा चाँगुनारायण नगरपालिका, भक्तपुर<br>गोसाईंकुण्ड गाउँपालिका, रसुवा |

तलिका ४ : प्रशिक्षणमा सहभागी थप गाउँ/नगरपालिका, मिति, स्थान

## प्रशिक्षणको उद्देश्य

यस प्रशिक्षण कार्यक्रमको समग्र उद्देश्य स्थानीय सरकारहरुको विपद् पूर्वतयारी र प्रतिकार्य क्षमता बढाउनु रहेको थियो । यो मूलभूत उद्देश्य प्राप्तिका लागि विज्ञ र सहभागीबीच अन्तर्क्रियात्मक सत्रहरुको आयोजना गरिएको थियो र सो सत्रहरुबाट निम्न उद्देश्यहरु हासिल गर्ने लक्ष्य राखीएको थियो :-

- स्थानीय सरकारका जनप्रतिनिधि र पालिका सम्वद्ध अधिकारीहरूलाई केन्द्र, प्रदेश, जिल्ला र स्थानीय तहका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सुशासन प्रणाली र संयन्त्रबारे ज्ञान अभिवृद्धि गराउने ।
- स्थानीय तहका जनप्रतिनिधि र सम्वद्ध अधिकारीहरूलाई स्थानीय सरकारको विपद् पूर्वतयारी र प्रतिकार्यमा क्षमता अभिवृद्धि गराउने ।

- स्थानीय स्तरमा पालिकाहरूले विपद् जोखिम व्यवस्थापनका लागि आवश्यक संरचना खडा गर्ने तथा नीति निर्माण र प्रक्रियाहरु तयार पार्ने ।
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण सहितको विपद् जोखिम व्यवस्थापन प्रक्रियालाई पालिकाहरूका वार्षिक र आवधिक योजनाहरूमा मूल प्रवाहीकरण गर्ने ।
- पालिकाहरूका नेतृत्व तहमा विपद् जोखिम पूर्वतयारी र प्रतिकार्यका लागि वित्तीय व्यवस्थापनबारे जोखिम हस्तान्तरणका उपायबारे ज्ञान अभिवृद्धि गर्ने ।

## प्रशिक्षण प्याकेज परिष्करण प्रक्रिया

यो प्रशिक्षणका सामग्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठनको प्राविधिक सहयोगमा "विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनबारे चौध गाउँ र नगरपालिकाका आवश्यकता र क्षमता पहिचान"सम्बन्धी अध्ययनको आधारमा तयार पारेको हो । यस प्रशिक्षणका मुख्य सामग्री माथि उल्लेखित आवश्यकता र क्षमता पहिचानको लेखाजोखाबाट प्राप्त जानकारीका आधारमा १६ विभिन्न सत्रमा बाँडिएको छ । पहिचान गरिएका विशिष्ट आवश्यकतालाई मध्यनजर गर्दै प्रशिक्षण सत्रहरु, नेपाल सरकारले तर्जुमा गरेका राष्ट्रिय विपद् जोखिम व्यवस्थापन रणनीतिहरु, ऐन, नियमावली र नीतिहरु, पूर्वतयारी प्रतिकार्य कार्यढाँचा र विपद् जोखिम व्यवस्थापन नमुना ऐन र कार्यविधिहरूमा आधारित छ । यस निर्देशिकाको जोड मुख्यतया स्थानीय सरकारहरूलाई विपद् पूर्वतयारी र प्रतिकार्यसम्बन्धी ज्ञान र क्षमतामा वृद्धि गर्न स्थानीय विपद् जोखिम व्यवस्थापन सम्वद्ध ऐनहरु, नीतिहरु, प्रक्रियाहरु निर्माण र संस्थागत गर्न स्थानीय तह र वडा तहहरूमा समेत विपद् जोखिम व्यवस्थापनसम्बन्धी संयन्त्रहरूको गठन र ससत्तीकरण गर्न र यी सबै प्रकृया राष्ट्रिय विपद् जोखिम व्यवस्थापन सुशासन अनुकूल बनाउनु रहेको छ । अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठनले संयुक्त राष्ट्रसङ्घीय लैङ्गिक समानता र महिला सशक्तीकरण निकाय, नेपाल र विपद् व्यवस्थापन समूहको महिला मञ्च (Women Forum for Disaster Management Group) सँग मिली लैङ्गिक समानता र सामाजिक समावेशीकरणको मुद्दालाई यस निर्देशिकामा प्रमुखताका साथ उठान गरेको छ । यस्तै मुख्य विशेषताहरूमा जोड दिँदै यस निर्देशिकाले तल उल्लेखित विधिहरु अपनाएको छ ।

- प्रशिक्षण सान्दर्भिक पाठ्य सामग्रीको वितरण
- सत्रका मुख्य अवधारणाहरूको पावर प्वाइन्ट प्रस्तुति
- सहभागीको सत्रको विषयसँग सम्बन्धित निजी अनुभवहरूमा समूह छलफल
- समूहकार्य प्रस्तुति, अनुकरण अभ्यास, अन्तर्क्रियात्मक खेलहरु
- मुख्य मुख्य बुँदाहरूको टिपोट र कार्यविधिहरूको तर्जुमा
- विपद् जोखिम व्यवस्थापन सम्बन्धमा स्थानीय सरकारहरूका घोषणा पत्रको अनुमोदन

नेपालगन्ज, पोखरा, काठमाडौं र कुरिनटारका प्रशिक्षणमा उपयोग गरिएका सामग्री, प्रस्तुतीकरण तरिका र प्राप्त सुझावहरू पुनरावलोकन गरी यस प्रशिक्षण सामग्रीमा केही सुधार गरियो । सहभागीलाई प्रस्तुत सामग्रीमा ध्यान केन्द्रित गराउन गानाहरु, पुनर्ताजगीका साथै सत्रहरूका बीचमा छोटो विश्राम समय पनि राखीयो । यसबाट सहभागीको प्रशिक्षणप्रति अझ ध्यान केन्द्रित हुन मद्दत पुग्यो । प्रशिक्षण सत्रहरूको पुनरावलोकन र पृष्ठपोषणबाट सत्र योजनाहरूमा गरिएका केही परिवर्तन तलका बुँदाहरूमा झल्काइएको छ ।

- (नेपालगन्जमा आयोजित प्रशिक्षणबाट) पूर्वचेतावनी प्रणाली पालिकाहरूका लागि विपद् जोखिम व्यवस्थापन कार्ययोजना, स्फियर मापदण्ड, जोखिमका लागि वित्तीय व्यवस्था र जोखिम स्थानान्तरण
- (पोखरामा आयोजित प्रशिक्षणबाट) विपद् जोखिम व्यवस्थापनबारे सहभागीको अनुभव, नगरपालिकाहरूको विपद् जोखिम व्यवस्थापनप्रतिको काम र कर्तव्यहरु, मुख्य मानवीय मापदण्डहरु
- (काठमाडौंमा आयोजित प्रशिक्षणबाट) लैङ्गिक समानता र सामाजिक समावेशीकरणको मूल प्रवाहीकरणका थप सामग्री अन्तरनगरपालिकाबीच आपसी सहयोग अभिवृद्धि

यसरी प्राप्त सुझाव र प्रतिक्रियाहरु समाविष्ट गरी १६ सत्र सहितको यस ३ दिने प्रशिक्षण प्याकेज तयार पारिएको छ । सत्रका योजनाहरु छोटकरीमा भाग ३ मा र विस्तृत योजना तथा प्रशिक्षण विधिहरु भाग ६ मा प्रस्तुत गरिएका छन् ।

प्रशिक्षणको मुख्य उद्देश्य स्थानीय तहमा विपद् जोखिम व्यवस्थापनसम्बन्धी क्षमता अभिवृद्धि गर्नु रहेकाले प्रशिक्षण सँगसँगै सहभागीलाई उनीहरूको संलग्नतामा स्थानीय विपद् जोखिम व्यवस्थापन ऐन, पालिका र वडा तहहरूमा स्थानीय विपद् व्यवस्थापन समिति, आपतकालिक कार्यसञ्चालन केन्द्रको गठन, राहत वितरण कार्यविधि, स्थानीय विपद् प्रतिकार्ययोजनालगायत कार्ययोजना बनाउन लगाइने छ । प्रशिक्षणको अन्त्य (तेस्रो दिन) मा यी सबै योजना सङ्कलन गरी सहभागीलाई दिइने छ जुन पछि उनीहरूको कार्य क्षेत्रमा काम गर्न सन्दर्भ-सामग्रीको रूपमा प्रयोग गर्न सकियोस् ।

उपरोक्त सामग्री र विधिहरू प्रयोग गरी आयोजित प्रशिक्षणहरूका सफलताको अनुभवको आधारमा यस निर्देशिकामा स्थानीय तहमा विपद् जोखिम व्यवस्थापनसम्बन्धी ऐनहरूको तर्जुमा/संशोधन, नीतिगत तथा संरचनात्मक क्षमता वृद्धि गर्न, विपद् जोखिम व्यवस्थापन सम्वद्ध संयन्त्रहरूको स्थापना, पालिकाहरूमा प्राकृतिक, गैरप्राकृतिक परिवेशअनुसार पूर्वतयारी र प्रतिकार्ययोजनाहरु र साझा विपद् जोखिम व्यवस्थापनसम्बन्धी चासोलाई सम्बोधन गर्न अन्तरस्थानीय तह सहकार्य, स्थानीय तहहरूको घोषणा पत्र जारी गर्नेजस्ता कार्य समावेश गरिएको छ ।

## प्रशिक्षण निर्देशिकाको उद्देश्य

यस निर्देशिकाको मुख्य उद्देश्य विपद् जोखिम व्यवस्थापन सुशासनमा स्थानीय सरकारहरूलाई ससक्त बनाउने तथा  राहत वितरणमा मात्र सीमित सोचलाई फराकिलो बनाई, विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी र प्रतिकार्य व्यवस्थापनतर्फ उन्मुख गराउने रहेको छ, जुन निम्न बुँदाहरूमा केन्द्रित छ :-

क) स्थानीय तहका जनप्रतिनिधि र प्रमुख कर्मचारीहरूको केन्द्रदेखि स्थानीय तहसम्म विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन सुशासन सम्वद्ध प्रणालीबारेको ज्ञान अभिवृद्धि गराउने ।

ख) स्थानीय तहका जनप्रतिनिधि र प्रमुख कर्मचारीहरूको विपद् पूर्वतयारी र प्रतिकार्यमा स्थानीय सरकारहरूका काम र कर्तव्यप्रतिको क्षमता अभिवृद्धि गराउने ।


ग) पालिकाहरूका विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनसम्बन्धी ऐन, संयन्त्र, नीतिहरु र प्रक्रियाहरु निर्माण क्षमता अभिवृद्धि गराउने ।

घ) विपद् जोखिम व्यवस्थापनका सबै प्रक्रियामा लैङ्गिक समानता र सामाजिक समावेशीकरण युक्त विपद् जोखिम न्यूनीकरणलाई पालिकाहरूका सबै आवधिक र वार्षिक योजनाहरूमा मूल प्रवाहीकरण गर्ने क्षमता अभिवृद्धि गराउने ।

ङ) साझा प्रकृतिका विपद्हरूको सामना गर्न र स्रोतहरूको बाँडफाँट गर्न, स्थानीय तहहरु बीच आपसी सहयोग अभिवृद्धि गराउने तथा विपद्को वित्तीय व्यवस्थापनका लागि स्रोतहरु संयुक्त परिचालन गर्ने ।

यी उद्देश्यहरु हासिल गर्न विपद् जोखिम व्यवस्थापनमा स्थानीय तहको क्षमता अभिवृद्धि गर्न तयार गरिएको यो तालिम, सेन्दाई कार्यढाँचाको चार प्राथमिकता प्राप्त क्षेत्रहरु समेटिएको विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीतिक कार्ययोजना र अन्तर्निकाय स्थायी समितिको लैङ्गिक नीति र जवाफदेहिता प्रारूपलाई मध्यनजर गर्दै निम्न लिखित कुरा समाविष्ट गरी तयार गरिएको छ :-

- स्थानीय तह सान्दर्भिक स्थानीय ऐन, नियम, रणनीति, कार्यविधि र योजनाहरूको कार्यान्वयन
- विपद् जोखिम व्यवस्थापन संयन्त्र प्रणालीको सुदृढीकरण
- विपद् जोखिम कोष कार्यविधि व्यवस्थापन
- विपद् जोखिम व्यवस्थापनमा तालिम प्राप्त मानव स्रोत परिचालन
- साझा विपद् जोखिम व्यवस्थापनसम्बन्धी सवालहरूको व्यवस्थापनमा अन्तरपालिका सहकार्यमा जोड
- सबै पालिकाका विकास योजनामा लैङ्गिक समानता र सामाजिक समावेशीकरण र विपद् जोखिम व्यवस्थापन मूल प्रवाहीकरण




स्थानीय सरकारहरूको क्षमता अभिवृद्धि गर्न आयोजित प्रशिक्षण सत्रहरूको मूलभूत विषयहरू यस निर्देशिकामा समाविष्ट गरिएको छ ।

# भाग ३ । प्रशिक्षण विधि

स्थानीय तहका जनप्रतिनिधि र मुख्य कर्मचारी सबै आआफ्ना कामकाजमा व्यस्त रहने हुँदा सकभर उनीहरूको दैनिकी सँगै मिल्दोजुल्दो सामग्री समावेश गरी प्रशिक्षण पद्धति विकास गर्न सके सबैको ध्यान आकृष्ट हुने विश्वासका साथ यो प्रशिक्षण पद्धति विकास गरिएको छ । नेपाल सरकारका ऐन, नीति, रणनीति र कार्यविधिहरु जुन अघिल्ला प्रशिक्षणमा पनि प्रयोग गरिएको र केही स्थानीय तहमा सफल प्रयोग गरिसकिएको र कति स्थानीय तहमा प्रयोग गर्नुपर्ने सामग्री नै यस प्रशिक्षणमा प्रयोग गरिएको छ ।

## प्रशिक्षण विधि

यस प्रशिक्षण प्याकेजका सामग्री पालिकाका निर्वाचित जनप्रतिनिधिलाई उत्सुक र छलफलमा सक्रिय बनाई आआफ्नो पालिकाहरूमा योगदान गर्न सक्ने गरी तयार पारिएको छ । यस प्रशिक्षणमा निम्न लिखित विधिहरु समाविष्ट गरिएको छ :-

- सहभागीको काम र अनुभवहरूको सङ्क्षिप्त र सारगर्भित प्रस्तुति
- सम्भव भएसम्म सहभागीबीच अन्तर्क्रियात्मक तरिका अपनाई सिक्ने वातावरणलाई सहजीकरण गर्ने
- विपद् जोखिम व्यवस्थापन ऐन, नीति, रणनीति र यससँग सम्बन्धित संरचनाहरु आआफ्नो पालिका सान्दर्भिक बनाउन समूहकार्य
- समूह गतिविधिहरु बढाउन खेल र अन्तर्क्रियात्मक विधिहरु
- विभिन्न सत्रहरूको छलफलबाट विपद् जोखिम कार्यहरूका लागि मनन् गर्नुपर्ने बुँदाहरूको छनौट विपद् जोखिम व्यवस्थापन कार्यहरूका लागि मस्यौदा कार्ययोजनाको तयारी
- स्थानीय विपद् जोखिम व्यवस्थापनमा स्थानीय तहहरूको प्रतिवद्धतासहितको घोषणापत्रको अनुमोदन

प्रशिक्षण सत्रहरूमा प्रशिक्षण विधिमा सहयोग पुऱ्याउन निम्नलिखित औजार तथा उपकरणहरूको प्रयोग गरिएका छन् ।

| सामग्री | उपकरण र सामग्री |
|---|---|
| • पावर प्वाइट प्रस्तुति<br>• समूहकार्यका टेमप्लेटहरु | • पर्याप्त पाठ्यसामग्री र अन्य सन्दर्भ-सामग्री<br>• मेटा कार्ड र पोष्ट-इट प्याडहरु |

| | |
|---|---|
| • नमुना कार्ययोजनाका टेमप्लेटहरु<br>• स्थानीय विपद् जोखिम व्यवस्थापन ऐन, स्फियर हातेपुस्तक लगायतका गहन अध्ययन सामग्रीका लागि हाजिरीजवाफजस्ता अन्तर्क्रियात्मक खेल, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई विपद् जोखिम न्यूनीकरणमा मूल प्रवाहीकरण गर्न अध्ययन सामग्री (पावर प्वाइन्ट प्रस्तुति, समूह अभ्यास टेम्प्लेटजस्ता तालिम औजारहरु भाग ६ मा विस्तारमा वर्णन गरिएको छ ।) | • नोटबुक र कलमहरु<br>• पुस पिन, मास्किङ टेप, बोर्ड मार्करहरु (मेटिने र नमेटिने)<br>• खैरो र सादा कागजहरु<br>• अन्तर्क्रियात्मक खेलहरूका लागि आवश्यक सामग्री<br>• मल्टिमिडिया प्रोजेक्टर, माइक्रोफोन, पिन माइक्रोफोन आदि |

## प्रशिक्षण निर्देशिकाको लक्षित समूह


सर्वप्रथम यस प्रशिक्षण निर्देशिका मुख्य प्रशिक्षकहरूलाई प्रशिक्षण प्रदान गर्न परिलक्षित छ । यसपछि पालिकाका प्रमुख/उपप्रमुख, अध्यक्ष/उपाध्यक्ष, वडाध्यक्ष, प्रशासकीय समितिका सदस्य, वडा समितिका सदस्य, प्रमुख प्रशासकीय अधिकृत, अन्य कर्मचारी, इन्जिनियर, विपद् जोखिम न्यूनीकरणका लागि सम्पर्क व्यक्ति, विषयगत विकास समितिका सम्पर्क व्यक्ति, विपद् जोखिमसम्बन्धित महिला समूह, सङ्कटासन्न समूह, बहिष्कृत समूहका मुख्य मुख्य प्रतिनिधिहरूका लागि, पालिका तहमा प्रशिक्षण प्रदान गर्न प्रशिक्षक तयार गरिनेछन् । यस प्रशिक्षण निर्देशिका अरू विकास साझेदारहरूले पनि यस्तै प्रशिक्षणहरूका लागि प्रयोग गर्न सक्नेछन् ।

## थप चरणहरू

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठनको प्राविधिक सहयोगमा प्रमुख प्रशिक्षक तयार पार्ने प्रयोजनका लागि सम्भाव्य व्यक्तिहरूको समूहबाट चयन गरी उनीहरूलाई प्रशिक्षण प्रदान गर्नेछ । यी प्रशिक्षित व्यक्तिहरूबाट छनौट गरी एउटा मुख्य प्रशिक्षक समूह बनाइने छ । सम्बन्धित प्रदेशका स्थानीय तहबाट चयन गरिएका विपद् जोखिम व्यवस्थापन सम्पर्क व्यक्तिहरूलाई माथि उल्लेखित मुख्य समूहका प्रशिक्षकहरूले प्रदेश तहमा प्रशिक्षण दिनेछन् । यस प्रादेशिक तहको प्रशिक्षणमा जिल्ला समन्वय समिति र जिल्ला प्रशासन कार्यालयका व्यक्तिहरु पनि सम्मिलित हुन सक्नेछन् । यी प्रशिक्षकहरु समेत संलग्न समूहले सातै प्रदेशका सबै स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीलाई प्रशिक्षण प्रदान गर्ने छन् । प्रमुख प्रशिक्षकहरूलाई प्रदान गरिने प्रशिक्षणको साथ साथै सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, गृह मन्त्रालय, सहरी विकास मन्त्रालयहरूको संयोजनमा अरू विभिन्न मन्त्रालयका विपद् जोखिम न्यूनीकरण सम्पर्क व्यक्तिलाई सङ्क्षिप्त अभिमुखीकरण तालिम पनि आयोजना गरिने छ, जसबाट विपद् जोखिम व्यवस्थापनलाई स्थानीयकरण गर्न विस्तृत सहयोग मिल्न सक्छ । प्रमुख प्रशिक्षकहरूद्वारा प्रदान गरिने प्रादेशिक तहको प्रशिक्षणमा मन्त्रालयहरूका, उक्त सम्पर्क व्यक्तिहरूलाई पनि सहभागी हुन अनुरोध

गर्न सकिन्छ ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रादेशिक र स्थानीय तहमा प्रदान गरिने प्रशिक्षणहरु अनुगमन गर्नेछ । केही स्थानीय तहमा पहिले नै यही प्रकृतिका प्रशिक्षण सञ्चालन भइसकेको अथवा यो प्रशिक्षणको उद्देश्यअनुरूपका गतिविधि भइसकेका पनि हुनसक्छन् । यस्तो अवस्थामा यस प्याकेजका सत्रहरूलाई स्थानीय तहका चाहाना र आवश्यकताको आधारमा परिमार्जन गर्न सकिने छ । यस प्रशिक्षणको प्रभावकारिताको समग्र मूल्याङ्कन हुन जरूरी छ । प्राप्त सुझावहरु र आवश्यकताको आधारमा समय समयमा यस प्रशिक्षणका विषयवस्तुलाई अद्यावधिक गरिरहनु पर्छ ।




## बसाई व्यवस्थापन

सहभागीलाई सकभर अल्छी र थकाई नलाग्ने वातावरणको निर्माण गर्न प्रशिक्षण सञ्चालन गरिने सभाकक्षमा स्वच्छ हावा र प्रशस्त उज्यालो हुनु जरूरी छ । सहभागीको बसाई, सभाकक्षको बनोटमा निर्भर हुने भएता पनि मिलेसम्म संलग्न चित्रअनुसार व्यवस्था हुन सके राम्रो हुन्छ । प्रशिक्षण समूहले सहभागीको बस्ने व्यवस्था, प्रशिक्षण सुरू हुने अघिल्लो दिन नै गर्नुपर्छ ।

सहभागी बस्ने टेबलहरूका बीचमा हिँड्डुल गर्न मिल्ने स्थान हुनुपर्छ । सबै सहभागीले राम्ररी देख्न सक्ने स्थानमा स्क्रिन राखीनुपर्छ । पावर प्वाइन्टबाट प्रस्तुति गर्दा सबै सहभागीले राम्ररी देख्न र पढ्न सक्ने हुनुपर्छ । प्रशिक्षण बैठकहरूको बीचबीचमा धेरै समूह बनाउनुपर्ने र समूहद्वारा निर्मित वस्तुहरूको प्रदर्शन पनि गर्नुपर्ने हुन्छ । यसका लागि सहभागी बस्ने मेचबाहेक भित्तातिर पनि पर्याप्त ठाउँ आवश्यक पर्छ । प्रशिक्षण स्थल र अन्य सुविधा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अनुकूल भएको सुनिश्चित गर्नुपर्छ (जस्तै, बालबच्चासहित उपस्थित भएका महिला सहयोगीका लागि आवश्यक स्थान छुट्टै शौचालय आदि)

# तयारी योजना १ : दर्ता र प्रबन्धगत व्यवस्थापन योजना

## पृष्ठभूमि परिचय

यो प्रशिक्षण मुख्यतः स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीलाई विपद् पूर्वतयारी र प्रतिकार्य व्यवस्थापनमा क्षमता अभिवृद्धि गर्न सहयोग पुऱ्याउन तयार पारिएको हो । तसर्थ यस प्रशिक्षणका सहभागी, पालिकाका प्रमुख/उपप्रमुख, अध्यक्ष/उपाध्यक्ष, वडाध्यक्ष, वडा सदस्य, विभिन्न समितिका सदस्य र अन्य कर्मचारीहरु (प्रमुख प्रशासकीय अधिकृत र इन्जिनियर, विपद् जोखिम न्यूनीकरण सम्पर्क व्यक्ति र विषयगत विकास समिति सम्पर्क व्यक्तिहरु) हुनेछन् । केही जनप्रतिनिधिलाई प्रशिक्षणमा छलफल गरिने मूलभूत अवधारणा बुझ्न गाह्रो पर्न सक्ने हुनाले विशेष ध्यान पुऱ्याउदै प्रशिक्षणको समग्र उद्देश्य प्राप्तिमा अभिवृद्धि हुने गरी यो प्रशिक्षण विधि तयार पारिएको छ ।

## सहजकर्तालाई सुझाव

प्रशिक्षक र सहजकर्ताहरूलाई सहभागीको पृष्ठमूमिबारे ज्ञान हुनु जरूरी छ । नगर प्रमुख, उपप्रमुख, गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र अन्य आगन्तुक पदाधिकारीका मर्यादाक्रमलाई ध्यान दिई सम्बोधन गर्नुपर्ने हुन्छ । प्रशिक्षण अवधिभर पनि उहाँहरूको मर्यादालाई ख्याल गरी आदरसूचक शब्दहरूको प्रयोग गर्नु जरूरी छ । यसबारे पूर्ण जानकारी नभए नेपाल सरकारको मर्यादाक्रम सूचीबाट सिक्न सकिन्छ वा अन्य जानकारसँग राय लिनुपर्छ । प्रशिक्षणमा सहभागी हुन आएकाहरूमा कोही अपाङ्गता भएका व्यक्तिहरु छन् भने तथा कोही महिला सहभागी साना बालबालिकासहित आएको भए उनीहरूका लागि आवश्यक र उचित प्रबन्ध गर्नुपर्छ । प्रशिक्षणमा उपलब्ध सुविधा अन्य सेवा, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अनुकूल हुनु जरूरी छ ।

## सत्र योजना (३० मिनेट)

यस अवधिमा सहभागीको दर्ता र प्रशिक्षणलाई व्यवस्थित तवरले सञ्चालन गर्ने व्यवस्थाको योजना तयार हुनुपर्छ ।

| समग्र उद्देश्य | विशिष्ट उद्देश्य |
|---|---|
| • सहभागीको दर्ता र सत्र अवधिभरका लागि प्रबन्धगत व्यवस्थापन गर्ने । | • छिटो र सरल तरिकाबाट सहभागीको दर्ता सम्पन्न गर्ने ।<br>• प्रशिक्षण अवधिका लागि आवश्यक प्रशिक्षण सामग्री र उपकरणहरूको व्यवस्था गर्ने ।<br>• सहभागीको प्रबन्धगत व्यवस्थापनसम्बन्धी चासो र मागलाई सम्बोधन गर्ने । |

## अपेक्षित सहभागी

पालिकाका प्रमुख/उपप्रमुख, अध्यक्ष/उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्ष, प्रशासकीय समितिका सदस्य, विपद् जोखिम न्यूनीकरण सम्पर्क व्यक्ति, इन्जिनियर, पालिकाका विषयगत समितिका सम्पर्क व्यक्तिहरु ।

## सत्रको सङ्क्षिप्त विवरण

| कार्य | समय | विवरण | औजार | तयारी |
|---|---|---|---|---|
| १<br>दर्ता | पहिलो दिन<br>८:३०-८:४५<br>(१५ मिनेट) | सहभागीको दर्ता | PITI_ Registration form | • प्रशिक्षण कक्ष बाहिर दर्ताका लागि कुर्सी/टेबल राख्ने र आवश्यक कर्मचारी /सहयोगी खटाउने ।<br>• प्रशिक्षणमा भाग लिन सुनिश्चित प्रत्येक पालिकाका सहभागीको नाम क्रमअनुसार छापी तयार पार्ने । |
| २<br>प्रबन्धगत व्यवस्थापन | ८:४५-९:०० (१५ मिनेट) | प्रशिक्षणका लागि प्रबन्धगत व्यवस्थापन | | • दर्ता भइसकेका सहभागीलाई प्रदान गर्न, नामसहितको कार्ड, फाइल/फोल्डर, नोटबुक, कलम र झोला सबै भएको सामग्री तयार पार्ने ।<br>• सभाकक्ष भित्रको एउटा कुनामा प्रशिक्षण सहयोग प्रयोजनका लागि आवश्यक सामग्री छाप्न कागजपत्र र प्रिन्टर तयारी अवस्थामा राख्ने ।<br>• प्रशिक्षणका लागि प्रत्येक सत्रमा आवश्यक प्रशिक्षण सामग्री (अध्ययन सामग्री, ह्याण्ड आउट) पर्याप्त मात्रामा छापेको र उपलब्ध भएको सुनिश्चितता गर्ने । |

## सत्र गतिविधिहरूको विवरण

| दिन: १ | गतिविधि १ : दर्ता | उद्देश्यहरु |
|---|---|---|
| ८:३०-८:४५ (१५ मिनेट) | • सहभागीलाई दर्ता सूचीमा आआफ्नो नाम खोजी सही गर्न तथा अन्य आवश्यक विवरण भर्न लगाउन मद्दत गर्ने ।<br>• केही सहभागी जस्तै, महिला सहभागी, कार्यकारी समितिका सदस्यहरु र वडा सदस्यहरूलाई दर्ता पक्रियामा कठिनाइ भए आवश्यक सहयोग उपलब्ध गराउने ।<br>• दर्ता प्रक्रिया पूरा गर्नासाथ सम्बन्धित सहभागीको कार्ड, फाइल, फोल्डर, प्रशिक्षण सामग्री, नोट बुक, कलम, झोला सबै भएको प्रशिक्षण किट प्रदान गर्ने ।<br>• सहभागीले अन्य केही जानकारी चाहेमा सोको जानकारी दिने । | दर्ता प्रक्रिया शिघ्र सम्पन्न गर्ने ।<br>प्रशासकीय कार्यका लागि सबै विवरण सुरक्षित राख्ने । |
| ८:४५-९:०० (१५ मिनेट) | • चिया/कफी, खानाको तालिका, होटेल तथा प्रशिक्षण स्थलका कर्मचारीलाई पहिला नै उपलब्ध गराउने ।<br>• गराइराख्ने र सबै काम समयमै सम्पन्न गर्न ताकेता गर्ने । यदि प्रशिक्षण तोकिएको समयभन्दा केही लम्बिन गएमा सोको जानकारी पनि सम्बन्धित कर्मचारी/होटलमा गराउने ।<br>• प्रोजेक्टर र हाते माइक्रोफोन आवश्यक संख्यामा उपलब्ध गराउने ।<br>• प्रशिक्षक/सहजकर्ताले निर्धारित प्रशिक्षण सामग्री (मेटा कार्ड, पोष्ट इड कार्ड, सादा कागज, मार्कर इत्यादि) पर्याप्त मात्रामा उपलब्ध गराउने । | प्रशिक्षण सञ्चालनका लागि आवश्यक सहयोग पुऱ्याउने । |


## बसाई व्यवस्थापन

सहभागीको बसाई व्यवस्थापन, प्रशिक्षण सभाकक्षको वनोटबमोजिम गर्न सकिन्छ । प्रशिक्षण सुरु गर्न सहभागीको यथोचित बसाई व्यवस्थापनका साथै उद्घाटन सत्रका लागि अतिथिहरूको बसाई व्यवस्थापन निम्नअनुरूप चित्रअनुसार गर्न सकिन्छ :-

## प्रशिक्षण सामग्री

सबै सहभागीले देख्ने गरी प्रशिक्षणसम्बन्धी ब्यानर सहभागीको अगाडि पर्ने गरी भित्तामा टाँगिएको हुनुपर्छ । उपयुक्त आकारको ब्यानर (५ फिट, ८ फिट) को हुन्छ, जुन सम्पूर्ण सहभागीले यथास्थानबाट प्रष्ट देखिने गरी प्रशिक्षण कक्षमा राख्नुपर्छ ।

पर्याप्त मात्रामा मार्कर कलम, बोर्ड मार्करहरू, मास्किङ टेप, डबल साइड टेप, मेटा कार्ड, पोष्ट इट प्याड, कैंची, स्टेपल मेसिन र पिन, न्यूज प्रिन्ट पेपर, ब्राउन पेपर, पुस पिन, पञ्च मेसिन, माउथ फ्रेसनर मिन्ट, पावर कनेक्टिङ कर्ड, पावर प्वाइन्ट प्रोजेक्टर, हाते माइकहरू र पिन माइक, प्रशिक्षण अवधिभर उपलब्ध हुनुपर्छ ।




| | | | |
|---|---|---|---|
| अपेक्षित उपलब्धि | • दर्तासम्बन्धी प्रक्रिया समयमै पूरा हुनु ।<br>• प्रशिक्षणका लागि आवश्यक सामग्रीको पर्याप्त उपलब्धता ।<br>• चालु हालतमा रहेका प्रशिक्षण उपकरणको उपलब्धता ।<br>• सहभागीको प्रबन्धगत व्यवस्थापनसम्बन्धी जिज्ञासाहरूको समयमै उचित व्यवस्थापन | पुष्ट्याइँका आधारहरू | • सहभागीको दर्ताको सूची ।<br>• छापिएका प्रशिक्षण सामग्री ।<br>• प्रशिक्षणपश्चात मूल्याङ्कन । |

# भाग ५ । प्रशिक्षण कार्यक्रमको सुरुआत

## प्रशिक्षण सुरुआती योजना १ : शुभारम्भ सत्रको आयोजना

### पृष्ठभूमि जानकारी

यो प्रशिक्षणको उद्देश्य नेपाल सरकारको प्राथमिकतामा रहेको स्थानीय तहमा विपद् जोखिम व्यवस्थापनको क्षमता अभिवृद्धि गर्नु रहेको छ । यसमा सङ्घ, प्रदेशका मन्त्रालयहरु र विभिन्न जिल्लाका विपद् जोखिम व्यवस्थापनसँग सम्बन्धित जनप्रतिनिधि र कर्मचारीको उपस्थिति हुनसक्छ । यस प्रशिक्षणमा पालिकाका प्रमुख/उपप्रमुख, अध्यक्ष/उपाध्यक्ष उपस्थित हुनुहुनेछ । उहाँहरु प्रशिक्षण सत्रमा पनि उपस्थित हुन सक्नु हुनेछ ।

### प्रशिक्षक/सहजकर्तालाई सुझाव

साधारणतया प्रशिक्षणका शुभारम्भ सत्रहरु समय बचतलाई मध्यनजर गर्दै अनौपचारिक हुने गर्छन् । तसर्थ थोरै मात्र अतिथिहरूलाई डायसमा निम्त्याउने र अन्य सहभागीलाई यथास्थानमै आसन ग्रहण गर्न अनुरोध गर्न सकिन्छ । सत्रको सुरूमा उद्घाटन गर्दा, स्वागत भाषण गर्दा र अतिथिहरूलाई डायसमा आमन्त्रित गर्दा मर्यादाक्रमको पालन गर्न नितान्त आवश्यक हुन्छ । अरू अतिथिलाई पनि यथोचित तवरले अभिभादन गर्नु पर्छ । शुभारम्भ सत्रमा र प्रशिक्षण सत्र दुवैमा विविध चारलाई पनि स्थान दिइनु जरूरी छ । महिला नगर प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्षहरूको पनि उपस्थिति छ भने उहाँहरूको प्रतिनिधित्व गर्दै एकजनालाई डाएसमा निम्त्याउनु पर्छ । शुभारम्भ सत्र सकभर छोटो हुनुपर्छ ताकि अरू प्रशिक्षण सत्रहरु समयमै सुरू गर्न सकियोस् ।

### सत्र योजना (९० मिनेट)

यो सत्रमा मर्यादाक्रम र शुभारम्भ सत्रको सञ्चालन प्रकृयामा छलफल हुनेछ ।

| समग्र उद्देश्य | विशिष्ट उद्देश्यहरु |
|---|---|
| • सबै तहका सरकारहरूमा विपद् जोखिम व्यवस्थापन सुशासनको महत्व र विशेषगरी स्थानीय तहहरूको विपद् पूर्वतयारी र प्रतिकार्यसम्बन्धी काम र कर्तव्यहरूको महत्वप्रति सुसूचित गर्ने । | • प्रशिक्षणका मूलभूत उद्देश्यहरु अवगत गराउने ।<br>• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनबारे सबै तहका सरकारका प्रतिवद्धताबारे सहभागीलाई बोध गराउने । |

## अपेक्षित सहभागी

पालिकाका प्रमुख/उपप्रमुख, अध्यक्ष/उपाध्यक्षहरु, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्ष, प्रशासनिक समितिका सदस्यहरु, विपद् जोखिम न्यूनीकरण सम्पर्क व्यक्ति, इन्जिनियर, पालिकाका विषय समितिका सम्पर्क व्यक्ति, विपद् जोखिम न्यूनीकरणमा संलग्न महिला र सङ्कटासन्न समूहका प्रतिनिधिहरु ।

## सत्रको सारांश

| गतिविधि | समय | विवरण | औजार | तयारी |
|---|---|---|---|---|
| १. शुभारम्भ सत्र | दिन - १<br>९:००-९:४५<br>(४५ मिनेट) | कार्य १ : शुभारम्भ सत्र | | शुभारम्भ सत्रमा उपस्थित हुने अतिथिहरूको नामावली तयार गर्ने ।<br>कार्यक्रममा सङ्घ र प्रदेशका अतिथिज्यूहरु उपस्थित हुन सक्नुहुनेछ र साथै सङ्घ, प्रदेश र जिल्ला तहका विपद् जोखिम व्यवस्थापन सम्वद्ध अन्य कार्यालयबाट अतिथिहरु पनि उपस्थित हुन सक्नु हुनेछ ।<br>अतिथिहरूलाई सम्बोधन गर्दा पालन गर्नुपर्ने मर्यादाक्रमको जानकारी राख्ने । |
| २. पूर्वपरीक्षण | ९:४५- १०:०० (१५ मिनेट) | कार्य २:<br>पूर्वपरीक्षण प्रश्नावली र स्थानीय स्तरमा भएका विपद् जोखिम व्यवस्थापनसम्बन्धी पहलहरूको वस्तुस्थिति । | OIT1_Pre-Test<br>OIT2_DRM Checklist | पूर्वपरीक्षण प्रश्नावली र चेकलिस्टको आवश्यक प्रतिहरूको छपाई । |
| ३.आत्म चिन्तन | १०:००-१०:३०<br>(३० मिनेट) | कार्य ३: विपद् जोखिम व्यवस्थापन सम्बन्धमा गरेका कार्यहरूबारे सहभागीद्वारा आत्मचिन्तन । | | मेटा कार्ड वा पोष्ट इट प्याड, ग्लुस्टिक, खैरो कागज, पेपर टेप, ठूलो पेपर क्लिपको बन्दोबस्त । |

## सत्र गतिविधिको विवरण

| दिन १ | गतिविधि १ : शुभारम्भ सत्र | उद्देश्य |
|---|---|---|
| ९:००–९:४५ (४५ मिनेट) | • शुभारम्भ सत्रको कार्यक्रम तालिका मार्गदर्शन मात्र हो । कार्यक्रम स्थलको अवस्थिति, स्थान र समयअनुसार यसमा सामान्य हेरफेर र काँटछाँट हुनसक्छ तर साधारणतया यस सत्रलाई छोटो र अनौपचारिक राख्न सुझाव दिइन्छ ।<br>• मर्यादाक्रमअनुसार केन्द्र, प्रदेश, जिल्ला र स्थानीय तहका अतिथिहरूलाई स्वागत गर्ने । पूर्वयोजनाअनुसार तय गरिएका अतिथिलाई सत्रको सभापति बन्न अनुरोध गर्ने ।<br>• डायस तयार गरिएको भए पूर्वयोजनाअनुसार अतिथिहरूलाई डायसमा निम्त्याउने र अरू अतिथिलाई यथास्थानमा आसन ग्रहण गर्न अनुरोध गर्ने । महिला जनप्रतिनिधि मध्येबाट एकजनालाई डायसमा निम्त्याउने ।<br>• उपस्थित अरू जनप्रतिनिधिलाई यथास्थानमा आसन ग्रहण गर्न अनुरोध गर्ने ।<br>• कोही अतिथि, यदि ढिला आइपुगे उहाँहरूलाई आइपुग्नासाथ अभिवादन गर्ने र आसन ग्रहण गर्न अनुरोध गर्ने ।<br>• प्रशिक्षणको उद्देश्य र प्रशिक्षण आयोजना/सहयोग गर्ने सङ्घसंस्थाहरूको परिचय गराउनका साथै प्रबन्धगत व्यवस्थापनबारे जानकारी गराउने ।<br>• प्रशिक्षणमा उपस्थित सहभागीलाई पालैपालो आफ्नो सङ्क्षिप्त परिचय (नाम, पद र संलग्न संस्था) दिन अनुरोध गर्ने ।<br>• डायसमा उपस्थित अतिथिहरूलाई आफ्नो मन्तव्य राख्न अनुरोध गर्ने ।<br>• सत्रका सभापतिलाई मन्तव्यसहित शुभारम्भ सत्रको बिसर्जनका लागि अनुरोध गर्ने । | • अतिथिहरूलाई सम्बोधन गर्दा मर्यादाक्रमको ख्याल गर्ने ।<br>• शुभारम्भ सत्र अर्धऔपचारिक रूपमा सम्पन्न गर्ने । |

| दिन : १ | गतिविधि २: पूर्वपरीक्षण प्रश्नावली र स्थानीय विपद् जोखिम व्यवस्थापन पहलहरुको वस्तुस्थिति | उद्देश्य |
|---|---|---|
| ९:४५–१०:०० (१५ मिनेट) | • सहभागीलाई पूर्वपरीक्षण प्रश्नावली भर्न लगाउने ।<br>• सहभागीलाई पूर्वपरीक्षण कुनै परीक्षा नभई उहाँहरूको विपद् जोखिम व्यवस्थापनप्रतिको बुझाइ थाहा पाउने र प्रशिक्षणलाई सोहीअनुसार थप प्रभावकारी बनाउने प्रयास हो भन्ने कुरा बुझाउने ।<br>• सहभागीका पालिकाहरूमा विपद् जोखिम व्यवस्थापनसम्बन्धी कस्ता पहलहरु भएका छन् भनी थाहा पाउन चेकलिष्ट भर्न लगाउने । यी चेकलिष्टलाई स्थानीय विपद् जोखिम व्यवस्थापन प्रशिक्षण सत्रहरूको परिमार्जन गर्न उपयोग गर्ने । | औजार : O1T1_Pre-Test<br><br>पालिकाका नेतृत्व वर्ग र सम्वद्ध कर्मचारीहरूको विपद् जोखिम व्यवस्थापनसम्बन्धी ज्ञानको स्तर थाहा पाउन ।<br><br>औजार : O1T2_DRM Checklist |
| | गतिविधि ३ : विपद् जोखिम व्यवस्थापनबारे सहभागीका ताजा अनुभव | |
| १०:००–१०:३० (३० मिनेट) | • प्रत्येक टेबलबाट २/२ जना सहभागीलाई विपद् अल्पीकरण, न्यूनीकरण, जनधनको क्षति कम गर्न र विपद् प्रभावित व्यक्ति तथा समूहहरूलाई गरेको सहयोगसम्बन्धी गर्व गर्न लायकका सफल कार्यहरूका अनुभव व्यक्त गर्न सहयोग गर्ने ।<br>• सहभागीको अनुभवबाट नेतृत्व क्षमता, जनपरिचालन, सूचना आदान-प्रदान, द्रुत नगद सहायता, शिघ्र उद्धार तथा राहत सामग्रीको वितरण, सङ्कटासन्न समूहहरूको जीवन रक्षासम्बन्धी मुख्य मुख्य बुँदाहरूको टिपोट गर्ने ।<br>• यी मुख्य कार्यहरूको टिपोटउपर सहभागीसँग छलफल गर्ने ।<br>• यी महत्वपूर्ण कार्यहरूलाई विपद् पूर्वतयारी र प्रतिकार्यका विभिन्न चरणसँग सम्वद्ध गर्ने ।<br>• यी महत्वपूर्ण बुँदाहरूलाई आवश्यकताअनुसार अन्य सत्रमा संयोजन गर्ने । | सहभागीलाई विपद् जोखिम व्यवस्थापनमा केही मुख्य बुँदाहरूलाई आन्तरिकरण गर्न तथा उनीहरूको प्रशिक्षण सत्रमा सक्रिय सहभागिता बढाउन सहयोग गर्ने । |

## बसाई व्यवस्थापन

यसअघि प्रशिक्षण तयारी योजनामा सुझाइएअनुसार गर्ने ।

## प्रशिक्षण सामग्री

सबै सहभागीले देख्ने गरी प्रशिक्षणसम्बन्धी ब्यानर सहभागीको अगाडि पर्ने गरी भित्तामा टाँगिएको हुनुपर्छ । उपयुक्त आकारको ब्यानर (५ फिट × ८ फिट) को हुन्छ जुन सम्पूर्ण सहभागीले यथास्थानबाट प्रष्ट देखिने गरी प्रशिक्षण कक्षमा राख्नुपर्छ । पर्याप्त मात्रामा मार्कर, बोर्ड मार्कर, मास्किङ टेप, डबल साइड टेप, मेटा कार्ड, पोष्ट इट प्याड, कैंची, स्टेपल मेसिन र पिन, न्यूज प्रिन्ट पेपर, ब्राउन पेपर, पुस पिन, पञ्च मेसिन, माउथ फ्रेसनर मिन्ट, पावर कनेक्टिङ्ग कर्ड, पावर प्वाइन्ट प्रोजेक्टर, हाते माइक र पिन माइक, प्रशिक्षण अवधिभर उपलब्ध हुनुपर्छ ।

| | | | |
|---|---|---|---|
| अपेक्षित परिणाम | • सहभागीले प्रशिक्षणको उद्देश्य र महत्व बुझ्नेछन् ।<br>• विपद् जोखिम व्यवस्थापनबारे सहभागीको ज्ञानको स्तर थाहा हुनेछ । | पुष्ट्याइँका आधारहरू | • जाँच तालिका<br>• सहभागीबीच अनुभव आदान प्रदान |

# भाग ६ । प्रशिक्षण सत्रहरू

## यस भागमा तीन दिवसीय प्रशिक्षणका लागि १६ वटा सत्रहरूको रुपरेखा प्रस्तुत गरिएको छ ।

### प्रत्येक सत्रलाई २ भागमा बाँडिएको छ ।

### पहिलो भाग : सत्रमा प्रस्तुत गरिने विषयसम्बन्धी आवश्यक जानकारी

यस भागमा सत्रमा प्रस्तुत गरिने विषयबारे सामान्य जानकारी गराइने छ । प्रत्येक सत्रको योजनाको पुछारमा त्यस सत्रसम्बन्धी पाठ्य र सन्दर्भ-सामग्रीको सूची पनि सामेल गरिएको छ । यो सूचीको सफ्ट कपी पनि उपलब्ध गराइने छ जसबाट यी सन्दर्भ-सामग्रीहरू सजिलै प्राप्त गर्न र पढ्न सकिन्छ । यसरी यथेष्ट मात्रामा सन्दर्भ-सामग्री उपलब्ध भएका सत्रहरूमा त्यस्ता सत्रको यस भागमा छोटकरीमा विषयगत जानकारी दिइएको हुन्छ (उदाहरणका लागि सत्र ३ मा उल्लेखित विपद् जोखिम व्यवस्थापन ऐनहरू, सन्दर्भ-सामग्रीमा उपलब्ध भएकाले यस निर्देशिकाको यससम्बन्धी सत्रको पहिलो भागमा ती ऐनहरूबारे छोटकरीमा मात्र उल्लेख गरिएको छ) । यदि सम्बन्धित विस्तृत सन्दर्भ-सामग्रीहरू उपलब्ध छैन र सत्रको अन्त्यमा पनि संलग्न छैनन् भने त्यस्ता सत्रको पहिलो भागमा सम्बन्धित विषय विस्तृतमा वर्णन गरिएको हुन्छ (उदाहरणका लागि सत्र १३ मा उल्लेख गरिएको मानवीय सिद्धान्तको विवरण) ।

### दोस्रो भाग : विस्तृत सत्रको योजना

दोस्रो भागमा प्रत्येक सत्रको विस्तृत योजना प्रस्तुत गरिएको छ । यो भागमा सत्रमा गरिने चरणवद्ध गतिविधिहरूको विवरण प्रस्तुत गरिएको छ ।

### प्रशिक्षकका लागि निर्देशन

प्रशिक्षकले सबै पालिकाका सहभागीलाई हरेक सत्रका गतिविधि र कार्ययोजनाहरु पूरा गर्न प्रोत्साहित गर्नुपर्छ । प्रशिक्षकद्वारा सबै सहभागीलाई प्रशिक्षण सत्रको तालिकामा उल्लेखित सबै गतिविधि पूरा गर्न प्रोत्साहित गर्नाले सहभागी सबैको बुझाइ साझा हुन्छ । यसले सहभागीलाई विपद् जोखिम व्यवस्थापन गतिविधिप्रति स्पष्ट सोच र प्रतिवद्धताका साथ आआफ्नो क्षेत्रमा काम गर्न मार्गचित्र प्रदान गर्दछ । यहाँ यी सत्र योजनाहरूको छोटकरीमा वर्णन गरिएको छ, प्रत्येक सत्रको विस्तृत योजना यसपछिका विस्तृत सत्र विवरणमा प्रस्तुत गरिएको छ ।

## प्रशिक्षण सत्रको योजना

| सत्र र समय अवधि | उद्देश्यहरु | औजार/सत्रहरुका लागि सन्दर्भ-सामग्री | विधि | प्रशिक्षण सहजकर्ता |
|---|---|---|---|---|
| दिन १ | सहभागीको दर्ता प्रक्रिया : प्रत्येक सहभागीको दर्ता प्रक्रिया पूरा गर्ने र प्रशिक्षण अवधिभरिका लागि आवश्यक प्रबन्धगत व्यवस्थापन गर्ने । | | | |
| ८:३०-८:४५ (१५ मिनेट) | **कार्यक्रम**<br>**गतिविधि १ : दर्ता**<br>● नगरपालिका/गाउँपालिकाको सहभागीको दर्ता<br>● सहभागीलाई नाम लेखिएको कार्ड, प्रशिक्षण सामग्री र झोला वितरण<br>● प्रशिक्षण हलमा सहभागीको बसाई | तयारी योजना १ : दर्ता र प्रबन्धगत व्यवस्था<br>PITI_Registration | | प्रशिक्षण आयोजक/ सहजकर्ता |
| ८:४५-९:०० (१५ मिनेट) | **गतिविधि २ : प्रबन्धगत व्यवस्थापन**<br>● कार्यशाला शैलीमा प्रशिक्षण कक्षमा मेच/कुर्सीहरुको प्रबन्ध<br>● चिया/कफी, खाजा, खाना आदिका लागि कार्यक्रम सूची सम्बन्धित ठाउँमा दिई समय तलिकाअनुसार सबै काम सम्पन्न गर्न निर्देशन<br>● पर्याप्त मात्रामा प्रोजेक्टर र हातेमाइकहरुको उपलब्धताको सुनिश्चितता<br>● समूहकार्यका लागि आवश्यक सामग्रीको सुनिश्चितता | तयारी योजना १ : दर्ता र प्रबन्धगत व्यवस्था<br>PITI_Registration | | |

| | | | | |
|---|---|---|---|---|
| | सुभारम्भ सत्र (अर्ध औपचारीक तरिका)<br>उद्देश्य: (१) प्रशिक्षणको उद्देश्यबारे अवगत गराउने- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा स्थानीय सरकारहरूको क्षमता अभिवृद्धि गराउने | | | |
| ९:००-९:४५ (४५ मिनेट) | कार्यक्रम : गतिविधि १ : उद्घाटन सत्र<br>• अतिथिहरु, पालिकाका जनप्रतिनिधिहरु, महिला जनप्रतिनिधिहरु, सम्वद्ध कर्मचारीहरूको स्वागत गर्ने ।<br>• तय भइसकेको अतिथिलाई सत्रको सभापति बन्न अनुरोध गर्ने ।<br>• स्वागत भाषणको साथै कार्यक्रमको उद्देश्य अवगत गराउने ।<br>• सहभागीको छोटो परिचय गराउने<br>• प्रबन्धगत व्यवस्थापनबारे छोटो जानकारी<br>• सहभागी पालिकाका प्रमुख/अध्यक्षबाट मन्तव्य<br>• सङ्घीय तथा प्रदेशको मन्त्रालयबाट पाल्नु भएका अतिथिहरूबाट मन्तव्य (उपस्थित भएमा) र सभाका सभापतिज्यूबाट मन्तव्य<br>• उद्घाटन सत्र बिसर्जन | प्रशिक्षण सुरूआत योजना १ : सुरूआती सत्रको आयोजना | | प्रशिक्षण आयोजक/ सहजकर्ता |
| ९:४५-१०:०० (१५ मिनेट) | गतिविधि २ : पूर्वपरीक्षण प्रश्नावली<br>• विपद् जोखिम व्यवस्थापन सम्बन्धमा सहभागीको ज्ञान परीक्षण गर्ने । | O1T1_Pre-Test<br>O1T2 DRM Checklist | | Facilitators |

| | | | | |
|---|---|---|---|---|
| १०:००–१०:३० (३० मिनेट) | **गतिविधि ३: विपद् जोखिम व्यवस्थापन अनुभवबारे सहभागीद्वारा आत्म चिन्तन**<br>उद्देश्यहरू :<br>(१) सहभागीबीच परिचय आदान प्रदान ।<br>(२) सिकाइको वातावरण सहज पार्न ।<br>(३) विपद् पूर्वतयारी र प्रतिकार्यमा उहाँहरूका काम र कर्तव्यहरूको स्मरण गराउने ।<br>सत्र कार्यक्रम :<br>● प्रत्येक सहभागीद्वारा आफ्नो छोटो परिचय ।<br>● सहभागीद्वारा विपद् पूर्वतयारी र प्रतिकार्यसम्बन्धित हालसाल आफूले गरेका कार्यमध्ये गर्व गर्न लायक कार्यको चर्चा ।<br>● सहजकर्ताहरूले छलफलबाट आएका नेतृत्व कौशलता र मुख्य मुख्य कार्यहरूको पहिचान गरी यी कार्यलाई जोड दिने तथा अन्य सत्रका विषयहरूसँग जोड्ने | | व्यक्तिगत आत्मचिन्तन र समूह छलफलबाट प्राप्त नेतृत्व कौशल र प्रतिकार्यहरूबारे गरिएका महत्वपूर्ण कार्यहरूको टिपोट । | |

मुख्य विषय मोडयुल १ - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको अवधारणाको बुझाइ ।

सत्र १ : विपद् जोखिम र विपद् जोखिम व्यवस्थापनसम्बन्धी नेपाल सरकारको नीति र प्राथमिकताहरूको बुझाइ ।

(१) नेपालको प्रकोप, सम्मुखता, जोखिम, सङ्कटासन्नता र विपद्बारे बुझाइ ।
(२) सहभागीलाई विपद् जोखिम व्यवस्थापन सम्बन्धित शब्दावली र विपद् जोखिम व्यवस्थापन चक्रबारे परिचित गराउने ।
(३) नेपाल सरकारको विपद् जोखिम व्यवस्थापनसँगसम्बन्धी नीति र प्राथमिकतालाई सहभागीमाझ परिचित गराउने ।

| | | | | |
|---|---|---|---|---|
| १०:३०-११:०० (३० मिनेट) | **गतिविधि १ : प्रकोप, सम्मुखता, सङ्कटासन्न अवस्था र विपद्बारे बुझाइ**<br>प्रस्तुति र समूह छलफल :<br>● प्रकोप, सम्मुखता, सङ्कटासन्नता<br>● विपद् जोखिम वस्तुगत विवरण<br>● सङ्कटासन्नता र सङ्कटासन्न समूहहरु<br>● विपद् जोखिम व्यवस्थापन<br>● विपद् जोखिम व्यवस्थापन शब्दावली | S1T1_DRM Introduction<br>S1T2_DRR TerminoLogy | पावर प्वाइट प्रस्तुति, छलफल | सहजकर्ताहरु |
| ११:००-११:१५ (१५ मिनेट) | चिया समय | | | |
| ११:१५-१२:१५ (६० मिनेट) | **गतिविधि २ : विपद् जोखिम व्यवस्थापन स्थानीयकरण**<br>● नेपाल सरकारको विपद् जोखिम व्यवस्थापनसम्बन्धी ऐन, नीति र प्राथमिकताहरु र विपद् जोखिम व्यवस्थापनसँग सम्बन्धित केन्द्रदेखि स्थानीय तहसम्मका संस्थागत संयन्त्रहरुको काम र कर्तव्यहरु सम्बन्धित प्रस्तुति<br>● स्थानीय सरकारको काम र कर्तव्यप्रति केन्द्रित रहेर विपद् जोखिम व्यवस्थापनको स्थानीयकरणसम्बन्धी प्रस्तुति | S1T3_DRM Localization<br>S1T3_MOFAGA_DRM Governance | पावर प्वाइन्ट प्रस्तुति, छलफल | MoHA/MoFAGA/ सहजकर्ता |

| | | | | |
|---|---|---|---|---|
| १२:१५–१:००<br>(४५ मिनेट) | **गतिविधि ३ : विपद् जोखिम व्यवस्थापनमा पालिकाहरूको अनुभवबारे समूहकार्य**<br>● विपद् पूर्व र विपद्पश्चात पलिकाहरूको कामबारे समूहकार्य | समूह अभ्यास,<br>प्रस्तुति | | |
| १:००–२:००<br>(६० मिनेट) | खाना समय | | | |
| मुख्य मोड्युल २ : नेपालमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सुशासन (कानुनी र संस्थागत प्रावधानहरू)<br>सिकाइका उद्देश्यहरू<br>(१) सहभागीलाई सरकारको विपद् जोखिम व्यवस्थापनसम्बन्धी ऐन, नियमहरू, नीतिहरूबारे परिचित गराउनका साथै यससम्बन्धी केन्द्रदेखि स्थानीय तहसम्मका संरचनाहरूका काम र कर्तव्यहरु परिचित गराउने<br>(२) पालिकाका नेतृत्व वर्ग र कर्मचारीहरूलाई स्थानीय सरकारहरूको विपद् जोखिम न्यूनीकरण तथा विपद् जोखिम व्यवस्थापनसम्बन्धी काम कर्तव्यहरूसँग परिचित गराउने | | | | |
| २:००–२:१५<br>(१५ मिनेट)<br><br><br>२:१५–२:३०<br>(१५ मिनेट) | **सत्र कार्यक्रम**<br>गतिविधि १ : राष्ट्रिय विपद् जोखिम न्यूनीकरण नीति र रणनीतिक कार्ययोजनाको सारांश प्रस्तुत गर्ने<br>● प्रस्तुति<br>**गतिविधि २ : लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई जोड दिँदै स्थानीय तहमा विपद् जोखिम न्यूनीकरणसम्बन्धी योजना र नीतिको व्यवस्थालाई संक्षेपमा प्रस्तुत गर्ने ।**<br>● प्रस्तुति | S2T1_DRM Governance in Nepal<br>S2T2_DRM Roles and responsibilities | पावर प्वाइन्ट प्रस्तुति र प्रश्नोत्तरसहित समूहकार्य | सहजकर्ताहरू/<br>सहभागी |

| | | | | |
|---|---|---|---|---|
| २:३०-३:००<br>(३० मिनेट) | **गतिविधि ३ : विपद् जोखिम व्यवस्थापनसम्बन्धी संरचनाहरूका काम र कर्तव्यहरु**<br>● विपद् जोखिम व्यवस्थापनसम्बन्धी संरचनाहरूका काम र कर्तव्यहरूबारे समूहकार्य<br>● विभिन्न समूहहरूको प्रस्तुतिहरूको सारांश | | | |
| | **सत्र ३ : स्थानीय तहमा विपद् जोखिम व्यवस्थापन सुशासन- स्थानीय विपद् जोखिम व्यवस्थापन ऐनको तयारी र अनुमोदन**<br>**सिकाइको उद्देश्य : पालिकाका नेतृत्ववर्ग र अन्य कर्मचारीलाई स्थानीय विपद् जोखिम व्यवस्थापनसम्बन्धी ऐनको तर्जुमा, अनुमोदन र कार्यान्वयन सम्बन्धमा परिचीत गराउने** | | | |
| ३:००-३:१५<br>(१५ मिनेट) | **सत्र कार्यक्रम**<br>**गतिविधि १ : विपद् जोखिम व्यवस्थापन ऐनलाई परिभाषित गर्ने**<br>● स्थानीय तहमा विपद् जोखिम व्यवस्थापन ऐन तर्जुमा गरेका पालिकाहरूका अनुभवबारेमा गहन छलफल यो छलफलबाट ऐन तर्जुमा प्रकृया, उपलब्धि तथा लैङ्गिक समानता र सामाजिक समावेशीकरण विषयमा निस्केका २/३ वटा मुख्य मुख्य कुरामा कसरी सहयोग पुग्छ । ऐनलाई लागू गर्न के कस्ता कठिनाइहरु आइपर्छन् भन्नेमा केही सहभागीलाई बोल्न लगाउने । | S3T1_OLcal Level DRM Act<br>S3T2_OLcal DRM Act preparation | पावर प्वाइट प्रस्तुति र समूह अभ्यास, प्रश्नोत्तर सहित | सहजकर्ताहरु/ सहभागी |

| | | | | |
|---|---|---|---|---|
| ३:१५-३:३० (१५ मिनेट) | गतिविधि २ : विपद् जोखिमको परिवेश<br>● प्रत्येक पालिकालाई आआफ्नो पालिकामा भोग्नुपरेका विपद् जोखिमलाई प्राथमिकतामा आधारित भएर प्रकोप/विपद् सूची तयार पार्न लगाउने<br>● आआफ्ना पालिकाहरूका प्रकोप/विपद्बारे समूहबीच विचार आदान प्रदान<br>● स्थानीय विपद् जोखिम व्यवस्थापन ऐनको मस्यौदाको पावरप्वाइन्ट प्रस्तुति | | | |
| ३:३०-३:४५ (३० मिनेट) | चिया समय | | | |
| ३:४५-४:१५ (३० मिनेट) | गतिविधि ३ : स्थानीय विपद् जोखिम व्यवस्थापन ऐनसम्बन्धी बुझाइ समूहद्वारा स्थानीय विपद् जोखिम व्यवस्थापन ऐनमा व्यवस्था भएको, काम र कर्तव्य खण्ड, पढ्ने र बुझ्ने समूहद्वारा आफूले पढी बुझेको कुरा प्रस्तुत गर्ने | S3T1_OLcal Level DRM Act<br>S3T2_OLcal DRM Act preparation | पावर प्वाइन्ट प्रस्तुति र सामूहिक अभ्यास र प्रश्नोत्तर | सहजकर्ताहरू/ सहभागी |
| ४:१५-४:३० (१५ मिनेट) | गतिविधि ४ : स्थानीय विपद् जोखिम व्यवस्थापन ऐन अद्यावधिक गर्ने कार्ययोजनाका तर्जुमा<br>● सम्बन्धित पालिकाहरूमा स्थानीय विपद् जोखिम व्यवस्थापन ऐनलाई अद्यावधिक गर्ने योजनाको मस्यौदा तयार गर्ने<br>● सबै प्रस्तुतिको सारांश प्रस्तुत गरी सहभागीलाई विपद् जोखिम व्यवस्थापन ऐनमा रहेको विषयवस्तु आत्मसात गर्न सघाउने | | | |

| | | | | |
|---|---|---|---|---|
| | सत्र ४ : स्थानीय विपद् जोखिम व्यवस्थापन समिति र विपद् जोखिम न्यूनीकरणमा यसको काम र कर्तव्य<br>सिकाइका उद्देश्य : पालिकाका जनप्रतिनिधि र कर्मचारीहरूलाई स्थानीय विपद् जोखिम व्यवस्थापन समितिका कार्यहरूसँग परिचित गराउने र समितिलाई पूर्ण परिचालन गर्ने समयसीमा तय गर्ने सहमति गराउने | | | |
| ४:३०–५:०० (३० मिनेट) | गतिविधि १ : माकुरोका जालो खेलमार्फत सञ्जालीय सम्बन्ध बुझाउने (स्थानीय विपद् जोखिम व्यवस्थापन समितिको काम र कर्तव्यहरू)<br>• समूहगत कार्य | S4T1_LDMC Roles and Responsibilities | पावर प्वाइट प्रस्तुति, सामूहिक अभ्यास र प्रश्नोत्तर | सहजकर्ताहरू/ सहभागी |
| ५:०० | पहिलो दिनको प्रशिक्षण कार्यक्रमको समाप्ती | | | |
| दिन २<br>९:००–९:१५ (१५ मिनेट) | पहिलो दिनको पुनरावलोकन<br>गतिविधिहरूको सङ्क्षिप्त चर्चा<br>पहिलो दिनको महत्वपूर्ण सिकाइ के रह्यो ? सबैभन्दा आश्चर्यलाग्दो सिकाइ के लाग्यो ? छलफलको आधारमा, स्थानीय तहमा गर्नुपर्ने सबैभन्दा जरूरी कुरा के होजस्तो लाग्यो ? | | | |
| ९:१५–९:३० (१५ मिनेट)<br><br>९:३०–९:४५ (१५ मिनेट) | गतिविधि २ : स्थानीय विपद् जोखिम व्यवस्थापन समितिबारे प्रस्तुति<br>• पालिकाहरूमा विपद् जोखिम व्यवस्थापन समितिको गठनको अवस्थाबारे गहन छलफल<br>• स्थानीय विपद् जोखिम व्यवस्थापन नमुना ऐन र स्थानीय सरकार कार्यसञ्चालन ऐनमा भएका प्रावधानबारे पावर प्वाइन्ट प्रस्तुति | S4T1_LDMC Roles and Responsibilities | पावर प्वाइट प्रस्तुति साथै समूहगत अभ्यास र प्रश्नोत्तर | सहजकर्ताहरू/ सहभागी |

| | | | | |
|---|---|---|---|---|
| | **गतिविधि ३ : स्थानीय विपद् जोखिम व्यवस्थापन समितिको गठनबारे गहन छलफल**<br>● समूह छलफल<br>● स्थानीय विपद् जोखिम व्यवस्थापन समिति/ वडास्तरीय विपद् जोखिम व्यवस्थापन समिति गठन गर्न कार्ययोजना अद्यावधिक गर्ने | S4T2_LDMC Formation<br>सहजकर्ताहरू/सहभागी | | |
| ९:४५–१०:०० (१५ मिनेट) | सत्र कार्यक्रम<br>गतिविधि १ : विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधिहरूसँग परिचित गराउने<br>(राष्ट्रिय विपद् जोखिम व्यवस्थापन ऐन २०७४, स्थानीय विपद् जोखिम व्यवस्थापन नमुना ऐनमा भएको विपद् व्यवस्थापन कोषसम्बन्धी प्रावधान र राष्ट्रिय राहत मापदण्डबारे पावर प्वाइन्ट प्रस्तुति | S5T1_DRM fund guidelines<br>S5T2_DRM fund mobilisation | पावर प्वाइन्ट प्रस्तुति, समूह छलफल, प्रश्नोत्तर | सहजकर्ताहरू/ सहभागी |
| **सत्र ५ : स्थानीय तहमा विपद् व्यवस्थापन कोष सञ्चालन**<br>सिकाइको उद्देश्य : विपद् प्रभावित समूहहरु र व्यक्तिहरूलाई वित्तीय सहयोग गर्नेबारेमा नेपाल सरकारको चालु प्रावधानहरूबारे, पालिकाका जनप्रतिनिधि र कर्मचारीहरूलाई जानकारी गराउने र आपतकालीन कोष खडा गरी कार्यसञ्चालन गर्ने कार्यविधिहरूकोबारेमा समेत सहभागीलाई अवगत गराउने | | | | |
| १०:००–१०:१५ (३० मिनेट) | **गतिविधि २ : स्थानीय तहमा विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि**<br>समूहकार्य- सहभागीलाई विपद् व्यवस्थापन पूर्वतयारी, प्रतिकार्य र राहतसम्बन्धी उहाँहरूले गर्नुभएको र गर्नुपर्ने कार्यहरूबारे सोध्ने । | | | |

| | | | | |
|---|---|---|---|---|
| | आपतकालीन राहतका लागि नियमित बजेट बाहेकका स्रोतहरु के के हुनसक्छन्, तथा पुनर्लाभ र पुनर्निर्माणका लागि बजेटमा कुन कुन स्रोतहरूबाट<br>रकम प्राप्त हुनसक्छ आदि विषयमा छलफल गर्ने । | | | |
| १०:१५-१०:४५<br>(१५ मिनेट) | **गतिविधि ३ : राहत मापदण्डलाई लक्षित समुदाय उन्मुख र परिवेश सुहाउँदो बनाउने**<br>● विपद् व्यवस्थापन कोष कार्यसञ्चालन र राहत मापदण्डलाई अद्यावधिक गर्नेबारे छलफल<br>● विपद् जोखिम व्यवस्थापन कोष परिचालन गर्दा लैङ्गिक समानता र सामाजिक समावेशीकरणप्रति संवेदनशील हुने<br>● स्थानीय विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि अध्यावधिक गर्ने काम कार्ययोजनामा समावेश गर्ने | | | |

मुख्य मोड्युल ३ विपद् जोखिम लेखाजोखा : क्षति र आवश्यकता लेखाजोखाबारेको बुझाइ
सत्र ६ विपद् लेखाजोखा कार्यविधि
सिकाइको उद्देश्य : पालिकाका जनप्रतिनिधिहरु र कर्मचारीहरूलाई विपद् आवश्यकता लेखाजोखा औजारहरु प्रयोग गरी लैङ्गिक, उमेर विविधता खण्डीकृत (sex, age, diversity disaggregated data) तथ्याङ्क सङ्कलन गरी राहत र प्रतिकार्यमा सन्दर्भमा उक्त तथ्याङ्क प्रयोगबारे परिचित गराउने ।

| | | | | |
|---|---|---|---|---|
| १०:४५-११:००<br>(१५ मिनेट) | **सत्र कार्यक्रम**<br>**गतिविधि १ : विपद् लेखाजोखा मार्गदर्शनसम्बन्धी बुझाइ**<br>● विपद्पश्चात् तथ्याङ्क सङ्कलन गर्ने हाल प्रचलित विधिमा समूह छलफल<br>● विपद् लेखाजोखा मार्गदर्शन र औजारहरु खास गरी द्रुत प्रारम्भिक लेखाजोखासम्बन्धी पावर प्वाइन्ट प्रस्तुति | S6T1_Disaster Assessment Guidelines<br>S6T2_Disaster Assessment Guidelines case | पावर प्वाइन्ट प्रस्तुति, समूह छलफल, प्रश्नोत्तर | सहजकर्ताहरु/ सहभागी |

| | | | | |
|---|---|---|---|---|
| | • लैङ्गिक विश्लेषण र द्रुत लैङ्गिक आवश्यकता लेखाजोखाका लागि आवश्यक औजारसम्बन्धी पावर प्वाइन्ट प्रस्तुति<br>• बहु-क्षेत्रगत प्रारम्भिक लेखाजोखामा स्थानीय तहको जिम्मेवारी | | | |
| ११:००-११:१५ | चिया समय | | | |
| | द्रुत प्रारम्भिक लेखाजोखा औजारको प्रयोग गरी अनुकरण अभ्यास गर्ने<br>सिकाइको उद्देश्य : पालिकासम्वद्ध जनप्रतिनिधि र कर्मचारीहरूलाई द्रुत प्रारम्भिक लेखाजोखा र बहुक्षेत्रगत द्रुत प्रारम्भिक लेखाजोखाको प्रयोग गर्ने तरिकाबारे परिचित गराउने | | | |
| ११:१५-१२:१५<br>(६० मिनेट) | **अनुकरण अभ्यास**<br>**गतिविधि २ : प्रारम्भिक द्रुत लेखाजोखाको सिकाइ**<br>• अनुकरण अभ्यास पत्र सबैलाई उपलब्ध गराई त्यसमा उल्लेखित विपद् परिदृष्यको वर्णन गर्ने<br>• मोबाइल एप र कागज कलमको प्रयोग गरी खण्डीकृत तथ्याङ्क सङ्कलन गर्न अभ्यास गर्ने<br>• अनुभव आदान प्रदान र समूह प्रस्तुति<br>• अनुकरण अभ्यासको आधारमा विपद् लेखाजोखा मार्गदर्शनको सारांश तयार गर्ने | IRA Manual (updated) | समूहकार्य | सहजकर्ताहरू/<br>सहभागी |
| | सत्र ७ : आपतकालीन कार्यसञ्चालन केन्द्रको प्रावधान<br>सिकाइको उद्देश्य : स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रहरूको कार्यसञ्चालन प्रक्रिया र यी केन्द्रहरूको केन्द्रीय, प्रादेशिक र जिल्लास्तरीय केन्द्रहरूसँगको कार्यगत सम्बन्धबारेमा सहभागीलाई परिचित गराउने | | | |

| | | | | |
|---|---|---|---|---|
| १२:१५-१२:३० (१५ मिनेट) | **गतिविधि १ : केन्द्र, प्रदेश, जिल्ला र स्थानीय तहका, आपतकालीन कार्यसञ्चालन केन्द्रका सञ्चार र संस्थागत सम्बन्धकोबारेमा प्रस्तुति**<br>केन्द्रदेखि स्थानीय तहसम्मका आपतकालीन कार्यसञ्चालन केन्द्रहरु र तिनिहरूको कार्य र संस्थानुगत उपक्रमबारे प्रस्तुति | S7T1_LEOC PEOC NEOC<br>S7T2_Group Work | पावर प्वाइन्ट प्रस्तुति, समूह छलफल, समूह अभ्यास र प्रश्नोत्तर | सहजकर्ताहरु/ सहभागी |
| १२:३०-१२:४५ (१५ मिनेट) | **गतिविधि २ : समूह छलफल**<br>सहभागी पालिकाहरूमा आपतकालीन कार्यसञ्चालन केन्द्र गठन गरिएको छ ?<br>सहभागी पालिकाहरूमा केन्द्रको कार्यसञ्चालन मार्गदर्शन तयार पारिएको छ ?<br>सहभागी पालिकाहरूमा केन्द्र गठन कार्ययोजनासम्बन्धी विचार-विमर्श भएको छ ? | | पावर प्वाइन्ट प्रस्तुति, समूह छलफल, समूह अभ्यास र प्रश्नोत्तर | सहजकर्ताहरु/ सहभागी |
| सत्र ८ : पूर्वचेतावनी प्रणाली (यो सत्र स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रको अभिन्न प्रकार्यको रूपमा लिइएको छ ।)<br>सिकाइको उद्देश्य : सहभागीलाई पूर्वचेतावनी प्रणाली विपद् पूर्वतयारीको अभिन्न अङ्ग भएको र यस प्रणालीको मुख्य चरणहरूबारे जानकारी दिने । | | | | |
| १२:४५-१:०० (१५ मिनेट) | **सत्र कार्यक्रम गतिविधि १:**<br>पालिकाबीच पूर्वचेतावनी प्रणाली, अनि बाल मैत्री पूर्वचेतावनी प्रणाली, लैङ्गिक मैत्री पूर्वचेतावनी प्रणाली, अपाङ्गतामैत्री पूर्वचेतावनी प्रणालीसम्बन्धी अनुभवहरूको साटासाट ।<br>खुला छलफल | S8T1_Early Warning System<br>S8T2_EWS Group Work | | |
| १:००-२:०० | खाना समय | | | |

| | | | | |
|---|---|---|---|---|
| २:००-२:३० (३० मिनेट) | **गतिविधि २ : पूर्वचेतावनी प्रणालीको अवधारणा र अवयवहरु**<br>• बालमैत्री पूर्वचेतावनी प्रणाली, लैङ्गिकमैत्री पूर्वचेतावनी प्रणाली, अपाङ्गतामैत्री पूर्वचेतावनी प्रणालीलाई समेत ख्याल गर्दै पूर्वचेतावनी प्रणालीकोबारेमा पावर प्वाइन्ट प्रस्तुति<br>• यस प्रणालीका अवयवहरु र दृष्टिकोणबारे छलफल<br>• पूर्वचेतावनी प्रणालीको विपद् जोखिम न्यूनीकरण र आपतकालीन कार्यसञ्चालन केन्द्रहरूसँग सम्बन्धको सारांश<br>• पूर्वचेतावनी प्रणाली स्थापना गर्न पालिकाहरूलाई कार्ययोजना तयार गर्न सहयोग | S8T1_Early Warning System<br>S8T2_EWS Group Work | | |
| | **मुख्य मोड्युल ४ : विपद् जोखिमलाई पालिकाहरूका विकास योजनाहरूमा एकीकृत गर्ने**<br>**सत्र ९ : स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाप्रति अभिरूचि जगाई यसलाई पूर्ण क्रियाशील बनाउने समयसीमा तय गर्ने** | | | |
| २:३०-२:४५ (१५ मिनेट) | **सत्र तालिका**<br>**गतिविधि १ : स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाबारे बुझाइ**<br>• सहभागी सम्वद्ध पालिकाहरूले गरेका पूर्वतयारीको बारेमा जानकारी दिन अनुरोध गर्ने<br>• स्थानीय तहमा विद्यमान परम्परागत ज्ञान र उत्थानशीलता अभिवृद्धि गर्न महिलाको भूमिकाबारे छलफल गर्ने<br>• स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तथा सङ्कटासन्नता र क्षमता विश्लेषण गर्ने औजारहरूबारे पावर प्वाइन्ट प्रस्तुति | S9T1_LDCRP process and tools<br>Municipal level 7 steps Planning Process | पावर प्वाइन्ट प्रस्तुति, समूहगत छलफल र प्रश्नोत्तर | सहजकर्ताहरू/ सहभागी |

| सत्र ९ : सङ्कटासन्नता र क्षमता विश्लेषण औजारहरूको प्रयोग सम्बन्धमा समूह अभ्यास<br>सिकाइको उद्देश्य : सहभागीलाई स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनामा प्रयोग गरिएका औजारहरु र यी औजारहरूलाई पालिकाहरूको योजना प्रक्रियामा एकीकृत गर्नेबारे परिचित गराउने | | | | |
|---|---|---|---|---|
| २:४५-३:०० (१५ मिनेट) | स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तथा सङ्कटासन्नता र क्षमता विश्लेषण औजारहरूबारेको प्रस्तुति जारी राख्ने | S9T1_LDCRP process and tools | | |
| ३:००-३:१५ (१५ मिनेट) | चिया समय | | | |
| ३:१५-४:१५ (६० मिनेट) | अनुकरण अभ्यासलाई निरन्तरता दिने<br>गतिविधि २ : स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको आन्तरिकीकरण<br>● प्रकोप र सङ्कटासन्नतामा केन्द्रित रहेर समूहको प्रस्तुति (विशेष गरी महिला, गरिब र सङ्कटासन्न वर्ग)<br>● स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाले कसरी जलवायु परिवर्तन अनुकूलनसहितको विपद् जोखिम न्यूनीकरणलाई एकीकृत गर्छ । यी दुवैलाई कसरी विकास योजनामा मूल प्रवाहीकरण गर्ने सम्बन्धमा भएका प्रस्तुतिहरूको सारांश गर्ने<br>● स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको मस्यौदा तयार गर्ने र अद्यावधिक गर्ने कार्ययोजनाको समयसीमालाई अद्यावधिक गर्ने | S9T2_LDCRP group Work | | |
| सत्र १० : समावेशी विपद् जोखिम न्यूनीकरण मूल प्रवाहीकरण: पालिकाहरूका विकास योजनामा मूल प्रवाहीकरण<br>सिकाइका उद्देश्य: विपद् जोखिम न्यूनीकरणलाई विकास प्रक्रियामा मूल प्रवाहीकरण गर्ने आवश्यकतामा जोड दीने । | | | | |

| | | | | |
|---|---|---|---|---|
| ४:१५-४:३० (१५ मिनेट) | **सत्र कार्यक्रम**<br>**गतिविधि १ : विकास प्रक्रियामा समावेशी विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनको आन्तरिकीकरण**<br>• विकास योजनामा विपद्को बढ्दो तीव्रता र पुनरावृत्तिबारे प्रस्तुति | S10T1_Mainstreaming DRR in Dev<br>S10T2_Mainstraming DRR GrpWork | पावर प्वाइन्ट प्रस्तुति | सहजकर्ताहरु/ सहभागी |
| ४:३०-५:१५ (४५ मिनेट) | **गतिविधि २ : विकास निर्माण प्रक्रियामा समावेशी विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनलाई आन्तरिकीकरण गर्ने**<br>चार समूहलाई सम्बन्धित पालिकाहरुमा समावेशी विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनलाई विषयगत योजना प्रक्रियामा मूल प्रवाहीकरण गर्न लगाउने दुई समूहलाई समावेशी विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनलाई कार्यान्वयन र अनुगमन चरणसम्म मूल प्रवाहीकरण गर्ने कार्य गर्न लगाउने ।<br>सहभागी पालिकाहरूलाई समूहकार्य तयारीमा मार्गदर्शन गर्ने स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनालाई पालिकाहरुका समावेशीतालाई केन्द्रमा राखी मूल प्रवाहीकरण गर्नुपर्ने आवश्यकताबारेमा सङ्क्षिप्त रूपमा समूह प्रस्तुति | S10T1_Mainstreaming DRR in Dev<br>S10T2_Mainstraming DRR GrpWork | | |
| ५:१५ | दैनिक कार्य समाप्त | | | |
| तेस्रो दिन ९:००-९:१५ (१५ मिनेट) | दोस्रो दिनको पुनरावलोकन | | | |

| सत्र ११ : पारस्परिक विपद् जोखिम व्यवस्थापनका लागि स्थानीय सरकारबीच आपसी सहयोग<br>सिकाइको उद्देश्य : पालिकाका जनप्रतिनिधि र कर्मचारीहरूलाई विभिन्न पालिकाले विपद् जोखिम व्यवस्थापनसम्बन्धी गरेका सफल कार्यबाट सिकेर आफ्नो पालिकामा विपद् जोखिम व्यवस्थापनसम्बन्धी सफल मार्गहरु पहिल्याउन सचेतना अभिवृद्धि गर्ने | | | | |
|---|---|---|---|---|
| ९:१५–१०:०० (४५ मिनेट) | **सत्र कार्यक्रम**<br>**गतिविधि १ : विपद् प्रतिकार्य र पहलहरुका सफल कारकहरुबारे बुझाइ**<br>● प्रत्येक पालिकाका सहभागीलाई आफ्नो पालिकाले विपद् जोखिम व्यवस्थापनमा लिएका एकदुईवटा सफल पहलहरु तयार गरी (क) यस्ता पहलहरु विकास गर्ने प्रक्रिया, (ख) यस्ता पहलको उपलब्धि र (ग) यस्ता पहलहरूलाई कार्यान्वयन गर्दा आउने चुनौतीहरूको सविस्तार प्रस्तुत गर्न लगाउने<br>**गतिविधि २ : अरु पालिकाहरुका सफल कारकहरुको आन्तरिकीकरण**<br>● समूहमा छलफल गरी यस्ता सफल पहलहरूलाई आफ्ना पालिकामा सुरूआत गर्न योजना तयार गर्ने<br>● प्रत्येक प्रस्तुतिका सफल प्रक्रिया, उपलब्धि र चुनौतीहरूबाट सिक्ने कुराहरूको सारांश तयार पार्ने | S11T1_Sharing DRM Experiences | पालिकाहरूका समूहगत छलफलको प्रस्तुति, पालिकाहरूको सफल प्रयास पछाडिका कारकहरूको संश्लेषण | सहभागी पालिकाहरु / सहजकर्ताहरु/ सहभागी |
| १०:००–१०:३० (३० मिनेट) | **गतिविधि ३ : संयुक्त विपद् जोखिम व्यवस्थापन पहलहरुका लागि पालिकाबीच पारस्परिक सहयोगमा बढोत्तरी**<br>● पालिकाहरु बीच संयुक्त विपद् जोखिम व्यवस्थापन पहलहरूको विकास गर्ने योजना तयार पार्न समूह छलफल गराउने । प्रत्येक प्रस्तुतिबाट सफल प्रक्रिया, उपलब्धि र चुनौतीहरूको सारांश तयार पार्ने | S11T1_Sharing DRM Experiences | | |

| | | | | |
|---|---|---|---|---|
| १०:३०–११:०० (१५ मिनेट) | **गतिविधि ३ : स्थानीय सरकारबीच संयुक्त विपद् जोखिम व्यवस्थापनबारे आपसी सहयोग बढाउने पहल**<br>● पालिकाबीच आपसी सहयोग बढाउने पहलको योजना बनाउन समूह छलफल तथा सफल प्रक्रिया, उपलब्धि र कठिनाइहरूबारे समूहहरूको प्रस्तुति | S11T1_Sharing DRM<br>Experiences | | |
| ११:००–११:१५ | चिया समय | | | |
| | मुख्य मोड्युल ५ : आपतकालीन पूर्वतयारीमा अभिवृद्धि र प्रभावकारी प्रतिकार्य<br>सत्र १२ : विपद् पूर्वतयारी र प्रतिकार्ययोजना<br>सिकाइका उद्देश्यहरु : जनप्रतिनिधि र कर्मचारीहरूलाई पालिकाहरूका प्रतिकार्य र राहत कार्यमा समन्वयात्मक भूमिका र पूर्ण परिचालित विपद् पूर्वतयारी र प्रतिकार्ययोजनाको विकास गर्न, समयसीमा तय गर्नमा सचेतना जगाउने | | | |
| ११:१५–११:३० (१५मिनेट) | **सत्र कार्यक्रम**<br>**गतिविधि १ : विपद् पूर्वतयारी र प्रतिकार्ययोजना**<br>● राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचाबारे पावर प्वाइन्ट प्रस्तुति<br>● विपद् पूर्वतयारी र प्रतिकार्ययोजनाको परिचय<br>● विपद् पूर्वतयारी र प्रतिकार्ययोजनाको महत्व | S12T1_ DPRP<br>S12T2_DPRP Group work | पावर प्वाइन्ट प्रस्तुति, समूह छलफल, प्रश्नोत्तर | सहजकर्ताहरु/ सहभागी |
| ११:३०–१२:०० (३० मिनेट) | **गतिविधि २ : विपद् पूर्वतयारी र प्रतिकार्ययोजना तयारीको क्षमतामा अभिवृद्धि**<br>● अगुवा सहयोगी संस्था र विषयगत सहयोगी संस्थाका लागि संस्था नक्साङ्कन औजार<br>● मन्थन सत्रहरु : विषयगत समूहरूका काम र कर्तव्यहरूमा छुटेका बुँदाहरु थप गर्न सहभागीबाट प्रदर्शनी भ्रमण (Gallery Walk) र समूहकार्य<br>● समूहकार्यपछि पावर प्वाइन्ट प्रस्तुति | | | |

| सत्र १३ : मानवीय सिद्धान्त, मूलभूत मानवीय मापदण्ड र विपद् जोखिम व्यवस्थापनमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण<br>सिकाइको उद्देश्य : विपद् प्रभावित व्यक्तिहरूको मर्यादा सुरक्षा, निष्पक्ष सहायता, उपचार र स्वास्थ्य, पुनर्लाभको हक, लैङ्गिकतामा आधारित हिंसा/दुराचार/शोषण र उत्पीडनबाट उन्मुक्तिका अधिकारहरूबारे पालिकाका जनप्रतिनिधि र कर्मचारीहरूलाई सचेत गराउने । | | | | |
|---|---|---|---|---|
| १२:००-१२:३० (३० मिनेट) | गतिविधि १ : पावर प्वाइन्ट प्रस्तुति<br>• मानवीय सिद्धान्तहरू<br>• स्फियर संरक्षणसम्बन्धी सिद्धान्तहरू<br>• मूलभूत मानवीय मापदण्डहरू<br>• महिलाविरूद्ध हुने भेदभाव उन्मूलन समितिको र बेइजिङ प्लेटफर्म फर एक्सनको सिफारिस<br>• मानवीय कार्यहरूमा लैङ्गिकता-अन्तर्निकाय स्थायी समिति<br>• एजेण्डा फर ह्यूम्यानिटी (कोही पनि नछुटुन् भन्ने सिद्धान्तमा जोड)<br>• प्रस्तुतिको अन्तमा मूलभूत मानवीय मापदण्डहरू र सिद्धान्तहरूको पालना गर्न जोड दिने | S13T1_Humanitarian Principles and CHS<br>S13T2_Humanitarian Principles and CHS | प्रस्तुति, छलफल | |
| १२:३०-१:०० (३० मिनेट) | गतिविधि २ : लैङ्गिकतामा आधारित हिंसाबाट सुरक्षा तथा लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई विपद् जोखिम व्यवस्थापनमा मूल प्रवाहीकरण गर्ने<br>• लैङ्गिक समानता र सामाजिक समावेशीकरण कार्यढाँचा र लैङ्गिक उमेर लेखाजोखाबारे प्रस्तुति<br>• लैङ्गिक समानता र सामाजिक समावेशीकरण मूल प्रवाहीकरणका पाँच चरणहरूबारे प्रस्तुति<br>• लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई विपद् जोखिम व्यवस्थापनका सबै चरणहरूमा प्रवाहीकरण गर्ने विधिहरूबारे समूहकार्य | | समूहकार्य /सम्पूर्ण सहभागी बीच छलफल | |

| | | | | |
|---|---|---|---|---|
| १:००-१:३० (३० मिनेट) | औजार, चेक लिष्ट (विपद् पूर्वतयारी र प्रतिकार्यका लागि लैङ्गिक प्रोफाइल, लैङ्गिक चेकलिष्ट) बारे छलफल<br>● यौन शोषण, दुराचार र यौन उत्पीडन रोकथामबारे छलफल<br>● यी सबैलाई मूल प्रवाहीकरण गर्दा आइलाग्ने कठिनाइहरु र भावी कार्यदिशाबारे छलफल | | | |
| १:३०-२:०० | खाना समय | | | |
| सत्र १४ : खुल्ला क्षेत्रहरूको पहिचान तथा संरक्षण र शिविर समन्वय तथा शिविर व्यवस्थापन<br>सिकाइको उद्देश्य : विपद्, जलवायु र मानव सिर्जित जोखिमबाट प्रभावित र विस्थापितहरूलाई सुरक्षा र सहायता पुऱ्याउन निकासी मार्ग, खुल्ला क्षेत्र र शिविर समन्वय तथा शिविर व्यवस्थापनबारे सहभागीलाई परिचित गराउने । | | | | |
| २:००-२:४५ (४५मिनेट) | सत्र कार्यक्रम :<br>● खुल्ला क्षेत्रहरु र समन्वय तथा शिविर व्यवस्थापनमा प्रस्तुतिहरु<br>● खुल्ला क्षेत्र र शिविर व्यवस्थापन समन्वय समितिबारे छलफल | S14T1_Open Spaces<br>S14T2_CCCM<br>S14T3_Reading material | | प्रशिक्षण आयोजक/ सहजकर्ताहरु/ सहभागी |
| सत्र १५ : जोखिमको वित्तीय व्यवस्था र जोखिम हस्तान्तरण संयन्त्र<br>सिकाइको उद्देश्य : पालिकाका जनप्रतिनिधि र कर्मचारीहरूलाई<br>(१) जोखिम न्यूनीकरण गर्न विपद् पूर्वतयारीका लागि वैकल्पिक स्रोत जुटाउन र<br>(२) विपद् जोखिमको प्रभाव अल्पीकरणका लागि सार्वजनिक निजी साझेदारी तथा विपद् जोखिम हस्तान्तरणजस्ता वैकल्पिक उपायहरु खोज्न सक्षम बनाउने | | | | |
| २:४५-३:१५ (३० मिनेट) | सत्र कार्यक्रम :<br>● जोखिम साझेदारी, जोखिम वित्तीय व्यवस्था र जोखिम हस्तान्तरणका असल अभ्यासहरूको प्रस्तुति | S15T1_Risk financing and risk transfer | प्रस्तुति र छलफल | सहजकर्ताहरु/ सहभागी |

| सत्र १६ : पालिकाको कार्ययोजनाहरूका मार्गचित्र<br>सिकाइको उद्देश्य : स्थानीय विपद् जोखिम व्यवस्थापन ऐन, नीति रणनीति र कार्ययोजनाहरु समाविष्ट गरी यी कार्ययोजनाहरूको मार्गचित्रको एउटै दस्तावेज तयार पारी जिम्मेवारीका साथ कार्यान्वयनको प्रतिवद्धतालाई अनुमोदन गर्ने । | | | | |
|---|---|---|---|---|
| ३:१५-३:४५<br>(३० मिनेट) | सत्र कार्यक्रम :<br>गतिविधि १ :<br>पालिका जनप्रतिनिधि र कर्मचारीहरूको समूहबाट आआफ्नो पालिकाको विपद् जोखिम व्यवस्थापन सम्बन्धित संयन्त्रहरूको गठन, ऐन, नियम र नीतिहरु परिमार्जनसहितको कार्ययोजनाको मस्यौदा तयार पार्ने | S16T1_Group work Plan of Action | समूहकार्य | सहभागी |
| ३:४५-४:१५<br>(३० मिनेट) | गतिविधि २ : स्थानीय तहमा विपद् जोखिम व्यवस्थापनको घोषणापत्रको अनुमोदन गर्ने | S16T2_DecaLration | समूहकार्य | सहभागी |
| प्रशिक्षण पश्चात परीक्षण<br>४:१५-४:४५<br>(३० मिनेट) | सहभागीमा विपद् जोखिम व्यवस्थापनप्रति उनीहरूको काम र कर्तव्यको सम्बन्धमा भएको ज्ञान वृद्धिको प्रभावकारिता परीक्षण गर्न<br>● प्रशिक्षण पश्चात परीक्षण<br>● प्रशिक्षणको मूल्याङ्कन | S17T1_Post-Test<br>S17T2_Evaluation | मूल्याङ्कन प्रश्नावली | सहभागी |
| समापन सत्र<br>४:४५-५:१५<br>(३० मिनेट) | प्रयोजन :<br>● सहभागीबाट समापन मन्तव्य<br>● सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठनबाट मन्तव्य (उपस्थित भएमा)<br>● विपद् जोखिम व्यवस्थापन प्रशिक्षण निर्देशिकाको अर्को चरण | | | सहजकर्ताहरु/ सहभागी र प्रशिक्षण आयोजक |




# सत्र १

## विपद् जोखिमहरूबारे बुझाइ, विपद् जोखिमसम्बन्धी नेपाल सरकारका नीति तथा प्राथमिकताहरू

# पृष्ठभूमि

## यो सत्र मूलभूत मोड्यूल १- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको अवधारणाको बुझाइसँग सम्बन्धित छ ।




Source: World Bank. 2014. Open Data for Resilience Field Guide. Washington, DC: World Bank. License: Creative Commons Attribution CC BY 3.0.

यो सुरूआती सत्रका ३ भाग छन् । पहिलो भागमा जोखिम सम्मुखता, सङ्कटासन्नता र यी अवस्थाहरु उत्पन्न हुने सक्ने कुराहरु चर्चा गरिएका छन् । साथै यो भागमा नेपाल सरकारले परिभाषित गरेका विपद् जोखिम व्यवस्थापनसम्बन्धी शब्दावलीहरूको जानकारी गराइएको छ र यी शब्दावलीहरूको बुझाइमा एकरूपता कायम गर्न र प्रचलनमा ल्याउन सबै सत्रहरूमा यिनै शब्दहरूको प्रयोग गरिएको छ । दोस्रो भागमा, नेपाल सरकारको विपद् जोखिम व्यवस्थापनसम्बन्धी नीति, प्राथमिकता र संस्थागत संयन्त्र निर्माणबारे छलफल गरिएको छ । तेस्रो भागमा सहभागीलाई आआफ्नो स्थानीय तहमा विपद् अगाडि र पछाडिका अवस्थाहरूमा गर्नुपर्ने व्यवस्थापनसम्बन्धी कार्यहरूबारे अवगत गराइने छ । सहभागीले प्रकोपहरूबारे र यी प्रकोपहरु कुन बेला विपद् बन्न जान्छन् भन्ने बुझ्न जरूरी छ । कस्ता समूहहरु विपद् जोखिमबाट बढी प्रभावित हुनसक्छन् र यस्ता सङ्कटासन्न समूहहरु पहिचान गर्नेबारे सम्बन्धमा जान्नु आवश्यक छ । (यी सबैको वर्णन औजार : SIT1_DRM Introduction र SIT2_DRR TerminoLogy मा गरिएको छ ।)

### प्रकोप[3]

प्रकोप, क्षति पुऱ्याउन सक्ने प्राकृतिक वा मानवीय घटना हो । यस्ता घटनाहरु, सक्रिय वा सुषुप्त अवस्थामा रहेका हुन्छन् तथापि यी घटनाहरूले मानवीय क्षति, चोटपटक, धन सम्पत्तिको नोक्सानी, सामाजिक र आर्थिक व्यवधान तथा वातावरणीय विनास पैदा गर्न सक्छन् । प्रकोपहरु एकल, लहरै वा संयुक्त रूपमा घट्न सक्ने अवस्था, यिनिहरूका उद्गम र प्रभावमा निर्भर रहन्छ । प्रत्येक प्रकोपको विशेषता, यसको स्थान, बारेम्बारेता र सम्भावनामा भर पर्छ ।

[3] यीमध्ये केही शब्दावली अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठनद्वारा टिमोर लेष्टेमा सञ्चालित विपद् जोखिम प्रशिक्षण प्याकेजबाट उद्धरण गरिएका हुन् ।

## प्रकोप नियमित प्राकृतिक प्रक्रियाद्वारा पैदा हुनसक्छ, जस्तै :

- भू-भौतिक (जस्तै : भूकम्प, ज्वालामुखी विष्फोट, सुनामी, सुख्खा पहिरो)
- जल उत्पन्न प्रकोप (जस्तै : बाढी, पहिरो, डुबान)
- मौसमजन्य (जस्तै : आँधी, हुरी, ताइफून, अतिवृष्टि)
- जलवायुसम्बन्धी (जस्तै : चरम गर्मी/ठण्डी, शितलहर/लू, आगलागी, सुख्खा)
- जैविक (जस्तै : महामारी, किटपतङ्गबाट हुने नोक्सानी, जङ्गली जनावरहरूबाट हुने नोक्सानी)
- मानवीय गतिविधिबाट (जस्तै : आणविक, प्रविधिगत, रासायनिक र औद्योगिक)

## सम्मुखता

प्रकोपबाट सबै मानिस एकैनासले प्रभावित हुँदैनन् । प्रकोपजन्य स्थानका समुदायहरु यस्ता सम्मुखताबाट बढी प्रभावित हुने सम्भावना रहन्छ । सीमान्तकृत समुदायहरु र प्राकृतिक घटनाहरूलाई वेवास्ता गर्नेहरु पनि यस्ता सम्मुखताबाट प्रभावित हुनसक्छन् ।

## सङ्कटासन्नता

प्रकोपजन्य संसर्गबाट अन्यत्र जान नसक्नु सङ्कटासन्न अवस्थामा रहनु हो । गरिबी, वातावरण विनाश र अन्य विकल्पहरूको अभावबाट यस्तो अवस्था पैदा हुन्छ । उदाहरणका लागि नदी किनारमा बसोवास गरी माछा मारी गुजारा गर्ने तर जीवनयापनका अन्य वैकल्पिक उपाय नभएका माझी समुदायहरु बाढीबाट बढी प्रभावित हुन्छन् । त्यस्तै नागरिकता नभएकी महिला विपद्को बेला राहत पाउनबाट वञ्चित हुन सक्छिन् ।

## क्षमता

प्रत्येक समुदायसँग विपद् सामाना गर्ने केही न केही उपाय हुन्छन् । विपद् सामाना गर्न सक्ने क्षमता, उनीहरूको स्रोतको उपलब्धता, सामाजिक पहुँच र हकदारीमा भर पर्छ, यी कारकहरूले उक्त समुदायको सङ्कटासन्नता कम गर्दै, जोखिम रोकथाम (न्यूनीकरण वा अल्पीकरण) र विपद्बाट पुनर्लाभको अवस्थामा प्राप्त गर्न मद्दत पुग्छ । यी सबै कुरा समुदायका सकारात्मक शक्तिहरु पनि हुन् ।

## जोखिम

प्रकोप र सङ्कटासन्न अवस्था मिलेर जोखिमहरु पैदा हुन्छन् जसबाट जनधनको क्षतिको खतरा पैदा हुन्छ । जोखिमलाई निम्नानुसारको समीकरणबाट व्यक्त गर्न सकिन्छ–

जोखिम = प्रकोप × सङ्कटासन्नता

कसैकसैले यो समीकरणलाई अर्को प्रकारले पनि व्यक्त गर्छन्, जुन यस प्रकार छ ।

$$\text{जोखिम} = \frac{\text{प्रकोप} \times \text{सम्मुखता} \times \text{सङ्कटासन्नता}}{\text{क्षमता}}$$

## विपद्

विपद् भनेको जोखिमहरूको परिणति हो, जसबाट नकारात्मक परिस्थिति सिर्जना भई व्यापक रूपमा जनधनको क्षति (मृत्यु, घाइते, जीविकोपार्जन, आर्थिक गतिविधि र वातावरणीय विनास) हुन्छ । यसबाट व्यापकरूपमा सङ्कटासन्न अवस्थाका समुदायहरु बढी प्रभावित हुन्छन् । विपद्बाट व्यापक मानवीय, धन सम्पत्ति, आर्थिक, वातावरणीय क्षति हुन्छ । विपद्बाट मानवीय, आर्थिक र वातावरणीय क्षति हुन गई प्रभावित समुदाय/समाज आफ्नै बलबुता र उपलब्ध स्रोतबाट विपद्को सामना गर्न नसक्ने हुन्छन् । विपद् यस्तो कारका तत्व हो जसले समाजलाई सामान्य अवस्थामा चल्न असक्षम बनाइदिन्छ ।

## विपद् जोखिम व्यवस्थापन

विपद् जोखिम व्यवस्थापन एक सिलसिलेवार प्रक्रिया हो । जसमा प्रशासनिक निर्णयहरु, संस्थाहरु, कार्यसञ्चालन कौशल र श्रेणीवद्ध नीतिहरु, रणनीतिहरु र समाज र समुदायको ग्राहय क्षमताको उपयोग गरी वातावरणीय र प्रविधिगत कारणबाट सिर्जित तथा प्राकृतिक प्रकोपको प्रभाव कम गर्नमा परिलक्षित छ । विपद् जोखिम व्यवस्थापनले संरचनात्मक र अन्य प्रतिकूल प्रभावहरु रोक्न, हटाउन वा अल्पीकरण गर्न सकिने सबै प्रकारका गतिविधि समावेश गर्दछ । यी सबै संरचनागत र अन्य उपायहरु विपद् जोखिम व्यवस्थापन चक्रभित्र छलफल गरिन्छ । यसमा निम्नानुसारका चरणहरु पर्छन् ।

## विपद् जोखिम न्यूनीकरण

विपद् जोखिम न्यूनीकरण एक अवधारणात्मक कार्यढाँचा जसका तत्वहरूबाट सङ्कटासन्नतालाई पूरै समाजबाट कम गर्दै, समाजलाई विपद् जोखिमबाट बचाउ (रोकथाम) र प्रकोपको प्रतिकूल प्रभावहरूको अल्पीकरणबाट दिगो विकास गराउनु हो ।

विपद् जोखिम न्यूनीकरण कार्यढाँचामा निम्नानुसारका कार्यहरु (ISDR को प्रकाशन "Living with Risk: a global review of disaster reduction initiatives" २००२ पृष्ठ २३) पर्छन् ।

- जोखिम सचेतना र विश्लेषण, प्रकोप विश्लेषण तथा संकाटासन्नता/क्षमता विश्लेषण
- शिक्षा, प्रशिक्षण, शोध र जानकारी आदिबाट ज्ञान आर्जन

- संस्थागत, नीति, कानुन र सामुदायिक कार्यद्वारा सामाजिक प्रतिवद्धता र संस्थागत कार्यढाँचा
- वातावरण व्यवस्थापन, भू-उपयोग तथा सहरी विकास योजना, महत्वपूर्ण पूर्वाधारहरूको सुरक्षा, विज्ञान र प्रविधिको प्रयोग, साझेदारी तथा सञ्जालीकरण र वित्तीय साधनको उपयोग
- भविष्यवाणी, पूर्वचेतावनीको सञ्चार, पूर्वतयारी र प्रतिकार्य क्षमतासहितको पूर्वचेतावनी प्रणाली । प्रशिक्षक/सहजकर्ताले यी अवधारणाहरु विपद् जोखिम व्यवस्थापन चक्रद्वारा परिचित गराउनुपर्ने हुन्छ ।

## विपद् पूर्वतयारी

केही विपद्हरु रोक्न सकिने र केही नसकिने हुन्छन् । विपद् जोखिम न्यूनीकरण तयारीहरु गर्दा समुदाय र समाजले विपद्को अवश्यम्भाविता सामना गर्न सक्षम संरचना निर्माण गर्ने, ज्ञान र क्षमता वृद्धि गर्नुपर्छ । विपद् सामना गर्न सक्षम हुनु भनेको विपद्को चोटबाट जनधन क्षति हुनबाट जोगाउन सक्ने ज्ञान, क्षमता र विश्वासको अभिवृद्धि हुनु हो ।

## विपद् प्रतिकार्य

विपद्को घटना सुरू भएपछि शीघ्र कार्य तत्परता, जनधनको उद्धार कार्य र प्रतिकार्य गतिविधिहरु महत्वपूर्ण हुन्छन् । यी कार्यहरूमा

- जनधनको क्षति रोक्न अल्पकालीन राहत सेवा
- विपद् प्रभावित व्यक्तिहरूको मर्यादा, संरक्षणका साथै क्रुर र अमानवीय व्यवहार वा दुराचारबाट सुरक्षा
- पुनर्लाभ (पुनस्थापन र पुनर्निर्माण) का लागि सहयोग

## विपद् जोखिम व्यवस्थापनमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण

नेपालको संविधान (भाग ३) ले बिनाभेदभावको व्यवहारलाई सबैको मौलिक अधिकारको रूपमा प्रत्याभूत गरेको छ । संविधानले खास कानुनी प्रावधानहरु बनाई सबै नागरिकको सुरक्षा, सशक्तीकरण र प्रगति गराउने दायित्व राज्यलाई दिएको छ । सामाजिक र सांस्कृतिक रूपमा पिछडिएका महिला, दलित, आदिवासी, मधेसी, थारू, मुसलमान, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसङ्ख्यक समुदाय, सीमान्तकृत समूह, बालबालिका, जेष्ठ नागरिक, लैङ्गिक र यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भवती, असहाय र पिछडिएका क्षेत्रका सबै नागरिकलाई पनि सुरक्षा, सशक्तीकरण, प्रगतिशिल हुने बाटो प्रदान गर्ने दायित्व सुम्पेको छ ।

जलवायु परिवर्तनका असरले बढ्दो विपद् जोखिमबाट सङ्कटासन्न समूहहरु, खासगरी महिला, किशोरी, अपाङ्गता भएका व्यक्ति, गरिब, जेष्ठ नागरिक र अशक्त नागरिक विपद् जोखिमबाट बढी प्रभावित हुन्छन् । साथै यी समूहहरूको महत्वपूर्ण स्रोतमा पहुँच पनि कम हुन्छ । संयुक्त राष्ट्रसङ्घीय अन्तर्राष्ट्रिय विपद्

जोखिम सचिवालयको अध्ययनले पनि महिला विपद्बाट बढी प्रभावित र सङ्कटासन्न अवस्थामा छन् भन्ने देखाउँछ । विपद् प्रभावित गरिब, महिला र जेष्ठ नागरिकलाई विपद्पश्चात पहिलेकै अवस्थामा फर्कन गाह्रो हुने हुनाले आर्थिक रूपमा बढी सङ्कटासन्न स्थितिमा हुन्छन । लैङ्गिक परिप्रेक्ष्यमा विपद् जोखिम न्यूनीकरणले खास लैङ्गिक क्षमताहरु र सङ्कटासन्न अवस्थाको तयारी, सामना र पुनर्लाभका लागि ध्यान केन्द्रित गर्दछ ।

विपद्ले भिन्दाभिन्दै सामाजिक समुदायलाई फरक फरक असर पार्न सक्छ । लैङ्गिक र सामाजिक असामानताले प्रायः यस्ता समुदायहरूका लागि गरिने निर्णय प्रक्रियामा उनीहरूको सहभागिता कम हुन्छ । सांस्कृतिक रूढिवादी सोच र धार्मिक कारणहरूले पनि यस्ता समुदाय विपद्बाट बढी प्रभावित हुनसक्छन् । तसर्थ विपद् जोखिम व्यवस्थापनमा महिला सशक्तीकरण अत्यावश्यक हुन्छ । लैङ्गिक परिप्रेक्ष्यमा विपद् जोखिम न्यूनीकरणले खास लैङ्गिक क्षमता वृद्धि गरी, समग्र न्यूनीकरण प्रयास, तयारी, सामना र पुनर्लाभका लागि उत्थानशीलता अभिवृद्धि गराउन ध्यान केन्द्रित गराउँछ । यसले विशेषगरी महिला, सङ्कटासन्न र अरू कम पहुँचवाला वर्गहरूलाई र सहभागिता, नेतृत्व, क्षमता विकास र स्रोतहरूको पहुँचमा पुऱ्याउन ध्यान केन्द्रित गर्दछ । अझ यसले लैङ्गिक उमेर विविधता खण्डीकृत तथ्याङ्क जुटाई गरेको विश्लेषणले सामाजिक समावेशीकरण, महिला, सङ्कटासन्न समूह र विपन्न समूहरूलाई लक्षित कार्यहरु प्राथमिकतामा राखेको छ । साथै यसले सबै समूहलाई सबै प्रकारका अन्याय र विभेदहरु मुक्त गराई विपद् जोखिम न्यूनीकरणमा सहायक हुन अभिप्रेरित गर्दछ ।

विपद् जोखिम न्यूनीकरणका लागि सेन्दाई कार्यढाँचा २०१५–२०३० को प्रस्तावनामै नीतिहरु र व्यवहारमा लैङ्गिक समावेशीतालाई प्राथमिकता राख्नुपर्ने कुरालाई जोड दिएको छ । यसैगरी, विपद् जोखिम व्यवस्थापन नीति र कार्यविधिहरु तयार गर्दा तथा यी नीतिहरूको कार्यान्वयनमा, सङ्कटासन्न समूह र बहिष्करणमा परेका वर्गहरूलाई समावेश गर्ने प्रतिवद्धताका लागि सुझाइएको छ । यस्ता नीतिहरु र यसको कार्यान्वयनले सबैको उत्थाानशीलता बढाउन मद्दत गर्छ ।

## विपद् जोखिम न्यूनीकरण शब्दावली

विपद् जोखिम व्यवस्थापनमा गर्नुपर्ने कार्यहरु र विभिन्न चरणबारे राम्ररी बुझी यससम्बन्धी सरकारी दस्तावेजमा उल्लेख भएबमोजिम स्थानीय तहमा पनि सोहीअनुरूप ऐन, नीति र कार्यविधिहरु हुनुपर्छ । अरू दस्तावेजमा पनि यिनै शब्दावली प्रयोग गरिएका छन् । यस प्रशिक्षणमा पनि स्थानीय सरकारहरूको विपद् जोखिम व्यवस्थापन क्षमता बढाउने कार्यका लागि यिनै शब्दावलीको (नेपाल सरकारले) प्रयोग गरेबमोजिम प्रयोग गरिन्छ ।

विपद् जोखिम व्यवस्थापनबारे सेन्दाई कार्यढाँचा २०१५–२०३० ले यसका लागि चार प्राथमिकता प्राप्त क्षेत्रहरु तोकेको छ :–

प्राथमिकता १ : विपद् जोखिमबारे बुझाइ

प्राथमिकता २ : विपद् जोखिम व्यवस्थापनका लागि विपद् जोखिम सुशासन सशक्तीकरण

प्रथामिकता ३ : उत्थानशीलताका लागि विपद् जोखिम न्यूनीकरणमा लगानी

प्राथमिकता ४ : प्रभावकारी प्रतिकार्यका लागि सुदृढ पूर्वतयारी र "पहिलेभन्दा बलियो र राम्रो निर्माण" सहितको पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माण

## नेपाल सरकारको विपद् जोखिम व्यवस्थापन नीति र प्राथमिकताहरू

नेपालको संविधानले नागरिकलाई विपद्बाट सुरक्षित गराउन सबै तहका सरकारको प्राथमिक दायित्व हुने प्रावधानको व्यवस्था गरेको छ । संविधानको अनुसूची ७ मा विपद् जोखिम व्यवस्थापन सङ्घ र प्रदेश सरकारहरूको संयुक्त अधिकार अनुसूची ८ ले स्थानीय सरकारहरूको एकल अधिकार र अनुसूची ९ ले सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार भनी उल्लेख गरेको छ । नेपाल सरकारले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ (संशोधन २०७५) र यससँग सम्बन्धित नियमावली २०७५ लाई पारित गरेको छ । नेपाल सरकार विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई संस्थागत गर्न निरन्तर लागिपरेको छ । यसै क्रममा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको गठन भइसकेको छ । हालै प्राधिकरणको कार्यकारी प्रमुख नियुक्ति भएसँगै बाँकी रहेका संस्थागत संरचनाहरु छिट्टै पूरा हुनेछन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले विपद् जोखिम व्यवस्थापन स्थानीय सरकारको प्रमुख दायित्वमध्ये मा पर्ने उल्लेख छ । सेन्दाई कार्यढाँचाअनुरूप नेपाल सरकारले विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-२०३०) पारित गरेको छ । गृह मन्त्रालय विपद् प्रतिकार्यका लागि खास सरोकारवाला मन्त्रालय भएकोले यसले राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा २०१९ प्रयोगमा ल्याइसकेको तथा आपतकालीन कार्यसञ्चालन केन्द्रको सञ्चालन प्रक्रियाको मापदण्ड बनाइसकेको र राष्ट्रिय विपद् सूचना व्यवस्थापन प्रणालीको निर्माण सुरू गरिसकेको छ । गृह मन्त्रालयले सबै स्थानीय तहमा विपद् पूर्वतयारी र प्रतिकार्ययोजना (पछि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणद्वारा सहयोग हुने) सुरू गर्न मद्दत गरिरहेको (यी सबैको सविस्तार प्रशिक्षण औजार : SIT3_DRM Localization मा गरिएको) छ ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश र स्थानीय सरकारहरूको क्षमता अभिवृद्धि गर्ने खास सरोकारवाला मन्त्रालय भएकाले पनि यसले उत्थानशील सहरी समुदायका लागि राष्ट्रिय रणनीति तर्जुमा गरेको छ भने स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको मार्गदर्शन अनुमोदनको अन्तिम चरणमा छ । यसबाट स्थानीय तहहरूलाई विपद् पूर्वतयारी योजना बनाउन मद्दत पुग्छ । यसै मन्त्रालयले नमुना स्थानीय विपद् जोखिम व्यवस्थापन ऐन, विपद् व्यवस्थापनको कोष सञ्चालन कार्यविधि तयार गरी सोहीअनुरूप स्थानीय तहमा विपद् जोखिम व्यवस्थापन समितिहरु बनाउने र स्थानीय सरकारहरूलाई आफ्नै कानुनी र संस्थागत ढाँचाभित्र रही विपद् जोखिम न्यूनीकरण, अल्पीकरण, पूर्वतयारी, उद्धार, राहत, पुनर्स्थापना र पुनर्निर्माण कार्यमा लाग्न मद्दत गरिरहेको छ (प्रशिक्षण औजार : SIT3_MOFAGA_DRM Governance) ।

सहरी विकास मन्त्रालयले सबै स्थानीय सरकारलाई भवन संहिताको प्रोत्साहन गरी मानिसका बासस्थल तथा कार्यालय भवनहरु सुरक्षित बनाउन मद्दत गर्दछ । प्रशिक्षणका सहभागीले यी अवधारणालाई आत्मसात गरी विपद् जोखिम व्यवस्थापनसम्बन्धी काम र कर्तव्यहरूमा कसरी सम्वद्ध भएका छन् भनी बुझ्न जरूरी छ (सन्दर्भ समाग्री : SIT4_Municipality Experience) ।

## प्रशिक्षक/सहजकर्तालाई सुझाव

गृह मन्त्रालय अथवा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अधिकारी, उद्घाटन सत्रमा उपस्थित भई नेपाल सरकारको नीतिहरु, रणनीतिहरु र मार्गदर्शनहरूको सारांश प्रस्तुत गर्नु हुनेछ । यदि उहाँहरू उपस्थित हुन सक्नु भएन भने उपस्थित प्रशिक्षक वा सहजकर्ताले सो दायित्व लिनुपर्ने हुन्छ । यसपछि प्रशिक्षक वा सहजकर्ताले केन्द्र, प्रदेश र स्थानीय सरकारहरूका काम र कर्तव्यहहरु के के हुन् भनी विस्तारमा प्रस्तुत गर्नुपर्छ, मुख्यतः स्थानीय सरकारका काम र कर्तव्यमा केन्द्रीकृत भई विस्तारमा सबै सहभागीलाई बुझाउनु पर्ने हुन्छ ।

विपद् जोखिम व्यवस्थापन अवधारणाहरूको परिचय गराउनुअघि प्रशिक्षकले सहभागीलाई उनीहरूको विपद् अगाडि र पछाडिका विपद् व्यवस्थापनमा आफूले गरेको कामको अनुभव आदानप्रदान गर्न उत्साहित तुल्याउनु पर्छ । यसका लागि एक अभ्यास (औजार : SIT4_Municipality Experience) तयार पारिएको छ । यस अभ्यासबाट सहभागीलाई विपद् जोखिमबारे पूर्वतयारी, न्यूनीकरण, प्रतिकार्य र साथै आआफ्ना पालिकामा विपद् उत्थानशीलताका लागि गर्नुपर्ने महत्वपूर्ण कार्यहरु चयन गर्न मद्दत पुग्छ ।

यस सत्रमा एउटा खेल (औजार : SIT2_DRR TerminoLogy) प्रस्तुत गरिएको छ । जुन विपद् जोखिम व्यवस्थापन र यसका वर्णनसहितको मिल्दोजुल्दो प्रतिरूप हो । सहजकर्ताले आफैं सबै शब्दावली बुझ्नु आवश्यक छ ताकि पछि यी शब्दावलीको प्रयोग गर्दा गलत व्याख्या नहोस् । रमाइलो गरी सिक्ने अभ्यासबाट सहभागीलाई उस्तै उस्तै अर्थ लाग्ने सबै शब्दावली सम्झन सजिलो हुन्छ । नेपाली र अंग्रेजी दुवै भाषामा यी शब्दावली सिकाइनु जरूरी छ जसबाट सहभागीलाई यी शब्दको प्रयोग गर्न सजिलो होस् ।

## सत्र योजना (१३५ मिनेट)

यो सत्रमा अपेक्षित सिकाइका उद्देश्यहरु प्राप्तार्थ प्रशिक्षण विधि प्रस्तुत गरिएको छ ।

| समग्र उद्देश्य | विशिष्ट उद्देश्यहरु |
|---|---|
| • विपद् जोखिम व्यवस्थापनसम्बन्धी नेपाल सरकारका नीतिहरु र प्राथमिकताबारे सहभागीलाई परिचित गराउने<br>• विपद्ले नेपाललाई कसरी प्रभावित पार्छ भन्नेबारे साझा बुझाइ विकसित गर्ने<br>• सहभागीलाई विपद् जोखिम व्यवस्थापनसम्बन्धी शब्दावली र चक्रबारे जानकारी गराउने | यो सत्रको अन्तमा सहभागीले<br>• विपद् जोखिम व्यवस्थापनसम्बन्धी नेपाल सरकारका ऐनहरु, नीतिहरु र प्राथमिकताहरु बुझ्नेछन् ।<br>• विपद्सँग सम्बन्धित सङ्कटासन्न अवस्थाबारे थाहा पाउने छन् ।<br>• विपद्हरूबाट नेपाल कसरी प्रभावित हुनसक्छ भन्ने कुरा बुझ्नेछन् । |

| | |
|---|---|
| | • विपद्हरूबाट कुन स्तरसम्मको धनजनको क्षति र आर्थिक नोक्सानी हुनसक्छ भन्ने बुझ्नेछन् ।<br>• विपद् व्यवस्थापन चक्रका तत्वहरूबारे बुझ्नेछन् ।<br>• विपद् व्यवस्थापनमा प्रयोग हुने शब्दावलीहरू बुझ्नेछन् । |

## अपेक्षित सहभागी

नगरपालिकाहरूका प्रमुख/उपप्रमुख, गाउँपालिकाहरूका अध्यक्ष/उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्षहरू, प्रशासकीय समितिहरूका सदस्य, विपद् जोखिम न्यूनीकरणसँग सम्बन्धित सम्पर्क व्यक्ति, इन्जिनियरहरू, पालिकाहरूका विषय समितिहरूका सम्पर्क व्यक्तिहरू ।

## सत्रको सारांश

| गतिविधि | समय | वर्णन | औजारहरू | तयारी |
|---|---|---|---|---|
| १.<br>सङ्कट, सम्मुखता, सङ्कटासन्नता र विपद् | १०:३०–११:००<br>(३० मिनेट) | गतिविधि १ : सङ्कट, सम्मुखता, सङ्कटासन्नता, विपद्हरूबारे बुझाइ<br>प्रस्तुति र समूह छलफल<br>• विपद् जोखिम र प्रकोप वस्तुगत विवरण शब्दावलीहरू<br>• नेपालमा प्रकोपहरूको सूची<br>• विपद्बाट हुने जनधनको क्षति<br>• विपद् जोखिम व्यवस्थापन चक्र र पालिकाहरूमा हालै घटेका विपद्बारे विपद्पूर्व र विपद्पश्चात्का अनुभवहरू<br>• नेपाल सरकारको विपद् जोखिम व्यसथापनसम्बन्धी नीतिहरू र प्राथमिकताहरू<br>• यी नीतिहरू र प्राथमिकताहरूको प्रस्तुति | S1T1_DRM Introduction<br>S1T2_DRR TerminoLogy | सहभागीलाई पुग्ने गरी पर्याप्त पावर प्वाइन्ट प्रस्तुतिको छपाई |

| | | | | |
|---|---|---|---|---|
| २<br>विपद् जोखिम व्यवस्थापन ऐनहरु, नीतिहरु र संरचनाहरु | ११:१५-१२:१५<br>(६० मिनेट) | गतिविधि २ :<br>विपद् जोखिम व्यवस्थापनको स्थानीयकरण<br>● सङ्घदेखि स्थानीय तहसम्मका विपद् जोखिम व्यवस्थापनसम्बन्धी ऐन, नीति तथा प्राथमिकताहरु र संस्थागत संरचनासम्बन्धी प्रस्तुति<br>● विपद् जोखिम व्यवस्थापन स्थानीयकरणबारे स्थानीय सरकारको मुख्य मुख्य काम र कर्तव्यहरूमा केन्द्रित प्रस्तुति | SIT3_DRM Localization<br>SIT3_MOFAGA_DRM<br>Governance | सहभागीलाई पुग्ने गरी पर्याप्त पावर प्वाइन्ट प्रस्तुतिको छपाई |
| ३<br>विपद् जोखिम व्यवस्थापन अनुभव | १२:१५-१:००<br>(४५ मिनेट) | गतिविधि ३ : विपद् जोखिम व्यवस्थापनमा पालिकाहरुका अनुभवबारे समूहकार्य<br>● विपद्पूर्व र विपद्पश्चात्का कार्यहरूमा समूहकार्य | SIT4_Municipality<br>experience | सहभागी सबैलाई पुग्ने गरी खेलसामग्री र शब्दावली छापी प्रत्येक टेवलमा राख्ने शब्दावली वर्णन गरिएको सामग्रीबाट चित्रहरु र शब्दावली काटी छुट्याउने |

## सत्र गतिविधिहरूको विवरण

| | | |
|---|---|---|
| दिन १<br>१०:३०-११:००<br>(३० मिनेट)<br><br>चिया समय<br>११:००-११:१५<br>(१५ मिनेट) | **गतिविधि १ : प्रकोप, सम्मुखता, सङ्कटासन्नता र विपद्हरूबारे बुझाइ**<br>● पावर प्वाइन्ट प्रस्तुतिबाट प्रकोप, सम्मुखता र सङ्कटासन्न अवस्थाबारे बुझाउने र यी सबैको योगबाट विपद् जोखिमहरु पैदा हुन्छन् भनी बुझाउने<br>● नेपालले भोग्नुपर्ने बहुविपद्हरूबारे व्याख्या गर्ने<br>● सहभागीलाई पालिकाअनुसार समूहकार्य गर्न छुट्याउने<br>● समूह अभ्यास प्रोजेक्टरमा देखाई सहभागीलाई विपद् परिदृष्यबाट विपद् व्यवस्थापन चक्रका विभिन्न चरण न्यूनीकरण, अल्पीकरण, पूर्वतयारी, उद्धार, राहत, पुनर्स्थापना र पुनर्निर्माण थाहा पाउन मद्दत गर्ने<br>● प्रत्येक समूहलाई लेखन सामग्री (न्यूज प्रिन्ट पेपर र मार्कर) उपलब्ध गराउने<br>● हरेक समूहले विपद् अगाडि र पछाडिका अवस्थामा गरेका र गर्नुपर्ने कामसम्बन्धी आआफ्ना अनुभवबारे छलफल गर्ने<br>● समूहकार्यमा सहभागीलाई सहयोग गर्ने<br>● समूहकार्य समाप्तिपछि सबै समूहले आआफ्ना कार्यको प्रस्तुति गर्ने र पालिकाहरूका विपद्पूर्व र विपद्पश्चात्का कार्यहरु, विशेषगरी न्यूनीकरण, अल्पीकरण, पूर्वतयारी, उद्धार, राहत, प्रतिकार्य तथा पुनर्लाभसम्बन्धी कार्यहरूका अनुभवको सारांश तयार पार्ने | **उद्देश्यहरू**<br>शब्दावलीहरूको बुझाइमा एकरूपता कायम गर्ने<br><br>औजार<br>S1T1_DRM Introduction र<br>S1T2_DRR TerminoLogy |
| ११:१५-१२:१५<br>(६० मिनेट) | **गतिविधि २ : नेपाल सरकारको विपद् जोखिम व्यवस्थापन नीति र प्राथमिकता**<br>● नेपाल सरकारले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धमा अनुमोदन गरेका मुख्य नीति र प्राथमिकताबारे पावर प्वाइट प्रस्तुति<br>● सहभागीबाट प्रश्न आह्वान गर्ने र ती प्रश्नहरूको समाधान गर्ने | सहभागीलाई विपद् जोखिम व्यवस्थापनसम्बन्धी केन्द्रदेखि स्थानीय तहसम्मका ऐन, नीति, प्राथमिकता र संस्थागत संयन्त्रहरूबारे परिचित गराउने<br><br>औजार : S1T3_DRM Localization<br>S1T3_MOFAGA_DRM Governance |


| | | |
|---|---|---|
| १२:१५–१:०० (४५ मिनेट) | गतिविधि ३ : विपद् जोखिम व्यवस्थापनबारे पालिकाहरूका अनुभवबारे समूहकार्य<br>• पालिकाहरूका विपद्पूर्व र विपद्पश्चात्का कार्यबारे समूहकार्य | पलिकाहरूलाई विपद्पूर्व र विपद्पश्चात् गर्नुपर्ने कामबारे बुझाउने<br>**औजार** : SIT4_Municipality experience |

## बसाइ व्यवस्थापन

प्रशिक्षण कक्षको बनौटअनुसार बस्ने व्यवस्था गर्ने । उचित प्रकारको बसाई व्यवस्थापन तलको चित्रमा देखाइएको छ । सोही व्यवस्थापन सबै सत्रका लागि कायम गर्नुपर्छ ।

## प्रशिक्षण सामग्री


आवश्यक मात्रामा बोर्ड मार्करहरू (मेटिने र नमेटिने दुवै), मास्किङ टेप, डबल साइडेड टेप, मेटा कार्ड, पोष्ट-इट प्याडहरू, कैंची, स्टेपलर र पिन, न्युजपेपर प्रिन्ट, सेतो र खैरो कागज, पुस पिन, पञ्चिङ मेसिन, माउथ फ्रेसनर मिन्ट, कनेक्टिङ कर्ड, पावर प्वाइन्ट प्रोजेक्टर, हाते माइक्रोफोन र पिन माइकहरू प्रशिक्षण अवधिभर प्रबन्ध गर्नुपर्छ ।



| | |
|---|---|
| अपेक्षित परिणाम | पालिकाका जनप्रतिनिधि र कर्मचारीहरूले प्रकोप, सङ्कटासन्नता र विपद्का जोखिमहरूका बीचमा फरक छुट्याउन र विपद् पूर्वतयारी र प्रतिकार्यका योजनाहरूको सुरूआत गर्नुपर्ने आवश्यकता पनि बुझ्नेछन् । |
| पुष्ट्याइँका आधारहरू | समूहकार्यको प्रस्तुति |
| | • विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८–२०३० (विपद्को स्थिति पेज ८–१३) http://drrportal.gov.np/upoLads/document/1352.pdf<br>• विपद् जोखिम न्यूनीकरण शब्दावली २०७२<br>• विपद् जोखिम व्यवस्थापन ऐन, २०७४ (संशोधन २०७५) शब्दावली पेज १–३) http://drrportal.gov.np/upoLads/document/1509.pdf<br>• नमुना स्थानीय विपद् जोखिम व्यवस्थापन ऐन (शब्दावली पेज १–३) http://mofaga.gov.np/ne/node/128 |

# सत्र २

## नेपालमा विपद् जोखिम व्यवस्थापन सुशासन (संस्थागत तथा कानुनी व्यवस्था)



# पृष्ठभूमि

## यो सत्रले मूलभूत मोड्युल २ - नेपालमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सुशासनको परिदृष्यलाई योगदान गर्दछ ।

विपद् जोखिम व्यवस्थापन सुशासनसम्बन्धी ऐन, नीति, प्रक्रियाहरूको कार्यान्वयन सम्बन्धमा नेपालले केन्द्र, प्रदेशदेखि स्थानीय तहसम्म उल्लेख्य प्रगति गरेको छ । गृह मन्त्रालयले राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा तर्जुमा गरी राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्रको स्थापना पनि गरेको छ । यसैगरी, केन्द्र तहमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको पनि गठन भइसकेको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ लाई २०७५ सालमा संशोधन गरी प्रदेश तहमा विपद् जोखिम व्यवस्थापनसम्बन्धी कार्यहरूको समन्वय गर्न प्रदेश विपद् व्यवस्थापन परिषद् गठन गर्ने व्यवस्था गरिएको छ । विपद् जोखिम प्रतिकार्य क्षमता बढाउन गृह मन्त्रालयद्वारा प्रदेश र स्थानीय तहसम्मका लागि आपतकालीन कार्यसञ्चालन विधि तयार पारी स्थानीय सरकारहरूलाई आआफ्नो तहमा विपद् पूर्वतयारी र प्रतिकार्यका योजनाहरु बनाउन अनुरोध गरेको छ ।

स्थानीय सरकारहरूको विपद् जोखिम व्यवस्थापनसम्बन्धी संस्थागत क्षमता बढाउन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विपद् व्यवस्थापन नमुना ऐन, विपद् व्यवस्थापन कोषको नमुना कार्यविधि र राहत वितरण प्रकृयाहरूका लागि नमुना कार्यविधि उपलब्ध गराएको छ । साथै मन्त्रालयले स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको कार्यविधिलाई अन्तिम रूप दिँदैछ । हाल आएर विपद् जोखिम व्यवस्थापनसम्बन्धी नीति र योजनाहरु प्रशस्तै छन् । तर, प्रदेश र स्थानीय सरकारहरूको यस सम्बन्धमा पर्याप्त क्षमता विकास भइनसकेको अवस्था छ । विपद् व्यवस्थापनमा प्रदेश र स्थानीय तहले केन्द्र सरकारबाट बारम्बार आवश्यक मानव स्रोत साधन र आर्थिक स्रोत नपाइरहेका सवाल उठाउने गरेका छन् । जसका कारण पनि प्रदेश र स्थानीय तहको विपद् जोखिम व्यवस्थापनसम्बन्धी क्षमतामा समस्या उत्पन्न भएको बुझाइ छ । यो समस्या केही मात्रामा सत्य पनि हो तर प्रदेश र स्थानीय सरकारहरूमा विपद् जोखिम व्यवस्थापनसम्बन्धी ऐन, नीति, रणनीति र प्रक्रियाहरूलाई बुझेर कसरी आफ्नो परिप्रेक्ष्यअनुरूप आन्तरिकीकरण गर्ने भन्ने पनि प्रमुख समस्या छ । यीबाहेक धेरै स्थानीय सरकारहरूको प्राथमिकता विपद् पूर्वतयारीमा भन्दा पूर्वाधार विकासमा केन्द्रित छ । अझै पनि स्थानीय तहका प्रायः जनप्रतिनिधि, विपद् प्रतिकार्य त्यसमा पनि राहत वितरणमात्र बढी केन्द्रित छन् ।

तसर्थ यो सत्रमा स्थानीय तहका जनप्रतिनिधिलाई नेपाल सरकारले सङ्घ, प्रदेश, जिल्ला र स्थानीय तहहरूका लागि तयार पारेको विपद् जोखिम व्यवस्थापनसम्बन्धी प्रणाली, प्रक्रिया र संयन्त्रहरूबारे जानकारी गराउने प्रयास गर्नुका साथै उहाँहरूलाई आआफ्नो तहमा राष्ट्रिय विपद् जोखिम व्यवस्थापन नीति, ऐन र संयन्त्रअनुरूप कार्यहरु गर्न सक्षम बनाउने प्रयास गरिएको छ । यसैगरी, सहभागीलाई यो सत्रमा आआफ्नो तहमा भएका विपद् जोखिम व्यवस्थापनसम्बन्धी

संरचनाहरूका जिम्मेवारी र विपद् जोखिम व्यवस्थापन पूर्वतयारी र प्रतिकार्यका लागि कसरी पारस्परिक सहयोग, सहकार्य र समन्वय स्थापना गरी प्रभावकारी कार्य गर्न सकिन्छ भनी जानकारी गराइने छ ।

## विपद् सुशासन (कानुनी प्रावधान)

संविधानअनुसार विपद् जोखिम व्यवस्थापन सबै तहका सरकारको साझा दायित्व हो । जसअनुसार, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी गतिविधिका लागि नेपाल सरकारले निम्नलिखित ऐन तथा नीतिहरु पारित गरेको छ ।

- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (संशोधन २०७५)
- विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५
- राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६
- राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७० (संशोधन २०७५)
- विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, २०१८–२०३०
- प्रकोप पीडित उद्धार र राहतसम्बन्धी मापदण्ड, २०७४
- आपतकालीन कार्यसञ्चालन केन्द्रहरु कार्यसञ्चालन विधि (नमुना)

## विपद् सुशासन (संस्थागत प्रावधान)

नेपालमा विपद् जोखिम न्यूनीकरण र प्रतिकार्यका लागि निम्न लिखित संस्थागत प्रावधानहरु छन् :–

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् सबैभन्दा उच्चतहको संयन्त्र हो । प्रधानमन्त्रीज्यूको अगुवाई रहेको यस परिषद्ले आवश्यक नीतिहरू अनुमोदन गर्नुका साथै विपद् र अरू आपतकालीन अवस्थामा मानवीय सहायताका लागि रणनीतिक नेतृत्व प्रदान गर्दछ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको अध्यक्षता गृहमन्त्रीज्यूले गर्ने प्रावधान छ । यो कार्यकारी समितिले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी नीतिहरू तयार पारी परिषद्समक्ष अनुमोदनका लागि पेश गर्छ ।

कार्यकारी समितिअन्तर्गत रहेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले अनुमोदित विपद् जोखिम न्यूनीकरणसम्बन्धी नीतिहरु र यस

अनुरूपका गतिविधिहरु कार्यान्वयन गर्न समग्र नेतृत्व प्रदान गर्दछ । यस प्राधिकरणले विपद् पूर्वतयारी र प्रतिकार्यका सम्पूर्ण गतिविधिका रूपरेखाहरु तयार पारी नेपालभर प्रादेशिक र स्थानीय सरकारहरूमार्फत उक्त कुराहरूको कार्यान्वयन गर्दछ ।

साविकमा गृह मन्त्रालयअन्तर्गत रहेको राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्र हाल राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणअन्तर्गत परिचालित छ ।

प्रदेश विपद् व्यवस्थापन परिषद् प्रदेश विपद् व्यवस्थापन परिषद्का अध्यक्ष प्रदेशका मुख्यमन्त्रीज्यू हुनेछन् र उनकै नेतृत्वमा परिषद्ले विपद् जोखिम व्यवस्थापनसम्बन्धी नीतिहरु तय गर्नुका साथै प्रदेश तहमा रणनीतिक नेतृत्व प्रदान गर्दछ ।

प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति प्रदेशको आन्तरिक मामिलामन्त्रीज्यूले प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको नेतृत्व गर्छन् र प्रदेश तहका विपद् जोखिम व्यवस्थापनसम्बन्धी सबै कार्यसमेत नेतृत्व गर्छन् ।

प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण : राष्ट्रिय विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन प्राधिकरणको प्रदेश तहमा पनि कार्यालयहरु हुन सक्नेछन् ।

जिल्ला विपद् व्यवस्थापन समिति : प्रमुख जिल्ला अधिकारीले जिल्ला विपद् व्यवस्थापन समितिको अगुवाई गरी सङ्घीय सरकारको जिल्ला तहको विपद् जोखिम व्यवस्थापनसम्वद्ध कार्यहरु गर्छन् ।

स्थानीय विपद् व्यवस्थापन समिति : पालिकाका प्रमुख/अध्ययक्षले सम्बन्धित पालिकाको विपद् जोखिम व्यवस्थापन समितिको अगुवाई गर्दछन् । आफ्नो पालिकाभित्रका विपद् पूर्वतयारी र प्रतिकार्य गतिविधिहरु सञ्चालन गर्छन् । पलिकाहरूले वडास्तरीय विपद् व्यवस्थापन समितिहरु पनि गठन गर्नेछन् ।

## विपद् जोखिम व्यवस्थापन सुशासनमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण

लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई विपद् जोखिम व्यवस्थापन सुशासन संयन्त्रमा सम्वद्ध गरिएको छ । विपद् जोखिम व्यवस्थापनमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई मूल प्रवाहीकरण गर्ने दायित्व माथि उल्लेखित सबै संरचनामा पर्न जान्छ । पालिका तहका महिला प्रमुख/उपप्रमुख, अध्यक्ष/उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, जलवायु परिवर्तन सम्पर्क व्यक्ति, सामाजिक विकास सम्पर्क व्यक्ति, महिला विकास अधिकृत, महिला समूह, सङ्कटासन्न समूह र बहिष्कृत समूहका प्रतिनिधिहरूले विपद् जोखिम व्यवस्थापनमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको मूल प्रवाहीकरण गर्न प्रमुख भूमिका निर्वाह गर्नुपर्छ । महिलाको चासो, सुरक्षा र नेतृत्वलाई सशक्तीकरण गर्न जोड दिँदै विपद् जोखिम व्यवस्थापनका चक्रमा सबै समूहको चासो, गुनासो, नेतृत्व, महिलाको सुरक्षा, अर्थपूर्ण सहभागिता, विपद् जोखिम संयन्त्रहरूका जवाफदेहिताको सुदृढीकरणलगायतका कुरालाई मध्यनजर गर्दै विपद् जोखिम

व्यवस्थापन पहलबाट सङ्कटासन्न र बहिष्कृत समूहहरूका आवश्यकता, चासो र प्राथमिकताहरु सम्बोधन गर्न विपद् जोखिम व्यवस्थापनसम्बन्धी सरोकारवालाको लैङ्गिक उत्तरदायी र समावेशी विपद् जोखिम व्यवस्थापन नीति, योजना, कार्यक्रम र बजेटमा अर्थपूर्ण सहभागिता र क्षमता अभिवृद्धि गर्न आवश्यक छ । विपद् जोखिम व्यवस्थापन कार्यक्रमहरूलाई देशको लैङ्गिक उत्तरदायी बजेटसँग सम्वद्ध गर्न महत्वपूर्ण हुन्छ । उदाहरणका लागि कुल राष्ट्रिय बजेटको ३७ प्रतिशत लैङ्गिक उत्तरदायी बजेटका रूपमा छुट्याइएको छ ।

## प्रशिक्षक र सहजकर्ताहरुलाई निर्देशन

यस सत्रमा सहभागीलाई सबै तहका विपद् जोखिम व्यवस्थापन प्रणाली र संरचनाहरूका काम र कर्तव्यहरूका उदाहरण प्रस्तुत गर्दा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ (संशोधन २०७५) को उल्लेख गर्नुपर्छ । सहभागीलाई काम र कर्तव्यहरु उल्लेख गरिएका यस ऐनका दफाहरूमा परिचित गराउन पनि यो सत्रको तर्जुमा गरिएको छ । वडा तहका केही सहभागीका लागि यो प्रशिक्षण पहिलोपटक तथा सबै ऐन/नियम बुझ्न अप्ठेरो हुनसक्छ । यसका लागि समूह गतिविधि गराउनु आवश्यक छ र सबै सहभागीको सक्रिय सहभागिता हुनुपर्ने गरी यो सत्र तयार पारिएको छ ।

## सत्र योजना (६० मिनेट)

यस सत्रका सिकाइका उद्देश्यहरु र प्रशिक्षण विधिहरु निम्नानुसार उल्लेख गरिएको छ :-

| समग्र उद्देश्य | विशिष्ट उद्देश्य सत्रको अन्तमा सहभागिताहरुले |
|---|---|
| • सहभागीलाई विपद् जोखिम व्यवस्थापन ऐन, नियम, कार्यविधि, नीतिहरु र यससम्बन्धी केन्द्र, प्रदेश, जिल्ला र स्थानीय स्तरका संरचनाका साथै यी सरंचनाहरूका काम र कर्तव्यहरूका कानुनी प्रावधानबारे परिचित गराउने ।<br>• पालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरूलाई विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी स्थानीय सरकारका काम र कर्तव्यहरूबारे परिचित गराउने । | • नेपाल सरकारको विपद् जोखिम व्यवस्थापन ऐन, नीति र रणनीतिबारे सम्पूर्ण कुरा बुझ्नेछन् ।<br>• स्थानीय, जिल्ला, प्रदेश र केन्द्रका विपद् जोखिम व्यवस्थापनसम्बन्धी संरचनाबीचको सम्बन्ध र यी संरचनाहरूका काम र कर्तव्यबारे बुझ्नेछन् ।<br>• पालिका तहका विपद् जोखिम व्यवस्थापनसँग सम्बन्धित संरचना र यी संरचनासँग सम्बन्धित नीतिका महत्वबारे बुझ्नेछन् । |

## अपेक्षित सहभागिता

नगरपालिकाहरूका प्रमुख/उपप्रमुख, गाउँपालिकाहरूका अध्यक्ष/उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्ष, प्रशासकीय समितिहरूका सदस्य, विपद् जोखिम न्यूनीकरणसँग सम्बन्धित सम्पर्क व्यक्ति, इन्जिनियर, पालिकाका विषय समितिका सम्पर्क व्यक्तिहरु ।

## सत्रको सारांश

| गतिविधि | समय | विवरण | औजार | तयारी |
|---|---|---|---|---|
| १<br>विपद्<br>जोखिम न्यूनीकरणसम्बन्धी<br>सरकारका नीतिहरु | दिन १<br>२:००–२:१५<br>(१५ मिनेट) | **गतिविधि १ :**<br>सरकारी रणनीति र नीतिहरु<br>(विपद् जोखिम व्यवस्थापनसम्बन्धी) | S2T1_DRM Governance in Nepal | गतिविधि १ र २ मा राष्ट्रिय र स्थानीय विपद् जोखिम व्यसथापन नीतिहरु र योजनाहरु |
| २<br>स्थानीय विपद् जोखिम<br>न्यूनीकरण योजना<br>र नीति | २:१५–२:३०<br>(१५ मिनेट) | **गतिविधि २ :**<br>स्थानीय विपद् जोखिम न्यूनीकरण योजना र नीति | S2T1_DRM Governance in Nepal | सहभागी सबैलाई पुग्ने गरी राष्ट्रिय विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन ऐन २०७४ (संशोधन २०७५) छाप्ने । |
| ३<br>विपद्<br>जोखिम व्यवस्थापनसम्बन्धी<br>संरचनाहरूका<br>काम र कर्तव्यहरु | २:३०–३:००<br>(३० मिनेट) | **गतिविधि ३ :**<br>जिल्ला, प्रदेश र केन्द्रका विपद् जोखिम व्यवस्थापनसँग सम्बन्धित संरचनासँग समन्वय र सहकार्यहरु गर्न स्थानीय तहका पालिकाहरूका काम र कर्तव्यहरु<br><br>गतिविधि ४ : प्रस्तुतिहरूको सारांश तयार पार्ने | S2T2_DRM Roles and responsibilities | विभिन्न निकायहरूका काम र कर्तव्यहरु तयार पार्न गरिने समूहकार्यहरूका लागि लेखन सामग्री कलम, कागज, मार्कर आदि तयार पार्ने |

## सत्र गतिविधिहरूको विवरण

| | | |
|---|---|---|
| दिन १<br>२:००-२:१५<br>(१५ मिनेट) | **गतिविधि १ : राष्ट्रिय विपद् जोखिम न्यूनीकरण नीति र योजना**<br>● केन्द्रको विपद् जोखिम व्यवस्थापन नीति र योजनाबारे पावर र प्वाइन्ट छलफल गर्ने<br>● विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ (संशोधन २०७५) को वर्णन गर्ने<br>● राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा २०७५ को वर्णन गर्ने<br>● विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ को वर्णन गर्ने<br>● विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, २०१८-२०३० को वर्णन गर्ने | **उद्देश्यहरू**<br>राष्ट्रिय विपद् जोखिम व्यवस्थापन रणनीति, योजना र संरचनाहरूसँग सहभागीलाई परिचित गराउने ।<br><br>औजार : S2_T1_DRM Governance in Nepal |
| २:१५-२:३०<br>(१५ मिनेट) | **गतिविधि २ : स्थानीय विपद् जोखिम व्यवस्थापन नीति र योजना वर्णन गर्ने**<br>● स्थानीय विपद् जोखिम व्यवस्थापन नीति र योजनाबारे पावर प्वाइन्ट प्रस्तुति र छलफल<br>● स्थानीय तह विपद् जोखिम व्यवस्थापन ऐनको वर्णन गर्ने<br>● कोष व्यवस्थापन कार्यविधिका बारेमा वर्णन गर्ने<br>● स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र, स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना र विपद् पूर्वतयारी र प्रतिकार्ययोजनाबारे वर्णन गर्ने<br>● यी नीति र योजनाहरूमा महिला सङ्कटासन्न समूहरु र अरू बहिष्कृत समूहहरूका आवश्यक चासो र प्राथमिकता सम्बोधन भएका छन् कि छैनन् भन्नेबारे छलफल गर्ने | सहभागीलाई विपद् जोखिम न्यूनीकरण व्यवस्थापन ऐन र कोष व्यवस्थापन कार्यविधिलाई अद्यावधिक गर्न र विपद् जोखिम प्रोफाइल तयार पार्न सक्षम बनाउने<br><br>सहभागीलाई स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्था भएबमोजिमका काम र कर्तव्यहरु बुझ्न सक्ने बनाउने |

| | | |
|---|---|---|
| २:३०-३:०० (३० मिनेट) | **गतिविधि ३ : सबै तहका सरकारसँग सम्बन्धित विपद् जोखिम व्यवस्थापनसँग सम्बन्धित संरचनाहरूका काम र कर्तव्यहरू**<br>● विभिन्न विपद् जोखिम व्यवस्थापनसँग सम्बन्धित संरचनाहरूका काम र कर्तव्यहरूबारे समूहकार्य र प्रस्तुति<br>● सहभागी पालिकालाई लेखन सामग्री (न्यूजप्रिन्ट र मार्करहरू) बाँड्ने<br>■ केन्द्र, प्रदेश र स्थानीय तहसम्मका विपद् जोखिम संरचनाहरू (परिषद्, कार्यकारी समिति, प्राधिकरण, प्रदेश कार्यकारी समिति, जिल्ला र स्थानीय विपद् व्यवस्थापन समितिहरू) लाई तोकिएका काम र कर्तव्यहरूबारे जाँची छलफल गर्न समूहकार्य<br>■ प्रत्येक समूहलाई निर्दिष्ट गरिएको संरचनाको काम र कर्तव्यहरू बुझ्न मार्गदर्शन गर्ने<br>■ कुनै समूहलाई बुझ्न समस्या परेमा सहयोग गर्ने<br>■ विभिन्न संरचनाका काम र कर्तव्यप्रति समूहहरूका बुझाइलाई प्रस्तुतियोग्य बनाउन सहयोग गर्ने<br>सबै समूका प्रस्तुतिका सारांश तयार पार्ने विपद् जोखिम व्यवस्थापनसँग सम्बन्धित सबै तहका संरचनाका आपसी सम्बन्धहरूको रूपरेखा दर्शाउने र पालिकाहरूले यी संरचनासँग समन्वय गर्ने, सम्बन्ध तथा सहकार्य बढाउनेबारे जोड दिने | औजारः<br>S2_T2_DRM Roles and Responsibilities |

## प्रशिक्षण सामग्री

आवश्यक मात्रामा बोर्ड मार्करहरू (मेटिने र नमेटिने दुवै), मास्किङ टेप, डबल साइडेड टेप, मेटा कार्ड, पोष्ट-इट प्याडहरू, कैंची, स्टेपलर र पिन, न्युज पेपर प्रिन्ट, सेतो र खैरो कागज, पुस पिन, पञ्चिङ मेसिन, माउथ फ्रेसनर चकलेट, कनेक्टिङ कर्ड, पावर प्वाइन्ट प्रोजेक्टर, हाते माइक्रोफोन र पिन माइकहरू प्रशिक्षण अवधिभर प्रबन्ध गर्नुपर्छ ।

| | |
|---|---|
| अपेक्षित परिणाम | पालिकासम्वद्ध सबै सरोकारवालालाई विपद् जोखिम व्यवस्थापनसम्बन्धी सबै तहका कानुनी र संरचनागत प्राबधानहरूको प्रष्ट ज्ञान हुनेछ । |
| पुष्ट्याइँका आधारहरू | समूहगत कार्यहरूको प्रस्तुति पावर प्वाइन्ट प्रस्तुति |
| सन्दर्भ-सामग्री | **सङ्घीय तहमा**<br>• विपद् जोखिम व्यवस्थापन ऐन, २०७४ (संशोधन २०७५) http://drrportal.gov.np/upoLads/document/1509.pdf<br>• विपद् जोखिम व्यवस्थापन नियमावली, २०७६ (पृष्ठ ३) http://drrportal.gov.np/upoLads/document/1505.pdf<br>• विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ http://www.drrportal.gov.np/upoLads/document/1476.pdf<br>• विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, २०१८-२०३० (नेपालमा विपद् जोखिम न्यूनीकरण नीति, योजना, पृष्ठ ८-१२) http://drrportal.gov.np/upoLads/document/1352.pdf<br>• राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७० (संशोधन २०७५) (पृष्ठ ६) http://www.drrportal.gov.np/upoLads/document/1499.pdf<br><br>**पालिका तहमा**<br>• नमुना स्थानीय विपद् व्यवस्थापन ऐन http://mofaga.gov.np/ne/node/128<br>• नमुना विपद् व्यसथापन कोष सञ्चालन कार्यविधि http://mofaga.gov.np/ne/node/292<br>• स्थानीय सरकार कार्यसञ्चालन ऐन २०७४ http://www.lawcommission.gov.np/np/archives/44897 |



# सत्र ३

## स्थानीय तहमा विपद् जोखिम व्यवस्थापन
## सुशासन-स्थानीय विपद् जोखिम व्यवस्थापन ऐन

# पृष्ठभूमि

स्थानीय सरकार सञ्चालन ऐन, २०७५ ले स्थानीय सरकारलाई विपद् जोखिम व्यवस्थापन सम्बन्धित १२ वटा कार्य गर्न निर्दिष्ट गरेको छ । यसैगरी, सेन्दाई कार्य ढाँचामा प्रतिवद्धता जनाएअनुसार सन् २०२० सम्ममा सबै स्थानीय सरकारमा विपद् जोखिम रणनीतिक कार्ययोजना बनाइसक्नु पर्ने लक्ष्य छ । सङ्घीय मामिला तथा सामान्य प्रशाासन मन्त्रालयले स्थानीय विपद् व्यवस्थापन नमुना ऐन र विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि र गृह मन्त्रालयले विपद् प्रभावितलाई मद्दत गर्न राहत मापदण्ड तयार गरी उपलब्ध गराएको छ ।

नेपालका स्थानीय तहहरूमा यसबारे अझै आवश्यक मात्रामा जानकारी र क्षमताको अभाव छ । केही पालिकाहरूले विपद् जोखिम व्यवस्थापन ऐनहरु तर्जुमा गरे पनि अझै धेरै पालिकाले उक्त ऐन तर्जुमा गनै बाँकी छ । केही पालिकाले नाम मात्र आफ्नो राखी नमुना विपद् जोखिम व्यवस्थापन ऐनजस्ताको तस्तै नक्कल गरी ऐन पारित गरेकाले उक्त पालिकाको ऐनमा परिवेश सान्दर्भिक विपद् जोखिम प्राथमिकतामा परेका छैनन् भने असान्दर्भिक विपद् जोखिमसमेत उल्लेख छ । उदाहरणका लागि तराईको एउटा गाउँपालिकाले हिमताल बिस्फोटनलाई उक्त पालिकाको विपद् जोखिम भनेर ऐनमा उल्लेख छ । तसर्थ विपद् पूर्वतयारी र प्रतिकार्य प्रभावकारी रूपमा गर्न सबै पालिकाले निम्नलिखित कार्य गर्न जरूरी छ ।

- आफ्नो क्षेत्रमा व्याप्त विपद् जोखिमहरूको पहिचान
- स्थानीय विपद् जोखिम व्यवस्थापन ऐनको कार्यान्वयन
- पालिका र वडा तहहरूमा विपद् व्यवस्थापन समितिहरु गठन र परिचालन
- विपद् जोखिम व्यवस्थापनका लागि सम्पर्क व्यक्ति तोक्ने
- विपद् जोखिम व्यवस्थापन कोष सञ्चालन कार्यविधि र राहत वितरण कार्यविधिहरु तयार पार्ने
- आपतकालीन कार्यसञ्चालन प्रक्रियालाई संस्थागत गर्ने

स्थानीय सरकारहरूले यी उल्लेखित मूलभूत प्रावधानहरूलाई आत्मसात गर्नु उनीहरूको दायित्व हो । यद्यपि स्थानीय सरकारहरूलाई विपद् जोखिम व्यवस्थापन प्रावधानहरूका लागि आफ्नो तहअनुरूपको संयन्त्र निर्माण गर्न र विपद् जोखिम पार्श्वचित्र तयार पार्न कानुनी प्रावधानहरु परिभाषित गर्ने स्वतन्त्रता छ । स्थानीय तहका नेतृत्वकर्तालाई स्थानीय विपद् जोखिम व्यवस्थापन ऐन/नियमहरूमा लैङ्गिक र सामाजिक परिप्रेक्ष्यप्रति ध्यान पुऱ्याउन घच्घच्याउनु पर्ने हुन्छ । स्थानीय विपद् जोखिम व्यवस्थापन ऐनको प्रस्तावनामै लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई आत्मसात गर्ने प्रतिवद्वता उल्लेख गर्नुपर्छ । यस

प्रयोजनका लागि महिला सामाजिक बहिष्करणमा पारिएका र सङ्कटासन्न समूहहरूलाई प्रतिनिधित्व गर्ने संस्थाहरूलाई सल्लाह एवं परामर्श प्रकृयामा सहभागी गराउन सकिन्छ[4] ।

## स्थानीय विपद् जोखिम व्यवस्थापन संयन्त्र

स्थानीय सरकारहरूले ख्याल गर्नुपर्ने मुख्य कार्यहरु यसप्रकार छन् :-

- विपद् जोखिमहरूको पहिचान गरी उनीहरूलाई प्रमुखताका साथ विपद् जोखिम प्रोफाइलमा उल्लेख गर्ने ।
- स्थानीय विपद् जोखिम व्यवस्थापन ऐन तयार पार्ने, अद्यावधिक गर्ने र अनुमोदन गर्ने ।
- स्थानीय तहका नेतृत्वकर्ताले स्थानीय विपद् जोखिम व्यवस्थापन ऐन र स्थानीय सरकार कार्यसञ्चालन ऐनमा उल्लेखित विपद् जोखिम व्यवस्थापनसम्बन्धी काम र कर्तव्यहरूबारे प्रष्ट हुने ।
- स्थानीय तहहरूले स्थानीय विपद् व्यवस्थापन समितिहरु र वडास्तरीय समितिहरूको गठन गर्ने तरिका र यी समितिहरूको भूमिकाप्रति प्रस्ट हुने ।

यो सत्रले सहभागीलाई यी सबै कुरा राम्ररी बुझाइ सम्बन्धित अधिकारीहरूलाई आआफ्ना क्षेत्रमा स्थानीय विपद् व्यवस्थापन ऐन तर्जुमा गर्न, संशोधन गर्न र र अरू नीति/प्रक्रियाहरु तयारी गर्न ज्ञान र क्षमता अभिवृद्धि गर्दछ । यसका लागि सन्दर्भ-सामग्री (S3T1_Local Level DRM Act) को प्रयोग गर्न सकिन्छ । विशेषगरी यो सत्रले स्थानीय सरकार कार्यसञ्चालन ऐन र स्थानीय विपद् जोखिम व्यवस्थापन नमुना ऐनमा उल्लेखित विपद् जोखिम व्यवस्थापनका महत्वपूर्ण काम र कर्तव्यहरूको उल्लेख गर्दछ ।

## सहरीकरणको परिप्रेक्ष्य

हालका नगरपालिका र गाउँपालिकाहरु ढिलो या चाँडो द्रुत सहरीकरणतर्फ उन्मुख हुने भएकाले सहरीकरणको सन्दर्भलाई विपद् जोखिम व्यवस्थापनमा समावेश गर्नु आवश्यक हुन्छ । यही कुरालाई विचार गरेर हालसालै सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रकाशित गरेको अर्बन डीआरआर टुलकिट पालिकाहरूलाई यससम्बन्धी कार्यविधि तयार गर्न उचित सन्दर्भ-सामग्री हुनसक्छ ।

## प्रशिक्षक सहजकर्तालाई सुझाव

सहभागीलाई सत्रको सुरूमा आआफ्नो क्षेत्रमा स्थानीय विपद् जोखिम व्यवस्थापन ऐन तर्जुमा प्रक्रिया कुन हदसम्म पुगेको छ भन्नेबारे गहन छलफल गराउन

4 जस्तै बालबालिका, अपाङ्गता भएका व्यक्ति, यौनिक र लैङ्गिक अल्पसङ्ख्यक, एचआइभी/एड्सबाट प्रभावित, किशोरी, एकल महिला, घरमूली महिला, गर्भवती र सुत्केरी, जेष्ठ नागरिक, दलित महिला, धार्मिक र जातीय अल्पसङ्ख्यक समूहका महिला र आदिवासी महिला

सुझाव दिइन्छ । सहभागीलाई ऐनअनुसार पालिका र वडा तहसम्म स्थापना भएका विपद् जोखिम व्यवस्थापन संयन्त्र र यी संयन्त्रहरूको काम कर्तव्यबारे उल्लेख गरिएका विभिन्न धारा, दफा, अनुसूचीहरु पढी बुझ्न सक्ने गरी यो सत्र तयार पारिएको छ । खासगरी पालिका प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष र विपद् जोखिम व्यवस्थापनसँग सम्पर्क व्यक्तिहरूले आआफ्नो काम र कर्तव्यबारे राम्ररी बुझ्न आवश्यक छ । कोही सहभागीलाई बुझ्न कठिनाइ भए उनीहरूलाई बुझ्न सहयोग गरिदिनुपर्छ । सहभागीले समूहमा रही पढ्ने र प्रस्तुत गर्ने हुनाले समूहका सबै सदस्यहरूलाई सक्रिय बनाउनु पर्छ ।

## सत्र योजना (७५ मिनेट)

यस सत्रमा सिकाइएका अपेक्षित उद्देश्यहरु र प्रशिक्षण पद्धतिबारे छलफल गरिन्छ ।

| मूलभूत उद्देश्य | विशेष उद्देश्य |
|---|---|
| पालिकाका जनप्रतिनिधि तथा कर्मचारीलाई स्थानीय विपद् जोखिम व्यवस्थापन ऐन तर्जुमा गर्ने, अनुमोदन गर्ने र कार्यान्वयन गर्नेसम्बन्धी उनीहरूको दायित्व अवगत गराउने । | सत्रको अन्त्यमा सहभागी<br>स्थानीय विपद् जोखिम व्यवस्थापन ऐनबारे बढी जानाकार हुनेछन् ।<br>पालिकाहरूका विपद् जोखिम व्यवस्थापनका नीतिहरु र योजनाहरूबारे बुझ्नेछन् ।<br>स्थाानिय विपद् जोखिम व्यवस्थापन ऐनको तर्जुमा अनुमोदन र कार्यान्वयनमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको महत्व बुझ्नेछन् । |

## अपेक्षित सहभागी

नगरपालिकाहरूका प्रमुख/उपप्रमुख, गाउँपालिकाहरूका अध्यक्ष/उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्षहरु, प्रशासकीय समितिहरूका सदस्यहरु, विपद् जोखिम न्यूनीकरणसँग सम्बन्धित सम्पर्क व्यक्तिहरु, इन्जिनियरहरु, पालिकाहरूका विषय समितिहरूका सम्पर्क व्यक्तिहरु ।

## सत्रको सारांश

| गतिविधि | समय | विवरण | औजार | तयारी |
|---|---|---|---|---|
| १<br>स्थानीय विपद् जोखिम व्यवस्थापन ऐन | दिन १<br>३:००-३:१५<br>(१५ मिनेट) | गतिविधि १<br>स्थानीय विपद् जोखिम व्यवस्थापन ऐनको वर्णन | S3_T2_OL-cal DRM Act preparation – Exercise | गतिविधि १ :<br>स्थानीय विपद् जोखिम व्यवस्थापन ऐनको वर्णन स्थानीय विपद् जोखिम व्यवस्थापन ऐनको एकप्रति सबै सहभागीलाई उपलब्ध गराउने ।<br>स्थानीय विपद् जोखिम व्यवस्थापन ऐन तर्जुमाको स्थिति (प्रत्येक पालिकाको) र सम्भव भए प्रकाशित प्रति ।<br>यी प्रकाशित प्रतिमा भएका कुराहरु नमुना ऐनबाट सारिएका हुन् वा स्थानीय स्तर सुहाउँदो गरी तयार पारिएका हुन भनी समीक्षा गर्ने । |
| २<br>विपद् जोखिमलाई सन्दर्भिकीकरण गराउने | ३:१५-३:३०<br>(१५ मिनेट) | गतिविधि २<br>विपद् जोखिमको सान्दर्भिकीकरण | | समूहकार्यका लागि खैरो कागज, मार्करहरु, स्थानीय विपद् जोखिम व्यवस्थापन नमुना ऐनका प्रतिहरु सहभागीलाई उपलब्ध गराउने । |
| ३<br>स्थानीय विपद् जोखिम व्यवस्थापन ऐन | ३:४५-४:१५<br>(३० मिनेट) | गतिविधि ३<br>स्थानीय विपद् जोखिम व्यवस्थापन ऐनबारे बुझाइ | | कुन कुन पालिकाहरुले आफ्नो क्षेत्रका विपद् जोखिमहरु पहिचान र उल्लेख गरी ऐन तयार पारेका छन् र कुन कुनले बिनापहिचान नमुना ऐन मात्र सारेका हुन् भन्ने समीक्षा गर्ने ।<br>ऐनलाई लैङ्गिक समानता र सामाजिक समावेशीकरणको दृष्टिकोणले समीक्षा गर्ने |

| | | | | |
|---|---|---|---|---|
| ४<br>स्थानीय विपद् जोखिम व्यवस्थापन कार्ययोजना | ४:१५-४:३०<br>(१५ मिनेट) | **गतिविधि ४**<br>स्थानीय विपद् जोखिम व्यवस्थापन ऐन तर्जुमा गर्ने, आद्यवधिक गर्ने र कार्ययोजना तयार गर्ने । | | कार्ययोजना टेम्प्लेटहरु तयार गर्ने । |

## सत्र गतिविधिहरूको विवरण

| | | |
|---|---|---|
| दिन १<br>३:००-३:१५<br>(१५ मिनेट) | **गतिविधि १ : स्थानीय विपद् जोखिम व्यवस्थापन ऐनको वर्णन**<br>**पालिकाअनुसार सहभागीको समूह**<br>• विपद् जोखिम व्यवस्थापन ऐन तर्जुमा गरी सकेका पालिकाहरूको अनुभवबारे गहन छलफल ।<br>• लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई सुदृढ गर्न ऐनमा कुन कुन दफाहरु सम्मिलित गराउन सकिन्छ भनी सहभागीलाई प्रश्न गर्ने ।<br>• स्थानीय विपद् जोखिम व्यवस्थापन ऐनका प्रक्रिया, उपलब्धि र चुनौतीबारे २/३ प्रमुख कुराहरु के के हुन् भनी सहभागीसँग प्रश्न छलफल गर्ने । | उद्देश्यः<br>स्थानीय विपद् जोखिम व्यवस्थापन ऐन बुझ्न<br>औजार S3T2_OLcal DRM Act preparation – Exercise । प्रयोग गर्ने |
| ३:१५-३:३०<br>(१५ मिनेट) | **गतिविधि २ : विपद् जोखिमको सान्दर्भिकीकरण**<br>• प्रत्येक पालिकालाई उक्त पालिकामा घट्न सक्ने प्रकोप/विपद्हरूको सूची बनाउन लगाउने । | औजार S3T2_OLcal DRM Act preparation – Exercise 2 |
| ३:३०-३:४५<br>(३० मिनेट) | • पालिकाहरूसँग सम्बन्धित प्रकोप/विपद् जोखिमहरूबारे समूहहरूका अनुभव साटासाट<br>• विपद् व्यवस्थापन ऐनको मस्यौदाको पावर प्वाइन्ट प्रस्तुति र छलफल | |
| ३:४५-४:१५<br>(३० मिनेट) | **गतिविधि ३ : स्थानीय विपद् व्यवस्थापन ऐनबारे बुझाइ**<br>• सहभागीका समूहहरूलाई विपद् व्यवस्थापन ऐनका काम र कर्तव्यसँग सम्बन्धित खण्डहरु अध्ययन गर्न लगाउने<br>• स्थानीय ऐनका यी खण्डहरूबारे समूहहरूलाई आआफ्ना बुझाइ प्रस्तुत गर्न लगाउने | S3T2_OLcal DRM Act preparation – Exercise 3 |

| | | |
|---|---|---|
| ४:१५-४:३० (१५ मिनेट) | **गतिविधि ४ : स्थानीय विपद् व्यवस्थापन ऐनको तर्जुमा र अद्यावधिक गर्ने कार्ययोजना**<br>सम्बन्धित पालिकाको विपद् व्यवस्थापन ऐनलाई अद्यावधिक गर्न मस्यौदा योजना तयार पार्ने<br>सहभागीलाई विपद् व्यवस्थापन ऐनका प्रावधान आआफ्नो पालिकामा आन्तरिकीकरण गर्न मद्दत पुग्ने गरी प्रस्तुति | स्थानीय विपद् व्यवस्थापन ऐनलाई अद्यावधिक गर्ने<br>Tool-S3T2_OLcal DRM Act preparation – Exercise 4 |

## प्रशिक्षण सामग्री

आवश्यक मात्रामा बोर्ड मार्करहरु (मेटिने र नमेटिने दुवै), मास्किङ टेप, डबल साइडेड टेप, मेटा कार्ड, पोष्ट-इट प्याडहरु, कैंची, स्टेपलर र पिन, न्युजपेपर प्रिन्ट, सेतो र खैरो कागज, पुस पिन, पञ्चिङ मेसिन, माउथ फ्रेसनर मिन्ट, कनेक्टिङ कर्ड, पावर प्वाइन्ट प्रोजेक्टर, हाते माइक्रोफोन र पिन माइकहरु प्रशिक्षण अवधिभर प्रबन्ध गर्नुपर्छ ।

| | |
|---|---|
| अपेक्षित परिणाम | पालिकाका सरोकारवालाहरुले विपद् जोखिम व्यवस्थापनसम्बन्धी काम र कर्तव्यबारे राम्ररी बुझ्नेछन् र स्थानीय विपद् व्यवस्थापन ऐनलाई आफ्नो पालिकामा विपद् जोखिम व्यवस्थापन र प्रतिकार्य क्षमता बढाउन लागि उपयोग गर्न सक्नेछन् |
| पुष्ट्याइँका आधारहरू | पालिकाहरुले तयार पारेका कार्ययोजनाहरुको प्रस्तुति |
| सन्दर्भ-सामग्री | • स्थानीय विपद् जोखिम व्यवस्थापन नमुना ऐन http://mofaga.gov.np/ne/node/128<br>• Urban DRR Toolkit - final version-LR |



# सत्र ४

## स्थानीय विपद् व्यवस्थापन समितिको काम र कर्तव्यहरू

# पृष्ठभूमि

स्थानीय विपद् व्यवस्थापन नमुना ऐनले पालिकाहरूलाई विपद् जोखिम व्यवस्थापनका न्यूनीकरण पूर्वतयारीदेखि पुनर्लाभसम्मका सबै चरणमा काम गर्न सक्षम बनाउने परिकल्पना गरेको छ । यस ऐनका प्रावधानहरूले पालिका तहमा मात्र नभै वडा तहहरूमा समेत समितिहरु बनाई समुदायहरूलाई समेत पालिकाका विपद् जोखिम व्यवस्थापनसम्बन्धी कार्यहरूमा सक्रिय बनाउन सहयोग गर्छ । समुदायहरु विपद्को समयका प्रथम प्रतिकार्यकर्ता भएकाले पनि स्थानीय समितिहरूमा उनीहरूको उपस्थिति आवश्यक छ । यस सत्रले पालिकाहरूका नेतृत्वकर्ताहरु (प्रमुख/उपप्रमुख/अध्यक्ष/उपाध्यक्षहरू) लाई पालिका र वडासमेतमा विपद् जोखिम व्यवस्थापन समितिहरूको गठन प्रक्रियाबारे महत्वपूर्ण जानकारी प्रदान गर्दछ । पालिकाहरूका अरू निर्वाचित जनप्रतिनिधि र पदाधिकारीहरूले पनि यस्ता विपद् जोखिम व्यवस्थापन समितिहरूका काम र कर्तव्यबारे बुझ्न आवश्यक छ ।

## स्थानीय विपद् व्यवस्थापन समितिमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण

समाजका कमजोर वर्ग (बहिष्कृत/सङ्कटासन्न समूहहरु जस्तै, लैङ्गिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, धार्मिक तथा जातीय अल्पसङ्ख्यक आदिवासी समुदायहरु) को पहुँच प्रतिनिधित्व र सक्रिय सहभागिता गराउन स्थानीय तहका नेतृत्वकर्ता सचेत हुन आवश्यक छ । सकेसम्म यिनै समूहबाट स्थानीय विपद् व्यवस्थापन कार्यहरूमा नेतृत्व गराउनु पर्छ । स्थानीय विपद् जोखिम व्यवस्थापन नमुना ऐनले स्थानीय तहमा बनाइने समितिहरूलाई यस्ता समूहहरूको प्रतिनिधित्वको साथै उनीहरूका प्राथमिकताबारे सबै तहमा खुलेर बोल्न पाउने अवसर प्रदान गर्ने जिम्मेवारी दिएको छ । यस्ता व्यवस्थाबाट नै विपद् जोखिम व्यवस्थापनसम्बन्धी नीतिहरु र प्रक्रियाहरूको प्रभावकारिता बढ्छ । अर्कोतर्फ पुरूष, महिला, किशोर किशोरी र विभिन्न समूहका आवश्यकता फरक फरक हुन्छन् । विपद्को बेला यस्ता आवश्यकता अझै टड्कारो रूपमा देखा पर्छन् । तसर्थ मानवअधिकारको संरक्षणका साथै लैङ्गिक समानता र सामाजिक समावेशीकरणका मुद्दाहरु विपद् जोखिम व्यवस्थापनका प्रमुख मुद्दाहरु हुन जान्छन् । मानवीय सहायतासम्बन्धी कार्यहरूमा विपद्को बेलामा सबै वर्ग र समुदायहरूका प्रमुख आवश्यकतालाई ध्यान दिनु आवश्यक छ । साथै विपद् जोखिम व्यवस्थापनसम्बन्धी पहलहरूको अनुगमन र गुनासा राख्न पाउने अवसरहरु प्रदान गर्न पनि समाजकै सबै वर्ग र समुदायहरूको सहभागिता आवश्यक हुन्छ ।

यस सत्रमा स्थानीय विपद् जोखिम व्यवस्थापन नमुना ऐन र स्थानीय सरकार कार्यसञ्चालन ऐन, २०७४ मा विपद् जोखिम व्यवस्थापनसम्बन्धी भएका प्रावधानहरु समाविष्ट गरिएको छ । यसले स्थानीय तहका नेतृत्वकर्ता, निर्वाचित जनप्रतिनिधि र अन्य कर्मचारी सबैले आआफ्नो भूमिकालाई कसरी सक्रिय रूपमा विपद् जोखिम व्यवस्थापन, विशेष गरी पूर्वतयारी र प्रतिकार्यमा लगाउने भन्नेतर्फ सचेत गराउने छ (औजार : S4T1_LDMC Roles and Responsibilities) ।

स्थानीय विपद् व्यवस्थापन समितिलाई लैङ्गिक र उमेर लेखाजोखा प्रयोगबारे प्रशिक्षण दिनुपर्छ । यसको प्रयोगबाट विपद् प्रतिकार्यमा लैङ्गिक र उमेर सम्बन्धित कुराहरु मध्यनजर राख्दै मानवीय सहायता कार्यक्रमहरुमा मद्दत पुऱ्याउन सकिन्छ । यसका अतिरिक्त विपद् प्रभावित समुदायहरुका लागि सञ्चालन गरिने कार्यक्रममा पनि आवश्यकता पहिचान गर्न र अनुगमन गर्न मद्दत पुग्दछ । साथै यसबाट विपद् व्यवस्थापन कार्यमा कोही नछुट्ने (महिला र किशोरी, विशेष यौनिक अभिमुखीकरण भएका व्यक्तिहरु, युवा, जेष्ठ नागरिक) तथा यसले लैङ्गिकतामा आधारित हिंसालाई रोक्नलाई पनि मद्दत पुऱ्याउँछ । यो औजारको प्रयोगबाट महिला, पुरूष र विभिन्न उमेर समूहका व्यक्तिलाई विपद्बाट पर्ने असरहरुको जानकारी प्राप्त गरी योजनाहरु निर्माण गर्न र निरीक्षण गर्न सघाउ पुग्दछ । तसर्थ मानवीय सहायता प्रदान गर्ने प्रतिकार्य सहयोगीकर्ता समेतले यो औजार प्रयोग गरेको सुनिश्चीतता, स्थानीय विपद् व्यवस्थापन समितिले गर्नुपर्छ ।

## प्रशिक्षणका सहजकर्तालाई सुझाव

प्रशिक्षकले पालिका र वडा तहसम्मका विपद् व्यवस्थापन समितिका काम र कर्तव्यहरुबारे जानकार हुनुपर्छ । यो सत्रमा माकुराको जालोसँग मिल्दोजुल्दो एउटा खेल समावेश गरिएको छ, जसले विपद् पूर्वतयारी र प्रतिकार्यका लागि जनप्रतिनिधि, कर्मचारी र समुदायबीच कसरी समन्वय र सहयोग गरी विपद् सामना गर्ने भन्नेमा जोड दिन्छ । प्रशिक्षकले यस खेललाई जीवन्त बनाई सबैलाई सक्रिय सहभागी गराई उनीहरुको बुझाइ एक आपसमा साटासाट गराउन जोड दिनुपर्छ ।

## सत्र योजना (६० मिनेट)

| समग्र उद्देश्य | विशेष उद्देश्य |
|---|---|
| पालिकाका जनप्रतिनिधि र कर्मचारीलाई स्थानीय विपद् व्यवस्थापन समितिका कार्यहरुसँग परिचित गराउने र यी समितिहरुलाई पूर्ण रूपमा सुचारू गर्न समयसीमा तय गर्ने । | यो सत्रको अन्तमा सहभागीले<br>• स्थानीय विपद् व्यवस्थापन समितिको गठन र यसको भूमिकाप्रतिको ज्ञान सदृढ बनाउँछन् ।<br>• स्थानीय विपद् व्यवस्थापन समिति र सम्बन्धित केन्द्रीय तथा प्रादेशिक कार्यकारी समिति र जिल्लास्तरीय समितिबीच सम्बन्ध थाहा पाउँछन् ।<br>• स्थानीय विपद् व्यवस्थापन समितिको गठन र यसलाई शिघ्र परिचालन गर्नुपर्ने आवश्यकताबारे जानकारी लिन्छन् । |

## अपेक्षित सहभागी

नगरपालिकाहरूका प्रमुख/उपप्रमुख, गाउँपालिकाहरूका अध्यक्ष/उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्षहरू, प्रशासकीय समितिहरूका सदस्य, विपद् जोखिम न्यूनीकरणसँग सम्बन्धित सम्पर्क व्यक्ति, इन्जिनियर, पालिकाहरूका विषय समितिहरूका सम्पर्क व्यक्तिहरू ।

## सत्रको सारांश

| गतिविधि | समय | विवरण | औजार | तयारी |
|---|---|---|---|---|
| १<br>स्थानीय विपद् जोखिम व्यवस्थापन समितिका काम र कर्तव्यहरु | ४:३०-५:००<br>(३० मिनेट) | गतिविधि १ :<br>स्थानीय विपद् व्यवस्थापन समितिहरूका काम र कर्तव्यहरु (लैङ्गिक र उमेर लेखाजोखा अभ्यास सत्र) बारे माकुरोको जालो सञ्जालीकरण खेल | माकुराको जालो खेलका लागि स्थानीय विपद् व्यवस्थापन ऐन र स्थानीय सरकार कार्यसञ्चालन ऐनबाट स्थानीय विपद् व्यवस्थापन समितिका काम र कर्तव्यसम्बन्धी खण्ड | • माकुराको जालो खेलका लागि स्थानीय विपद् व्यवस्थापन ऐन र स्थानीय सरकार कार्यसञ्चालन ऐनबाट स्थानीय विपद् व्यवस्थापन समितिका काम र कर्तव्यहरु प्रत्येक सहभागीका लागि छाप्ने<br>• स्थानीय विपद् व्यवस्थापन समितिका काम र कर्तव्यहरूका सूची बनाई प्रत्येक काम र कर्तव्यलाई काटेर बेग्लाबेग्लै कागजहरूमा टाँसी खेलका लागि तयार राख्ने । खेलसम्बन्धी अरू सामग्री पनि तयार राख्ने । |
| २<br>ऐनअनुसार स्थानीय विपद् व्यवस्थापन समितिका कार्यहरु | दिन २<br>९:१५-९:३०<br>(१५ मिनेट) | गतिविधि २ :<br>स्थानीय विपद् व्यवस्थापन ऐन र स्थानीय सरकार कार्यसञ्चालन ऐनको प्रावधानअनुसार स्थानीय विपद् व्यवस्थापन समितिबारे प्रस्तुति । | S4T1_LDMC Roles and Responsibilities | • S4T1_LDMC Roles and Responsibilities छाप्ने |

| | | | | |
|---|---|---|---|---|
| ३<br>स्थानीय विपद् व्यवस्थापन समिति गठन | ९:३०-९:४५<br>(१५ मिनेट) | **गतिविधि ३ :**<br>स्थानीय विपद् व्यवस्थापन समिति गठनबारे गहन छलफल । | S4T2_LDMC Formation | |

## सत्र गतिविधिहरूको विवरण

| | | |
|---|---|---|
| दिन १<br>४:३०-५:००<br>(३० मिनेट) | **गतिविधि १ : माकुरोको जालो सञ्जालीकरण खेल (स्थानीय विपद् व्यवस्थापन समितिका काम र कर्तव्यहरू) लैङ्गिक र उमेर लेखाजोखासहितको अभ्यास सत्र स्थानीय विपद् व्यवस्थापन समितिका काम र कर्तव्यबारे माकुरोको जालो सञ्जालीकरण खेलसम्बन्धी समूहकार्य**<br>• सबै सहभागीलाई वृत्ताकार बनाई बस्न अनुरोध गर्ने ।<br>• खेलका नियमहरु वर्णन गर्ने ।<br>• कुनै एउटा सहभागीलाई धागोको डल्लो दिने ।<br>• धागोलाई एउटा औलामा नफुस्कने गरी बेर्न लगाउने ।<br>• उक्त सहभागी नजिकै कार्डबोर्ड बाकस ल्याई उक्त बाकसबाट एक टुक्रा कागज तान्ने र सबैले सुन्ने गरी पढ्न लगाउने र उक्त कार्य आआफ्नो पालिकामा कसरी लागू गर्न सकिन्छ भनी बताउने ।<br>• यसैगरी, अर्को सहभागीलाई बाकसबाट टुक्रा कागज टिपेर त्यो कागज पढ्न अनुरोध गर्ने र उक्त कागजमा लेखिएका कार्य आआफ्नो पालिकाहरूमा कसरी लागू गर्न सकिन्छ भनी बताउने ।<br>• त्यसपछि उक्त सहभागीलाई धागोको रिल अर्को कुनै टाढाको सहभागीलाई दिन लगाउने ।<br>• बाकसमा सबै कागजका टुक्रा नसिद्धिउन्जेल यही प्रक्रिया दोहोऱ्याई रहने<br>• त्यसपछि सहभागीलाई खेलप्रति उनीहरूको प्रतिक्रिया लिने । | **उद्देश्यहरु**<br>स्थानीय विपद् व्यवस्थापन समितिका सदस्यबीच विपद् प्रतिकार्यमा समन्वयको महत्व सहभागीलाई बोध गराउने ।<br><br>औजार<br>S4T2_LDMC Formation Spider web game materials<br><br>अभ्यास १ : लैङ्गिक र उमेर लेखाजोखा अभ्यास सत्र |

| | | |
|---|---|---|
| | • अनि स्थानीय विपद् व्यवस्थापन समिति पनि यस्तै माकुराको जालो जस्तै हो र विपद् व्यवस्थापन समितिका सबै सदस्य जालोमा परस्पर जोडिएका छन् र सफल विपद् व्यवस्थापनका लागि एकअर्कासँग समन्वय गरी कार्य गर्नुपर्छ भनी बुझाउने : लैङ्गिक र उमेर लेखाजोखा अभ्यास सत्र | |
| दिन २<br>९:१५-९:३०<br>(१५ मिनेट) | **गतिविधि २ : स्थानीय विपद् व्यवस्थापन ऐन र स्थानीय सरकार कार्यसञ्चालन ऐनमा व्यवस्था भएअनुसार स्थानीय विपद् व्यवस्थापन समितिबारे प्रस्तुति**<br>पालिकाहरूमा स्थानीय विपद् व्यवस्थापन समिति गठनको स्थितिबारे मन्थन<br>माथि उल्लेखित ऐनहरूबारे पावर प्वाइन्ट प्रस्तुति<br>विपद् जोखिम व्यवस्थापनका लागि पूर्वतयारी, प्रतिकार्य र राहतलगायतका कार्यहरु सहकार्यबाट मात्र सम्पन्न गर्न सकिन्छ भनी सार उल्लेखित गर्ने । | पालिका र वडाहरूसम्म स्थानीय विपद् व्यवस्थापन समितिहरु गठन प्रक्रियामा पालिकाका नेतृत्वकर्ताहरूको भूमिकाको व्याख्या गर्ने ।<br><br>औजार : S4T1_LDMC Roles and Responsibilities |
| ९:३०-९:४५<br>(१५ मिनेट) | **गतिविधि ३ : स्थानीय विपद् व्यवस्थापन समितिको गठनबारे मन्थन**<br>• प्रत्येक पालिकामा स्थानीय विपद् व्यवस्थापन समिति गठन भएनभएबारे छलफल गर्ने<br>• वडा तहमा वडा विपद् व्यवस्थापन समिति गठन भएको छ वा छैन भन्नेबारे छलफल गर्ने<br>• स्थानीय र वडा तहसम्म समितिहरु गठन भइसकेका पालिकाका समिति गठन प्रक्रिया, चुनौती र उपलब्धिहरूबारे छलफल गर्ने<br>• स्थानीय विपद् व्यवस्थापन ऐनअन्तर्गत स्थानीय/वडा विपद् व्यवस्थापन समितिहरूको गठनसम्बन्धी पावर प्वाइन्ट प्रस्तुति<br>• समूहहरूलाई पालिका/वडा विपद् व्यवस्थापन समितिहरु गठन प्रक्रियाको कार्ययोजनाको मस्यौदा तयार पार्न लगाउने<br>• सम्बन्धित पालिका/वडा तहहरूमा कार्ययोजनाअनुसार समयै गठन गरिने विपद् व्यवस्थापन समितिहरूबाट विपद् जोखिम व्यवस्थापनमा पालिकाहरूलाई कुशल र प्रभावकारी सहयोग पुग्न सक्ने सम्बन्धमा संक्षेपीकरण गर्ने | S4T2_LDMC<br>Formation Exercise 2 |

## प्रशिक्षण सामग्री

प्लास्टिकको धागो, एउटा सानो कार्डबोर्ड बक्स, कैंची, प्रशिक्षण तालिका, बोर्ड मार्करहरु, मेटा कार्ड, साइनपेन, पुस पिन, कार्ड बोर्ड पेपर, खैरो कागज, प्लास्टिक प्याकेजिङ थ्रेड ।

| | |
|---|---|
| अपेक्षित परिणाम | पालिकाका सरोकारवालाले विपद् जोखिम व्यवस्थापन पूर्वतयारी र प्रतिकार्यमा स्थानीय विपद् व्यवस्थापन समितिका काम र कर्तव्यबारे राम्ररी बुझ्नेछन् र यी संरचनाहरु र जिल्ला, प्रदेश र केन्द्रीय तहका यस्तै संस्थाबीच कार्यगत सम्बन्ध कायम राख्न सक्षम हुन्छन् । |
| पुष्ट्याइँका आधारहरू | समूहकार्यको प्रस्तुति |
| सन्दर्भ सामग्रीहरु | स्थानीय विपद् जोखिम व्यवस्थापन नमुना ऐन (पेज ४-७)<br>स्थानीय सरकार कार्यसञ्चालन ऐन, २०७४ (पेज ३३-३४) http://www.lawcommission.gov.np/np/archives/44897<br>लैङ्गिक र उमेर लेखाजोखा : https://iascgenderwithagemarker.com/en/home/ |



# सत्र ५

## स्थानीय तहमा विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि

# पृष्ठभूमि

स्थानीय सरकार कार्यसञ्चालन ऐन, २०७४ को प्रावधानअनुसार धेरै पालिकासँग आपतकालीन राहत कोष स्थापना गरेको अनुभव छ । यस्ता कोषहरूको उपयोग धेरैजसो विपद् र प्राकृतिक विपत्तिहरूबाट प्रभावितलाई राहत मापदण्डको आधारमा मात्रै राहत स्वरूप वितरण गर्ने गरिएको छ । अर्कोतर्फ प्रायः विपद् प्रतिकार्य खाली राहत मात्र हो भनी वित्तीय सहयोग गर्नेमा सीमित छ ।

स्थानीय अधिकारीहरूले विपद् व्यवस्थापन कोषको कार्यविधि र प्रक्रिया राम्ररी बुझ्नु आवश्यक छ । विपद् व्यवस्थापन कोष आपतकालीन अवस्थामा मात्र प्रयोग हुँदै गरे पनि पालिकाहरूले विपद् व्यवस्थापनका विभिन्न चरणमा यस कोषको प्रयोग गर्नुपर्छ । विपद् व्यवस्थापन कोष दुई तरिकाबाट प्राप्त हुन्छ । पहिलो बजेटमा व्यवस्था गरिएअनुसार र दोस्रो बजेटमा व्यवस्था गरिएबाहेकका स्रोतबाट । प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष बजेटमा व्यवस्था गरिएबाहेकको कोष हो । यस कोषबाट महाविपत्तिको बेला आपतकालीन राहत कोष प्राप्त हुन्छ । गृह मन्त्रालयअन्तर्गत रहेको केन्द्रीय आपतकालीन कोषबाट पनि बजेटमा व्यवस्था गरिएबाहेक आपतकालीन राहत कोष प्राप्त हुन्छ, जुन पाँच तोकिएका राहत गतिविधिहरूका लागि मात्र खर्च गर्न सकिन्छ । राहत चरण पछि प्रतिकार्य र पुनर्लाभ चरणका लागि सम्बन्धित मन्त्रालयले बजेट व्यवस्थापन गर्छन् । स्थानीय सरकारहरूले केन्द्र र प्रादेशिक सरकारहरूबाट विपद् जोखिम व्यवस्थापनका विभिन्न चरणका लागि उल्लेखित कोषहरूबाट सहायता लिन आफ्नो क्षमता कसरी बढाउने भन्नेबारे जान्नुपर्छ । स्थानीय सरकारहरूले आफ्ना विकास योजना निर्माण तयारीमै विपद् जोखिम व्यवस्थापनसम्बन्धी योजनाहरु र बजेटको व्यवस्था गर्नुपर्छ ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनले स्थानीय सरकारहरूलाई आफ्ना पालिकामा बारम्बार भइरहने विपद्हरूको व्यवस्थापन गर्न विपद् व्यवस्थापन कोष स्थापना गर्ने प्रावधानको व्यवस्था गरेको छ । स्थानीय विपद् व्यवस्थापन नमुना ऐनमा प्रत्येक पालिकामा विपद् व्यवस्थापन कोष खडा गर्ने प्रावधान नै छ । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सबै पालिकालाई यस्ता कोषहरु स्थापना गर्न र खर्च गर्ने प्रष्ट कार्यविधि प्रदान गरेको छ । ऐन र यस कार्यविधिले स्थानीय सरकारहरूलाई राहत कार्यपछि पनि अरू तयारी र प्रतिकार्यका लागि पालिकाहरूलाई सहायता गर्ने प्रष्ट कार्यविधि र प्रक्रियाहरु प्रदान गरिएको छ । विपद् व्यवस्थापन कोषमा बचेको रकम अर्को वर्षको विपद् पूर्वतयारी र प्रतिकार्यका लागि सार्न सकिन्छ । कोषको सञ्चालन र प्रयोगको महालेखा परीक्षकको कार्यालयले लेखा परीक्षण गर्छ ।

विपद् राहत र प्रतिकार्यहरूमा कतै गरिब, बहिष्कृत र सीमान्तकृत वर्गहरु त छुट्दैनन् भनी चनाखो हुन विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधिमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको प्रावधान छ कि छैन भन्ने कुराको ध्यान पुऱ्याउनु जरूरी छ । कोष सञ्चालन संयन्त्र तयार गर्दा नै लैङ्गिक समानता र सामाजिक समावेशीकरण, अल्पसङ्ख्यक समुदाय र अरू विपन्न वर्गहरूको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्छ । साथै जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिका आवश्यकता माथि पनि राहत वितरण कार्य गर्दा ध्यान पुऱ्याउनु पर्छ । सन् २००५ देखि नै अर्थ मन्त्रालयले लैङ्गिक उत्तरदायी

बजेटको सुरूआत गरेको छ । सरकारी बजेट कार्यविधि र बजेट तयारी प्रणाली भित्रै लैङ्गिक उत्तरदायी बजेट तयारीको प्रयास सुरू गरिएको छ ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले लैङ्गिक उत्तरदायी बजेट स्थानीयकरण रणनीति तयार पारेको छ । सङ्घीय बजेटको लैङ्गिक उत्तरदायी बजेटको अंश, सन् २००७ मा ११.३५ प्रतिशत रहेकोमा सन् २०१९ मा ३८.२ प्रतिशत पुगेको छ । सरकारले लैङ्गिक समानता र महिला सशक्तीकरणका लागि बाँडफाँट गरेको अंश र खर्च पहिल्याउने पाँच गुणात्मक सूचकहरू, योजना तर्जुमा र कार्यान्वयनमा महिला सहभागिता, महिलाको क्षमता अभिवृद्धि, कार्यक्रममा महिलालाई लाभ तथा नियन्त्रणमा सुनिश्चितता, महिलाको रोजगारी, स्वरोजगार र आयआर्जनमा अभिवृद्धि, महिलाको समयको प्रयोगमा गुणात्मक सुधार, कार्यबोझमा ल्याउने कमी छन् । सबै तहमा विपद् जोखिम न्यूनीकरण कार्यक्रमहरूमा पनि बजेट बाँडफाँट र खर्च पनि राष्ट्रिय बजेटअनुसार नै हुनु आवश्यक छ । अति गरिब, बहिष्कृत/सङ्कटासन्न वर्गहरूका लागि पनि केही सामाजिक सुरक्षा योजनाहरूलाई पनि विपद् व्यवस्थापन सँगै तालमेल गर्न सकिन्छ जसबाट यस्ता वर्ग समुदाय विपद्को हठात् आघातबाट जोगिन सक्छन् ।

यस सत्रमा सहभागीलाई विपद् व्यवस्थापनका लागि संस्थागत प्रक्रिया, कोष स्थापना, कोषमा रकम प्राप्त गर्ने स्रोतहरू के-के हुनसक्छन् र कसरी कोषलाई विपद् पूर्वतयारी र प्रतिकार्यमा लगाउने भन्नेबारे प्रस्तुति र समूहगत छलफलद्वारा जानकारी गराइन्छ । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा प्राप्त लैङ्गिक उत्तरदायी बजेट स्थानीयकरण रणनीतिका प्रक्रियाहरू माथि पनि छलफल हुन्छ र स्थानीय राहत मापदण्डलाई पनि यो कोषसँग सम्वद्ध गरी विपद्बाट प्रभावितलाई कसरी द्रुत मद्दत पुर्‍याउन सकिन्छ भनी छलफल गरिन्छ (औजार : S5T1_DRM fund guidelines)।

## प्रशिक्षक/सहजकर्तालाई निर्देशन

प्रशिक्षक/सहजकर्ताले सत्र सुरू हुनुअगावै पालिकामा राहत सहायता कसरी बाँडिएको छ भनी थाहा पाउन संयुक्त रूपमा मन्थन गर्न आवश्यक छ । त्यसपछि प्रशिक्षकले सहभागीलाई विपद् व्यवस्थापन कोष खडा गर्ने र उपयोग गर्ने कानुनी प्रावधानबारे परिचित गराउनु पर्छ । प्रशिक्षकद्वारा सहभागीलाई कोषको प्रभावकारी उपयोग तथा विपद्पछि राहत र प्रतिकार्य भन्दा पनि विपद्को पूर्वतयारी महत्वपूर्ण हुन्छ भन्नेमा जोड दिनुपर्छ । यदि कुनै पालिकाले यस्तो कोष खडा गरिसकेको भए उक्त पालिकालाई आफ्नो प्रक्रिया र अनुभव सहभागीसँग आदानप्रदान गर्न अनुरोध गर्नुपर्छ ।

## सत्र योजना (६० मिनेट)

यस सत्रमा अपेक्षित सिकाइका उद्देश्यहरु र प्रशिक्षण पद्दतिमा छलफल गरिन्छ ।

| समग्र उद्देश्य | विशेष उद्देश्य |
|---|---|
| पालिकाका जनप्रतिनिधि र कर्मचारीलाई नेपाल सरकारको विपद् प्रभावित व्यक्ति र समूहलाई वित्तीय सहायता प्रदान गर्ने प्रावधान र पालिकाहरूलाई विपद् व्यवस्थापन कोष स्थापना गर्ने कार्यविधि बनाउन आवश्यक ज्ञान प्रदान गर्ने । | सत्रको अन्तमा सहभागीले<br>• आपतकालीन राहत कोष खडा गर्नुपर्ने आवश्यकता र प्रक्रियाबारे कुराहरू बुझ्नेछन् ।<br>• आपतकालीन वित्तीय व्यवस्थापन र राहत सहायता रकम बाँडफाँटका प्रक्रियाहरू बुझ्नेछन् ।<br>• विपद् व्यवस्थापन कोषको कार्यविधिको मस्यौदा तयार पार्न सक्षम हुनेछन् र यस कार्यविधिको राहत मापदण्डलाई आआफ्नो पालिकाको परिवेशअनुकूल बनाउन सक्षम हुनेछन् । |

## अपेक्षित सहभागी

नगरपालिकाहरूका प्रमुख/उपप्रमुख, गाउँपालिकाहरूका अध्यक्ष/उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्ष, प्रशासकीय समितिहरूका सदस्य, विपद् जोखिम न्यूनीकरणसँग सम्बन्धित सम्पर्क व्यक्ति, इन्जिनियर, पालिकाहरूका विषय समितिका सम्पर्क व्यक्तिहरू ।

## सत्रको सारांश

| गतिविधि | समय | विवरण | औजार | तयारी |
|---|---|---|---|---|
| १<br>विपद् व्यवस्थापन कोष कार्यविधि | दिन २<br>९:४५-१०:००<br>(१५ मिनेट) | गतिविधि १ :<br>विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि | S5T2_DRM fund<br>mobilization group work | • प्रत्येक सहभागीका लागि विपद् व्यवस्थापन कोष कार्यविधिको प्रति छापेर तयार पार्ने<br>• कुन कुन सहभागी पालिकाहरूले विपद् व्यवस्थापन कोष कार्यविधि तयार पारेका छन् भनी थाहा पाउन चेकलिष्ट तयार पार्ने |

| | | | | |
|---|---|---|---|---|
| | | | | • सहभागीले भरेको चेकलिष्ट जम्मा गरी सहभागी पालिकाले कोष कार्यविधिहरु तयार पारेका छन् वा छैनन् भनी समीक्षा गर्ने |
| २<br>विपद् व्यवस्थापन कोष छलफल | १०:००–१०:१५<br>(१५ मिनेट) | गतिविधि २ :<br>विपद् व्यवस्थापन कोष कार्यविधिमा गहन छलफल सत्र | S5T1_DRM fund guidelines | समूहकार्य अभ्यासका लागि लेखन सामग्री तयार पार्ने |
| ३<br>कार्ययोजना अद्यावधिक | १०:१५–१०:४५<br>(३० मिनेट) | गतिविधि ३ :<br>कार्ययोजना अद्यावधिक गर्ने | S5T2_DRM fund mobilization group work 2 | विपद् व्यवस्थापन कोष कार्यविधि र राहत मापदण्डहरु अद्यावधिक गर्ने कार्ययोजना |

## सत्र गतिविधिहरूको विवरण

| | | |
|---|---|---|
| दिन २<br>९:४५–१०:००<br>(१५ मिनेट) | गतिविधि १ : विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधिबारे बुझाइ<br>• विपद् व्यवस्थापन कोषको कार्यविधि मस्यौदा तयार पारी अनुमोदन गरी सकेका पालिकाका, कार्यविधि तयारी अनुभवबारे छलफल गर्ने<br>• कार्यविधिको प्रकृया, चुनौती र सम्भावनाहरुमा छलफल गर्ने<br>• विपद् व्यवस्थापन कोषलाई राहत सहायताबाहेक विपद् पूर्वतयारी र प्रतिकार्यमा पनि कसरी उपयोग गर्न सकिएला भनी समूह छलफल गर्ने | उद्देश्यहरु :<br>विपद् व्यवस्थापन कोष स्थापना, व्यवस्थापन र सञ्चालनमा स्थानीय तहको भूमिकामा छलफल गर्ने<br><br>औजार : S5T2_DRM fund mobilization group work 1 |
| १०:००–१०:१५<br>(१५ मिनेट) | गतिविधि २ : विपद् व्यवस्थापन कोष कार्यविधिलाई परिभाषित गर्ने<br>• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ मा भएको विपद् व्यवस्थापन कोषका प्रावधानबारे पावर प्वाइन्ट प्रस्तुति र छलफल | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ मा भएको प्रावधानअनुसार पालिकाको विपद् व्यवस्थापन कोष कार्यविधि बनाउने र राहत मापदण्डहरुलाई स्थानीयकरण गर्दा बिनाभेदभाव सबैलाई राहत वितरण गर्ने प्रावधानबारे छलफल ।<br>औजार : S5T1_DRM fund guidelines |

| | | |
|---|---|---|
| १०:१५-१०:४५ (३० मिनेट) | **गतिविधि ३ : सान्दर्भिकीकरणका लागि लक्षित दृष्टिकोण**<br>● विपद् प्रभावित समुदायलाई मद्दत गर्न पालिकाहरूका विद्यमान प्रावधानमाथि छलफल (विपद्का घटनाहरु जस्तै, मृत्यु, घाइते, सम्पत्तिको क्षति, अन्नपातको क्षति, पशुधनको क्षति आदि)<br>● राष्ट्रिय राहत मापदण्डलाई पालिका तहमा सान्दर्भिकीकरण गर्नेबारे छलफल<br>● विपद् व्यवस्थापन कोष कार्यविधि र राहत सहायता मापदण्डलाई अद्यावधिक गर्ने योजना | राहत मापदण्डहरूलाई थप परिस्कृत गर्नुपर्ने आवश्यकता माथि प्रकाश पार्ने ।<br><br>औजार : S5T2_DRM fund mobilization group work 2 |

## प्रशिक्षण सामग्री

प्रशिक्षण तालिका, बोर्ड मार्कर, मास्किङ टेप, डबल साइडेड टेप, मेटा कार्ड, साइन पेन, न्युजपेपर प्रिन्ट, पुस पिन, कार्ड बोर्ड पेपर, खैरो कागज ।

| | |
|---|---|
| अपेक्षित परिणाम | पालिकासम्वद्ध सरोकारवालाले आपतकालीन कोष व्यवस्थापन कार्यविधिहरूबारे वुझ्दछन र यी कार्यविधिहरूलाई आफूसम्वद्ध पालिकामा सान्दर्भिकीकरण गर्न कार्यविधि तयार पार्ने र राहत मापदण्डका प्रावधानहरु पनि पालिकाअनुरूप तयार पार्न सक्षम हुनेछन् । |
| पुष्ट्याइँका आधारहरू | समूह प्रस्तुतिहरु |
| सन्दर्भ-सामग्री | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (संशोधन २०७५) (पृष्ठ २२) http://drrportal.gov.np/upoLads/document/1509.pdf<br>स्थानीय तह विपद् जोखिम व्यवस्थापन नमुना ऐन (पेज १०-११) http://mofaga.gov.np/ne/node/128<br>कोष व्यवस्थापन कार्यविधि http://mofaga.gov.np/ne/node/292<br>प्रकोप पीडित उद्धार र राहतसम्बन्धी मापदण्ड २०७४ http://www.drrportal.gov.np/upoLads/document/1097.pdf |



# सत्र ६

## विपद् लेखाजोखा मार्गदर्शन

# पृष्ठभूमि

## यस सत्रले मूलभूत मोड्युल ३, विपद् जोखिम लेखाजोखा : क्षति र आवश्यकताको लेखाजोखाबारे बुझाइलाई योगदान गर्दछ ।

पालिकाहरूले विपद्पश्चात समयमै र प्रभावकारी ढङ्गले गर्ने प्रतिकार्यहरु उनीहरूको प्रारम्भिक जानकारी सङ्कलन, विश्लेषण र तत्कालका आवश्यकताहरु पहिचान गर्न सक्ने क्षमतामा निर्भर रहन्छ । विपद् पूर्वतयारीमा पालिकाहरूले कर्मचारीलाई द्रुत क्षति र आवश्यकताको लेखाजोखा गर्ने क्षमता अभिवृद्धि गराउनु आवश्यक हुन्छ । यो कार्य एकदमै महत्वपूर्ण भए पनि यो प्रयोजनार्थ अधिकांश पालिकाहरूमा मानवीय स्रोत साधनको कमी छ । त्यसकारण पनि पालिकाहरूले यो प्रयोजनका लागि विभिन्न विकास साझेदारहरूबाट स्रोत जुटाउन प्रयास गर्नुपर्ने हुन्छ ।

विपद्को स्तरअनुसार जनधनमा परेको प्रभाव आँकलन गर्न विभिन्न औजारको प्रयोग गरिन्छ, जुन यसप्रकार छन् :-

- प्रारम्भिक द्रुत लेखाजोखा (विपद्पश्चात २४ घण्टाभित्र गरिने IRA)
- बहु-क्षेत्रगत लेखाजोखा (विपद्पश्चात ७-१५ दिनभित्र गरिने MIRA)
- विस्तृत विषय क्षेत्रगत लेखाजोखा (४५ दिनभित्र, यदि आवश्यक भएमा CSDA)
- विपद्पछिको आवश्यकताको लेखाजोखा (४५ दिनपछि पुनर्लाभ तथा पुनर्स्थापनाका लागि गरिने लेखाजोखा, PDNA)

यी लेखाजोखा प्रणालीप्रति पलिकाहरूका भूमिका बेग्लाबेग्लै हुनसक्छन् । प्रारम्भिक द्रुत लेखाजोखामा पालिकाहरूको मुख्य भूमिका हुन्छ भने बहु-क्षेत्रगत लेखाजोखा, जिल्ला विपद् व्यवस्थापन समितिको कार्य भएकाले यसमा पालिकाहरूको साझेदारी मात्रै हुन्छ । अन्य दुई विस्तृत विषय क्षेत्रगत लेखाजोखा र विपद्पछिको आवश्यकताका लेखाजोखा ठूला परिमाणका लेखाजोखा भएकाले यी सङ्घीय सरकारको कार्यक्षेत्रभित्र पर्ने हुँदा पालिकाहरूले आवश्यकताअनुसारको भूमिका मात्र निर्वाह गर्छन् । यस सत्रमा विपद्पछि २४ घण्टाभित्र गरिने प्रारम्भिक द्रुत लेखाजोखाको मात्र छलफल गरिने छ । यसको उद्देश्य विस्तृत आवश्यकताको आँकलन हुन समय लाग्ने परिप्रेक्ष्यमा छोटो समयभित्र विपद्बाट धनजन माथि परेको प्रभाव जान्नु हो । पालिकाहरूलाई जिल्ला र उपल्ला विपद् व्यवस्थापन समितिहरूबाट यस्तो लेखाजोखा गर्न भनिन्छ र प्रत्येक पालिकाले कर्मचारीलाई यस्तो कार्यका लागि तयार पार्नुपर्ने हुन्छ । (औजार : S6T1_Disaster Assessment Guidelines) ।

गृह मन्त्रालयले प्रारम्भिक द्रुत लेखाजोखाका लागि एक मोबाइल एप विकास गरेको छ । मन्त्रालय मातहतका कर्मचारी र नेपाल रेडक्रस सोसाइटी सदस्यहरूलाई यो एप सञ्चालनका तालिम दिइएको छ । यस मोबाइल एपबाट सङ्कलन गरिएको तथ्याङ्क सोझै मन्त्रालयको डाटाबेसमा जान्छ । यसरी सङ्कलित तथ्याङ्क

र जानकारीलाई डाटावेस प्रणालीले बुझ्न सजिलो हुने गरी मिलाएर सम्बन्धित पालिकालाई पठाउँछ । प्रारम्भिक लेखाजोखामा सङ्कलन गरिएका तथ्याङ्कलाई पालिकाका प्रमुख/अध्यक्षले प्रमाणित गर्दछन् अथवा प्रभावित क्षेत्र एकभन्दा बढी पालिकामा पर्ने भएमा प्रमुख जिल्ला अधिकारीले प्रमाणित गर्छन् ।

## लैङ्गिक र उमेर विविधता खण्डीकृत तथ्याङ्क र द्रुत लैङ्गिक विश्लेषण औजार

प्रारम्भिक द्रुत लेखाजोखामा बालबालिका, महिला (गर्भवती, सुत्केरी) किशोरी र प्रजनन उमेर समूहका महिला, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकबारे तथ्याक सङ्कलन गरिन्छ तर यसमा लैङ्गिक र उमेर खण्डीकृत तथ्याङ्कबारे कुनै प्रावधान छैन । समय बित्दै जाँदा र बारम्बार सूचनाहरूको सङ्कलनबाट थप भरपर्दो सूचनाहरु प्राप्त हुन्छ । यस लेखाजोखामा लैङ्गिक र समावेशीकरणका प्रावधानबारे तटस्थ वा अन्देखा गर्नुहुँदैन । तथ्याङ्क संकलकहरूलाई समय समयमा लैङ्गिक समावेशीकरण प्रावधानबारे तालिम प्रदान गरी महिला, यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, उपेक्षित समूह, बालबालिका र जेष्ठ नागरिकलगायत कोही पनि नछुटुन् भनी ध्यान दिन लगाउनु पर्छ ।

विपद् प्रभावितलाई मद्दत गर्न गरिने प्रतिकार्यलाई बढी प्रभावकारी बनाउन, लैङ्गिक र उमेर विविधता खण्डीकृत तथ्याङ्कलाई समय समयमा अद्यावधिक गरिरहनु पर्छ । यसबाट स्थानीय सरकारहरूलाई विपद् न्यूनीकरण, पूर्वतयारी र प्रतिकार्य तयारीका योजनाहरु लक्षित गर्न मद्दत पुग्दछ । लैङ्गिक र उमेर विविधता खण्डीकृत तथ्याङ्क, लैङ्गिक र सामाजिक परिमाणहरु जाँच्न आवश्यक हुन्छ । यस औजारको प्रयोग विपद् जोखिम न्यूनीकरण र अरू थुप्रै सम्बन्धित व्यक्ति/समूहले प्रयोग सक्छन् । पालिकाहरूले यस औजारको प्रयोगबाट लैङ्गिक र समावेशीकरण प्रोफाइल बनाउन सक्छन् ।

लैङ्गिक र समावेशीकरण प्रोफाइलमा समावेश गरिने जानकारीहरूमा,

**जनसांख्यीकीय प्रोफाइल :** महिलाको औसत आयु, पुरूषको औसत आयु, जन्म दर, शिशु, बालिका मृत्यु दर, महिलाको मृत्यु दर, पुरूषको मृत्यु दर

प्रदेश तहको जनसंख्या, लैङ्गिक आधारमा शैक्षिक तथ्याङ्क : लैङ्गिक समानताका लागि राष्ट्रिय संयन्त्र, सम्बन्धित कानुनहरु, मन्त्रालय संयन्त्र, सम्बन्धित गरिबी/विकास सूचाङ्कहरु, प्रादेशिक भिन्नतासहित महिला/पुरुष आर्थिक गतिविधिहरु, बहिष्कृत/सङ्कटासन्न समूहहरूमा भिन्नता

जनजीविका सम्बन्धित जानकारीहरु : श्रम बजार स्वास्थ्य : स्वास्थ्य सूचकहरु लैङ्गिक तहमा लैङ्गिक पौष्टिक प्राथमिकताअनुसार पौष्टिक स्तर, खाद्य सुरक्षा सामाजिक भूमिकाहरु : प्रादेशिक भिन्नताहरु अल्पसङ्ख्यक समुदायहरु समेतको महिला र पुरूषका सामाजिक भूमिकाहरु, राजनीति र नेतृत्वमा महिलाको सहभागिता ।

**सांस्कृतिक भूमिकाहरु :** प्रादेशिक भिन्नताहरु, अल्पसङ्ख्यक समुदायहरु र धार्मिक समुदायसमेत गरी महिला र पुरुषहरूका भूमिकाहरु, लैङ्गिक मापदण्डअनुसारका सामाजिक मान्यताहरु, विभेदकारी चलनहरु (छाउपडी, बालविवाह, छोरालाई प्राथमिकता, हिँडडुलमा प्रतिबन्ध, काममा लैङ्गिक असमानता, स्रोतहरूको पहुँचमा लैङ्गिक असमानता, नेतृत्व र निर्णय प्रकृयामा लैङ्गिक विभेद, दाइजो, जातीय विभेद, कामको ज्यालामा विभेद, बोक्सी भनी गरिने विभेद आदि)

संरक्षण : लैङ्गिक हिंसा, महिला ओसारपसार र बेचबिखन

अन्तर्निकाय स्थायी समितिबाट प्रकाशित द्रुत लैङ्गिक विश्लेषण औजारले चरणवद्धरूपमा विपद् सुरु भएदेखिको तथ्याङ्क सङ्कलन प्रक्रियाको मार्गदर्शन

गर्दछ । यो प्रक्रिया विपद्को एक हप्तापछि सुरू गरिन्छ र यसले महिला, पुरूष, किशोर, किशोरी, लैङ्गिक अल्पसङ्ख्यकका लैङ्गिक मुद्दाहरूलाई विपद्पूर्व, विपद्को समय र विपद्पश्चात आएका परिवर्तनहरूको विश्लेषण गरी लैङ्गिक उमेर र अरू विविधताका खण्डीकृत तथ्याङ्क पनि सङ्कलन गर्दछ ।

उदाहरण : शिविर स्थापना गर्नुपूर्व तथ्याङ्क सङ्कलन गर्नु पहिलो आवश्यकता हुन्छ । यसका लागि जनसाङ्ख्यीकीय तथ्याङ्कको साथै पूर्वाधार र आवश्यक सेवाबारे पनि विश्लेषण गर्नुपर्ने हुन्छ । यसका अलावा लैङ्गिक र उमेर विविधता खण्डीकृत तथ्याङ्क सङ्कलनले शिविरमा आउने पुरूष, महिला, लैङ्गिक र यौनिक अल्पसङ्ख्यकका विभिन्न उमेर समूहका विभिन्न जातजातिका व्यक्तिबारे छुट्टाछुट्टै जानकारी दिन्छ । यसका आधारमा यी फरक समूहका व्यक्तिका फरक फरक आवश्यकतालाई सम्बोधनार्थ स्रोत व्यवस्थापन गर्न सजिलो हुन्छ ।जस्तो, महिला र पुरूषलाई भिन्दाभिन्दै समूहमा छुट्याएर उनीहरूको संख्याअनुसारको संरक्षण र सेवा प्रत्याभूत गर्न सकिन्छ ।

विश्व स्वास्थ्य सङ्गठन (२०११) को अध्ययनअनुसार प्रायः समूहमा १५% प्रतिशत अपाङ्गता भएका व्यक्ति हुन्छन्, जसका आवश्यकता अपाङ्गताका प्रकृतिअनुसार फरक फरक हुन्छन् । तसर्थ, शिविरमा दर्ता हुने समयमै विविधता खण्डीकृत तथ्याङ्क (महिला र व्यक्तिगत) जुटाउन सके, सेवाकार्य, पूर्वाधार, सुरक्षा, हिंसा आदिको व्यवस्थापन गर्न, शिविर समन्वय तथा व्यवास्थपन समितिका नेतृत्वकर्तालाई मद्दत पुग्छ ।

## प्रशिक्षक/सहजकर्तालाई सुझाव

विपद्को सुरूआतमै सही जानकारी प्राप्त हुन नसक्नुले विपद् व्यवस्थापनमा ठूलो गतिरोध ल्याउन सक्ने कुरा सहभागीले राम्ररी बुझ्नु आवश्यक छ । तसर्थ विपद् प्रभावित क्षेत्रका र बराबर विपद्हरु दोहोरी रहन सक्ने क्षेत्रका आवश्यकता लेखाजोखा गर्न चाहिने जानकारी जुटाउन सक्ने टोली तयार पार्नुपर्ने आवश्यकता सबैले बुझ्नुपर्छ । सहभागी सबैले कलम कागजको प्रयोग तथा मोबाइल एपको प्रयोगबाट प्रारम्भिक द्रुत लेखाजोखा औजारको प्रयोग गरी आवश्यक तथ्याङ्क सङ्कलन गर्न जान्ने हुनुपर्छ ।

## सत्र योजना ( ७५ मिनेट )

यो खण्डमा अपेक्षित उद्देश्य प्राप्तिका लागि प्रशिक्षण योजना तयार पारिएको छ ।

| समग्र उद्देश्य | विशेष उद्देश्य |
| --- | --- |
| पालिकाका नेतृत्वकर्ताहरु र अधिकारीहरूलाई विपद्पछि राहत र प्रतिकार्यका लागि आवश्यक जानकारीहरु जुटाउन विपद् लेखाजोखा औजारबारे जानकारी बनाउने । | • विपद्पछिका प्रतिकार्यहरूका विभिन्न चरणमा आवश्यक जानकारी जुटाउने औजारबारे पूर्ण जानकारी हुनेछन् ।<br>• यो प्रयोजनका लागि कर्मचारी तथा नेपाल रेडक्रस सोसाइटीसहित अन्य संस्थालाई संलग्न गराउनु पर्नेबारे सचेत हुनेछन् ।<br>• सङ्कलन गरिएका जानकारीलाई प्रतिकार्ययोजनाहरूमा प्रयोग गर्न जान्दछन् । |

## अपेक्षित सहभागी

नगरपालिकाहरूका प्रमुख/उपप्रमुख, गाउँपालिकाहरूका अध्यक्ष/उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्ष, प्रशासकीय समितिका सदस्य, विपद् जोखिम न्यूनीकरणसँग सम्बन्धित सम्पर्क व्यक्ति, इन्जिनियर, पालिकाहरूका विषय समितिहरूका सम्पर्क व्यक्ति ।

## सत्रको सारांश

| गतिविधि | समय | विवरण | औजार | तयारी |
|---|---|---|---|---|
| १<br>विपद् लेखाजोखा कार्यविधि | दिन २<br>१०:४५-११:००<br>(१५ मिनेट) | **गतिविधि १ : विपद् लेखाजोखा कार्यविधि**<br>• विपद् लेखाजोखा कार्यविधि<br>• विपद् लेखाजोखा कार्यविधि औजारहरु<br>• विपद् लेखाजोखा कार्यविधि औजारहरु प्रारम्भिक द्रुत लेखाजोखा, बहु-क्षेत्रगत लेखाजोखा, विस्तृत विषय क्षेत्रगत लेखाजोखा, विपद्पछिको आवश्यकताको लेखाजोखाबारे परिचित गराउने । | S6T1_Disaster Assessment Guidelines | प्रत्येक सहभागीका लागि विपद् लेखाजोखा कार्यविधि एक-एक प्रति छाप्ने |
| २<br>प्रारम्भिक द्रुत लेखाजोखाको अनुकरण अभ्यास | ११:१५-१२:१५<br>(६० मिनेट) | **गतिविधि २ : प्रारम्भिक द्रुत लेखाजोखा औजारको प्रयोग गरी अनुकरण अभ्यास गर्ने**<br>• विपद् पादुर्भाव भएको समुदायको चित्रणबाट जानकारी सङ्कलन गर्ने | S6T2_Disaster Assessment Guidelines case | • अनुकरण अभ्यासका लागि विपद्को अवस्थामा परेको समुदायको चित्रण गर्ने केस स्टोरी तयार पार्ने ।<br>• प्रत्येक सहभागीका लागि यो केस स्टोरी एक-एक प्रति छाप्ने ।<br>• अनुकरण अभ्यासका लागि IRA प्रशिक्षण मोबाइल एप डाउनलपड गर्ने, आफ्नो मोबाइल वा ल्यापटप प्रयोग गर्ने चाहनेहरूले यो एप डाउनलोड गर्ने । |

## सत्र गतिविधिहरूको विवरण

| | | |
|---|---|---|
| दिन २<br>१०:४५-११:००<br>(१५ मिनेट) | **गतिविधि १ : विपद् लेखाजोखा कार्यविधिको बुझाइ**<br>● सहभागीलाई उहाँहरूसँग सम्बन्धित पालिकाहरूले विपद्का घटनापछि कुन कुन कार्यहरू गर्छन् भनी सोध्ने ।<br>● विपद् लेखाजोखा कार्यविधि र औजारहरूबारे पावर प्वाइन्ट प्रस्तुति<br>● विपद् लेखाजोखा कार्यविधिमा उल्लेखित प्रारम्भिक द्रुत लेखाजोखाबारे बुझाउने ।<br>● अन्तरर्निकाय स्थायी समितिले प्रयोग गर्ने औजार "द्रुत लैङ्गिक विष्लेषण" औजारबारे परिचित गराउने । | **उद्देश्यहरु :**<br>विपद् लेखाजोखा व्यवस्थापनको कार्यसम्बन्धी दायित्व बोध गराउने ।<br><br>औजार- S6T1_Disaster Assessment Guidelines |
| ११:००-११:१५<br>(१५ मिनेट) | चिया समय | |
| ११:१५-१२:१५<br>(६० मिनेट) | **गतिविधि २ : प्रारम्भिक द्रुत लेखाजोखाको सिकाइ**<br>● विपद् केस स्टोरी बाँडी विपद्को परिदृष्य वर्णन गर्ने ।<br>● सहभागीलाई उप-समूहहरूमा बाँडी कागज र कलमद्वारा र मोबाइल एपको प्रयोग गरी तथ्याङ्क सङ्कलन गर्न लगाउने ।<br>● कागज र कलम प्रयोग गरी तथ्याङ्क जुटाउने समूहले गरेको काम लिखित रूपमा तयार पार्ने ।<br>● समूहहरूलाई केस स्टोरीमा भएका प्रश्नावलीहरूबाट तथ्याङ्क सङ्कलन गर्न सहयोग गर्ने ।<br>● मोबाइल एप तथा कागज कलम प्रयोग गरी तथ्याङ्क सङ्कलन गर्ने समूहका कार्यहरूको प्रस्तुति ।<br>● अनुकरण अभ्यासको आधारमा विपद् लेखाजोखा कार्यविधिको सारांश तयार पार्ने । | विपद्को प्रभावबारे आवश्यक जानकारीहरु जुटाउने प्रारम्भिक द्रुत लेखाजोखा औजारसँग परिचित हुने ।<br><br>औजार : S6T2_Disaster Assessment Guidelines case) |

## प्रशिक्षण सामग्री

प्रारम्भिक द्रुत लेखाजोखाको आधारमा प्रयोग गर्न तयार पारिएको केस स्टोरी, प्रशिक्षण तालिका, बोर्ड मार्कर, मास्किङ टेप, डबल साइडेड टेप, मेटा कार्ड, साइन पेन, न्युज प्रिन्ट पेपर, पुस पिन, कार्डबोर्ड पेपर, खैरो कागज, प्रारम्भिक द्रुत लेखाजोखा मोबाइल एप ।

| | |
|---|---|
| अपेक्षित उपलब्धि | पलिकाका सरोकारवालालाई विपद् लेखाजोखा कार्यविधिहरूलाई अन्तरिकीकरण गर्ने र विपद्हरूका सुरूआती अवस्थामै आवश्यक जानकारी जुटाई सही निर्णय लिन सक्ने ज्ञान हासिल गराउने । |
| पुष्ट्याइँका आधारहरू | अनुकरण अभ्यासका प्रस्तुति |
| सन्दर्भ-सामग्री | • विपद् लेखाजोखा कार्यविधि<br>• प्रारम्भिक द्रुत लेखाजोखा फाराम<br>• आई.आर.ए. मोबाइल एप<br>• अन्तर्निकाय स्थायी समितिको द्रुत लैङ्गिक विश्लेषण औजार 2018-iasc_gender_handbook_for_humanitarian_actioninlink:https://interagencystandingcommittee.org/system/files/2018-iasc_gender_handbook_for_humanitarian_action_eng_0.pdf |




# सत्र ७
## आपतकालीन कार्यसङ्चालन केन्द्रको प्रावधान

# पृष्ठभूमि परिचय

स्थानीय सरकारहरूले विपद्को बेला गर्ने आपतकालीन प्रतिकार्यहरूको सफलता, प्रभावित व्यक्तिहरूसम्बन्धी तथ्याङ्क, जीवन रक्षार्थ सहयोग (स्वस्थ्य, आश्रय स्थल, पानी, सरसफाई तथा स्वास्थ्य, सुरक्षा आदि) खोज तथा उद्धारका लागि समूह परिचालन, राहत सामग्रीको वितरण र पुनर्लाभ र प्रतिकार्यहरु सुरू गर्न आवश्यक जानकारी प्राप्त गर्ने क्षमतामा निर्भर गर्दछ । आपतकालीन कार्यसञ्चालन केन्द्र विपद् प्रतिकार्यको केन्द्रको रूपमा रहेको हुन्छ ।

सबै तहका सरकारका लागि राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचाले प्रतिकार्य गतिविधिका लागि मूलभूत रूपमा मार्गदर्शन गर्दछ । केन्द्रीय तहमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् विपद् प्रतिकार्यका लागि उच्चतम जिम्मेवार निकाय हो । प्रधानमन्त्रीज्यू अध्यक्ष रहने यस परिषद्ले आपतकालीन प्रतिकार्यका लागि नीतिहरु तय गर्दछ । महाविपत्तिको बेला परिषद्ले आपतकाल घोषणा गरी यसउपर ठोस कारबाहीका लागि राष्ट्रको ध्यान केन्द्रीकृत गराउँछ । गृह मन्त्रालय सबै विपद् प्रतिकार्यका लागि सरोकारवाला मन्त्रालय हो । साविकमा गृह मन्त्रालयअन्तर्गत रहेको राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्र, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण मातहत छ । आपतकालीन कार्यसञ्चालन केन्द्रहरु, प्रदेश, जिल्ला र स्थानीय तहमा पनि रहेका छन् । प्रदेश तहमा रहेका केन्द्रहरु प्रादेशिक स्तरमा विपद् प्रतिकार्यहरूको समन्वय गर्छन् । जिल्लास्तरीय आपतकालीन कार्यसञ्चालन केन्द्रहरु प्रमुख जिल्ला अधिकारीहरूको नेतृत्वमा रही जिल्लास्तरीय विपद् प्रतिकार्यहरु समन्वय गर्छन् ।

## स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र

सबै पालिकामा पूर्णरूपमा क्रियाशील आपतकालीन कार्यसञ्चालन केन्द्रहरु हुनु आवश्यक छ । स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र, पालिका तहमा रहेका स्थानीय विपद् जोखिम व्यवस्थापन समितिमातहत कार्यरत हुन्छन् । स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रहरूका निम्नलिखित प्राथमिक कार्यहरु हुनेछन् ।

- सूचना र सञ्चार
- पूर्वचेतावनी प्रणालीसँग समन्वय
- खोज र उद्धार
- राहत व्यवस्थापन
- आपतकालीन कार्यसञ्चालन केन्द्र व्यवस्थापन

राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचामा स्थानीय तहका आपतकालीन कार्यसञ्चालन केन्द्रहरूको जिल्ला, प्रदेश र केन्द्रमा स्थापित आपतकालीन कार्यसञ्चालन केन्द्रहरूसँग प्रष्ट सम्बन्धका बारेमा उल्लेख छ । तथापि पालिकाका प्रायः जनप्रतिनिधि र कर्मचारीलाई यस्ता केन्द्रहरु गठनबारे प्रष्ट सोचाइको अभाव छ ।

धेरै स्थानीय तहमा यस्ता केन्द्रहरु गठन नभएबाट पनि यस कुराको पुष्टि हुन्छ । आपतकालीन कार्यसञ्चालन केन्द्रहरु भएका पालिकाहरुमा पनि केन्द्र सञ्चालनका लागि आवश्यक जनशक्ति र उपकरणहरुको अभाव देखिन्छ । उदाहरणका लागि पालिकाहरुलाई सञ्चार सुविधाका लागि भी.एच.एफ. रेडियो सञ्चार उपकरण जडान गरी सञ्चालन गर्ने बजेट विनियोजन गरिएको छ । सायद रेडियो फ्रिक्वेन्सी स्वीकृतिका लागि गरिनुपर्ने झन्झटिलो र लामो प्रक्रियाले नै हुनसक्छ, यसको उययोग गरिएको छैन । आवश्यक कोष, खोज र उद्धार सामग्रीको सङ्ग्रहको कमिबाट पनि आपतकालीन कार्यसञ्चालन केन्द्रहरु गठन प्रक्रियामा पनि ढिलाइ भएको हुनसक्छ । तसर्थ यो सत्र सहभागीलाई केन्द्रदेखि जिल्ला तहसम्मका आपतकालीन कार्यसञ्चालन केन्द्रबारे जानकारी गराउने र खासगरी स्थानीय तहमा यस केन्द्रको गठन कार्यहरु र सञ्चालन (औजार : S7T1_LEOC PEOC NEOC) विधिहरु बारे छलफल गर्ने गरी तयार पारिएको छ ।

## प्रशिक्षण/सहजकर्तालाई निर्देशन

आपतकालीन कार्यसञ्चालन केन्द्रका बारेमा प्रशस्त विषय समावेश हुनसक्छन् जुन एकै सत्रमा नसमेटिने हुँदा यस सत्रमा केन्द्र, प्रदेश र जिल्लास्तरीय आपतकालीन कार्यसञ्चालन केन्द्रहरुका काम र कर्तव्यहरु सहभागीलाई सम्झाइ स्थानीय तहमा यसको गठन र सङ्घीय आपतकालीन कार्यसञ्चालन केन्द्रदेखि जिल्ला तहसम्मका आपतकालीन कार्यसञ्चालन केन्द्रसँग समन्वय गरी सञ्चालन गर्नुपर्नेमा सहभागीको ध्यान केन्द्रित गराउनु पर्छ ।

## सत्र योजना (३० मिनेट)

यस खण्डमा अपेक्षित उद्देश्यहरु र उद्देश्य प्राप्तिका लागि प्रशिक्षण विधिबारे छलफल गरिन्छ ।

| समग्र उद्देश्य | विशेष उद्देश्य |
|---|---|
| पालिकाका जनप्रतिनिधि र कर्मचारीलाई आपतकालीन कार्यसञ्चालन केन्द्रहरुका काम र कर्तव्यहरु, स्थानीय तहमा यसको गठन, सङ्घीय आपतकालीन कार्यसञ्चालन केन्द्रदेखि जिल्ला तहसम्मका आपतकालीन कार्यसञ्चालन केन्द्रसँग समन्वयका विषयमा परिचित गराउने । | • केन्द्रदेखि स्थानीय तहसम्मको आपतकालीन कार्यसञ्चालन केन्द्रबारे पूर्ण जानकारी गराउने ।<br>• स्थानीय तहमा पूर्वतयारी र प्रतिकार्य खाकाको पूर्ण जानकारी गराउने ।<br>• पूर्वचेतावनी प्रणालीलाई आपतकालीन कार्यसञ्चालन केन्द्रसँग आवद्ध गर्ने सम्बन्धमा जानकारी गराउने । |

## अपेक्षित सहभागी

नगरपालिकाहरूका प्रमुख/उपप्रमुख, गाउँपालिकाहरूका अध्यक्ष/उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्ष, प्रशासकीय समितिहरूका सदस्य, विपद् जोखिम न्यूनीकरणसँग सम्बन्धित सम्पर्क व्यक्ति, इन्जिनियर, पालिकाहरूका विषय समितिहरूका सम्पर्क व्यक्तिहरू ।

## सत्रको सारांश

| गतिविधि | समय | विवरण | औजार | तयारी |
|---|---|---|---|---|
| १<br>सरकारका विभिन्न तहमा रहेका आपतकालीन कार्यसञ्चालन केन्द्र | १२:१५:१२:३० (१५ मिनेट) | गतिविधि १ :<br>आपतकालीन कार्यसञ्चालन केन्द्रहरूको प्रक्रिया प्रवाह चार्ट- राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्र, प्रदेश आपतकालीन कार्यसञ्चालन केन्द्र, जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र, स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रबारे प्रस्तुति<br>केन्द्रदेखि स्थानीय तहमा रहेका आपतकालीन कार्यसञ्चालन केन्द्रहरूका कार्यहरू र संस्थागत पदानुक्रमबारे प्रस्तुति | S7T1_LEOC<br>PEOC NEOC | आपतकालीन कार्यसञ्चालन केन्द्रबारे प्रशिक्षण सामग्रीको तयारी |
| २<br>आपतकालीन कार्यसञ्चालन केन्द्रको स्थापना | १२:३०-१२:४५ (१५ मिनेट) | गतिविधि २ : समूह छलफल<br>स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रको स्थापनाबारे योजना<br>समूह छलफल | S7T2_LEOC<br>Group Work | |

## सत्र गतिविधिको विवरण

| | | |
|---|---|---|
| दिन २<br>१२:१५-१२:३०<br>(१५ मिनेट) | **गतिविधि १ :**<br>राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्र, प्रदेश आपतकालीन कार्यसञ्चालन केन्द्र, जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र, स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रबारे प्रस्तुति<br>● केन्द्रदेखि स्थानीय तहसम्मका आपतकालीन कार्यसञ्चालन केन्द्रहरु, तिनका कार्यहरु र कार्यविधिसम्बन्धी संयन्त्रबारे प्रस्तुति<br>● स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रका प्रमुख कार्यबारे परिचित गराउने | **उद्देश्य**<br>विभिन्न तहका आपतकालीन कार्यसञ्चालन केन्द्रहरूबारे जानकारी गराउने<br><br>औजार : S7T1_LEOC PEOC NEOC |
| १२:३०-१२:४५<br>(१५ मिनेट) | **गतिविधि २ : समूह छलफल**<br>● सहभागी पालिकामा आपतकालीन कार्यसञ्चालन केन्द्र स्थापना गरिएको छ ?<br>● सहभागी पालिकाहरूमा आपतकालीन कार्यसञ्चालन केन्द्र कार्यविधि तयार परिएको छ ?<br>● पालिकाबीच आपतकालीन कार्यसञ्चालन केन्द्रहरूको कार्ययोजनाबारे छलफल गरिएको छ ?<br>● स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र गठन र सञ्चालनको कार्ययोजना | सहभागीलाई स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रका मूलभूत कार्यहरु र यसको गठन तथा सञ्चालन (विपद्पूर्व र पश्चात) बारे परिचित गराउने ।<br><br>औजार : S7T2_LEOC Group Work |

## प्रशिक्षण सामग्री :

प्रशिक्षण तालिका, बोर्ड मार्कर, मास्किङ टेप, डबल साइडेड टेप, मेटा कार्ड, साइन पेन, न्युज प्रिन्ट पेपर, पुस पिन, कार्डबोर्ड पेपर, खैरो कागज ।

| | |
|---|---|
| अपेक्षित उपलब्धि | पालिकाहरूका सरोकारवाला स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रको गठन र यसलाई जिल्ला, प्रदेश र केन्द्रका आपतकालीन कार्यसञ्चालन केन्द्रसँग समन्वय गराउन सक्षम हुनेछन् । |
| पुष्ट्याइँका आधारहरू | समूहकार्यहरूको प्रस्तुति |
| सन्दर्भ-सामग्री | स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र सञ्चालन प्रक्रियाका कार्यसञ्चालन विधि (पेज ४-१३ र सबै अनुसूचीहरु) र राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्र आपतकालीन सञ्चारका लागि सञ्चालन कार्यविधि २०७५ http://drrportal.gov.np/upoLads/document/1498.pdf |

# सत्र ८
## पूर्वचेतावनी प्रणाली



# पृष्ठभूमि

## पूर्वचेतावनी प्रणाली

यो सत्रमा दुई प्रमुख विषय उठान गरिएको छ । ठूला विपद्बारे पूर्वचेतावनी दिने संयन्त्रहरूको स्थापना र सञ्चालनको जिम्मेवारी राज्यको दायित्व भए पनि समुदायहरूले राष्ट्रिय र अन्तर्राष्ट्रिय विकास साझेदारसँग मिली समुदाय स्तरमा पनि विपद्बारे पूर्वचेतावनी प्रणाली स्थापनार्थ पहल गर्न सक्छन् । पूर्वचेतावनी प्रणालीको साथै अरू थप आकस्मिक प्रतिकार्य जस्तै, कुनै बस्ती स्थानान्तर गर्नुपरेमा केन्द्र, प्रदेश र स्थानीय सरकारको साथै सुरक्षा निकायहरूको समन्वयात्मक परिचालन पनि आवश्यक हुन जान्छ ।

विपद् जोखिम न्यूनीकरणका दुई तरिकामा पहिलो तरिका सम्भाव्य विपद्हरूबारे पूर्वचेतावनी दिने प्रणाली र दोस्रो तरिकामा संरचनात्मक सुधारलाई लिन सकिन्छ । पालिकाहरूको ध्यान, भौतिक संरचनाको स्तर सुधार्नमा केन्द्रित छ तर सम्भाव्य विपद्हरूबारे पूर्वचेतावनी दिने प्रणालीहरूको विकास र कार्यान्वयनमा अपेक्षाकृत कमी छ । प्रविधिको प्रयोगबाट धेरै प्रकोपबारे पूर्वचेतावनी दिने प्रणालीहरु विकास गर्न सकिन्छ । जल तथा मौसम पूर्वानुमान विधि, बढी सटिक भएसँगै सरकारले बाढीबाट सतर्क गराउने पूर्वचेतावनी प्रणालीको प्रयोग गर्न थालेको छ तर अन्य धेरै प्रकोपहरूबाट बच्न आवश्यक पूर्वचेतावनी प्रणालीको विकास गर्न सकिने सम्भावना पनि छ ।

लैङ्गिक र समावेशीताप्रति सचेत पूर्वसूचना प्रणाली, विभिन्न विपद्का घटनाले लैङ्गिक समूहहरु (लैङ्गिक अल्पसङ्ख्यकसहित) बालबालिका, जेष्ठ नागरिक र बहिष्कृत वर्गलाई फरक प्रकारले बढी असर पार्दछ भन्ने कुरामा सचेत त रहन्छ तर यसले केही हदसम्म मात्र यस्ता वर्गहरूको परेको असरलाई कम गर्न सघाउ पुऱ्याउँछ (Dwyer & Woolf, 2018) । लैङ्गिक र समावेशी संवेदनशील पूर्वचेतावनी प्रणाली, महिला, बहिष्कृत/सङ्कटासन्न समूहहरूप्रति बढी संवेदनशील हुन्छ र विपद्को समयमा प्राथमिक उपचारलगायत कुरामा पनि उनीहरूलाई प्राथमिकता दिन्छ । साथै यसले पूर्वतयारी, प्रतिकार्य र आकस्मिक योजनामा सक्रिय रूपमा अरू कमजोर वर्गलाई समावेश गर्दछ । परिवर्तनकारी लैङ्गिक र समावेशी पूर्वचेतावनी प्रणालीले सबै लैङ्गिक असमानता कम गर्ने र सबै नागरिकका आवश्यकता सम्बोधन गर्ने नीतिहरु र प्रक्रियाहरु तर्जुमा र कार्यान्वयन गर्दछ ।

पूर्वचेतावनी र पूर्वचेतावनी प्रणाली फरक कुराहरु हुन् । पूर्वचेतावनी भन्नाले प्राकृतिक, भूभौतिक, जल, वातावरण, जलवायु, जैविक, अरू मानवीय गतिविधिबाट उत्पन्न प्रकोप, अशान्ति र द्वन्द्वबाट सिर्जित प्रकोपबाट प्रभावित हुन सक्ने क्षेत्रका बासिन्दालाई सबैले बुझ्ने गरी सबैभन्दा भरपर्दो तरिकाले सूचना पुऱ्याउनु हो । पूर्वचेतावनी प्रणाली भनेको प्रकोपहरूको अनुगमन, पूर्वचेतावनी सन्देश तर्जुमा र यस्ता पूर्ववेतावनी सन्देश प्रवाह गर्ने कार्यहरूको संयुक्त प्रणाली हो । यसले प्रकोप सम्भाव्य क्षेत्रमा बसोवास गर्नेलाई प्रकोपसम्बन्धी जानकारीसहित विपद् व्यवस्थापनको क्षमता बढाउन र विपद् जोखिम व्यवस्थापन पहललाई मद्दत गर्दछ ।

## पूर्वचेतावनी प्रणालीका अवयवहरू

पूर्वचेतावनी प्रणालीका चार मुख्य कार्यहरु छन् :-

- पहिलो विपद् जोखिमबारे बुझाइ हो । विपद् जोखिम/प्रकोपहरु पहिचान गर्ने र उनीहरूको सम्भाव्यता प्रकार, बारम्बारता, तीव्रता र असर कति पर्छ भन्ने थाहा पाउनु जरूरी छ । साथै यस्ता विपद्/प्रकोपबाट कति संख्यामा मानिस प्रभावित हुनसक्छन् भनी सङ्कलन गरिने लैङ्गिक, उमेर विविधता खण्डीकृत तथ्याङ्कले पूर्वचेतावनी प्रणालीलाई सुदृढ पार्छ ।
- दोस्रो कार्य भनेको भू-भौतिक प्रकृयाको मात्र निरीक्षण नगरी आर्थिक र सङ्कटासन्न अवस्थाहरूको पनि जानकारी आवश्यक हुन्छ । फरक फरक क्षेत्रहरु फरक फरक प्रकारका विपद्/प्रकोपहरूबाट प्रभावित हुनसक्छन् र कुनै क्षेत्रमा एकभन्दा बढी विपद्/प्रकोपहरु कैयौंपटक आइपर्न सक्छन् । पूर्वचेतावनी प्रणालीले यस्ता सङ्कटासन्न अवस्थाहरूबारे ध्यान पुऱ्याउनु पर्छ ।
- तेस्रोमा, समयमै र धेरैले बुझ्ने भाषामा प्रष्ट रूपमा सकभर धेरै मानिसमाझ पुग्ने गरी जोखिमयुक्त र सङ्कटासन्न अवस्थामा रहनेका लागि पहिलो प्राथमिकतामा राखी जोखिमको चेतावनी पुऱ्याउनु पर्छ । कोही नेपाली भाषा नबुझ्ने हुनसक्छन्, कोही कान नसुन्ने हुनसक्छन् । तसर्थ यस्ता व्यक्ति, समूहहरु जो विपद् र प्रकोपजन्य ठाउँबाट चाँडै अन्यत्र सुरक्षित ठाउँमा जान सक्दैनन्, त्यस्ता व्यक्तिलाई समेत लक्षित गरी पूर्वचेतावनी प्रणाली विकसित गरिनुपर्छ ।
- चौथो, पूर्वचेतावनी प्रणालीलाई स्थानीय समुदायको विपद्/प्रकोपसँग सामना गर्न गर्नुपर्ने प्रतिकार्यहरूमा क्षमता अभिवृद्धि कार्यसँग आवद्ध गर्नुपर्छ ।

विपद् जोखिम सुरु हुन सक्ने सम्भावनाको सूचना पाउन लाग्ने समय (Lead Time) र सूचना पाएपश्चात् जोखिमयुक्त ठाउँबाट सुरक्षित ठाउँसम्म पुग्न लाग्ने समय (Lag Time), पूर्वचेतावनी प्रणालीका दुई मुख्य घटक हुन् । विपद् जोखिमको सम्भावनाको सूचना, लक्षित व्यक्ति र समुदायबीच पुऱ्याउन लाग्ने समय भनेको लिड टाइम हो । सूचना प्राप्त हुनासाथ जोखिमयुक्त बस्तीका समूह, व्यक्तिहरु सुरक्षित स्थानहरूमा पुग्न लाग्ने समय ल्याग टाइम हो । पूर्वचेतावनी प्रणाली त्यसकारण सुरक्षित स्थानको पहिचान, संरक्षण तथा त्यहाँसम्म निर्वाध सुरक्षित रूपले पुग्न सकिने मार्गको संरक्षणसँग जोडिनुपर्छ ।

पूर्वचेतावनी प्रणाली संरचनागत पनि हुनसक्छ । जस्तो, अतिवृष्टि र बाढीको चेतावनी दिने मौसम तथा जलवायु विज्ञान विभाग । अर्कोतर्फ समुदायद्वारा व्यवस्थापन गरिएको पूर्वचेतावनी प्रणाली जहाँ माथि उल्लेखित सबै कार्य समुदायले नै गर्छन् । समुदायद्वारा व्यवस्थापन गरिएको पूर्वचेतावनी प्रणालीको स्थापना प्रक्रियाका निम्न चरण हुनसक्छन् :-

- के कस्तो विपद्/जोखिमहरु हुनसक्छन् भनी समुदायमा छलफल
- सबैको सहभागितामा विपद्/जोखिमहरु र यसबाट उत्पन्न हुन सक्ने सङ्कटको विश्लेषण
- प्रकोपहरूबाट उत्पन्न हुन सक्ने अवस्थाको निरन्तर अवलोकन र अनुगमन

- पूर्वचेतावनी प्रणालीको विकास र सूचना प्रशारण
- विपद् प्रतिकार्यप्रति समुदायको तयारी र क्षमता अभिवृद्धि
- पूर्वचेतावनी प्रणालीको दिगोपनाका लागि नियमित पुनरावलोकन र समीक्षा

## प्रभावकारी पूर्वचेतावनी प्रणालीका विशेषताहरू

- बहुप्रकोप दृष्टिकोण : साधारणतया एक विषेश प्रकारको प्रकोपको मात्र पूर्वचेतावनी प्रणाली विकसित गरिएको हुन्छ । तर बहुप्रकोप पनि एकै ठाउँमा हुन सक्ने र एउटा प्रकोपबाट अरू प्रकोप पनि उत्पन्न हुने सम्भावनालाई ध्यान दिनु उपर्युक्त हुन्छ ।
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण दृष्टिकोण : प्रकोपबाट विभिन्न वर्ग र व्यक्ति भिन्दाभिन्दै प्रकारले प्रभावित हुनसक्छन् । तसर्थ लैङ्गिक र समावेशीताका साथै आवाजविहीन र शक्तिहीनलाई पनि पूर्वचेतावनी प्रणालीमा आवद्ध गर्नुपर्छ ।
- सहभागितात्मक प्रक्रिया : विपद् प्रकोपबाट बढी प्रभावित हुन सक्ने समुदाय र सङ्कटासन्न अवस्थाका सबैको पूर्ण सहभागिता हुने पूर्वचेतावनी प्रणालीको विकास हुनुपर्छ ।

## प्रशिक्षक/सहजकर्तालाई सुझाव

धेरै पालिकामा पूर्वचेतावनी प्रणाली स्थापना गरिएको छ । सत्र सुरू हुनुअगावै प्रशिक्षक/सहजकर्ताले स्थापना गरिएका पूर्वचेतावनी प्रणालीका प्रक्रियाबारे पालिकाका सहभागीसँग छलफल गर्नु आवश्यक छ । यी पूर्वचेतावनी प्रणालीहरूले कसरी सूचना प्रवाहित गर्छन् र यस्ता सूचना समुदाय, महिला, बालबालिका, निरक्षर, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकसमक्ष कसरी पुग्दछ भन्ने कुरा छलफलबाट सहभागी आफैंले आत्मचिन्तन गर्ने र कमीकमजोरी थाहा पाउन सक्ने हुँदा पूर्वचेतावनी प्रणालीको प्रभावकारितामा चासो बढ्छ । त्यसपछि प्रशिक्षक/सहजकर्ताले विषय प्रस्तुत गर्न सक्छन् । त्यसैगरी, पालिकाका प्रकोपसँग सम्बन्धित सङ्कटासन्नता पहिचान गर्ने योजना र नीतिसहितको पूर्वचेतावनी प्रणालीको स्थापनाको तयारीबारे पनि थाहा पाउनु जरूरी छ (औजार : S8T2_EWS Group Work) ।

## सत्र योजना (४५ मिनेट)

यस खण्डमा अपेक्षित उद्देश्यहरु र प्रशिक्षण विधिबारे छलफल गरिने छ ।

| समग्र उद्देश्य | विशेष उद्देश्य |
|---|---|
| पूर्वचेतावनी प्रणाली विपद् जोखिम न्यूनीकरणको अभिन्न अङ्ग हो भनी बुझ्ने । | • पूर्वचेतावनी प्रणालीका चार मूलभूत अवयवबारे बुझ्नेछन् ।<br>• प्रकोपसम्बन्धी पूर्वचेतावनी प्रणाली स्थापना योजनाका मुख्य मुख्य चरणबारे जान्नेछन् । |

## अपेक्षित सहभागी

नगरपालिकाहरूका प्रमुख/उपप्रमुख, गाउँपालिकाहरूका अध्यक्ष/उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्ष, प्रशासकीय समितिका सदस्य, विपद् जोखिम न्यूनीकरणसँग सम्बन्धित सम्पर्क व्यक्ति, इन्जिनियर, पालिकाहरूका विषय समितिका सम्पर्क व्यक्तिहरु ।

## सत्रको सारांश

| गतिविधि | समय | विवरण | औजार | तयारी |
|---|---|---|---|---|
| १<br>पूर्वचेतावनी प्रणाली | दिन २<br>१२:४५–१:००<br>(१५ मिनेट) | गतिविधि १ : पूर्वचेतावनी प्रणाली<br>• खुल्ला छलफल<br>• पूर्वचेतावनी प्रणालीका अवयवबारे प्रस्तुति | S8T1_Early Warning System | प्रस्तुत गरिने सामग्री सबै सहभागीलाई पुग्ने गरी छापेर राख्ने । |
| २<br>पूर्वचेतावनी प्रणालीका लागि कार्ययोजना | २:००–२:३०<br>(३० मिनेट) | गतिविधि २ : पूर्वचेतावनी प्रणालीको अवधारणा र अवयवहरु<br>पालिकाहरु इच्छुक छन् भने पालिकाहरूमा पूर्वचेतावनी प्रणाली स्थापनार्थ कार्ययोजना | S8T2_EWS Group Work | औजार S8T2_EWS Group Work बाट समूहकार्य टेम्पलेटहरु छाप्ने । |

## सत्र गतिविधिको विवरण

| | | |
|---|---|---|
| दिन २<br>१२:४५-१:००<br><br>(१५ मिनेट) | **गतिविधि १ : पूर्वचेतावनी प्रणालीबारे पालिकाहरुका अनुभवहरु साटासाट**<br>● पूर्वचेतावनी प्रणालीबारे पालिकाहरूका अनुभवहरूमा खुल्ला छलफल<br>● पूर्वचेतावनी प्रणालीका अवयवहरूमा छलफल | **उद्देश्यहरु**<br>औजार- S8T1_Early Warning System<br>सहभागीलाई पूर्वचेतावनी प्रणालीसम्बन्धी केन्द्र, प्रदेश र स्थानीय सरकारहरूका काम र कर्तव्यसँग परिचित गराउने |
| १:००-१:१५<br>(१५ मिनेट) | **गतिविधि २ : पूर्वचेतावनी प्रणालीको अवधारणा र घटकहरुबारे प्रस्तुति**<br>● पूर्वचेतावनी प्रणालीका अवयवहरूबारे पावर प्वाइन्ट प्रस्तुति<br>● पूर्वचेतावनी प्रणालीका अवयवहरूबारे विभिन्न दृष्टिकोण र स्पष्टताउपर छलफल<br>● पूर्वचेतावनी प्रणालीलाई विपद् जोखिम न्यूनीकरण र आपतकालीन कार्यसञ्चालन केन्द्रसँग समन्वय गर्ने प्रकृयाको सारांश<br>● पालिकाहरूका पूर्वचेतावनी प्रणालीसम्बन्धी पहललाई सहयोग गर्ने | औजार : S8T1_Early Warning System and S8T2_EWS Group Work<br>बारम्बार आइरहने प्रकोपहरु व्यवस्थापन गर्न<br>पूर्वचेतावनी प्रणालीको कार्ययोजना तयार पार्न<br>पालिकाहरूलाई चासो जगाउने । |

## प्रशिक्षण सामग्री

प्रशिक्षण तालिका, बोर्ड मार्कर, मास्किङ टेप, डबल साइडेड टेप, मेटा कार्ड, साइन पेन, न्युज प्रिन्ट पेपर, पुस पिन, कार्डबोर्ड पेपर, खैरो कागज ।

| | |
|---|---|
| अपेक्षित परिणाम | पालिकाका जनप्रतिनिधि र कर्मचारीहरूले पूर्वचेतावनी प्रणालीको महत्व बुझी आआफ्नो पालिकाहरूमा पूर्वचेतावनी प्रणाली स्थापनासम्बन्धी कार्ययोजनामा मस्यौदाहरु तयार पार्नेछन् । |
| पुष्ट्याइँका आधारहरू | समूहकार्य- पूर्वचेतावनी प्रणाली कार्ययोजना |
| सन्दर्भ-सामग्री | पूर्वचेतावनी प्रणालीसम्बन्धी पाठ्यसामग्री : बाढी पूर्वचेतावनी प्रणालीको सञ्चालन प्रक्रिया मापदण्ड जलवायु तथा मौसम विज्ञान विभाग |

# सत्र ९

## स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना



# पृष्ठभूमि

## यस सत्रले मूलभूत मोड्युल ४ विपद् जोखिमलाई पालिकाहरूको विकास निर्माण प्रक्रियामा एकीकृत गर्न योगदान गर्दछ

नेपाल सरकारले विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनलाई एकीकृत गर्ने प्रयास गरेको छ । यसै क्रममा स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा कार्यविधि स्वीकृत हुने चरणमा छ । यसले जलवायु परिवर्तनले उत्पन्न गर्ने सङ्कटासन्न अवस्था र जोखिमलाई पूर्वतयारी, रोकथाम, अल्पीकरण, प्रतिकार्य, पुनर्स्थापना, पुनर्निर्माण र अनुकूलनताका सबै चरणमा समावेश गर्दै लैजाने कुरा कार्यविधिमा निर्दिष्ट छ । नेपाल सरकारले सबै तहका सरकारी कामकाजमा जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलन कार्यको संयोजनद्वारा उत्थानशीलता बढाउने कार्यक्रमहरूमा जोड दिएको छ । यसैगरी, विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनलाई विकास नीति र योजनाको मूलधारमा समावेश गर्न जोड गरेको छ ।

### स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाका प्रक्रिया

स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तयारीमा गर्नुपर्ने पाँच चरणहरू छन् :-

**पहिलो चरण : प्रारम्भिक कार्य र समन्वय**

- जिल्ला तथा स्थानीय तहमा समन्वयात्मक कार्य
- स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिको गठन
- योजना समिति र अन्य समितिहरूको गठन
- क्षमता अभिवृद्धि

**दोस्रो चरण : सङ्कटासन्नता र क्षमता आँकलन लेखाजोखा**

- स्थानीय विपद् तथा जलवायु उत्थानशीलतासम्बन्धी तथ्याङ्क र सूचना सङ्कलन
- सङ्कटासन्नता र क्षमता लेखाजोखा
- जोखिम संवेदनशील भूउपयोग लेखाजोखा
- विपद् तथा जलवायु प्रकोप प्रोफाइल तयारी

### तेस्रो चरण : स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको तयारी

- स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यहरू पहिचान
- विपद् तथा जलवायु उत्थानशील योजनाको तयारी

### चौथो चरण : स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना अनुमोदन मूल प्रवाहीकरण र कार्यान्वयन

- पालिका सभाबाट उल्लेखित योजनाको स्वीकृति
- वार्षिक र आवधिक योजनाहरूमा मूल प्रवाहीकरण गरी पर्याप्त बजेटको विनियोजन
- एकीकृत योजनाको कार्यान्वयन

### पाँचौ चरण : अनुगमन, मूल्याङ्कन र समीक्षा

- अनुगमन र मूल्याङ्कन (सूचकहरूको आधारमा )
- समीक्षा र योजना अद्यावधिक गर्ने

यो सत्रले पालिका तहका जनप्रतिनिधि र सम्वद्ध कर्मचारीलाई उनीहरूले खेल्नु पर्ने निम्न भूमिकाबारे जानकारी गराउँदछ :-

- पालिकाको जलवायु तथा विपद् जोखिम प्रोफाइल तयारी
- स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तयारी
- स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाका प्राथमिकतालाई वार्षिक र आवधिक योजनाहरूमा मूल प्रवाहीकरण गरी पर्याप्त बजेट विनियोजन

स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाका सबै प्रक्रिया विस्तृत रूपमा एकै सत्रमा प्रस्तुत गर्न सकिँदैन तसर्थ यस सत्रमा स्थानीय सरकारहरूलाई यस प्रक्रियामा संवेदनशील बनाई यसका १० औजारको प्रयोगबाट विपद् तथा जलवायु प्रकोपसम्बन्धी सङ्कटासन्नता र पालिकाहरूका क्षमताको लेखाजोखा गर्नेमा जोड दिइएको छ । तल प्रस्तुत १० औजारमा एउटा खास औजारको प्रयोग गरी सहभागीले आफ्नो पालिकाको एउटा वडाको विपद् तथा जलवायु प्रकोपको प्रोफाइल तयार पार्ने अभ्यास गर्नेछन् ।

सङ्कटासन्नता र क्षमता लेखाजोखा गर्ने १० औजार

- ऐतिहासिक समय रेखा
- प्रकोपका स्तरीकरण

- प्रकोप, मौसमी तथा बालिपात्रो
- मौसम र तापक्रम विश्लेषण
- प्रकोप र समस्या विश्लेषण तालिका
- संस्थागत विश्लेषण वा सम्बन्ध चित्र
- समुदायहरु तथा वडाहरूका सङ्कटासन्नता तथा क्षमता विश्लेषण
- लक्षित समूह छलफल
- स्थानीय ज्ञान, सीप र क्षमताको लेखाङ्कन
- प्रकोप जोखिम तथा सामाजिक स्रोत नक्साङ्कन र सङ्कटासन्नता तथा क्षमता पहिचान र प्राथमिकीकरण

यी सबै औजार प्रयोग गर्दा बहिष्कृत/सङ्कटासन्न वर्गको सहभागिता हुनैपर्छ । लैङ्गिक र उमेर विविधता खण्डीकृत तथ्याङ्कको प्रयोग गरी विश्लेषण गरिनुपर्छ । सहभागीलाई प्रकोप जोखिम तथा सामाजिक स्रोत नक्साङ्कन र लैङ्गिक सामानता र सामाजिक समावेशीकरण कार्यविधि प्रयोग गरी बहिष्कृत र सङ्कटासन्न समूहहरूको पहिचान गर्ने औजारबारे जानकारी गराउनुपर्छ । आआफ्नो पालिकामा सङ्कटासन्नता र क्षमता पहिचान गर्न भिन्दै लक्षित समूह छलफल गरिने छ । औजारको प्रयोग सिक्न सहभागीलाई कुनै वडा, क्षेत्र वा पालिकामा विपद् र जलवायु परिवर्तनबाट परेका असरहरूबारे विश्लेषण गर्न भन्नुपर्छ । यो अभ्यासले सहभागीलाई विपद्को बेला यस्ता समूहका आवश्यकताबारे बढी जानकारी गराई उचित निर्णय लिन उन्मुख गर्दछ जस्ले गर्दा यस्ता सङ्कटासन्न स्थानका समुदायहरु विपद्हरूको सामना गर्न राम्रो तयारी अवस्थामा रहन सक्छन् (औजार : S9T1_LDCRP process and tools) ।

## प्रशिक्षक/सहजकर्तालाई सुझाव

प्रशिक्षक वा सहजकर्ताले सहभागीलाई स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको अवधारणा बुझाइ, यसका दस औजार प्रस्तुत गर्नुपर्छ । एकै सत्रमा सबै औजारको प्रयोग सिक्न नसकिने हुँदा औजार नम्बर १० को प्रयोग गर्ने अभ्यास सिकाउन उपर्युक्त हुन्छ ।

यो अभ्यासले पालिकाहरूलाई स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको कार्यविधि तयार पार्न र विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलनलाई पालिकाहरूका विकास योजनाहरूमा प्राथमिकतामा पार्न पनि मद्दत गर्छ । सहभागीले उनीहरूका वडा वा पालिकाको कुनै क्षेत्रमा परेको विपद्/जलवायु परिवर्तनले पारेको जोखिमलाई उदाहरण बनाउन आग्रह गर्नुपर्छ (औजार : S9T2_LDCRP group Work) ।

## सत्र योजना (९० मिनेट)

यस सत्रमा सिकाइका अपेक्षित उद्देश्यहरु र प्रशिक्षण विधिबारे छलफल गरिन्छ ।

| समग्र उद्देश्य | विशेष उद्देश्य |
|---|---|
| सहभागीलाई स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तयार पार्ने समयसीमा तय गर्न लगाउने र यसका औजारहरूको प्रयोगप्रति उन्मुख गराउने | जलवायु परिवर्तन र यसको विपद् व्यवस्थापनसँग सम्बन्ध बुझ्नेछन् ।<br>स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना औजारहरूसँग परिचित हुनेछन् ।<br>जोखिम न्यूनीकरण गर्ने, सङ्कटासन्नता कम गर्ने र अल्पीकरण गर्ने अवधारणहरु बुझ्नेछन् । |

## अपेक्षित सहभागी

नगरपालिकाहरूका प्रमुख/उपप्रमुख, गाउँपालिकाहरूका अध्यक्ष/उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्ष, प्रशासकीय समितिका सदस्य, विपद् जोखिम न्यूनीकरणसँग सम्बन्धित सम्पर्क व्यक्ति, इन्जिनियर, पालिकाका विषय समितिका सम्पर्क व्यक्तिहरु ।

## सत्रको सारांश

| गतिविधि | समय | विवरण | औजार | तयारी |
|---|---|---|---|---|
| १<br>विपद् जोखिम न्यूनीकरणलाई मूल प्रवाहमा ल्याउने औजार, स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना | दिन २<br>२:३०-२:४५<br>(१५ मिनेट)<br><br>२:४५-३:००<br>(१५ मिनेट) | **गतिविधि १ : स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको बुझाइ**<br>● स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना<br>● विपद् जोखिम न्यूनीकरण र सङ्कटासन्नता र क्षमता विश्लेषणलाई जोखिम न्यूनीकरणका लागि पालिकाहरूका योजना प्रक्रियामा मूल प्रवाहीकरणमा पार्ने<br>● सङ्कटासन्नता र क्षमता विश्लेषण औजार | S9T1_LDCRP process<br><br>and tools | प्रत्येक सहभागीका लागि स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको एक-एक प्रति छापी तयार राख्ने |

| | | | | |
|---|---|---|---|---|
| २<br>सङ्कटासन्नता र क्षमता विश्लेषण औजारको अनुकरण अभ्यास | ३:१५-४:१५<br>६० मिनेट) | **गतिविधि २ : स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनालाई आन्तरिकीकरण गर्ने**<br>● सत्र ८ क : सङ्कटासन्नता र क्षमता विश्लेषण औजारहरूको प्रयोग गरी अनुकरण अभ्यास<br>● स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तथा यसको कार्ययोजनालाई पनि अद्यावधिक गर्ने | S9T2_LDCRP group Work 1<br>S9T2_LDCRP group Work 2 | प्रत्येक सहभागी पालिकाहरूका लागि खैरो कागज, सेतो कागज, रङ्गिन कलम र मार्कर तयार पार्ने |

## सत्र गतिविधिको विवरण

| | | |
|---|---|---|
| दिन २<br>२:३०-२:४५<br>(१५ मिनेट) | **गतिविधि २ : स्थानीय विपद् जलवायु तथा उत्थानशील योजनाबारे बुझाइ**<br>● सहभागीलाई आफूसम्वद्ध पालिकामा यसबारे गरिएका पूर्वतयारीबारे सोध्ने<br>● स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तथा सङ्कटासन्नता र क्षमता विश्लेषण औजारबारे प्रस्तुति<br>● स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना उद्देश्यहरु स्पष्ट पार्ने<br>● स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनासम्बन्धी औजारहरूसँग परिचित गराउँदै यसको प्रयोग गर्न सिकाउने<br>● स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाका जानकारीलाई पालिकाको योजना प्रक्रिया र जोखिम न्यूनीकरणका लागि एकीकृत गर्न सिकाउने<br>● सङ्कटासन्नता र क्षमता विश्लेषणसम्बन्धी १० औजार | **उद्देश्यहरु**<br>औजार- S9T1_LDCRP process and tools<br>यसलाई पालिका योजना प्रक्रियाको सातै चरणमा जोड्नु |

| | | |
|---|---|---|
| ३:१५-४:१५ (६० मिनेट) | **ञतिविधि २ : स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको आन्तरिकीकरण**<br>• एउटा वडाको सङ्कटासन्नता र क्षमता विश्लेषण गर्न समूहकार्य<br>• पहिचान भएका प्रकोपका आधारमा त्यस वडाको सामाजिक नक्साङ्कन गर्न सहभागीलाई सहयोग गर्ने<br>• प्रकोप र सङ्कटासन्नतामा केन्द्रित भई गरिएको समूह अभ्यास प्रस्तुत गर्ने<br>• स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाले कसरी विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनलाई एकीकृत गर्ने अनि यसलाई विकास योजनाहरूमा मूल प्रवाहीकरण गर्नुपर्ने आवश्यकतामा जोड दिँदै प्रस्तुतिहरूका सारांश तयार गर्ने<br>• स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तयारी र अद्यावधिक गर्ने योजनाबारे कार्ययोजना तयार पार्ने | औजार : S9T2_LDCRP group Work I<br>विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनलाई विपद् तथा जलवायु उत्थानशीलताको विकास योजनामा मूल प्रवाहीकरण गर्ने स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना प्रक्रियाप्रति उन्मुख गराउने<br><br>औजार : S9T2_LDCRP group Work 2 |

## प्रशिक्षण सामग्री

प्रशिक्षण तालिका, बोर्ड मार्कर, मास्किङ टेप, डबल साइडेड टेप, मेटा कार्ड, साइन पेन, न्युज प्रिन्ट पेपर, पुस पिन, कार्डबोर्ड पेपर, खैरो कागज ।

| | |
|---|---|
| अपेक्षित परिणाम | पालिकाका जनप्रतिनिधि र कर्मचारीहरूले स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको महत्व बुझी आआफ्नो पालिकाहरूमा यस्ता योजना तयार पार्ने छन् । |
| पुष्ट्याइँका आधारहरू | समूहकार्यको प्रस्तुति |
| सन्दर्भ-सामग्री | स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना कार्यविधि २०७४ |

# सत्र १०

## विकास प्रक्रियामा समावेशी विपद् जोखिम न्यूनीकरण मूल प्रवाहीकरण



# पृष्ठभूमि परिचय

विपद् प्रभावित व्यक्ति र समुदायहरूलाई उनीहरूको जीवन रक्षार्थ छोटो समयका लागि राहत सहायता आवश्यक पर्छ । विपद्लाई एक ठूलो आकस्मिक भट्काको रूपमा लिन सकिन्छ । जसले व्यक्ति र राष्ट्रको प्रकोप सामना क्षमतालाई कमजोर बनाइदिन्छ । यस अवस्थामा राहत सहायता आवश्यक भए पनि लामो समयसम्म राहतमै निर्भर रहनाले एक प्रकारको परनिर्भर प्रवृत्ति पैदा हुन्छ । यसले स्थानीय बजारलाई पनि ऋणात्मक असर पार्छ । तसर्थ दिर्घकालीन रूपमा पुनर्लाभको स्थितिमा आउन गरिने पहललाई विकासका अवधारणासँग जोड्नुपर्छ । छोटो समयका लागि नगद राहत उपलब्ध गराउन पनि नगद राहतले स्थानीय बजारमा पार्ने प्रभावको गहिरो विश्लेषण गरिनुपर्छ । तसर्थ विपद् पूर्वतयारी र प्रतिकार्यलाई स्थानीय सरकारले विकास नीति र योजना प्रक्रियाहरूमा एकीकृत गरी स्रोत पनि विनियोजित गर्न जरूरी छ ।

## विपद् जोखिम न्यूनीकरणलाई विकासमा मूल प्रवाहीकरण

नेपाल सरकारले स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाअन्तर्गत स्थानीय सरकारहरूका विकास प्रक्रियामा विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनलाई मूल प्रवाहीकरण गर्न जोड दिएको छ । नेपाल सरकारले स्थानीय सरकारहरूलाई योजना तर्जुमा प्रक्रियाका सात चरणहरु तय गरेको छ ।

## योजना तर्जुमा प्रक्रियाका सात चरणहरु

चरण १ : बजेटको पूर्वतयारी

- पुस मसान्तभित्र आम्दानी/खर्चको विवरण र वर्षको अन्त्यसम्म हुने खर्चको प्रक्षेपण सङ्घीय सरकारलाई बुझाइ सक्ने
- चैत्र मसान्तभित्र बजेट सीमा सङ्घीय र प्रादेशिक सरकारहरूबाट स्वीकृत गराइसक्नु पर्ने

चरण २ : वैशाख १० भित्र स्रोत अनुमान तथा बजेट सीमा निर्धारण

चरण ३ : वैशाख मसान्तभित्र वडा र बस्ती तहका योजनाहरु तयारी

चरण ४ : जेष्ठ १५ भित्र बस्ती र वडा तहका योजनाहरूको छनौट र प्राथमिकिकरण

चरण ५ : आषाढ ५ भित्र बजेट तथा कार्यक्रम समितिद्वारा बजेट तथा योजनाको तर्जुमा

चरण ६ : असार १० भित्र गाउँ/नगर कार्यपालिकाबाट बजेट स्वीकृत गरी पालिका सभामा स्वीकृतिका लागि पेश गर्ने

चरण ७ : पालिका सभाद्वारा बजेट तथा कार्यक्रमको स्वीकृति

- असार १० भित्र बजेट तथा कार्यक्रम स्वीकृतिका लागि प्रस्तुति
- असार मसान्तभित्र बजेट तथा कार्यक्रमको स्वीकृति

स्थानीय सरकारहरूको सात चरणको योजना प्रक्रिया, स्थानीय विपद् जोखिम न्यूनीकरण योजनाहरु सँग जोडिएको हुनुपर्छ अन्यथा यसमा पर्याप्त वित्तीय सहयोग प्राप्त हुँदैन वा पालिकाहरूका विकास योजनाका मूलप्रवाह भित्र पर्दैनन् । पालिकाहरूले लैङ्गिक र उमेर विविधता खण्डीकृत तथ्याङ्कलाई समुदाय तहको योजना निर्माण अगावै अद्यावधिक गर्नु आवश्यक छ ।

## समावेशी दृष्टिकोण

विपद् जोखिम व्यवस्थापनलाई मूल प्रवाहीकरणमा ल्याउन समावेशी दृष्टिकोण राख्नुपर्छ । स्थानीय सरकारको विकास योजनाहरु र प्रक्रियामा महिला, बालबालिका, जेष्ठ नागरिक, अल्पसङ्ख्यक र सीमान्तकृत समुदाय सबैको पहुँच प्रतिनिधित्व र अर्थपूर्ण सहभागिता हुनपर्छ । यस सत्रमा स्थानीय सरकारको योजना र स्रोत बाँडफाँट गर्ने पाँच समिति (आर्थिक विकास समिति, पूर्वाधार विकास समिति आदि) मा समावेशी दृष्टिकोण अपनाउनका लागि आवश्यकता र अवसरहरु खोजी गरी सोहीमार्फत विपद् जोखिम व्यवस्थापनलाई मूल प्रवाहीकरण गर्न छलफल गरिन्छ (औजार : S10T1_Mainstreaming DRR in Dev) ।

लैङ्गिक समानता र सामाजिक समावेशीकरणको साझा प्रारूप[5]ले लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई विकासमा मूल प्रवाहीकरण गर्न कार्यदिशा र औजारहरु प्रदान गरेको छ । यो प्रारूप नेपालमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको आवश्यकता, बहिष्कृत वर्गहरूको पहिचान, बहिष्कृत/सङ्कटासन्न वर्गहरूको सूची, लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई नीति, कार्यक्रम, संस्थागत कार्यढाँचा, योजना चक्र लगायतमा केन्द्रीकृत छ ।

अन्तर्निकाय स्थायी समितिको लैङ्गिक र उमेर लेखाजोखाले मानव उत्तरदायी र विपद् जोखिम न्यूनीकरणसम्बन्धी प्रमुख कार्यक्रमहरूमा लैङ्गिक र उमेरसम्बन्धी आवश्यकता कत्तिको सम्बोधन भए भनी अध्ययन गर्दछ । यो लेखाजोखा उक्त समितिको पहिलेको लेखाजोखा प्रणालीको साथसाथै अनुगमन पद्धति पनि थपेर सुधार गरिएको छ । यस सुधारिएको लेखाजोखाबाट कार्यक्रमहरूको प्रभावकारिता बढ्नुका साथै संस्थाहरूले सबै प्रकारका विविधताहरूलाई सम्बोधन गर्न सिक्दै र सुधार गर्दै लैजान सक्छन् । सन् २०१९ को मानवीय योजना चक्रले सन् २००९ देखि प्रयोग गरिएको लैङ्गिक मात्र लेखाजोखालाई प्रतिस्थापन गर्दै लैङ्गिक र उमेर लेखाजोखासहितको फाइनान्सीयल ट्राकिङ सिस्टम प्रतिवेदनमा पनि समावेश गर्न भनेको छ । साथै, सबै सदस्य राष्ट्रलाई पनि अन्तर्निकाय स्थायी समितिका फाइनान्सीयल ट्राकिङ सिस्टमको प्रयोग गरिएका लैङ्गिक र उमेर लेखाजोखा प्रयोग गरिएका आयोजनाहरूलाई मात्र वित्तीय सहयोग प्रदान गर्न आह्वान गरेको छ । कुनै कार्यक्रम/परियोजना/पहलहरूले लैङ्गिक र उमेरको आधारमा फरक फरक समूहहरूका आवश्यकताहरूको सम्बोधन गरेका छन् वा छैनन् भन्ने कुराको अध्ययन गर्न, प्रमाणीकरण गर्न र मूल्याङ्कन गर्न यस लैङ्गिक तथा उमेर लेखाजोखा एक उपयोगी औजार हुन्छ । साथै यसले कार्यक्रमका लक्षित समूहका लैङ्गिक र उमेर विविधताअनुसारको फरक फरक आवश्यकतालाई पनि ध्यान दिन्छ । साथै यस लेखाजोखाबाट लैङ्गिक परिप्रेक्ष्यका आधारमा आवश्यकताको विश्लेषण गरिएको छ छैन, लक्षित कार्यक्रमहरु बहिष्कृत र सङ्कटासन्न समूहहरु समाहित छन् कि छैनन्, यी समूहहरूको पर्याप्त सहभागिता

5 https://www.undp.org/content/dam/nepal/docs/generic/GESI%20framework%20Report_Final_2017.pd

छ या छैन भन्ने तथा सूचकहरूको आधारमा उनीहरूलाई फाइदा पुगेको छ छैन भनी जानकारी प्राप्त हुन्छ ।

बजेट नीतिहरूले असमानता र भेदभावहरु हटाउन महत्वपूर्ण योगदान गर्छन् । लैङ्गिक उत्तरदायी बजेटले महिलालाई समान अधिकारका भागी बनाउँदै उनीहरूलाई बजेटको माध्यमबाट संरक्षण गर्न र ससक्त बनाउने वातावरण प्रदान गर्छ[6] । लैङ्गिक उत्तरदायी बजेटलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि सरकारको बजेट निर्माण, नीति र प्रक्रियामा विकासका साझेदार र अरू सरोकारवालालाई आआफ्नो तहबाट पुगेको सहयोगको स्तर जाँच्ने रणनीतिक औजारको रूपमा लिन सकिन्छ । लैङ्गिक उत्तरदायी बजेट प्रकृयाबाट नयाँ तथा प्रचलित योजनाहरूमा लैङ्गिक समानता र महिला सशक्तीकरणका लागि बजेट व्यवस्था गरेर दिगो विकासका लक्ष्यहरु प्राप्त गर्न उन्मुख हुन सकिन्छ ।

| क्रम संख्या | सूचक | परिमाण |
|---|---|---|
| १. | योजना तर्जुमा र कार्यान्वयनमा महिला सहभागिता | २०% |
| २. | महिलाको क्षमता अभिवृद्धि | २०% |
| ३. | कार्यक्रममा महिलालाई लाभ र नियन्त्रणमा सुनिश्चितता | ३०% |
| ४. | महिलाको रोजगारी र स्वरोजगार र आय आर्जमा अभिवृद्धि | २०% |
| ५. | महिलाको समयको प्रयोगमा गुणात्मक सुधार र कार्यबोझमा ल्याउने कमी | १०% |
| | जम्मा | १००% |
| प्रत्यक्ष लैङ्गिक उत्तरदायी (१) | अप्रत्यक्ष लैङ्गिक उत्तरदायी (२) | तटस्थ (३) |
| = >५०% | >२०% देखि <५०% | <२० % |
| लैङ्गिक उत्तरदायी बजेटका सूचकहरु र वर्गीकरण मापदण्ड, अर्थ मन्त्रालय, लैङ्गिक उत्तरदायी बजेट तर्जुमा दिग्दर्शन २०६९ | | |

यस लैङ्गिक तथा उमेर लेखाजोखामा पाँच चरणहरु समाविष्ट छन् (क) सम्बन्धित क्षेत्रमा पुरूष, महिला, किशोर किशोरी, बालबालिकाको अवस्था (ख) नीतिहरूले सबै लैङ्गिक अवस्थालाई कसरी सम्बोधन गरेको छ भन्ने लेखाजोखा (ग) बजेटमा विनियोजित रकमहरु लैङ्गिक उत्तरदायी नीतिहरूका लागि पर्याप्त छ या

6 Diane Elson (2006) Budgeting for Women's Rights. Monitoring Government Budgets for Compliance with CEDAW

छैन भन्ने लेखाजोखा (घ) खर्चबाट भएका अल्पकालीन उपलब्धिहरु र खर्चहरु कसरी भएका छन् भनी लेखाजोखा र (ङ) खर्चको असरबाट हासिल गरिएका दिर्घकालीन उपलब्धिहरूको लेखाजोखा छन् । लैङ्गिक उत्तरदायी बजेटले सार्वजनिक सञ्चीती र सम्पत्तिको बाँडफाँटको प्रभावकारी विनियोजनबाट लैङ्गिक समानता र महिला सशक्तीकरणका लागि योगदान गर्छ । साथै लैङ्गिक उत्तरदायी बजेटले विभिन्न व्यक्ति र समूहहरूका आवश्यकता र चाहना परिपूर्ति गर्ने गर्छ । यसैगरी, यसले श्रमको लैङ्गिक आधारमा विभाजन र महिलाको बिनापारिश्रमिकका कार्यहरूबाट अर्थतन्त्रमा गर्ने योगदानलाई पहिचान पनि दिन्छ ।

## विकास योजना र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको मूल प्रवाहीकरण

मूल प्रवाहीकरण भन्नाले चालु गतिविधिमा खाली महिला, लैङ्गिक समानता वा सामाजिक समावेशीकरण भनी एक घटकका रूपमा मात्र उल्लेख गर्ने नभई यसलाई नीति निर्माण अनुसन्धान, बहस पैरवी, स्रोत बाडफाँट तथा योजना निर्माण कार्यान्वयन र निरीक्षणसहित सबै गतिविधिमा सामेल गराउनु पर्छ । मूल प्रवाहीकरणका लागि लक्ष्यहरु, रणनीतिहरु र कार्ययोजनामा केही परिवर्तन पनि गर्नुपर्ने हुनसक्छन् ताकि महिला, पुरूषहरु र अन्य बहिष्कृत समूहहरूले सहभागिताबाट विकास र विपद् जोखिम न्यूनीकरण प्रकृयामा सहभागी हुन र लाभान्वित हुन सकुन् । विपद् जोखिम व्यवस्थापनका सबै चक्रमा लैङ्गिक समानता वा सामाजिक समावेशीकरणको प्रभावकारी मूल प्रवाहीकरणबाट सङ्कटासन्नता र क्षमतामा समय र परिस्थितिअनुसार परिवर्तन आउन सक्छ ।

| विपद् जोखिम व्यवस्थापन विभिन्न चक्रहरु | | लैङ्गिक समानता र सामाजिक समावेशीकरण मूल प्रवाहीकरणका अवसरहरु |
|---|---|---|
| विपद्पूर्वको चरण | पूर्वतयारी | • महिला, पुरुष, बहिष्कृत समूह, गरिब र खास आवश्यकता भएकाहरूलाई समावेश गर्ने सम्बन्धमा भएका कमीकमजोरी पत्ता लगाइ तीनको सङ्कटासन्नता र क्षमता विश्लेषण<br>• विपद् व्यवस्थापन पूर्वतयारीका योजनाहरूमा लैङ्गिक उत्तरदायी, क्षमता र सङ्कटासन्नता विश्लेषण कार्यढाँचाको प्रयोग<br>• लैङ्गिक उत्तरदायी पूर्वतयारी योजनाजस्तै लैङ्गिक उत्तरदायी पूर्वचेतावनी प्रणाली<br><br>प्रभावकारी लैङ्गिक उत्तरदायी पूर्वतयारीमा समावेश हुने विषय :-<br><br>• जोखिमको लैङ्गिक उत्तरदायी लेखाजोखा, लैङ्गिक खण्डीकृत तथ्याङ्क र लैङ्गिक उत्तरदायी सङ्कटासन्नता र क्षमता विश्लेषण |

| | | |
|---|---|---|
| | | • लैङ्गिक उत्तरदायी समुदाय सहभागिता<br>• विपद् पूर्वतयारी र प्रतिकार्यहरूमा महिला र पुरूषका भूमिकाबारे सामुदायिक शिक्षा<br>• सामुदायिक निर्णय प्रकृया र पूर्वतयारीसम्बन्धी गतिविधिमा महिला सहभागितामा आइपर्ने सामाजिक-सांस्कृतिक अवरोधलाई व्यवस्थापन गरी पुरुष र महिलाको समान सहभागिता गराउनेबारे सामुदायिक चेतना<br>• प्रतिकार्यमा संलग्न हुने सबै संस्था र व्यक्तिलाई लैङ्गिक उत्तरदायी प्रतिकार्यमा क्षमता अभिवृद्धि र सचेतना<br>• महिलालाई पूर्वचेतावनी, सूचना प्रसारण र प्रतिकार्यमा सहभागी गराउन क्षमता अभिवृद्धि र सशक्तीकरण<br>• महिला स्वयम्सेविकालाई विपद् प्रतिकार्य, पुनर्लाभ तथा र स्थानान्तरण (प्रकोप स्थलबाट) योजना तर्जुमा तथा कार्यान्वयन अभ्यासका लागि प्रशिक्षण<br>• जेष्ठ नागरिक (महिला तथा पुरुष) हरूको स्थानीय ज्ञान अनुभव विपद् व्यवस्थापनमा मुख्य स्रोतका रूपमा प्रयोग |
| | निबारेण | • जोखिम र सङ्कटासन्नताका विविधताबारे बुझी क्षमता अभिवृद्धि गर्न<br>• बहु-प्रकोप जोखिम लेखाजोखा र नक्साङ्कन गर्न (सहभागीलाई जोखिम नक्साङ्कन र जोखिम मेट्रिक्स तयार पार्ने अभ्यास गराउने र यसबाट सहभागीलाई बहु-प्रकोप जोखिम बुझाउन मद्दत गर्ने)<br>• प्रकोप, जोखिम र सङ्कटासन्नता व्यवस्थापन<br>• विपद् जोखिम न्यूनीकरणसम्बन्धी कानुन/निर्देशन/नियमावलीहरु जस्तै, भवन निर्माण संहिता आदि तयार पार्न र सबै सरकारी तहमा कडाइका साथ पालन गर्न लगाउन<br>• खुल्ला क्षेत्र आपतकालीन सामग्री भण्डारण, स्थानान्तरण गराउनुपर्ने सुरक्षित क्षेत्र र आवश्यकीय सबै सेवाबारे प्रावधानहरु तयार पारी समुदायहरूसँग छलफल र जानकारी गराउन<br>• लैङ्गिक संवेदनशील विकास योजना र रणनीति तथा सामुदायिक विकास योजनालगायतका कार्यक्रम तयार पारी एकल महिला, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, सङ्कटासन्न र अन्य उपेक्षित वर्गको सुरक्षा सुनिश्चित गर्न |

| | | |
|---|---|---|
| | | • विपद् र यसबाट पर्न सक्ने असरबारे महिला, पुरूष, अपेक्षित वर्ग र अन्य सबैलाई राम्ररी बुझाइ यस्तो बेला आफू परिवार र समुदायलाई कसरी जोगाउने र विपद्हरु रोकथाम तथा प्रतिकार्य गर्न के के गर्न सकिन्छ भन्नेबारे पूर्ण जानकारी गराई सकृय गराउन<br>• विपद् रोकथाम र विपद् जोखिम व्यवस्थापनमा खास गरी राहत कार्यहरूमा दक्षता बढाउन महिला र पुरूषहरूको समान सहभागिता हुने प्रावधान बनाउन |
| विपद् बेलाको चरण | प्रतिकार्य | • लैङ्गिक आधारमा तुरून्तै गरिहाल्नुपर्ने प्रतिकार्य : आवश्यकता, संरक्षण र सहभागिता<br>• लैङ्गिक खण्डीकृत तथ्याङ्कबाट गरिब, सङ्कटासन्न, सीमान्तकृत र बहिष्कृत समुदायहरु र वर्गहरु लक्षित प्रतिकार्यबारे योजना तयार पार्न<br>• आपतकालीन उद्धार कार्यका सबै चरणमा महिला र पुरूष सबैको दैनिक उपभोग्य वस्तुमा समान पहुँचको सुनिश्चितता गर्न<br>• मानवीय योजना चक्र निर्माण गर्नलाई औजार विकसित गर्न<br>• शिघ्र पुनर्लाभका लागि लैङ्गिक सम्वेदनशील प्रारम्भिक द्रुत लेखाजोखा र विपद्पश्चात् आवश्यकताको लेखाजोखाबाट भरपर्दो तथ्याङ्क जम्मा गर्न |
| | पुनर्लाभ | **पुनर्लाभको चरणमा लैङ्गिक उत्तरदायी गतिविधि**<br>क. जीविकोपार्जनका आधारलाई पुनर्स्थापना गर्न लैङ्गिक आवश्यकतामा ध्यान दिई र महिला/पुरूष दुवै वर्गलाई बराबर अवसरहरु प्रदान गर्न<br>ख. आवश्यक पूर्वाधार विकास-आवास, स्वास्थ्य, शिक्षा, पानी, खाद्य सुरक्षा, सफाई र स्वच्छताजस्ता कुराहरूमा लैङ्गिक विशिष्टता प्रति सचेत रहन<br>ग. महिला र अन्य बहिष्कृत वर्ग (जस्तै अपाङ्गता भएका युवा) को नीति निर्माण र योजना प्रक्रियाहरूमा सहभागिता बढाउन<br>सेन्दाई कार्यढाँचाको ३६ (क) १ ले पुनर्लाभको लैङ्गिक आयामलाई पहिचान गरेको छ । |

| | | |
|---|---|---|
| | | विपद् जोखिम व्यवस्थापनका लागि उत्कृष्ट प्रारूप स्रोतको उपलब्धतासहित लैङ्गिक वा संवेदनशील विपद् जोखिम न्यूनीकरण योजना, नीति तथा कार्यक्रमको कार्यान्वयनमा महिला तथा उनीहरूको सहभागिता महत्वपूर्ण हुन्छ । पूर्वतयारीका साथै विपद्पछिको अवस्थामा जीविकोपार्जनलाई सहज बनाउने वैकल्पिक विधि सुनिश्चित गर्ने कार्यमा उनीहरूको क्षमता बढाउन र महिलाको सशक्तीकरणका लागि पर्याप्त रूपमा क्षमता वृद्धिका विधि अपनाउनु पर्छ । |
| | | पूर्वाधार र जीविकोपार्जन पुनर्स्थापनाका लैङ्गिक उत्तरदायी अवयवहरु<br>लैङ्गिक उत्तरदायी पूर्वाधार विकास र जीविकोपार्जन कार्यक्रम तलका सिद्धान्तद्वारा दिशानिर्देश हुनुपर्छ :-<br>● लैङ्गिक सवाललाई मध्यनजर गर्दै प्रभावित संरचनाहरूको लेखाजोखा<br>● विभिन्न वर्गका पुरूष र महिलाका आवश्यकताको पहिचान र पुनर्लाभका उपायहरूको सुनिश्चितता (उमेर वैवाहिक स्थितिको बावजुत पनि)<br>● आवश्यकताहरूको लेखाजोखा र निर्णय प्रक्रियामा सबै उमेर र वैवाहिक स्थितिका महिला र महिला समूहहरूको सहभागिताको सुनिश्चितता गर्ने<br>● पूर्वाधार विकासका लागि आवश्यक सामग्री महिलाद्वारा सञ्चालित पसलहरूबाट खरिद गर्ने र महिलालाई पूर्वाधार विकास र अरू पुनर्लाभ प्राप्तिका कार्यहरूमा लगाउन<br>● उद्यमशीलतामा लाग्न चाहने महिलालाई तालिम र नगद सहयोग जुटाइदिन<br>● सबै वर्गका महिला र पुरूषलाई सेवा क्षेत्रमा समान पहुँच सुनिश्चित गर्ने<br>● लैङ्गिक उत्तरदायी सूचकहरूको आधारमा लैङ्गिक उत्तरदायीपन कार्यान्वयन भएको छ वा छैन भनी अनुगमन र लेखाजोखा गर्ने<br><br>आर्थिक अवसरहरु बढाउन र आर्थिक स्रोतहरूमा महिलाको पहुँच बढाउन पुरूषसरह महिलाको पनि आर्थिक स्रोतहरूमा समान पहुँच हुनुपर्छ । स्रोतहरूमा महिलाको स्वामित्व र अधिकार बढेपछि उनीहरूमा सुरक्षाको विश्वास, जीवनस्तर र आत्मसम्मानमा बढोत्तरी हुन्छ । यसबाट महिलालाई मात्र फाइदा नभइ उनीहरूको परिवार, समुदाय र समाजलाई नै फाइदा पुग्छ । |

| | | |
|---|---|---|
| | | महिलालाई ऋण प्रदान गर्दा पूरै समाजलाई नै फाइदा पुग्छ ।<br><br>महिला, गरिब र सङ्कटासन्न अवस्थाका वर्गलाई लक्षित कार्यक्रम र गतिविधिले पूरै समुदायमै गुणाङ्कीय प्रभाव पैदा गर्छ ।<br><br>महिलाको आर्थिक स्रोतहरूमा पहुँच बढाउन सिफारिस गरिएका केही उपायहरु<br>● बिनाजरिवाना र अनुबन्धमा उल्लेखित दण्डविना शिघ्र ऋण तिर्न पाउने उपाय<br>● सहुलियत ब्याजदरसहित वा क्रेडिट ग्यारेन्टी स्किमसहितका सामाजिक ऋण सहुलियत योजनाको कार्यान्वयन<br>● सबैभन्दा सङ्कटासन्न महिलाका लागि सामूहिक जवानीमा ऋण<br>● प्रचलनमा रहेका उत्तम व्यवस्था अनुसरण गरी वित्तीय संस्था जस्तै ऋण सहकारी संस्थाहरु स्थापना गर्ने । अरू वित्तीय संस्थामध्ये ऋण सहकारी संस्थाका धेरै फाइदा छन्, यस्ता संस्था स्थानीय स्तरमा थोरै पुँजी लगानीद्वारा र स्थानीयकै स्वामित्वमा रही सञ्चालनमा रहेको हुन्छ ।<br>● सामाजिक उत्तरदायी कार्यक्रम र परियोजना सञ्चालन गर्न वित्तीय सेवा दिने बैंक र लघुवित्त संस्थाहरु स्थापनार्थ राज्यबाट उपलब्ध सहयोग लिन |
| विपद्पछिको चरण | पुनर्निर्माण | ● खण्डीकृत तथ्याङ्क जम्मा गरी लैङ्गिक, उमेर र विविधता र क्षमताको विश्लेषण गर्न तथा महिला, किशोरी र सीमान्तकृत वर्गसँग छलफल गरी पुनर्निर्माणको योजना तर्जुमा एवं कार्यक्रम अनुगमन गर्न ।<br>● लैङ्गिक मूल प्रवाहीकरण र लैङ्गिक समानताको लक्ष्यअनुकूल महिला सशक्तीकरणलाई मद्दत पुग्ने गरी पुनर्निर्माण सुरू गर्नुका साथै पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभ प्राप्तिका गतिविधि सुरू गर्न । यी सबै गतिविधिलाई लैङ्गिक उत्तरदायी बनाई हरेक वर्गका महिला, किशोरी, पुरूष र किशोरहरूका खास खास आवश्यकता र प्राथमिकताहरु सम्बोधन गर्न ।<br>● महिला सशक्तीकरणका लागि जीवनोपयोगी सीपहरु सिकाउन (आवश्यक भए नगद अनुदानसहित) र यस्ता अवसरहरू महिला/किशोरीलाई उपलब्ध र सुरक्षित गराउन । |

| | | |
|---|---|---|
| | | • महिला/किशोरीले गर्ने बिनाज्यालाका घरायसी कामकाज पहिचान गरी उनीहरूप्रति कम भार र जिम्मेवारी पर्ने गरी कामको बाँडफाँट गर्ने रणनीति बनाउन । <br>• महिला, सीमान्तकृत समूहहरूलाई उचित प्रतिनिधित्व गराउन र नेतृत्व तहमा पुर्‍याउन प्रयत्न गर्न । |
| | पुनर्स्थापना | • बालबालिका, अपाङ्गता भएकाहरु, लैङ्गिक, यौनिक, अल्पसङ्ख्यक, एड्स प्रभावित, किशोरी, एकल महिला, महिला घरमूली भएको परिवार, गर्भवती र सुत्केरी, जेष्ठ नागरिक, दलित महिला, धार्मिक र अल्पसङ्ख्यक समूहका महिला र आदिवासी महिला सबैका आवश्यकतालाई ध्यान दिई पुनर्स्थापना कार्यहरु गर्न । <br>• दिगो, भौतिक, मानसिक र आर्थिक वृद्धिका लागि पुनर्लाभ र पुनर्स्थापना प्रकृयामा सम्भव भएसम्म स्वदेशी ज्ञान, सिप, प्रविधि प्रयोग गर्न जोड दिन । |

## प्रशिक्षकका लागि सुझाव

समावेशीकरण र मूल प्रवाहीकरण बोल्दा राम्रा तर अमूर्त शब्दहरु हुन् । खाली यी शब्दहरूको उल्लेख मात्र गरिरहनु भन्दा यी शब्दका मर्मलाई कसरी व्यवहारमा उतार्ने भनी प्रशिक्षणकर्ता/सहजकर्ताले व्यावहारिक औजारहरु प्रयोग गरी पालिकाका जनप्रतिनिधिलाई बुझाउन जरूरी छ । विपद् व्यवस्थापनका पूर्वतयारी र प्रतिकार्यसम्बन्धी योजनाहरु, समुदाय र वडा तहबाट बनाइनु जरूरी छ भनी जोड दिनुपर्छ । सबै विकास निर्माणसम्बन्धी गतिविधिमा विपद् न्यूनीकरण, लैङ्गिक समानता र सामाजिक समावेशीकरणका उपाय अवलम्बन गर्नुपर्नेमा जोड दिनुपर्छ । प्रशिक्षक/सहजकर्ताले S10T2_Mainstraming DRR GrpWork औजार र अन्य प्रभावकारी औजार विकसित गरी सहभागीलाई समूहकार्यमार्फत अभ्यास गराउनु पर्छ ।

## सत्र योजना (६० मिनेट)

यस खण्डमा सत्रको अपेक्षित उद्देश्य र प्रशिक्षण विधिबारे छलफल गरिन्छ ।

| समग्र उद्देश्य | विशिष्ट उद्देश्यहरु : सत्रको अन्त्यमा सहभागीले निम्न कुराहरु सिक्नेछन् । |
|---|---|
| विपद् जोखिम न्यूनीकरणलाई विकास प्रक्रियामा मूल प्रवाहीकरण गर्ने । | • विकासको नीति निर्माण तहमा विपद् जोखिम न्यूनीकरणलाई मूल प्रवाहीकरण गर्ने ज्ञान <br>• स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाका खोजहरूलाई पालिकाका ७ चरणको योजनासँग जोड्न <br>• विकास गतिविधिमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणमैत्री विकास योजनाको बारेमा सचेतना अभिवृद्धि गर्न <br>• जेष्ठ नागरिकमैत्री, अपाङ्गतामैत्री र बालमैत्री विकास योजनाहरूको सुरूआत गर्न |

## अपेक्षित सहभागी

नगरपालिकाहरुका प्रमुख/उपप्रमुख, गाउँपालिकाहरुका अध्यक्ष/उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्ष, प्रशासकीय समितिका सदस्य, विपद् जोखिम न्यूनीकरणसँग सम्बन्धित सम्पर्क व्यक्ति, इन्जिनियर, पालिकाहरुका विषय समितिका सम्पर्क व्यक्तिहरु ।

## सत्रको सारांश

| गतिविधि | समय | विवरण | औजार | तयारी |
|---|---|---|---|---|
| १<br>विकास योजनाहरुमा विपद् जोखिम न्यूनीकरणको मूल प्रवाहीकरण | दिन २<br>४:१५ –४:३०<br>(१५ मिनेट) | **गतिविधि १ : समावेशीकरण सहितको विपद् जोखिम न्यूनीकरणलाई विकास प्रक्रियामा मूल प्रवाहीकरण गर्ने ।**<br>● विपद् र विकासमा बहस<br>● स्थानीय सरकारको सात चरणको योजना तर्जुमा प्रकृया<br>● समावेशी विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनको मूल प्रवाहीकरण | S10T1_Mainstreaming<br>DRR in Dev | पालिकाका योजना तर्जुमा सात चरणहरु छापी तयार पार्ने । |
| २<br>विपद् जोखिम न्यूनीकरण कार्ययोजना समूहकार्य | ४:३०–५:१५<br>(४५ मिनेट) | **गतिविधि २ : समावेशी विपद् जोखिम न्यूनीकरणलाई विकास गतिविधिमा आन्तरिकीकरण गर्ने**<br>● समूहकार्य<br>● समावेशी विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनलाई पालिकाहरुका विकास योजनामा मूल प्रवाहीकरण गर्ने कार्ययोजना | S10T2_Mainstraming<br>Inclusive DRR Group<br>Work | समावेशी विपद् जोखिम न्यूनीकरणलाई पालिकाका योजना तर्जुमा, कार्यान्वयन र अनुगमन चरणहरुमा मूल प्रवाहीकरण गर्ने कार्य छापी आवश्यक प्रति तयार गर्ने । |

## सत्र गतिविधिहरूको विवरण

| | | |
|---|---|---|
| दिन २<br>४:१५–४:३०<br>(१५ मिनेट) | **गतिविधि १ : विकास प्रक्रियामा समावेशी विपद् जोखिम न्यूनीकरणबारे बुझाइ**<br>● विकास प्रक्रियाहरूमा विपद्को प्रभावबारे प्रस्तुति<br>● विपद् जोखिम न्यूनीकरणलाई विकासका पहलहरूसँग जोड्नु पर्ने आवश्यकताबारे विचार आदान प्रदान<br>● विपद् जोखिम न्यूनीकरण र विकास<br>● विपद् व्यवस्थापनको पूर्वतयारी प्रतिकार्ययोजनालाई पालिकाको योजना तर्जुमाका सात चरणसँग एकीकृत गर्ने<br>○ लैङ्गिक समानता र सामाजिक समावेशिता<br>○ जेष्ठ नागरिक, अपाङ्गता भएका र बालबालिकाका समूहहरु<br>● पालिकाका विभिन्न समितिमा विपद् जोखिम न्यूनीकरणको मूल प्रवाहीकरण<br><br>समावेशी विपद् जोखिम न्यूनीकरणलाई योजना, कार्यान्वयन र अनुगमनका सबै तहमा मूल प्रवाहीकरण | **उद्देश्यहरु**<br>औजार : S10_T1_Mainstreaming DRR in Dev<br><br>विकास प्रयासका उपलब्धिलाई विपद् जोखिम न्यूनीकरणले कसरी जोगाउँछ भनी देखाउने ।<br><br>विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनलाई स्थानीय सरकारको विकास योजना तर्जुमाको सातौं चरणमा एकीकृत गर्ने । |
| ४:३०–५:१५<br>(४५ मिनेट) | **गतिविधि २ : विकास प्रक्रियामा समावेशी विपद् जोखिम न्यूनीकरणलाई आन्तरिकीकरण**<br>विकास प्रक्रियामा समावेशी विपद् जोखिम न्यूनीकरणलाई आन्तरिकीकरण गर्नेबारे समूहकार्य<br>● लेखन सामग्री वितरण (न्यूज प्रिन्ट र बोर्ड मार्कर)<br>● चार समूह बनाएर यी समूहलाई विकास योजना प्रक्रियाका विभिन्न चरणमा र समावेशी विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनलाई पालिकाका विभिन्न समितिमा मूल प्रवाहीकरण गर्ने कार्यमा लगाउने ।<br>● अरू दुई समूहलाई समावेशी विपद् जोखिम न्यूनीकरणलाई योजना तर्जुमादेखि कार्यान्वयन र अनुगमन चरणसम्म मूल प्रवाहीकरण गर्न लगाउने<br>● सहभागी पालिकाहरूलाई समूहकार्यमा मद्दत गर्ने<br>● सबै समूहले गरेका कार्यहरु प्रस्तुत गर्ने | औजार : S10_T2_Mainstreming DRR Group Work<br><br>पालिकाहरूका विभिन्न समितिका योजना प्रक्रियाहरूमा विपद् जोखिम न्यूनीकरणलाई एकीकृत गर्ने तरिकाहरूसँग सहभागीलाई परिचित गराउने<br><br>सबै वर्ग र समुदायको (महिला, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, सीमान्तकृत वर्ग) समावेशी अर्थपूर्ण सहभागिता सुनिश्चितता गराउने |

| | | |
|---|---|---|
| | समावेशीतालाई केन्द्रविन्दुमा राखी स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाका निष्कर्षहरूलाई पालिकाका योजना प्रक्रियामा मूल प्रवाहीकरण गर्न समूहकार्यहरूबाट प्राप्त जानकारीको सारांश तयार पार्ने । | |

## प्रशिक्षण सामग्री

प्रशिक्षण तालिका, बोर्ड मार्कर, मास्किङ टेप, डबल साइडेड टेप, मेटा कार्ड, साइन पेन, न्युज प्रिन्ट पेपर, पुस पिन, कार्डबोर्ड पेपर, खैरो कागज ।

| | |
|---|---|
| अपेक्षित उपलब्धि | पालिकाका सरोकारवाला पालिकास्तरीय विकास योजनाहरूमा लैङ्गिक समानता, सामाजिक समावेशीता तथा विपद् जोखिम व्यवस्थापन मूल प्रवाहीकरण गर्ने प्रकृयाहरूबारे अवगत हुनेछन् । |
| पुष्ट्याइँका आधारहरू | समूहकार्य प्रस्तुति |
| सन्दर्भ-सामग्री | • स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना कार्यविधि, २०७४<br>• नेपाल सरकारले निर्धारण गरेको स्थानीय सरकारको ७ चरणको योजना तर्जुमा प्रक्रिया<br>विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, २०१८–२०३० (पेज ७३–७६) http://drrportal.gov.np/upoLads/document/1352pdf<br>• लैङ्गिक समानता र सामाजिक समावेशीकरणका लागि साझा प्रारूप https://www2.unwomen.org/-/media/field%20 office%20eseasia/docs/publications/2017/04/gesiframeworkreportnepali20072017compressed.pdf?la=en&vs=1541<br>• लैङ्गिक र उमेर लेखाजोखा : https://iascgenderwithagemarker.com/en/home/ |

# सत्र ११

## विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि अन्तरस्थानीय तह सहकार्य



# पृष्ठभूमि

नेपालमा विपद् जोखिम व्यवस्थापनका लागि स्थानीय तहहरूले आआफ्नै तरिकाले नीति निर्माण गरी योजना बनाएर कार्यान्वयन गरिरहेका छन् । केही स्थानीय तहहरूले विपद् जोखिम व्यवस्थापनबारे गरेका तयारी र प्रतिकार्य पहलहरु निकै घतलाग्दा पनि छन् । यदि समय र परिस्थिति मिलेमा सहभागीलाई यसबारे प्रत्यक्ष जानकारी गराउन नजिकको पालिका वा यस्ता कुनै स्थान विशेषको स्थलगत भ्रमण गराउन सके लाभदायक हुन्छ अन्यथा प्रशिक्षण स्थलमा सहभागीलाई आपसका अनुभव साटासाट गरी सिक्ने मौका प्रदान गर्न सकिन्छ । यसका लागि मुख्य तीन विषयवस्तु छानिएका छन् :-

- विपद् पूर्वतयारी र प्रतिकार्यका लागि पालिकाले अपनाएको प्रकृया
- यस्ता पहलका उपलब्धिहरु
- विपद् व्यवस्थापनसम्बन्धी यस्ता पहल कार्यान्वयन गर्दा भोगेका चुनौतीहरु

## लैङ्गिक समानता र समाजिक समावेशीकरण दृष्टिकोणबाट नेतृत्व

पालिकाहरूको सफल विपद् जोखिम व्यवस्थापनका प्रयासहरूमा छलफल गरिरहँदा त्यस्ता प्रयासले विपद् प्रभावित व्यक्तिहरू वा समुदाय कसरी लाभान्वित भए भन्ने निचोड निकाल्न जरूरी हुन्छ । यस्तो छलफलमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई खास ध्यान दिनुपर्नेमा यसबारे त्यति चासो नदिइएको पनि हुनसक्छ । तसर्थ पालिका र अन्य समितिका महिला नेतृहरु वा प्रतिनिधिहरूलाई विपद् जोखिम न्यूनीकरणका विभिन्न गतिविधिमा संलग्न गराउनु पर्छ । त्यस्तै अन्य बहिष्कृत/सङ्कटासन्न समूहहरूको प्रतिनिधित्व गराउनु जरूरी छ । पालिकाका नेतृत्व वर्ग र कर्मचारीहरूलाई यस्तो सफल प्रयासहरू लैङ्गिक तथा उमेर लेखाजोखा प्रकृयाबाट केलाउन उत्प्रेरित गर्नुपर्छ ताकि यसबाट तिनले निम्न जानकारी सहजै पाउन सकुन् : (क) विपद् जोखिम व्यवस्थापन पहलहरूबाट विपद् प्रभावितहरूका आवश्यकता र प्राथमिकताहरु कत्तिको सम्बोधन गर्छ (ख) विपद् प्रभावितहरु विपद् व्यवस्थापन पहलहरूमा कति संलग्न छन् (ग) यी पहलहरूमा कोही नछुटुन् भन्ने कुराको सुनिश्चितता र (घ) लैङ्गिक हिंसाबाट संरक्षण

विपद् जोखिमले कुनै एक पालिकाको कुनै क्षेत्र विशेषमा मात्र प्रभाव पार्ने नभई एकभन्दा बढी पालिकामा पनि प्रभाव पार्न सक्छ । तसर्थ यस्ता विपद् जोखिमहरूको व्यवस्थापन स्थानीय तहहरूको संयुक्त पहलबाट हुन सके सबै सम्भाव्य विपद्बाट प्रभावित पालिकाहरूमा विपद् जोखिम प्रतिकार्यहरु बढी प्रभावकारी हुनसक्छ । यस्ता अन्तरस्थानीय संयुक्त पहलहरूले प्रतिकार्यमा पनि तुलनात्मक रूपमा बढी वित्तीय र मानव संशाधन उपलब्ध गराउन सक्छ । एक आपसमा अनुभवहरूको साटासाटबाट आपसी चासो र प्राथमिकताहरूको पहिचान गरी अन्तरस्थानीय तहमा स्रोतहरूको व्यवस्थापनबाट समान प्रकृतिका विपद् जोखिमहरु न्यूनीकरण र प्रतिकार्यमा अन्तरपालिका सहयोग बढाउन सकिन्छ ।

यस सत्रमा पालिकाहरु निम्न लिखित विषयमा संयुक्त छलफल गर्न सक्छन् :-

चुनौतीहरु– साझा प्रकोपहरु, सङ्कटासन्नता र विपद् जोखिमहरु;

सामार्थ्य– वित्तीय, सूचना जानकारी, मानव संशाधन र विकास साझेदारहरु

संयुक्त कार्य– विपद् जोखिम व्यवस्थापनमा संयुक्त पहलहरु

## प्रशिक्षक/सहजकर्ताका लागि सुझाव

प्रशिक्षक/सहजकर्ताले प्रशिक्षणका लागि कुनै स्थल विशेषको भ्रमण गराउने वा प्रशिक्षण हलभित्र नै आवश्यक जानकारी पाउन सक्ने गरी वातावरण बनाउनेबारे प्रशिक्षण समयअगावै तयारी गरीसक्नु पर्छ । यदि कुनै स्थल विशेषको भ्रमण गराउने भए सिक्नका लागि उपयुक्त सम्भावना भएको स्थल छनौट गर्नुपर्छ । भ्रमण गराउनु अगावै उक्त पालिकाको सम्बन्धित अधिकारीलाई अनुरोध गरी सहभागीलाई (क) व्यवस्थापन प्रकृयाहरु (ख) उपलब्धिहरु र (ग) विपद् व्यवस्थापन तयारी र प्रतिकार्य सम्बन्धमा आएका चुनौतीमा प्रस्तुति दिन लगाउने व्यवस्था गराउनु पर्छ । यदि यस्तो स्थलगत भ्रमण सम्भव नभएमा सहभागीबाट माथि उल्लेखित बुँदाहरुमा आफ्नो पालिकामा भएको/गरिएको एक या दुई जानकारी प्रस्तुत गराउन लगाउनु पर्छ ।
(औजार : S11T1_Sharing DRM Experiences)

## सत्र योजना (१०५ मिनेट)

यस खण्डमा अपेक्षित उद्देश्यहरु र प्रशिक्षण विधिबारे छलफल गरिन्छ ।

| समग्र उद्देश्य | विशिष्ट उद्देश्यहरु : सत्रको अन्त्यमा |
|---|---|
| सहभागीलाई अन्य पालिकाका विपद् व्यवस्थापन पूर्वतयारी र प्रतिकार्यका लागि गरिएका पहलहरुबाट सिक्ने मौका | सहभागीले आपसी छलफलबाट विपद् व्यवस्थापन र प्रतिकार्य प्रक्रिया, प्रभावकारिता र चुनौतीबारे सिक्ने मौका पाउनेछन् । |

## अपेक्षित सहभागी

नगरपालिकाहरुका प्रमुख/उपप्रमुख, गाउँपालिकाहरुका अध्यक्ष/उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्ष, प्रशासकीय समितिहरुका सदस्य, विपद् जोखिम न्यूनीकरणसँग सम्बन्धित सम्पर्क व्यक्ति, इन्जिनियरहरु, पालिकाहरुका विषय समितिका सम्पर्क व्यक्तिहरु ।

## सत्रको सारांश

| गतिविधि | समय | विवरण | औजार | तयारी |
|---|---|---|---|---|
| १<br>सफल विपद् जोखिम व्यवस्थापन पहलहरूबारे प्रस्तुति | दिन ३<br>९:१५–१०:००<br>(४५ मिनेट) | **गतिविधि १ : विपद् पूर्वतयारी र प्रतिकार्य पहलहरूका सफलताका कारकबारे बुझाइ**<br>● विपद् जोखिम व्यवस्थापन सफलताका कारकहरूबारे गहन छलफल<br>● समूहकार्य | S11T1_Sharing DRM<br>Experiences | |
| २<br>समूहहरूबाट प्रस्तुति र कार्ययोजना | १०:००–११:००<br>(६० मिनेट) | **गतिविधि २ : अन्य पालिकाहरूका सफलताका कारकहरूको आन्तरिकीकरण**<br>● सफलताका कारकहरूलाई आ–आफ्नो पालिकाहरूमा सुरूआत गर्न समूहगत छलफल र योजना तयारी गर्ने ।<br>● अन्तरपालिकास्तरीय विपद् जोखिम व्यवस्थापन कार्ययोजना तयार पार्ने । | S10T2_Mainstreming Inclusive DRR Group Work | |

## सत्र गतिविधिहरूको विवरण

| | | |
|---|---|---|
| दिन ३<br>९:१५–१०:००<br>(४५ मिनेट) | **गतिविधि १: विपद् जोखिम व्यवस्थापन पूर्वतयारी र प्रतिकार्यहरूका सफलताका कारकहरूबारे बुझाइ**<br>● पालिकाहरूका विपद् जोखिम व्यवस्थापन सफलताका पहलहरूबारे गहन छलफल<br>● प्रत्येक पालिकाका सहभागीलाई उनीहरूका पालिकाहरूको विपद् जोखिम व्यवस्थापनका सफल पहलहरु (एक/दुई)बारे प्रस्तुति गर्न लगाउने । प्रस्तुतिमा | **उद्देश्यहरु**<br>औजार : Tool - S11T1_Sharing DRM Experiences<br>एक अर्काको अनुभवबाट सिक्ने |

| | | |
|---|---|---|
| | • (क) यस्ता पहलहरु विकास गर्ने प्रारम्भीक प्रक्रिया (ख) विपद् जोखिम व्यवस्थापनमा यस्ता पहलहरूका सफलताहरु र (ग) यी पहलहरु कार्यान्वायन गर्दा आईपरेका चुनौतीहरूको उल्लेख गर्ने ।<br>• समूहकार्य | |
| १०:००–११:०० (६० मिनेट) | **गतिविधि २ : अरु पालिकाका सफलताका कारकहरुलाई आआफ्ना पालिकाहरुमा आन्तरिकीकरण**<br>• प्रस्तुति, प्रदर्शनी भ्रमण र छलफल – विपद् जोखिम व्यवस्थापनका पहलबारे पालिकाहरूका गतिविधि<br>• स्थानीय विपद् जोखिम व्यवस्थापन ऐन<br>• स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र<br>• कोष सञ्चालन कार्यविधि, कृषि पशु धन बिमा<br>• आ–आफ्ना पालिकामा यस्तै पहलहरु सुरू गर्न योजना तयारी पार्ने<br>• विपद् जोखिम व्यवस्थापनमा अन्तरस्थानीय तह सहकार्य सुरू गर्ने योजना तयार पार्ने | औजार : S11T1_Sharing DRM Experiences<br><br>विपद् जोखिम व्यवस्थापनका सफलताका कारकहरु पहिचान गरी सहभागीले आफ्ना पालिकामा पनि यस्तै व्यवस्थापन पहलहरु सुरू गर्न प्रोत्साहित हुने । |

## प्रशिक्षण सामग्री

प्रशिक्षण तालिका, बोर्ड मार्कर, मास्किङ टेप, डबल साइडेड टेप, मेटा कार्ड, साइन पेन, न्युज प्रिन्ट पेपर, पुस पिन, कार्डबोर्ड पेपर, खैरो कागज ।

| | |
|---|---|
| अपेक्षित उपलब्धि | पालिकाहरूका विपद् जोखिम व्यवस्थापन तयारी र प्रतिकार्य गतिविधिबाट प्राप्त सफल उपलब्धि एकअर्काबीच आदान प्रदान |
| पुष्ट्याइँका आधारहरू | समूहकार्य र प्रस्तुति |
| सन्दर्भ-सामग्री | पालिकाहरूका विपद् जोखिम व्यवस्थापनका पहलहरु |

# सत्र १२
## विपद् पूर्वतयारी र प्रतिकार्ययोजना



# पृष्ठभूमि

## यस सत्रले मूलभूत मोड्यूल ५, आपतकालीन पूर्वतयारी र प्रभावकारी प्रतिकार्यलाई योगदान गर्छ ।

नेपाल सरकारले राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचालाई २०७५ सालमा संशोधन गरेको छ । यो कार्यढाँचाले विपद् प्रतिकार्यका तीन चरण निर्दिष्ट गरेको छ :–

- पूर्वतयारीमा जोखिम रोकथाम, अल्पीकरण र न्यूनीकरणका सुदृढ उपायहरु
- भविष्यवाणी र पूर्वचेतावनीमा आधारित सघन पूर्वतयारी
- आपतकालीन प्रतिकार्यको चरण

सरकारका सबै तहले विपद् पूर्वतयारी र प्रतिकार्ययोजनाहरू तर्जुमा गर्नुपर्छ । सबै स्थानीय सरकारले समुदाय, नागरिक समाज, व्यावसायिक समूह, विकास साझेदार र अन्य सरोकारवालालगायत सबैको सहभागितामा विपद् प्रतिकार्यहरूको योजना बनाउनु पर्छ । यसमा समय लाग्न सक्छ तापनि सकेसम्म कम त्रुटि होस् भनी ध्यान पुऱ्याउनु पर्छ । प्रतिकार्य क्षमता (मानवस्रोत, स्वयम्सेवक, उपकरण, प्रक्रियाहरूमा आधारित रहेर) हरेक वर्ष अद्यावधिक गर्नुपर्छ ।

### विपद् प्रतिकार्य सम्बन्धित संरचनाहरू

सरकारले विपद् प्रतिकार्यका लागि स्थानीय तहदेखि केन्द्रसम्मको संस्थागत ढाँचा तयार पारेको छ । राष्ट्रिय स्तरमा प्रधानमन्त्रीज्यूले नेतृत्व गर्ने विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् छ । यस परिषद्अन्तर्गत गृहमन्त्रीको अध्यक्षतामा रहने विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति हुन्छ । यसैगरी, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण व्यवस्थापन प्राधिकरणले विपद् पूर्वतयारी र प्रतिकार्यसम्बन्धी सम्पूर्ण योजनाको कार्यान्वयनको रेखदेख गर्दछ । आफ्नो मातहतमा रहेको राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्रको सुपरीवेक्षण पनि यसै प्राधिकरणले गर्दछ ।

प्रदेश तहका प्रदेश विपद् व्यवस्थापन परिषद्को अध्यक्ष प्रदेशका मुख्यमन्त्री हुन्छन् र प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिका अध्यक्ष चाहिँ सम्बन्धित प्रदेशका आन्तरिक मामिलामन्त्री हुन्छन् । प्रदेश तहका आपतकालीन कार्यसञ्चालन केन्द्रले प्रदेशका विपद् प्रतिकार्यहरूको समन्वय गर्दछन् ।

जिल्ला तहमा रहेका जिल्ला विपद् व्यवस्थापन समितिहरूका प्रमुख, सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी नै हुने व्यवस्था छ । त्यसैगरी, जिल्लास्तरीय आपतकालीन कार्यसञ्चालन केन्द्रहरु सम्बन्धित जिल्ला प्रशासन कार्यालयअन्तर्गत रही राष्ट्रिय विपद् जोखिम न्यूनीकरण व्यवस्थापन प्राधिकरणसँग समन्वित हुन्छन् ।

सबै स्थानीय तहमा पनि स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रहरु गठन गर्नुपर्ने हुन्छ । स्थानीय विपद् व्यवस्थापन समितिहरु, पालिकाका प्रमुख/अध्यक्षको अध्यक्षतामा गठन हुने व्यवस्था छ । जसअन्तर्गत पालिकाका प्रमुख/अध्यक्षहरुद्वारा नै स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रहरुको सुपरीवेक्षण हुन्छ ।

विपद् व्यवस्थापन पूर्वतयारीको चरणमा स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रहरूले तथ्याङ्क सङ्कलन गर्ने, अद्यावधिक गर्ने र सम्भवित विपद्, प्रकोप, सङ्कटासन्न समुदाय र उद्धार सामग्रीको मौज्दातबारे पनि जानकारी जुटाउँछन् । विपद्को बेला आवश्यक जानकारी सङ्कलन गरी विपद् प्रभावितहरु माझ पुऱ्याउने काम पनि यही केन्द्रले गर्दछ । केन्द्रीय, प्रादेशिक र जिल्लास्तरीय आपतकालीन केन्द्रहरूले पनि स्थानीय आपतकालीन केन्द्रमार्फत जानकारीह प्राप्त गर्दछन् ।

## विषयगत क्षेत्र समूहहरु

विपद् प्रतिकार्य गतिविधिको समन्वय गर्न संशोधित राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचाले ११ वटा विषयगत क्षेत्र पहिचान गरेको छ । यी विषयगत क्षेत्र स्वास्थ्य, खानेपानी, सरसफाई तथा स्वास्थ्य प्रवर्द्धन, खाद्य सुरक्षा, पोषण, शिविर समन्वय तथा शिविर व्यवस्थापन, संरक्षण, शिघ्र पुनर्लाभ, शिक्षा, बन्दोबस्ती र आपतकालीन सञ्चार छन् । स्थानीय तहका आवश्यकताअनुसार यी विषयगत क्षेत्रहरु थपघट हुनसक्छन् । स्थानीय सरकारहरूले आआफ्नो आवश्यकता अनुसारका विषयगत क्षेत्रहरु बनाउन सक्छन् ।

## विपद् पूर्वतयारी र प्रतिकार्ययोजना तर्जुमाका प्रकृया

स्थानीय सरकारहरु आफ्ना क्षेत्रमा विपद् आइपरेमा प्रभावकारी ढङ्गले व्यवस्थापन र प्रतिकार्य प्रकृयाबारे जानकार रहनु आवश्यक छ । स्थानीय सरकारहरु आफैंले पनि विपद् प्रतिकार्ययोजनाहरु तयार गर्नुपर्छ । उक्त योजना तयारीका लागि गर्नुपर्ने कार्यहरूमा :

- जोखिम र सङ्कटासन्नताको विस्तृत अध्ययन गरी विपद् जोखिम प्रोफाइल तयार पार्ने र पूर्वचेतावनी प्रणाली प्रयोग गर्ने ।
- प्रतिकार्यअन्तर्गत गर्नुपर्ने कामहरु पहिचान गर्ने, जिम्मेवारी बहन गर्ने व्यक्तिहरु र कार्यालयहरु तोक्न सबै सरोकारवालाको कार्यशाला आयोजना गर्ने ।
- विपद् पूर्वतयारी र प्रतिकार्य योजनाको मस्यौदा तयार पारी छलफल गर्ने ।
- मस्यौदा विपद् पूर्वतयारी र प्रतिकार्ययोजना व्यावहारिक छ वा छैन जाँच्न अनुकरण अभ्यास गर्ने र आवश्यक परेमा पुनरावलोकन गर्ने ।
- पुनरावलोकित विपद् पूर्वतयारी र प्रतिकार्ययोजना स्वीकृत गर्ने र सबै सरोकारवालालाई उपलब्ध गराउने ।
- यो प्रतिकार्ययोजना कार्यान्वयन, नियमित अनुगमन र मूल्याङ्कन गर्दै कार्यान्वयन पक्ष सुदृढ पार्दै लैजाने ।

विस्तृत अध्ययन र विश्लेषणबाट लैङ्गिक र उमेर विविधता खण्डीकृत तथ्याङ्क सङ्कलन हुन्छ । अनुकरण अभ्यासमा महिला, किशोरी र सङ्कटासन्न

समूहहरूलाई पनि सामेल गरी विपद् व्यवस्थापन तयारी र प्रतिकार्यहरूप्रति उनीहरूको धारणा बुझ्न सकिन्छ । विपद् न्यूनीकरण र प्रतिकार्यसम्बन्धी सूचना केन्द्रहरूमा पनि यी समूहरूको पहुँच पुग्नुपर्छ । यसो भएमा विपद् जोखिम न्यूनीकरणसम्बन्धी सही सूचना प्राप्त गरी महिला र सङ्कटासन्न समूहहरु पनि विपद् सामना गर्न सक्षम हुनेछन् । तसर्थ यी सूचना केन्द्रहरूलाई पनि राहत चरणको अभिन्न अङ्गको रूपमा परिचालन गर्नुपर्छ ता कि यी केन्द्रहरूबाट महिला, बालिका र अन्य सङ्कटासन्न समूहहरू सुसूचित रहन मद्दत पुगोस् । त्यसैगरी, विपद्पछिको पुनर्निर्माण योजनामा यी सूचना केन्द्रहरूको निरन्तरता पनि समावेश गर्नुपर्छ ।

यस सत्रमा यी कार्यहरूसहित स्थानीय तहदेखि केन्द्रसम्मका विपद् प्रतिकार्य प्रक्रियाको जानकारी गराइन्छ । साथै अगुवा सहयोगी संस्था र विषयगत अगुवा संस्थालाई संलग्न गराउने गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन तयारीको प्रक्रियामा छलफल गरिन्छ (औजार : S12T1_ DPRP) ।

## प्रशिक्षक /सहजकर्तालाई सुझाव

प्रशिक्षक/सहजकर्ताले स्थानीय तहदेखि केन्द्रीय स्तरसम्म विपद् जोखिम न्यूनीकरण र प्रतिकार्यसम्बन्धी संस्थागत संरचना र यी संरचनालाई प्रतिकार्य व्यवस्थापनमा सक्रिय गराउने प्रक्रियाबारे सहभागीलाई परिचित गराउनु पर्छ । साथै गाउँपालिकामा अध्यक्षको र नगरपालिकामा प्रमुखको सक्रिय नेतृत्वको आवश्यकताबारे पनि सहभागीलाई सम्झाउनु पर्छ । साथै सहभागीलाई आआफ्नो कार्यक्षेत्रमा विपद् जोखिम न्यूनीकरण योजना तर्जुमा प्रक्रियामा सघाउन पनि आवश्यक छ (औजार : S12T2_DPRP Group work) ।

## सत्र योजना (४५ मिनेट)

यो खण्डमा सत्र १२ का अपेक्षित उद्देश्यहरु र प्रशिक्षण विधिबारे छलफल गरिन्छ ।

| समग्र उद्देश्य | विशिष्ट उद्देश्यहरु : सत्रको अन्त्यमा सहभागीको |
|---|---|
| पालिकाका जनप्रतिनिधि र कर्मचारीहरूलाई विपद् पूर्वतयारी र प्रतिकार्ययोजनामा उनीहरूको भूमिका, सबै तहका राहत र प्रतिकार्यहरूको समन्वय गरी, कार्यान्वायन गर्न सकिने विपद् पूर्वतयारी र प्रतिकार्ययोजना तर्जुमा गर्न समयसीमा तय गरी जागरूक गराउन साथै प्रतिकार्यका लागि विषयगत क्षेत्र सम्बन्धित समूहहरूको गठन र यी समूहरूका भूमिकाप्रति पनि जागरूक गराउने । | • विपद् पूर्वतयारी र प्रतिकार्ययोजनाप्रति ज्ञान अभिवृद्धि हुनेछ ।<br>• राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचासँग परिचित हुनेछन् ।<br>• प्रतिकार्यको अवस्थामा स्थानीय आपतकालीन सूचना केन्द्रलाई, विपद् पूर्वतयारी र प्रतिकार्ययोजनासँग तालमेल गराउनुपर्ने आवश्यकता बुझ्नेछन् । |

## अपेक्षित सहभागी

नगरपालिकाहरूका प्रमुख/उपप्रमुख, गाउँपालिकाहरूका अध्यक्ष/उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्ष, प्रशासकीय समितिका सदस्य, विपद् जोखिम न्यूनीकरणसँग सम्बन्धित सम्पर्क व्यक्ति, इन्जिनियर, पालिकाहरूका विषय समितिका सम्पर्क व्यक्तिहरु ।

## सत्रको सारांश

| गतिविधि | समय | विवरण | औजार | तयारी |
|---|---|---|---|---|
| १<br>विपद् पूर्वतयारी र प्रतिकार्ययोजनाको परिचय | दिन ३<br>११:१५–११:३० (१५ मिनेट) | गतिविधि १ : विपद् पूर्वतयारी र प्रतिकार्ययोजनाबारे बुझाइ<br>● राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचाबारे पावर प्वाइन्ट प्रस्तुति<br>● छलफल | S12T1_ DPRP | प्रत्येक सहभागीका लागि विपद् तयारी र प्रतिकार्ययोजनाका प्रति छापी तयार राख्ने । |
| २<br>विपद् पूर्वतयारी र प्रतिकार्ययोजना- विभिन्न विषयगत क्षेत्र सम्बन्धित समूहहरूका भूमिकाबारे समूहकार्य | ११:३०–१२:०० (३० मिनेट) | गतिविधि २ : विपद् पूर्वतयारी र प्रतिकार्ययोजनाको आन्तरिकीकरण<br>विपद् पूर्वतयारी र प्रतिकार्ययोजनाबारे समूह अभ्यास<br>● विषयगत क्षेत्र सम्बन्धित समूहहरूको गठन र सम्बन्धित पालिकाबाट जानकारी सङ्कलन<br>● विषयत अगुवा संस्था र अगुवा सहयोगी संस्थाहरूको काम र कर्तव्यबारे समूहकार्य | S12T2_DPRP<br>Group work 1<br>and Group work 2 | ● सहभागी सबै पालिकाका लागि लेखन सामग्री (सेतो र खैरो कागज, रङ्गीन मसी भएको कलम र मार्कर) तयार पार्ने<br>● विपद् अवस्थाको परिदृश्य प्रस्तुत गरिएको अनुकरण अभ्यास छापी यसको आधारमा प्रत्येक सहभागीले अनुकरण अभ्यास गर्ने |

| | | | | |
|---|---|---|---|---|
| | | • विषयत अगुवा संस्था र अगुवा सहयोगी संस्थाहरूसम्बन्धी नक्साङ्कन औजार<br>• विपद् पूर्वतयारी र प्रतिकार्ययोजना तर्जुमाको कार्ययोजना | | |

## सत्र गतिविधिहरूको विवरण


| | | |
|---|---|---|
| दिन ३<br>११:१५–११:३०<br>(१५ मिनेट) | **गतिविधि १ : विपद् पूर्वतयारी र प्रतिकार्ययोजनाबारे बुझाइ**<br>• सहभागीलाई उनीहरु सम्वद्ध पालिकाहरूले गरेका पूर्वतयारी र प्रतिकार्यका उपायहरूबारे सोध्ने ।<br>• राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचाबारे पावर प्वाइन्ट प्रस्तुति<br>  ○ राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचामा छलफल<br>  ○ स्थानीय स्तरमा यसको महत्वबारे छलफल | **उद्देश्यहरु :**<br>औजार : S12T1_ DPRP<br>सहभागीलाई विपद् प्रतिकार्यको व्यापक दायरा महसुस गराउने |
| ११:३०–१२:००<br>(३० मिनेट) | **गतिविधि २ : विपद् पूर्वतयारी र प्रतिकार्ययोजनाको आन्तरिकीकरण**<br>• विपद् अवस्थाको परिदृश्य प्रस्तुत गरिएको अनुकरण अभ्यासप्रति सहभागीलाई उपलब्ध गराउने<br>• सहभागीलाई ८ समूहमा बाँडेर ४ देखि ६ समूहलाई विभिन्न विषयगत क्षेत्रका भूमिकाबारे र बाँकी दुई समूहलाई विषयगत अगुवा संस्था र अगुवा सहयोगी संस्थाको भूमिकाहरूमा सहकार्य गराउने<br>• खाद्य, आश्रयस्थल, शिक्षा, कृषि आदि विषयगत क्षेत्रका विपद् पूर्वतयारी र प्रतिकार्यहरूमा भूमिकाहरु र कमीकमजोरीहरूको समूहकार्य<br>• विषयत अगुवा संस्था र अगुवा सहयोगी संस्थाका भूमिकाहरूमा कार्य गर्ने दुई समूहहरूका काममा समूहकार्य | औजार : S12T2_DPRP Group work 1<br>औजार : S12T2_DPRP Group work 2<br>विपद् पूर्वतयारी र प्रतिकार्ययोजनामा समूहकार्य<br>• विषयगत क्षेत्रसँग सम्बन्धित समूहहरूको गठन र सम्बन्धित पालिकाबाट जानकारी सङ्कलन कार्य ।<br>• विषयगत क्षेत्रसँग सम्बन्धित समूहहरूका भूमिका (समूहकार्यबाट तयार पारिएका) बारे मन्थन गरी तथा त्यसमा कमीकमजोरी पत्ता लाउन प्रदर्शनी भ्रमण (Gallery Walk) |

| | | |
|---|---|---|
| | ● सहभागी पालिकालाई विषयगत क्षेत्रहरु, विषयत अगुवा संस्था र अगुवा सहयोगी संस्थाहरूका भूमिका पहिल्याउन सहयोग गर्ने<br>● विषयगत अगुवा संस्था र अगुवा सहयोगी संस्थाका भूमिकाप्रति समूह छलफल<br>● विषयगत क्षेत्र, विषयत अगुवा संस्था र अगुवा सहयोगी संस्थाबारे समूहकार्यको प्रस्तुति<br>● विषयत अगुवा संस्था र अगुवा सहयोगी संस्थाको भूमिका अद्यावधिक गरी यसलाई अन्तिम रूप दिने<br>● विपद् तयारी र प्रतिकार्ययोजना तर्जूमाको समयसीमा तय गर्ने । | |

## प्रशिक्षण सामग्री

प्रशिक्षण तालिका, बोर्ड मार्कर, मास्किङ टेप, डबल साइडेड टेप, मेटा कार्ड, साइन पेन, न्युज प्रिन्ट पेपर, पुस पिन, कार्डबोर्ड पेपर, खैरो कागज ।

| | |
|---|---|
| अपेक्षित उपलब्धि | पालिकाका सरोकारवालाहरूले विपद् पूर्वतयारी र प्रतिकार्ययोजना तर्जुमा गर्ने, विषयगत क्षेत्रहरु सम्बन्धित समूहहरु गठन गर्ने र विपद्को बेला यी समूहलाई सक्रिय बनाउन जान्नेछन् र पालिका विकास निर्माणका गतिविधिहरूमा जलवायु परिवर्तन र विपद् जोखिम व्यवास्थापनलाई मूल प्रवाहीकरण गर्नुपर्ने आवश्यकताबारे बुझ्नेछन् । |
| पुष्ट्याइँका आधारहरू | समूहकार्यहरूको प्रस्तुति |
| सन्दर्भ-सामग्री | ● विपद् पूर्वतयारी र प्रतिकार्य कार्ययोजना, २०७५<br>राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७५ (पेज ६) http://www.drrportal.gov.np/upoLads/document/1499.pdf |



# सत्र १३

## विपद् जोखिम व्यवस्थापनमा मानवीय सिद्धान्त, मूलभूत मानवीय मापदण्ड, लैङ्गिक समानता र सामाजिक समावेशीकरण

# पृष्ठभूमि

विपद् र अरू मानवीय आपतकालीन अवस्थाहरु (उदाहरणका लागि द्वन्द्व) को व्यवस्थापन एक जटिल कार्य हो । राहत सामग्री समयमै नपुग्ने, अन्यत्र लगिन सक्ने र लुटिने तथा उद्धारकर्ताहरूलाई सरकारी वा अन्य पक्षद्वारा अवरोध हुन पनि सक्छ । अर्कोतर्फ कतिपय सङ्घ/संस्थाहरूका मानवीय सहायतासम्बन्धी कार्यहरूमा प्रश्न पनि उठेका छन् । नेपाल सरकारले राहत वितरण र अन्य विपद्सम्बन्धी कार्यहरु, सबै स्थानीय सरकारमार्फत मात्र गर्न सकिने एक द्वार प्रणाली लागू गरेको छ । तसर्थ स्थानीय सरकारहरूले यससम्बन्धी कार्यका लागि कानुनी र संस्थागत कार्यढाँचा निर्माण गर्नुपर्ने हुन्छ । विपद् व्यवस्थापन पूर्वतयारी र तत्परताका साथ प्रतिकार्ययोजनाहरु लागू गरी विपद् जोखिमबाट हुने जनधनको संरक्षण गर्ने जिम्मा स्थानीय सरकारहरूको भएकाले सबै स्थानीय तहले मानवीय सिद्धान्त र यसका मापदण्डहरूलाई विपद् जोखिम व्यवस्थापनका आआफ्नो सबै नीति र प्रक्रिया संस्थागत संरचनाहरू तथा जोखिम व्यवस्थापन कार्यहरूमा समावेश गर्नु जरूरी छ ।

## मानवीय सिद्धान्तहरू

स्थानीय तहका सबै जनप्रतिनिधि र कर्मचारीहरूले विपद् जोखिम व्यवस्थापनसम्बन्धी गतिविधिमा निम्नलिखित चार मानवीय सिद्धान्तहरूको पालन गर्ने र अरूलाई पनि यसबारे सचेत हुन आग्रह गर्नुपर्छ :-

- मानवीयता : मानवीय कष्टहरूलाई सम्बोधन गर्नैपर्छ । मानवीय कार्यको उद्देश्य मानव जीवन र स्वास्थ्यको रक्षा गर्दै मानव मात्रको सम्मानको सुनिश्चितता गर्नु हो ।
- तटस्थता : मानवीय सहायता गर्नेहरूले कुनै पनि विद्वेष तथा राजनीतिक, जातिगत, धार्मिक विचारधारासम्बन्धी वादविवादहरूमा पक्ष लिनु हुँदैन ।
- निष्पक्षता : मानवीय कार्य, आवश्यकताको आधारमा बढी पीडामा परेकाहरूलाई प्राथमिकतामा राख्दै उनीहरूको कष्ट निवारण सहयोग पुर्‍याउनु हो र यसमा राष्ट्रियता, जाति, लिङ्ग, धर्म, वर्ग र राजनीतिका आधारमा कुनै पनि भेदभाव गरिनु हुँदैन ।
- स्वतन्त्रता : मानवीय कार्य सबै प्रकारका राजनीतिक, आर्थिक, सैनिक र अन्य कुनै उद्देश्य वा मानवीय कार्य कार्यान्वयन गर्नुपर्ने स्थलको कुनै पनि कर्ताको प्रभावबाट स्वतन्त्र रही आवश्यकताको आधारमा मात्र गरिनुपर्छ ।

यी बाहेक अर्को विश्वव्यापी मानवीय पहल स्फियरले मानवीय कार्यमा लागि तय गरिएका मापदण्डहरूमा चारवटा संरक्षणका सिद्धान्तले विपद् र सशस्त्र द्वन्द्वबाट पीडितहरूको सहायतामा सुरक्षा, आत्मसम्मान र अधिकारको रक्षा गर्दछ । स्फियर हाते पुस्तकको नयाँ संस्करण २०१८ मा प्रकाशित भएको छ । यो हाते पुस्तक, मानवीय कार्यहरूको कार्य क्षमतामा सुधार गरी प्रभावितहरूको जीवनको क्षति र मानवीय पीडा कम गर्न परिलक्षित छ । आपतकालीन मानवीय सहायता

कार्यका लागि स्फियरका तीन सिद्धान्त, स्फियरकै सबै चार विषयगत क्षेत्रका मापदण्डमा लागू हुने गरी तय गरिएको छ ।

| सिद्धान्तहरू | विषयगत क्षेत्रका मापदण्डहरू |
|---|---|
| • आत्मसम्मानका साथ बाँच्ने पाउने अधिकार<br>• मानवीय सहायता पाउने अधिकार<br>• सुरक्षा र संरक्षणको अधिकार | • पानी आपूर्ति, सरसफाई तथा स्वास्थ्य प्रवर्द्धन<br>• खाद्य सुरक्षा तथा पोषण<br>• आवास तथा बस्ती<br>• स्वास्थ्य |

## संरक्षणसम्बन्धी सिद्धान्त १ : मानिसको सुरक्षा, मर्यादा तथा अधिकारहरूको प्रवर्द्धन गर्दै र उनीहरूलाई थप हानी-नोक्सानीको सामना गर्नबाट जोगाउन परिलक्षित यस सिद्धान्तअन्तर्गत यी विषयहरु पर्छन्[7] :

- खास सन्दर्भमा संरक्षणसम्बन्धी जोखिमबारेमा जानकारी राख्ने कार्य,
- त्यस्तो सहयोग उपलब्ध गराउने कार्य जुन कार्यले मानिसले मर्यादापूर्वक आफ्ना आवश्यकता पूरा गर्ने कार्यमा सामना गर्न सक्ने जोखिमहरूलाई कम गर्दछ
- मानिसलाई त्यस्तो वातावरणमा सहयोग उपलब्ध गराउने कार्य जुन वातावरणमा मानिसले थप प्रकोप, हिंसा अथवा दुर्व्यवहारको सामना गर्नुपर्दैन, र
- आफ्नो संरक्षण गर्ने मानिसका क्षमतामा सहयोग गर्ने कार्य ।

मानवीय कार्यका नकारात्मक प्रभावहरूलाई हटाउनु पर्ने कुरालाई अङ्गीकार गर्नु यो सिद्धान्तको मूलभूत नियमन विचारधारा हो । (स्फियर हातेपुस्तक, २०१८)

## संरक्षणसम्बन्धी सिद्धान्त २ : व्यक्तिको आवश्यकताबमोजिम र बिनाभेदभाव निष्पक्ष सहयोगमा पहुँच

यस सिद्धान्तअन्तर्गत यी विषयहरू पर्छन् :-

- मानिसका आधारभूत आवश्यकताबाट तिनलाई जानाजान वञ्चित पार्ने कार्यलाई मानवीय सिद्धान्तहरु तथा सान्दर्भिक कानुनहरूको प्रयोग गर्दै चुनौती दिने कार्य ।
- मानिसले आवश्यकताका आधारमा सहयोग प्राप्त गर्छन् । कुनै पनि आधारमा उनीहरूप्रति भेदभाव गरिँदैन भन्ने कुरा सुनिश्चित गर्ने कार्य ।
- प्रभावित जनसङ्ख्याका सम्पूर्ण समुदायका लागि सहयोगमा पहुँच सुनिश्चित गर्ने कार्य ।

7 यी सिद्धान्तहरु स्फियर हातेपुस्तक र अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठन, टिमोर लेष्टेको विपद् जोखिम न्यूनीकरण प्रशिक्षण प्याकेजबाट उद्धरण गरिएका हुन् ।

आवश्यक मानवीय सहायतामा समुदायको पहुँच पुऱ्याउनु यो सिद्धान्तको मूलभूत नियमन विचारधारा हो (स्फियर हातेपुस्तक, २०१८) ।

### संरक्षणसम्बन्धी सिद्धान्त ३ : धम्क्याइएको अथवा वास्तविक हिंसा, जबर्जस्ती अथवा जानाजान गरिएका शारीरिक तथा मनोवैज्ञानिक असरहरूबाट पुनर्लाभ गर्न मानिसलाई सहयोग उपलब्ध गराउनु ।

यस सिद्धान्तअन्तर्गत यी विषयहरू पर्छन् :-

- बाँचेका मानिसलाई सान्दर्भिक सेवाहरूमा पठाउने कार्य
- प्रभावित जनसङ्ख्यामाथि थप हिंसा, जबर्जस्ती अथवा वञ्चिति हुँदैन भन्ने कुरा सुनिश्चित गर्न जायज सम्पूर्ण कदम चाल्ने कार्य
- आफ्ना समुदायभित्र मर्यादा तथा अधिकार पुनर्लाभ गर्न र सुरक्षित हुन गरिने मानिसका आफ्ना प्रयासमा सहयोग उपलब्ध गराउने कार्य

सङ्कट प्रभावित व्यक्ति र समुदायहरूले समन्वयात्मक पूरक सहायता पाउन भन्ने कुरा यो सिद्धान्तको मूलभूत नियमन विचारधारा हो (स्फियर हातेपुस्तक, २०१८) ।

### संरक्षणसम्बन्धी सिद्धान्त ४ :

- आफ्ना अधिकारहरूको दाबी गर्न मानिसलाई सहयोग गर्नु
- यस सिद्धान्तअन्तर्गत यी विषय पर्छन् :-
- आफ्ना अधिकारबारे दृढतापूर्वक दाबी गर्न र सरकार अथवा अन्य स्रोतहरूबाट समाधानको उपायमा पहुँचका लागि मानिसलाई सहयोग उपलब्ध गराउने कार्य
- आफ्नो हकदारी प्रदर्शन गर्न मानिसलाई आवश्यक पर्ने दस्तावेजहरु प्राप्त गर्न मानिसलाई सहयोग गर्ने कार्य
- संरक्षण प्रदान गर्ने अझ बढी सशक्त वातावरणको निर्माणमा योगदान हुनेगरी मानिसका अधिकार तथा अन्तर्राष्ट्रिय कानुनको पूर्ण सम्मानका लागि पैरवी गर्ने कार्य ।

सङ्कट प्रभावित व्यक्तिहरूले आफ्ना अधिकार र हकदारी थाहा पाउनु यो सिद्धान्तको मूलभूत नियमन विचारधारा हो (स्फियर हातेपुस्तक, २०१८) ।

### मूलभूत मानवीय मापदण्डहरू

सबै सरकार र मानवीय सङ्गठनहरूलाई माथि उल्लेखित सिद्धान्तप्रति प्रतिवद्ध गराउन यी सिद्धान्तहरूलाई मूलभूत मानवीय मापदण्डहरूसँग सन्निहीत गरि एको छ । मूलभूत मानवीय मापदण्डहरूले सङ्कटग्रस्त व्यक्ति वा समुदायलाई सबै मानवीय कार्यहरूका केन्द्रमा राखी उनीहरूको मौलिक अधिकारप्रति बढी

सजग रहन बढावा दिन्छ । यो अन्तर्राष्ट्रिय कानुनको संरक्षण, सुरक्षा र आत्मसम्मानसहित बाँच्न पाउने अधिकार मानवअधिकारको बडापत्रमा अन्तर्निहित छ । यसबारे मूलभूत मानवीय मापदण्डहरूका नौ प्रतिवद्धताहरु र उनीहरूका गुणवत्ता मापदण्डमा विस्तारमा उल्लेख गरिएको छ ।

## नौ प्रतिवद्धताहरू र गुणवत्ता मापदण्ड[8]

१. सङ्कटबाट प्रभावित समुदाय र मानिसले आफ्ना आवश्यकताका लागि उपयुक्त सहयोग प्राप्त गर्छन् ।

गुणवत्ता मापदण्ड : मानवीय सहयोग उपयुक्त र सान्दर्भिक हुनुपर्छ ।

२. सङ्कटबाट प्रभावित समुदाय तथा व्यक्तिहरूको पहुँच ठीक समयमा उनीहरूका लागि आवश्यक भएको मानवीय सहयोगमा छ ।

गुणवत्ता मापदण्ड : मानवीय सहयोग प्रभावकारी र ठिक समयमा गर्नुपर्छ ।

३. सङ्कटबाट प्रभावित समुदाय र मानिस मानवीय क्रियाकलापको फलस्वरूप नकारात्मक रूपमा प्रभावित छैनन् । ती समुदाय एवं मानिस बढी तयारी भएका उत्थानशील तथा कम जोखिममा छन् ।

गुणवत्ता मापदण्ड : मानवीय सहयोग स्थानीय क्षमताअनुरूप र प्रतिकूल असर नपर्ने गरी गर्नुपर्छ ।

४. सङ्कटबाट प्रभावित समुदाय र मानिसलाई आफ्ना अधिकार तथा हकदारीका बारेमा थाहा छ, जानकारीमा तिनको पहुँच छ । आफूलाई असर गर्ने निर्णयहरूमा तिनले भाग लिन्छन् ।

गुणवत्ता मापदण्ड : मानवीय सहयोग यथार्थ सूचना सहभागिता र पृष्ठपोषणअनुरूप हुनुपर्छ ।

५. सङ्कटबाट प्रभावित समुदाय र मानिसको पहुँच गुनासोमाथि कारबाही गर्ने सुरक्षित एवं सम्बोधन गर्ने संयन्त्रहरूमा छ ।

गुणवत्ता मापदण्ड : सुझावका लागि आग्रह गर्ने र त्यसको सम्बोधन गर्नुपर्छ ।

६. सङ्कटबाट प्रभावित समुदाय र मानिसले समन्वय गरिएको एक-अर्काका लागि पूरक सहयोग प्राप्त गर्छन् ।

गुणवत्ता मापदण्ड : मानवीय सहयोग समन्वयात्मक र परिपूरक हुनुपर्छ ।

8 स्फियर मापदण्डबाट

७. जब सङ्गठनहरूले अनुभव तथा चिन्तन-मननबाट सिक्दै जान्छन्, तब सङ्कटबाट प्रभावित समुदाय तथा मानिसले सुधारिएको सहयोग उपलब्ध गराउने कुराको अपेक्षा गर्न सक्दछन् ।

गुणवत्ता मापदण्ड : मानवीय सहयोगकर्ता नियमित सिकाइ र आवश्यक सुधारमा प्रतिबद्ध हुनुपर्छ ।

८. सङ्कटबाट प्रभावित समुदाय र मानिसले सक्षम तथा राम्रोसँग व्यवस्थापन गरिएका कर्मचारी तथा स्वयम्सेवकहरूबाट सहयोग प्राप्त गर्छन् ।

गुणवत्ता मापदण्ड : कर्मचारीको कामलाई प्रभावकारी बनाउन सहयोग गर्ने, लक्षित वर्गमा स्पष्टता र समानताको प्रत्याभूति गर्नुपर्छ ।

९. सङ्कटबाट प्रभावित समुदाय र मानिसले आफूलाई सहयोग गरिरहेका सङ्गठनहरूले स्रोतहरूको व्यवस्थापन प्रभावकारी रूपमा, दक्षतापूर्वक र नैतिकतापूर्वक गरिरहेका छन् भनी अपेक्षा गर्न सक्दछन् ।

गुणवत्ता मापदण्ड : स्रोत व्यवस्थापन र लक्षित उद्देश्य अनुरूप सही रूपमा उपयोग गर्नुपर्छ ।

## महिला विरुद्ध हुने सबै खालका भेदभाव उन्मूलन गर्ने महासन्धि : महिलाका मानवअधिकारहरू

महिला विरूद्ध हुने सबै खालका भेदभाव उन्मूलन गर्ने महासन्धिको सुरू सन् १९७९, डिसेम्बर १८ का दिन संयुक्त राष्ट्र महासभाले गऱ्यो । यस महासन्धीले १६ वटा सारभूत धाराहरु मार्फत नागरिक अधिकारहरु, शिक्षा, कानुनी हक, स्वास्थ्य रोजगारी, परिवार र सार्वजनिक कार्य र राजनीतिमा महिलाविरूद्ध कुनै पनि भेदभाव हुन नदिने सरकारहरूको दायित्व हो भनी ठोस रूपमा उल्लेख छ । यस प्रस्तावलाई अनूमोदन गर्ने देशहरूले महिलाविरूद्ध सबै प्रकारका पुर्वाग्रहहरु, सामाजिक र लैङ्गिक कार्यहरु र असमानताहरूको सधैका लागि अन्त्य गर्नुपर्छ । प्रस्तावलाई अनुमोदन गर्ने देशहरूले एकवर्ष भित्र आफ्नो देशको महिला र किशोरीहरूको अवस्थाबारे प्रतिवेदन बुझाउनु पर्छ र त्यसपछि प्रत्येक ४ वर्ष यस्ता प्रतिवेदनहरु बुझाउदै जानु पर्नेछ । यस महासन्धीको तीन मूलभूत सिद्धान्तहरूमा सारभूत समानता, भेदभाव विहीनता र राज्यको कर्तव्य भित्र पर्छन् ।

सारभूत समानताको सिद्धान्त : यस सिद्धान्त अनुसार, महिला र पुरूषहरूलाई एकै प्रकारले व्यवहार गर्दैमा समानता हुँदैन, समानता परिणाममै देखिनका लागि उनीहरूलाई गर्ने व्यवहारहरु फरक फरक हुन्छन । कानुनी रूपमा समान भनीए पनि सदियौ देखि चलनचल्तीमा रहेका व्यवहार, विधि, मान्यताका आधारमा भईरहेका जबरजस्तीहरु हटाएर समान मौका, समान अवसरहरु र परिणाममा समानता ल्याउनु पर्छ । समानताका लागि समाजमा विद्यमान विविधता, असमानता र विभेदहरूमा खास ध्यान पुऱ्याउनु पर्छ । सकारात्मक कार्यहरुद्वारा र केही अस्थायी विशेष उपायहरुद्वारा सामाजिक परिवर्तन ल्याउनद्र पर्छ ।

बिना भेदभावको सिद्धान्त : यस सिद्धान्तले कानुनी निष्पक्षता र नीतिहरूमा रहेका कमजोरीहरु पत्ता लगाउन मद्दत गर्छ । यस्ता औपचारीक तथा कथित तटस्थ कानुन र नीतिहरूले महिलाप्रति सदियौं देखि हुँदै आएका भेदभावहरु सम्वोधन गर्न सक्दैनन । नीति अथवा कानुनले महिलालाई भेदभाव नगरी बराबर अधिकार दिएपनि व्यवहारमा भेदभाव रहिरहेको हुन्छ ।

राज्य दायित्वको सिद्धान्त : महिला विरूद्ध हुने सबै खालका भेदभाव उन्मूलन गर्ने महासन्धिको पक्ष राष्ट्र हुने बित्तिकै त्यस राष्ट्रले स्वतः महिलाविरूद्ध हुने भेदभावहरु हटाई, महिला र पुरूषहरु बराबर हुन भनी मान्यता राख्ने कानुनी आधारहरु मानेको ठहर्छ । राज्यको दायित्वमा आधारित सिद्धान्तहरूमा निम्न लिखित कुराहरु पर्छन् :

- दायित्वको मतलब, अधिकारका प्रावधानहरु प्रति सुनिश्चितता गराउने कानुन
- व्यवहारमै बराबरिको अधिकारको सुनिश्चितता

## महिला र किशोरीप्रति लैङ्गिक हिंसा

सङ्कटासन्नताले महिला र किशोरीविरूद्ध यौनिक र लैङ्गिक हिंसाहरु हुनसक्छ । संयुक्त राष्ट्रसङ्घीय अन्तर्राष्ट्रिय विपद् जोखिम सचिवालयले परिभाषित गरेअनुसार लैङ्गिकतामा आधारित हिंसा भनेको लैङ्गिक मापदण्ड र असमान शक्ति सम्बन्धको आधारमा कुनै व्यक्तिको इच्छाविपरित गरिएको कार्य हो । यसअन्तर्गत हिंसा र जबरजस्तीका धम्कीहरु पनि पर्छन् । यो शारीरिक, भावोत्तेजक, मानसिक र यौनिक प्रकारका पनि हुनसक्छन् । स्रोत साधन या कुनै सेवामा प्रवेश गराइदिने प्रलोभन वा यी कुराहरूबाट वञ्चित गरिदिने धम्की पनि हुनसक्छन् । जुनसुकै रूपमा भए पनि यो मानवअधिकारविरूद्ध हो ।

लैङ्गिक आधारमा हुने हिंसाहरु

- परोक्ष शारीरिक दुराचार (गालीगलौज, यौनिक हमला घर वा कार्यालयमा)
- शारीरिक दुरूपयोग (स्वतन्त्रताको हनन्, जबरजस्ती विवाह, यौन उत्पीडन घर वा कार्यालयमा)
- स्वास्थ्य जीवनका शारीरिक र मानसिक आवश्यकताबाट वञ्चित गर्नु (स्वास्थ्य सेवा, पोषण, शिक्षा, जीवनोपयोगी साधनहरु)
- महिलालाई वस्तु समान व्यवहार गर्नु (महिला र किशोरीको यौन शोषणका लागि ओसारपसारसहित)

## प्रशिक्षक/ सहजकर्तालाई सुझाव

मानवीय सिद्धान्तहरु र मूलभूत मानवीय मापदण्डहरु पढ्न र बुझ्न गाह्रो छ । तसर्थ सहभागी सबैले यी सिद्धान्त नबुझ्न सक्छन् र यस्ता सहभागीप्रति विशेष ध्यान पुऱ्याउनु जरूरी छ । सहभागीमध्ये कसैको आफ्नो क्षेत्रमा विपद् व्यवस्थापनमा भएका यी सिद्धान्तका उल्लङ्घनका अनुभव भए उनीहरूका चिन्तनसँग अन्य सहभागीलाई परिचित गराउन आमन्त्रण गर्न सकिन्छ । प्रशिक्षक/सहजकर्ताले समाचार पत्रहरूबाट यस्ता घटना सम्बन्धित खबरहरु जम्मा गरी विपद् प्रतिकार्यसँग सम्बन्धित गतिविधिमा यी सिद्धान्तलाई सम्वद्ध भएनभएकोबारे छलफल गरी यदि नभएको भए ती सिद्धान्तमा जोड्न प्रयास गराउन पर्छ । विषयगत क्षेत्रका मापदण्डबारे स्फियर मापदण्डहरूमा छलफल गरिने सत्रहरूमै चर्चा गर्ने ।

## सत्र योजना (६० मिनेट)

यस खण्डमा सिकाइका अपेक्षित उद्देश्यहरू र प्रशिक्षण विधिबारे चर्चा गरिन्छ ।

| समग्र उद्देश्य | बिशिष्ट उद्देश्यहरू : सत्रको अन्त्यमा सहभागीको |
|---|---|
| स्थानीय सरकारहरूका विपद् व्यवस्थापन पूर्वतयारी र प्रतिकार्ययोजनाहरूमा मानवीय सिद्धान्तहरू, मूलभूत मानवीय मापदण्डहरू संलग्न गराउने र लैङ्गिक परिप्रेक्ष्यबारे जानकार गराउँदै सबै उमेर समूहका महिलाका अधिकारहरु सुनिश्चित गराउन हस्तक्षेपकारी भूमिका पनि निर्वाह गर्ने । | • विपद् व्यवस्थापन पूर्वतयारी र प्रतिकार्यका पहलहरूमा मूलभूत मानवीय सिद्धान्तहरु र मापदण्डहरूको पालना गर्नुपर्ने कुरा बुझ्नेछन् ।<br>• पुरूष, महिला, किशोर र किशोरी, गरिब, अपाङ्गता भएकाहरु र बहिष्कृत समूहहरूमा विपद्को प्रभाव विश्लेषण गर्न सक्षम हुनेछन् ।<br>• विकास योजनाहरूमा र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका प्रत्येक चक्रमा लैङ्गिक समानता र सामाजिक समावेशीता किन र कसरी मूल प्रवाहीकरण गर्नुपर्ने र यस कार्यमा आइपर्ने चुनौतीहरूबारे बुझ्नेछन् । |

## मुख्य सन्देशहरू

विपद्बाट सबै प्रभावित हुने भए पनि सबै एकैनासले प्रभावित हुन्छन् भन्ने छैन । विपद्बाट महिला र पुरूषमा फरक–फरक प्रभाव पर्छ । विद्यमान ऐतिहासिक असमानताले विपद् प्रभावलाई झनै बढाउँछ । लैङ्गिक असमानताबाट उत्पन्न प्रभाव व्यापक रूपमा छ । महिलाको आर्थिक स्रोतहरु र सूचनामा कम पहुँच र निर्णय प्रकृयामा कम सहभागिताले गर्दा उनीहरु बढी सङ्कटासन्न अवस्थामा पुग्न सक्छन् । साँच्चिकै भन्नुपर्दा यी बेफाइदाले नै महिला बढी सङ्कटासन्न हुन्छन् ।

विपद् जोखिम न्यूनीकरणमा लैङ्गिक समानता ल्याउनाले सबैले जित्ने अवस्था सिर्जना भई सङ्कटासन्न अवस्था कम हुन गई पूरै समुदायको जीवनयापन सजिलोसँग सुचारू गर्न मद्दत पुग्ने भएकाले यो कम खर्चिलो हुन जान्छ ।

## अपेक्षित सहभागी

नगरपालिकाहरूका प्रमुख/उपप्रमुख, गाउँपालिकाहरु अध्यक्ष/उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्ष, प्रशासकीय समितिका सदस्य, विपद् जोखिम न्यूनीकरणसँग सम्बन्धित सम्पर्क व्यक्ति, इन्जिनियर, पालिकाका विषय समितिका सम्पर्क व्यक्तिहरु ।

## सत्रको सारांश

| गतिविधि | समय | विवरण | औजार | तयारी |
|---|---|---|---|---|
| उद्देश्यहरूको फ्लीप चार्ट अथवा पावर प्वाइन्ट टेम्प्लेट तयार पार्ने | दिन १<br>१२:००-१२:३०<br>(३० मिनेट) | **गतिविधि १ : पावर प्वाइन्ट प्रस्तुति**<br>● मानवीय सिद्धान्तहरु<br>● स्फियर संरक्षण सिद्धान्तहरु<br>● मूलभूत मानवीय मापदण्डहरु<br>● महिलाविरूद्ध हुने सबै प्रकारका भेदभावहरु उन्मूलन गर्ने महासन्धि<br>● मानवीय कार्यमा लैङ्गिक दृष्टिकोण (अन्तर्निकाय स्थायी समिति)<br>● मानवीयताका लागि एजेण्डा (कोही नछुटुन् भन्ने सिद्धान्तमा जोड) प्रस्तुतिको अन्तमा मूलभूत मानवीय मापदण्ड र सिद्धान्तको पालनामा जोड हुने) | S13T1_<br>Humanitarian<br>Principles and CHS | यी सिद्धान्तहरु र मापदण्डहरु छापी प्रत्येक सहभागीलाई एक एक प्रति बाँड्ने ।<br>औजार : S13T1_Humanitarian Principles and CHS |
| प्रत्येक सहभागीलाई एक-एक प्रति बाँड्न पुग्ने गरी एक एक प्रति औजार : S13T1_Humanitarian | १२:३०–१:००<br>(३० मिनेट) | **गतिविधि २ : विपद् जोखिम व्यवस्थापनमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको साथै लैङ्गिकतामा आधारित हिंसाबाट संरक्षणलाई मूल प्रवाहीरण गर्ने लैङ्गिक समानता र सामाजिक समावेशीकरण कार्यढाँचाको प्रस्तुति** | S13T1_<br>Humanitarian<br>Principles and CHS | उद्देश्यहरूको फ्लीप चार्ट अथवा पावर प्वाइन्ट टेम्प्लेट तयार पार्ने<br>प्रत्येक सहभागीलाई एक-एक प्रति बाँड्न पुग्ने गरी एक एक प्रति औजार : S13T1_Humanitarian<br>Principles and CHS छापेर राख्ने |

| | | | | |
|---|---|---|---|---|
| Principles and CHS<br>छापेर राख्ने | | • लैङ्गिक समानता र सामाजिक समावेशीता मूल प्रवाहीकरण पाँच चरणको प्रस्तुति<br>• विपद् जोखिम व्यवस्थापनमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई मूल प्रवाहीकरण गर्ने तरिकामा समूहकार्य (महिला, पुरूष, फरक फरक यौनिक अभिमुखीकरण भएका व्यक्तिहरु, अपाङ्गता भएका व्यक्ति, बहिष्कृत समूह र जेष्ठ नागरिक)<br>• मूल प्रवाहीकरण गर्दा आउने अवसरहरु र चुनौतीहरुमा छलफल र भविस्यका कार्यदिशाहरु | | |

## सत्र गतिविधिहरुको विवरण

| | | |
|---|---|---|
| दिन १<br>१२:००-१२:३०<br>(३० मिनेट) | **गतिविधि १ : खुल्ला छलफल र प्रस्तुति**<br>• छलफल गर्ने विषयहरुको प्रस्तुति<br>• मानवीय सिद्धान्तहरु<br>• स्फियर संरक्षण सिद्धान्तहरु<br>• मूलभूत मानवीय मापदण्डहरु<br>• यी सिद्धान्तहरु र मापदण्डहरु पालन गर्नुपर्ने आवश्यकतामा जोड दिँदै प्रस्तुति समाप्ती | **उद्देश्यहरु**<br>विपद् व्यवस्थापन पूर्वतयारी र प्रतिकार्य गतिविधिमा मानवीय सिद्धान्त र मूलभूत मानवीय मापदण्डका पालना गर्नुपर्ने आवश्यकतामा प्रकाश पार्ने ।<br>औजार : S13T1_Humanitarian Principles and CHS |

| | | |
|---|---|---|
| १२:३०–१:०० (३० मिनेट) | गतिविधि २ : लैङ्गिक समानता र सामाजिक समावेशीकरण र लैङ्गिकतामा आधारित हिंसाबाट संरक्षणलाई विपद् जोखिम व्यवस्थापनमा मूल प्रवाहीकरण गर्ने<br>● लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई मूल प्रवाहीकरणमा ल्याउने ५ चरण<br>● विपद् जोखिम व्यवस्थापनका सबै चक्रमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई मूल प्रवाहीकरण गर्ने तरिकाहरूमा समूहकार्य (लैङ्गिक र सामाजिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्तिहरु, बहिष्कृत समूह र जेष्ठ नागरिकहरु) | लैङ्गिक समानता र सामाजिक समावेशीकरण तथा लैङ्गिकतामा आधारित हिंसाबाट संरक्षणलाई विपद् जोखिम व्यवस्थापन मूल प्रवाहीकरण गर्नेबारे समूहकार्य र पूर्ण बैठकमा छलफल |

## प्रशिक्षण सामग्री

पर्याप्त मात्रामा बोर्ड मार्करहरु (मेटिने, नमेटिने) मास्किङ टेप, डबल साइडेड टेप, मेटा कार्ड, पोस्टइट प्याड, कैंची, स्टेपलर, न्युज प्रिन्ट पेपर, खैरो कागज, पुस पिन, पञ्च मेसिन, माउथ फेसनर मिन्ट, पावर केवल प्रोजेक्टर, हाते माइक र पिन माइक प्रशिक्षण अवधिभर उपलब्ध गराइनु पर्छ ।

| | |
|---|---|
| अपेक्षित उपलब्धि | पालिकाका नेतृत्वकर्ता र कर्मचारीहरूले मानवीय सिद्धान्तहरु र मूलभूत मानवीय मापदण्डहरु र यसका महत्वहरु बुझ्नेछन् । साथै सहभागीले विभिन्न समूहका आवश्यकता फरक हुन्छन् । विपद् जोखिम व्यवस्थापनमा यी सबैको ध्यान पुऱ्याउन लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई विपद् व्यवस्थापन योजनामा समावेश गर्नुपर्ने आवश्यकता बुझ्नेछन् । |
| पुष्ट्याइँका आधारहरू | पालिकाहरूका स्थानीय विपद् जोखिम व्यवस्थापन नीतिहरु र प्रक्रियामा मानवीय सिद्धान्तहरु र मूलभूत मानवीय मापदण्डहरूका पालनाप्रति प्रतिवद्धता पत्र |
| सन्दर्भ-सामग्री | ● पाठ्य सामग्री– औजार S13T1_Humanitarian Principles and CHS<br>● स्फियर हाते पुस्तकबाट मूलभूत मानवीय मापदण्ड https://www.SPHEREstandards.org/handbook-2018/<br>● विपद् पूर्वतयारीहरु चेकलिस्ट अप्रिल ३०, २०१९<br>● GESI framework_Nepali 20.07.2017_opt<br>● एचसिटी मनसुन आकस्मिक प्रतिकार्य तयारी २०१८<br>● नेपालमा मानवीय प्रतिकार्यमा लैङ्गिक समानताको मूल प्रवाहीकरण |




# सत्र १४

## खुल्ला क्षेत्रहरूको पहिचान र संरक्षण एवं शिविर समन्वय तथा शिविर व्यवस्थापन

# पृष्ठभूमि

जलवायु उत्पन्न जोखिम तथा मानवीय गतिविधिबाट उत्पन्न सङ्कटलगायत विपद्हरूले आकस्मिक रूपमा धेरै व्यक्ति विस्थापित हुनसक्छन् । मानिस आफू बसोबास गरिरहेको ठाउँ असुरक्षित लागेमा वा भएमा उनीहरु आफ्नो घर वा वासस्थान छोडी, अन्यन्त्र विस्थापित भई सङ्कटासन्न अवस्थामा पुग्दछन् । यस अवस्थामा उनीहरूसँग खान लाउन, परिवारको हेरचाह गर्न र आफ्नो सुरक्षा गर्न सक्ने अवस्था नरहन सक्छ तसर्थ यी व्यक्तिहरूलाई सुरक्षा र संरक्षण गर्न जरूरी हुन्छ । आफ्ना कुरा राख्न नसक्ने समूह जस्तै, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, समाजका बहिष्कृत समूह, कुनै जाति विशेष वा आर्थिक अल्पसङ्ख्यक यस्ता अवस्थामा अझै बढी सङ्कटासन्न स्थितिमा पुग्दछन् ।

यस सत्रमा निकासी मार्ग र खुल्ला क्षेत्रहरु विस्थापितका लागि शिविर तयार पार्ने कार्यका समन्वय र व्यवस्थापनसम्बन्धी कुराहरूको जानकारी गराइन्छ (औजार : S14T1_Open Spaces and Evac routes; S14T2_Intro_CCCM) ।

## खुल्ला क्षेत्रहरु

विपद्ग्रस्त क्षेत्रबाट विस्थापित हुनेहरु प्रायः नजिकैका खुल्ला ठाउँहरूमा जाने हुनाले स्थानीय सरकारहरूले विपद्को बेला मानिस आई आश्रय लिन सक्ने सार्वजनिक खुल्ला ठाउँहरूको पहिचान गरिराख्नु जरूरी छ । सबै समुदायमा हुने खुल्ला ठाउँहरु, सार्वजनिक मैदान, चौताराहरु र स्कुलहरु लगायतलाई विपद्को बेला आश्रयस्थलका रूपमा प्रयोग गर्न सकिन्छ । स्थानीय समुदायहरूसँग समन्वय गरी यस्ता स्थानहरूको पहिचान र संरक्षण गर्नु जरूरी हुन्छ । यस्ता खुल्ला क्षेत्रहरु प्राकृतिक, वातावरणीय, औद्योगिक, मानव उत्पन्न प्रकोपहरूबाट सुरक्षित हुनुपर्छ र सम्भव भएसम्म पानीको मुहान र सडकनजिकै हुनुपर्छ ।

## निकासी मार्गहरु

विपद्को बेला मानिस सुरक्षित तवरले खुल्ला ठाउँमा पुग्न सक्ने हुनुपर्छ । तसर्थ स्थानीय सरकार र समुदायहरु मिली यस्ता सुरक्षित बाटोहरु पहिचान गरी राख्नुपर्छ । साथै यी मार्गहरूलाई सुरक्षित (भत्कने वा बिग्रनबाट र बाटोको दायाँ बायाँ घरहरूबाट खस्न सक्ने जोखिमयुक्त सामान हटाई राखिरहनु जरूरी छ ।

## शिविर व्यवस्थापन

ठूलो संख्यामा मानिस विस्थापित हुँदा पहिले नजिकैका खुल्ला ठाउँहरु र यदि यी ठाउँहरु सुरक्षित नलागेमा अझै टाढाका ठाउँमा विस्थापित पुग्दछन् । यदि यी विस्थापित उही राष्ट्रभित्रै रहे भने उनीहरूलाई आन्तरिक विस्थापित व्यक्ति भनिन्छ । कहिलेकाहिँ विस्थापित व्यक्तिहरु, अन्तर्राष्ट्रिय सीमा उलङ्घन गरी अर्को देशमा पुग्न बाध्य हुन्छन् । यी विस्थापितलाई शरणार्थी भनिन्छ । यस्ता व्यक्तिहरूलाई सङ्गठित गरी उनीहरूको जीवन र आत्मसम्मानको सुरक्षा गर्नुपर्ने हुन्छ । उनीहरूका लागि खुल्ला ठाउँहरूमा शिविर स्थापना गरी आवश्यक सुरक्षा र राहत सहायता उपलब्ध गराउनु पर्छ ।

यस क्रममा बहुउद्देश्यीय महिला केन्द्रहरु स्थापनार्थ विशेष ध्यान पुऱ्याउनु पर्छ । यस्ता केन्द्रहरु दिगो र विपद् प्रभावित महिलाका सबै आवश्यकता सम्बोधन गर्न सक्ने हुनु आवश्यक छ । कानुनी सहायता कक्ष, मनोसामाजिक संयन्त्र, विविध सेवाबारे जानकारी उपलब्ध गराउने कक्ष, जानकारी जुटाउने र तथ्याङ्क राख्ने प्रणाली, बन्दोबस्ती र आयआर्जन गर्न कार्यक्रमहरु, सशक्तीकरण र सीप विकास तालिमहरु र सम्वाद सत्रहरूको प्रबन्ध गर्नुपर्छ । यी सबै केन्द्रले महिलाका विद्यमान समस्या समाधान गर्न, अल्पकालीन तथा दिर्घकालीन अवस्थाका लागि पुनर्स्थापना भई जीवनयापन गर्न र आयआर्जन गर्न सक्ने कार्यहरु सञ्चालन गर्नेछन् ।

नेपालमा विषयगत क्षेत्रअन्तर्गतको आश्रयस्थल विषयगत क्षेत्र साथै शिविर समन्वय र शिविर व्यवस्थापन समन्वयको अगुवा विषयगत संस्था सहरी विकास मन्त्रालय हो । अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठन, शिविर समन्वय र शिविर व्यवस्थापनको संयुक्त राष्ट्रसङ्घद्वारा चुनिएको विषयगत सहयोगी संस्था हो । शिविर समन्वय र शिविर व्यवस्थापन विषयगत क्षेत्रको मुख्य जिम्मेवारी शिविर खडा गर्ने, समन्वय गर्ने र विस्थापितहरूलाई व्यवस्थापन गर्ने हो ।

## विस्थापितहरूले सामना गर्ने व्यवधान

- विस्थापित समुदायहरूले आफ्ना बासस्थान गुमाई अन्य आश्रयस्थल खोज्नुपर्ने हुनसक्छ । कहिलेकाही उनीहरु जोखिमयुक्त ठाउँहरुमा पनि बस्न बाध्य हुनसक्छन् ।
- विस्थापित व्यक्तिहरूले आफ्नो घरजग्गा, धनसम्पत्ति र जीवनयापनका अन्य माध्यम र आम्दानीसमेत गुमाउने हुनाले उनीहरु भोकमरी, सीमान्तीकरण, शोषण र दुराचारमा पर्न सक्ने अवस्थामा पुग्न सक्छन् ।
- विपद्को अवस्थामा केही समयका लागि खाद्य, पिउने पानी र अन्य सेवा बन्द वा अपुग हुनसक्छन् । विद्यालयहरु बन्द हुनसक्छन् भने अस्पताल र स्वास्थ्य सेवामा पुग्न नसकिने हुनसक्छ । यदि यो अवस्था लम्बिएमा, मानिस भोकमरी, कुपोषण र खराब स्वास्थ्यसम्बन्धी समस्याहरूबाट पीडित हुन पुग्छन् ।
- विस्थापित हुने क्रममा पारिवारिक संरचना भङ्ग हुनसक्छ । परिवारका सदस्यहरु परिवारबाट अलग हुनसक्छन् । बेसहारा बालबालिका, एकल महिला वा महिला घरमूली हुने अवस्था (वा कहिलेकाही बालबालिका पनि) जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति परिस्थितिअनुसार चरम दुराचार तथा यौन शोषणमा पर्ने र बालबालिका बालमजदुर हुनुपर्ने अवस्था आउन सक्छ ।
- विस्थापित हुने क्रममा परिचयसम्बन्धी कागजपत्र हराउने, नष्ट हुने वा जफत हुने अवस्था आउन सक्छ । जसका कारण व्यक्ति र नागरिकलाई हुने प्राप्त सुविधा जस्तै : शिक्षा, स्वास्थ्य, गुमेको सम्पत्ति र जग्गा फिर्ता आदिबाट वञ्चित हुनसक्छन् । (Handbook for the Protection of Internally Displaced Persons GoLbal Protection Cluster Working Group 2010 बाट साभार गरिएको) ।


## शिविरका प्रकारहरू र शिविरजस्तै आश्रयस्थल

विस्थापित आफ्ना समस्या समाधानका विभिन्न अस्थायी उपाय खोज्छन् । केही आफ्ना नातेदार, साथी र छिमेकीमा पाहुना लाग्छन् । सक्नेहरु घर भाडामा लिएर पनि बस्छन् । कहिले सरकारले वा कुनै गैरसरकारी निकायले सहुलियत दरमा समेत घर उपलब्ध गराउन सक्छन् ।

शिविर र शिविरजस्तै आश्रयस्थल विस्थापितका लागि आफैंमा कुनै दिगो उपाय नभई अरू कुनै उपाय नभएका बखत उनीहरूको सहायता र सुरक्षा गर्ने उपाय हो । शिविर समन्वय र शिविर व्यवस्थापन विषयगत क्षेत्र, शिविर खडा गर्न वकालत नगर्ने भए पनि विपद् र द्वन्द्वहरूबाट विस्थापितलाई अन्य उपाय नभएका बखतमा शिविर नै उनीहरूका लागि सुरक्षा र आश्रयस्थल प्रदान गर्ने अस्थायी उपाय हो भनी मान्दछ ।

शिविर व्यवस्थापन समन्वय विषयगत क्षेत्रले शिविर तथा शिविरजस्तै अन्य चार प्रकारका आश्रयस्थलको वर्गीकरण गरेको छ । जुन तल चित्रमा देखाइएको छ :-

- योजनावद्ध शिविर : योजनावद्ध तरिकाले विस्थापितलाई बस्न र सबै सेवासुविधा पुऱ्याउन सकिने प्रकारले बनाइएका शिविरहरु पर्छन् ।
- आफैं तयार पारिएका शिविर : सरकारी वा गैरसरकारी सहायता नलिइकन विस्थापित आफैंले बस्न बनाइएका शिविरहरु पर्छन् । यस्ता शिविर सार्वजनिक, सामुदायिक जग्गाहरु वा स्थानीय/व्यक्तिगत जग्गाधनीसँग कुराकानी गरी मिलाइएका जग्गाहरूमा स्थापना गरिएका हुन्छन् ।
- पारवाहन शिविर र स्वागत कक्ष : विस्थापितहरूलाई पायक पर्ने, सुरक्षित र लामो समयसम्म बस्न अनुकूल बासस्थानमा सार्नु अगाडि, अस्थायी रूपमा बस्न तयार पारिएका शिविरहरु पर्छन् । यस्ता शिविरहरु छोटो समयका लागि मात्र प्रयोग हुन्छन् ।
- सामूहिक केन्द्रहरु : चलनचल्तीमा रहेका भवन जस्तै विद्यालय, ब्यारेक, सामुदायिक भवन, गोदाम, खेलकुद स्थल, बन्द भएका उद्योग र निर्माणाधीन भवनमा विस्थापितलाई राख्न सकिन्छ ।




- शिविर र शिविरजस्तै आश्रयस्थल : अन्य विकल्प नभएको बेला विस्थापितको सहायता र सुरक्षाका लागि मात्र स्थापना गरिन्छ ।

## शिविर व्यवस्थापनका चार मुख्य अवयव

शिविर व्यवस्थापन भनेको शिविरमा बसोबास गरिरहेकाहरूको सहायता र सुरक्षाका लागि हो । यो सहायता/सुरक्षा सबै शिविरवासीको सहभागितामा अन्तर्राष्ट्रिय कानुन र मान्यतामा आधारित हुनुपर्छ ।

## सुरक्षाको परिभाषा

शिविरको सबै गतिविधिमा शिविरमा बसोबास गरिरहेकाहरूको मानवअधिकारको सम्मान हुनुपर्छ । सुरक्षासँग सम्बन्धित गतिविधिमा विस्थापितलाई शारीरिक सुरक्षा (हानीबाट सुरक्षा), कानुनी सुरक्षा (न्यायमा पहुँच र कानुनी कागजात जस्तै, जन्मदर्ता प्रमाणपत्र, परिचपत्र आदि) र भौतिक सुरक्षा (आधारभूत सामग्री र सेवामा समान पहुँच) पर्छन् ।

## सहायता/सेवाहरू

विस्थापितहरूका आधारभूत आवश्यकता जस्तै, आश्रयस्थल, खाद्यान्न, पानी, शिक्षा र खाद्यान्न बाहेकका वस्तु र स्वास्थ्यसम्बन्धी गतिविधिहरू, सहायता/सेवाअन्तर्गत पर्छन् ।

परिचयपत्रविहीन आन्तरिक विस्थापितलाई मर्यादायुक्त जीवन जिउन सहायता र सेवाको अनिवार्य आवश्यकता हुन्छ । यी सेवासुविधा स्वास्थ्य, शिक्षा, खाद्यान्न, पानी र सरसफाई आदि खण्डहरूमा छुट्याइएका छन् । प्रशिक्षण प्याकेजमा सहायता र सेवाबारे विस्तृत चर्चा गरिएको छैन । शिविर व्यवस्थापन औजारमा शिविर व्यवस्थापनअन्तर्गत विभिन्न सेवासुविधाबारे विस्तृत जानकारी दिइएको छ जसलाई राम्रो सन्दर्भ-सामग्रीको रूपमा लिन सकिन्छ ।

## सहभागिता

शिविर सञ्चालन/व्यवस्थापनका दैनन्दीय गतिविधि र निर्णय प्रक्रियामा शिविरवासीको छलफल र सक्रिय सहभागिता रहन्छ । शिविर व्यवस्थापनका निर्णय प्रक्रिया र दैनन्दीय गतिविधिमा समुदायको सक्रिय सहभागिता तथा परिचालनबाट सामुदायिक सहभागिता प्रवर्द्धन हुन्छ ।

## अन्तर्राष्ट्रिय कानुन र मापदण्डहरू

मापदण्डहरूले सेवा प्रवाह र सुरक्षाको न्युनतम स्तर निर्धारण गर्छन् । यी मापदण्डहरू प्राकृतिक विपद्हरूबाट विस्थापितलाई मर्यादायुक्त जीवनका लागि वैश्विक स्तरमा निर्धारण गरिएका मापदण्डहरू हुन् । यी मापदण्ड मानवअधिकारका व्यावहारिक प्रस्तुतिहरू हुन् । मानवअधिकारका ठोस प्रयोगहरूमा यी मापदण्ड मार्गदर्शक हुन्छन् ।

## शिविर जीवन चक्र

साधारणतया शिविर जीवनचक्रका तीन भिन्दाभिन्दै चरण छन् र ती एक आपसमा गाँसिएका छन् । शिविरवासीका आवश्यकता र गतिविधि यी प्रत्येक चरणमा परिवर्तन हुन्छन् ।

## योजना र स्थापना

शिविर स्थापनाको तयारी विस्थापनपूर्व र विस्थापनको अवस्थामा गर्नुपर्छ । कार्ययोजनामा शिविर सञ्चालन हुने समयसीमा, दिगो समाधान र शिविर बन्द गर्ने रणनीति, स्थानीय तहदेखि प्रदेश र केन्द्र तहसम्म तयार हुनुपर्छ । अर्को शब्दमा भन्नुपर्दा, विस्थापितहरु शिविरमा आउन सुरु भएदेखि सबै प्राविधिक र सामाजिक गतिविधि पहिचान गर्नुपर्छ ।

शिविरको योजना र स्थापनाले विस्थापितको स्वास्थ्य, हेरचाह र सुरक्षामा प्रत्यक्ष असर पार्नुका साथै दैनिक गतिविधिमा र समुदायहरूको सहभागिता बढाउन पनि मद्दत गर्छ । शिविर स्थापनाको योजना र स्थापना प्रक्रियाका चरणहरूमा आश्रय, शयन प्रबन्ध, सरसफाई (शौचालय, स्नान प्रबन्ध र लुगा धुने ठाउँ आदि), भान्साघर, फोहोर व्यवस्थापनका लागि ठाउँ र मनोरञ्जन स्थलहरु सबैको प्रबन्ध गर्नुपर्ने हुन्छ । साथै शिविरमा आइपुग्नेहरूको दर्ता र खास अवस्थाका व्यक्तिहरूका आवश्यकता पहिचान गर्नुपर्ने हुन्छ । सुरु चरणमा सहभागितात्मक सामुदायिक परिचालन संरचना र प्रक्रियाको पहिचान गरी योजना निर्माणपश्चात् शिविर स्थापना भएको हुनुपर्छ । अर्को महत्वपूर्ण कुरा शिविरको पूर्वयोजना चरणमै शिविर बन्द गर्ने रणनीति तयार हुनुपर्छ ।

यसका साथै शिविरवासीको बहिर्गमन रणनीतिहरु, स्थापित राष्ट्रिय नीतिहरु र सहमतिका आधारमा तय गरिएको हुनुपर्छ । तर, शिविरहरु अचानक र बिना कुनै तयारी पनि स्थापित हुन्छन् र अरू सञ्चालन रणनीतिहरु पछि बन्दै जान्छन् । तसर्थ यस्ता अचानक बिना कुनै तयारी स्थापित शिविरहरूमा पनि कमसेकम मानवीय मापदण्डहरूले तोकेअनुसारका सुविधाहरु बढाउन पनि शिविरको तयारी चरणको योजनामा हुनुपर्छ ।

## हेरचाह र मर्मत

विस्थापितहरु शिविरमा बसिसकेपछिको चरणमा सबै सुविधा ठिक छन् या छैनन् भनी हेरचाह गरी आवश्यक मर्मत सम्भार गरिरहनुका साथै शिविर विस्तारको आवश्यकता पनि हुनसक्छ । यो चरणमा सबै सरोकारवालाको क्षमताअनुसारका सामाजिक पक्षहरूलाई सहयोग र बढावा दिने गरी परिचालित गर्नुपर्छ । शिविरमा नियमित गतिविधि चलिरहेकै हुन्छन् । यदि लामो समयसम्म विस्थापितहरूका समस्या समाधान हुन नसकी शिविरमै राखिराख्नु पर्ने अवस्था आइपरेमा, शिविर बन्दको योजना कार्यान्वयन हुन नसकी शिविरको जीवनचक्रमा यो लामो र कष्टकर चरण हुन जान्छ ।

शिविरको नियमित गतिविधिमा आश्रयस्थल, शौचालय, भान्साघर, फोहोर फाल्ने ठाउँ, निकास, सडक र बाटोघाटो सबैको मर्मत सम्भार गर्नु पर्छ । साथै

शिविरबाट बाहिरिने र नयाँ आउनेको विवरण सङ्कलन गर्ने र आवश्यकता पहिचान पनि गर्नुपर्ने हुन्छ । यसमा शिविरवासीको सक्रिय सहयोग र शिविर व्यवस्थापनको निर्णय प्रक्रियमा पनि सहभागिता हुनुपर्छ ।

## बन्द र दिगो समाधानहरू

शिविर बन्द र दिगो समाधानहरू विस्थापितहरूको घर फिर्तीसँग सम्बन्धित छ । शिविर सञ्चालन अवधि र बन्दको समयसीमा, शिविर स्थापनाको योजना चरणमै पहिचान गरी यसको अनुगमन पनि गरी रहनुपर्छ । शिविर जीवन चक्रका सबै चरणमा शिविर बन्दको जानकारी, सबै शिविरवासीलाई गराइराख्नु पर्छ । बन्दको चरणमा गरिने प्राविधिक र कानुनी प्रक्रियाहरू सुरू गर्नुपर्छ ।

सबै शिविरवासी शरणार्थी हुने अवस्था समाप्त भएपछि दिगो समाधान प्राप्त हुने भएकाले शिविर बन्दको प्रक्रिया सुरू गर्नुपर्छ ।

## विस्थापित जनसंख्या

आफ्नै घर/समुदायमा फर्किन्छन्, पुनर्स्थापित क्षेत्रमा घुलमिल हुन्छन् वा कुनै तेस्रो स्थानमा बसोबास गर्छन् । तिनलाई आवश्यक परेको ठाउँमा जानसक्ने भए उक्त जानकारी प्रदान गर्ने, सङ्कटासन्न अवस्थाका व्यक्ति/समूहलाई फर्किन सहायता गर्ने । यसरी शिविर छोड्नेहरूका दर्ता खारेज गर्न आवश्यक छ । शिविर खाली गर्दा राम्ररी सफा सुग्घर गर्ने, पूर्वाधारहरू हटाउने र फोहोरमैलालाई राम्ररी व्यवस्थापन गरी शिविर स्थापित क्षेत्रलाई वातावरण प्रदूषणबाट बचाई उक्त क्षेत्रको दिगोपन यथावत राख्नुपर्छ ।

शिविर जीवन चक्रका तीन चरण एकापसमा मेल खाने हुने हुनाले कुनै चरण लामो हुनसक्छ । विस्थापितहरूको शिविरबाट बहिर्गमनको समयसीमा, विस्थापन सन्दर्भ विश्लेषण र दिगो समाधान निकाल्न सक्ने क्षमतामा भर पर्छ । यसकारण पनि यो चक्रमा एक चरणको समाप्ति र अर्को चरणको सुरूआत कहिले हुन्छ भन्न सकिन्न । उदाहरणका लागि स्थापित शिविरमा, विस्थापितहरू आइरहने क्रम चलुन्जेल, स्थापना, हेरचाह र मर्मत सम्भार एकैसाथ चलिरहन्छ । त्यस्तै विस्थापितमध्ये केही तुरून्तै शिविर छोड्ने हुन्छन् वा केही उनीहरूको परिस्थिति र आवश्यकताका आधारमा शिविर छाड्ने हुन्छन् । तसर्थ मर्मत र शिविर बन्दका गतिविधि एकैसाथ चलिरहन्छन् र कहिलेकाही यी गतिविधिहरू शिविर स्थापनाको आधिकारिक योजना र अनुगमनअनुकूल नहुन पनि सक्छन् ।

## प्रशिक्षक/सहजकर्तालाई सुझाव

पालिकाहरूका जनप्रतिनिधिले तीन आधारभूत अवधारणाहरू – विपद्बाट प्रभावित वा विस्थापित हुनुपर्ने अवस्थामा विस्थापित व्यक्तिहरू/समूहहरू सुरक्षित भै बस्न सक्ने खुला स्थानहरूको पहिचान, निकासी मार्गहरूका संरक्षण र शिविर समन्वय तथा व्यवस्थापन प्रक्रियाहरू ख्याल गर्नुपर्छ । यो सत्र अलि लामो भएकाले सहभागीको आवश्यकताअनुसार काँटछाँट गर्न सकिन्छ । सत्रको अन्त्यमा पालिकाका सहभागीलाई उनीहरूका पालिकाहरूमा कार्यान्वयन गर्न सकिने कार्ययोजना

तयार पार्न सघाउनु पर्छ । यस योजनामा माथि उल्लेखित तीनवटै कुराहरु समेटिनु आवश्यक छ । खुल्ला ठाउँहरु, निकासी मार्गहरु र पालिकाहरूले शिविर समन्वय र सहयोगका लागि के के गर्नुपर्छ भन्ने उल्लेख गर्न लगाउनु पर्छ ।

## सत्र योजना (४५ मिनेट)

यो खण्डमा सत्र योजनाको सिकाइका उद्देश्यहरु र प्रशिक्षण विधिहरूबारे छलफल गरिन्छ ।

| समग्र उद्देश्य | विशिष्ट उद्देश्यहरु : सत्रको अन्त्यमा सहभागी |
|---|---|
| विपद्, जलवायु परिवर्तनबाट र मानवसिर्जित जोखिमबाट विस्थापित हुन परेमा, विस्थापितहरु बस्ने सुरक्षित स्थानहरूको पहिचान, निकासी मार्गहरु र तिनका संरक्षण र विस्थापितलाई राख्न शिविर समन्वय र व्यवस्थापनमा सहयोगसम्बन्धी कुराहरु सहभागीलाई जानकारी गराउने । | • निकासी मार्गहरूका महत्वलाई आन्तरिकीकरण गर्न सक्षम हुनेछन् ।<br>• आपतकालीन राहत र प्रतिकार्यका लागि खुल्ला क्षेत्रहरूको पहिचान र संरक्षणको महत्व बुझ्नेछन् ।<br>• शिविर समन्वय र व्यवस्थापनमा पालिकाहरूका भूमिकाबारे बुझ्नेछन् । |

## अपेक्षित सहभागिताहरु

नगरपालिकाहरूका प्रमुख/उपप्रमुख, गाउँपालिकाहरु अध्यक्ष/उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्ष, प्रशासकीय समितिका सदस्य, विपद् जोखिम न्यूनीकरणसँग सम्बन्धित सम्पर्क व्यक्ति, इन्जिनियर, पालिकाका विषय समितिका सम्पर्क व्यक्तिहरु ।

## सत्रको सारांश

| गतिविधि | समय | विवरण | औजार | तयारी |
|---|---|---|---|---|
| १<br>खुल्ला क्षेत्रहरु र निकासी मार्गहरु | दिन ३<br>२:००–२:४५<br>(४५ मिनेट) | गतिविधि १ : खुल्ला क्षेत्रहरु र शिविर व्यवस्था समन्वय समिति<br>• प्रस्तुति<br>• छलफल<br>• समूहकार्य | S14T3_Reading material<br><br>S14T1_Open Spaces and Evac routes | सहभागीका लागि S14T3_Reading material छापी तयार पार्ने<br><br>शिविर समन्वय तथा व्यवस्थापन समिति : पृष्ठभूमि पाठ्य सामग्री छाप्ने (S14T3_Reading material) |

| | | | | |
|---|---|---|---|---|
| | | गतिविधि २ : खुल्ला क्षेत्रहरु निकासी मार्गहरु र शिविर समन्वय तथा व्यवस्थापन समितिबारे कार्ययोजना तयारीका लागि समूहकार्य | S14T2_In-tro_CCCM | |

## सत्र गतिविधिको विवरण


| | | |
|---|---|---|
| दिन ३ : २:००–२:४५ (४५ मिनेट) | **गतिविधि १ : खुल्ला क्षेत्रहरु**<br>● सहभागीलाई सार्वजनिक स्थलहरुको अवधारणाबारे परिचित गराउने र यस्ता स्थलहरुका पहिचान र संरक्षणका आवश्यकता बुझाउन पावर प्वाइन्ट प्रस्तुति<br>● शिविर समन्वय तथा व्यवस्थापन समितिबारे प्रस्तुति<br>● शिविर समन्वय तथा व्यवस्थापन समितिमा पालिकाहरुको भूमिकाबारे छलफल<br>**गतिविधि २ : खुल्ला ठाउँहरुको पहिचान र निकासी मार्गहरुको संरक्षणको कार्य योजान तयारीका लागि समूहकार्य** | **उद्देश्यहरु**<br>स्थानीय तहलाई खुल्ला ठाउँहरुको पहिचान र निकासी मार्गहरुको संरक्षण गर्न सक्ने बनाउने ।<br>औजार :<br>S14_T3_Reading material<br>S14_T1_Open Spaces and Evac routes<br>S14_T2_Intro_CCCM |

## प्रशिक्षण सामग्री

प्रशिक्षण तालिका, बोर्ड मार्कर, मास्किङ टेप, डबल साइडेड टेप, मेटा कार्ड, साइन पेन, न्युज प्रिन्ट पेपर, पुस पिन, कार्डबोर्ड पेपर, खैरो कागज ।

| | |
|---|---|
| अपेक्षित उपलब्धि | पालिकाका जनप्रतिनिधि र कर्मचारीहरुलाई खुल्ला ठाउँ र सार्वजनिक स्थलहरु पहिचान गर्न, संरक्षण गर्न, निकासी मार्गका पहिचान र संरक्षण गर्न, शिविर व्यवस्थापन र अरु प्रतिकार्य गर्ने सङ्घ/संस्थाहरुसँग आपतकालीन प्रतिकार्यका लागि समन्वय र सहयोग गर्न सक्नेछन् । |
| पुष्ट्याइँका आधारहरू | समूहकार्यको प्रस्तुति |
| सन्दर्भ-सामग्री | आपतकालको बेला नागरिकलाई अन्यत्र सार्नुपर्दा आवश्यक हुने खुल्ला/सार्वजनिक ठाउँहरुको पहिचान र संरक्षण कार्ययोजना |

# सत्र १५
# जोखिमको वित्तीय व्यवस्थापन र हस्तान्तरण संयन्त्र



# पृष्ठभूमि

सन् २०१७ र २०१८ मा नेपालमा ६३८१ विपद्का घटना भए, जसमा ९६८ को मृत्यु, ३३३९ घाइते र ६ अरब ८४ करोडबराबरको आर्थिक क्षति भयो[9] । यो क्षतिको ९४ प्रतिशत त खाली आगलागीबाट मात्र भयो । व्यक्ति, परिवार र व्यवसायी सम्पत्ति, जीवनयापनका साधनहरु र आर्थिक नोक्सानी व्यहोर्दछन् भने जनधनको क्षति र आर्थिक क्रियाकलापको नोक्सानीबाट सरकारका सबै तहमा ठूलो परिमाणको राजस्वको क्षति हुन जान्छ । स्थानीय तहहरूले यदि (क) जोखिमको वित्तीय व्यवस्थापन (ख) जोखिम हिस्सेदारी र (ग) वित्तीय हस्तान्तरण गर्ने नीति र प्रकृया बुझेमा उनीहरूका लागि यी कुराहरू धेरै फाइदाजनक हुनसक्छन् । तसर्थ यो सत्रको उद्देश्य यी धारणासँग र चलनचल्तीमा रहेको प्रकृयासँग सहभागीलाई परिचित गराउने र स्थानीय स्तरमा यस्तै प्रकृयाहरु अवलम्वन गर्न प्रोत्साहित गराउनु रहेको छ (औजारः S15T1_Risk financing and risk transfer) ।

## विपद्बाट बढी सङ्कटासन्न हुने व्यक्ति

विपद्हरूको तीव्रताबारे कुरा गर्दा विपद्बाट को कति प्रभावित भए भन्ने कुरा प्रमुख हुन्छ । पहाडी भिरहरूमा बसोबास गरिरहेको गरिब समुदाय, नदी किनारका बस्ती र सुकुम्बासी बस्ती, आगलागीको खतरा भएका तराईका झुपडी, बढी जोखिमयुक्त क्षेत्रमा पर्छन् । सहरी क्षेत्रहरु पनि वातावरणीय, जैविक र भौतिक संरचनाहरूबाट सङ्कटासन्न अवस्थामा पर्न सक्छन् । तसर्थ सङ्कटासन्नतालाई अलि गहिरिएर हेर्नुपर्ने आवश्यकता छ ।

जलवायु परिवर्तनले विपद्हरु अझै वढ्न सक्छन् र यसको प्रभाव सङ्कटासन्न वर्गमा बढी हुन्छ । प्रायः महिला, किशोरी, अपाङ्गता भएका व्यक्ति, एचआईभी/एड्स प्रभावित, लैङ्गिक अल्पसङ्ख्यक, एकल महिला, ज्येष्ठ नागरिक र बहिष्कृत वर्गहरूको स्रोतमा पहुँचको कमी हुने भएकाले पनि विपद् जोखिमबाट बढी प्रभावित हुन्छन् । गरिब र अधिकांश महिला, ज्येष्ठ नागरिक आर्थिक अभावले बढी सङ्कटासन्न अवस्थामा पुग्छन् र वित्तीय स्रोतको अभावले उनीहरूलाई पूर्ववत स्थितिमा फर्किन पनि गाह्रो हुन्छ । तसर्थ स्थानीय तहका जनप्रतिनिधिले लैङ्गिक समानता र सामाजिक समावेशीकरणमा जोड दिँदै लैङ्गिक विभिन्नता र सङ्कटासन्न अवस्थाहरूमा ध्यान केन्द्रित गरी विपद्हरूबाट बच्ने तयारी, विपद् सामना गर्ने क्षमता र पुनर्स्थितिमा फर्कन तयारी गर्नुपर्छ ।

## जोखिमको वित्तीय व्यवस्थापन

स्थानीय सरकारहरूलाई ठूला विपद्हरु आइपरेका बेला परिवारका सदस्य गुमाएकाहरु, घाइते र जीवनयापनका साधन गुमाएकाहरूलाई तुरून्त आपतकालीन राहत सहायताका लागि आर्थिक स्रोत जुटाउन चुनौती हुन्छ । यस्तो बेला अरू विकास कार्यका लागि छुट्याइएको रकमसमेत विपद् प्रतिकार्यका लागि

९ गृह मन्त्रालय (२०१९) : नेपाल विपद् प्रतिवेदन २०१९

रकमान्तरण गर्नुपर्ने हुन्छ । स्थानीय विपद् व्यवस्थापन नमुना ऐनमा स्थानीय तहलाई विपद् न्यूनीकरण र प्रतिकार्यका लागि विपद् व्यवस्थापन कोषको स्थापना गर्ने प्रावधानको व्यवस्था गरेको छ ।

महाविपद्को समयमा स्थानीय तहले प्रादेशिक र सङ्घीय सरकारहरूबाट राहत सहायता पाउन सक्छ । यस्ता सहायताहरू स्थानीय तहले विपद् प्रभावित समुदायलाई प्रदान गर्ने आपतकालीन राहत कोषअन्तर्गत नियमित बजेट बाहेकको अतिरिक्त सहायता हो । यस्ता अतिरिक्त सहायताहरू, प्रधानमन्त्री प्रकोप राहत कोष र गृह मन्त्रालयअन्तर्गत रहेको केन्द्रीय आपतकालीन राहत कोषबाट प्राप्त हुनसक्छन् । तर, विपद् पछिका पुनर्स्थापना र पुनर्निर्माणजस्ता लामो समयमा चल्न सक्ने गतिविधिका लागि स्थानीय तहले प्रादेशिक र सङ्घीय सरकारद्वारा पारित वार्षिक बजेटबाट प्राप्त गर्न सक्छन् । यसबाहेक निजीक्षेत्र र विकास साझेदारहरू (संयुक्त राष्ट्रसङ्घ, राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट पनि प्रतिकार्य गतिविधिका लागि वित्तीय सहयोग प्राप्त हुनसक्छ ।

- वीरेन्द्रनगर नगरपालिका सुर्खेतले उठाएको आगलागी कर, जोखिममा वित्तीय व्यवस्थापनको एउटा राम्रो उदाहरण हो । यसरी उठाइएको करबाट नगरपालिकाले आगलागी नियन्त्रणका लागि बारूण यन्त्र किनेको छ ।

## पूर्वानुमानमा आधारित वित्तीय सहयोग

साधारणतया विपद्का घटनापछि राहत र प्रतिकार्य गतिविधिहरू सुरू गरिन्छ । हाल नेपाल सरकार, अन्तर्राष्ट्रिय विकास साझेदारहरू, विपद् जोखिम आइपर्ने सम्भावनाहरू (जस्तै जल तथा मौसमजन्य जोखिम) पत्ता लगाउन प्रयासरत छन् र यस्ता विपद् जोखिमहरूको पूर्वानुमानका आधारमा मानवीय क्षतिकम गर्न पूर्वतयारीहरू गर्न सकिन्छ । आर्थिक, सामाजिक र शारीरिक तवरले सङ्कटासन्न अवस्थामा रहेकाहरूमा विपद्को प्रभाव पनि बढी पर्न सक्ने हुनाले यस्ता समुदायहरू लक्षित कार्यक्रमहरू अगाडि नै गर्न सके ठूलो धनराशीको पनि वचाउ हुन्छ जुन रकम, विपद्पछिका राहत र पुनर्लाभका लागि खर्च गर्न सकिन्छ ।

यस कार्यमा हाल वितरित सामाजिक सुरक्षा भत्तालाई पनि जोड्न सकिन्छ भन्ने पनि सोच छ । हाल ६ विशेष वर्ग जो सङ्कटासन्न अवस्थामा छन्– ज्येष्ठ नागरिक, एकल महिला, पूर्ण वा आंशिक अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत र सामाजिक भेदभावमा परेका समुदायका बालबालिकाहरू र लोपोन्मुख आदिवासी समूहहरूलाई नेपाल सरकारले सामाजिक सुरक्षा भत्ता दिन्छ । सम्भावित विपद्का घटना हुनुअगावै यस्ता भत्ता कसरी प्रयोग गर्दा भत्ता पाउने वर्गहरूलाई विपद्को प्रभाव र तनावबाट थोरै भए पनि उन्मुक्ति दिन सकिन्छ भनी सोच्न पालिकाका नेतृत्व वर्ग र कर्मचारीलाई जागरूक गराउन जरूरी छ । साथै विपद् प्रतिकार्यका लागि खर्च गरिने रकम (प्रधानमन्त्री प्रकोप राहत कोष आदिबाट प्राप्त हुने सहयोग) बाट यस्ता सङ्कटासन्न भत्ताको रूपमा नगद/भौचर हस्तान्तरण र अस्थाई रोजगार दिएर मद्दत गर्न सकिन्छ । तात्कालिक सामाजिक सहयोग भत्ता (जस्तो नगद, भौचर अनुदान) वा अल्पकालीन रोजगारी (जस्तो प्रधानमन्त्री रोजगार कार्यक्रम) पनि यी सङ्कटासन्न समूहतर्फ लक्षित गराउन सकिन्छ ।

## जोखिम हिस्सेदारी

विपद्को समयमा स्थानीय तहहरूलाई प्राथमिक प्रतिकार्यकर्ताहरु भनी निर्दीष्ट गरिएको छ । यी तहहरूले एकद्वार प्रणालीअन्तर्गत विपद् प्रतिकार्य गतिविधि सञ्चालन गर्नुपर्छ । स्थानीय तहको विपद् प्रतिकार्य क्षमता, स्थानीय घरधुरी, निजी व्यावसायिक क्षेत्र, विकास साझेदार र प्रादेशिक र सङ्घीय सरकारबाट प्राप्त सहायतामा प्रायः निर्भर रहन्छ । व्यक्तिहरु र व्यावसायिक क्षेत्रहरूलाई बारम्बार भैपरि आउने विपत्तिबाट बच्न केही हदसम्म सक्षम बनाउनुपर्छ । साना तथा मध्यम स्तरका विपद्/जोखिमहरूका व्यवस्थापन गर्न स्थानीय तह आफैं सक्षम हुन सक्नुपर्छ । ठूला स्तरका विपद्/जोखिमहरु व्यवस्थापन गर्न जोखिम हिस्सेदारीको रणनीति अपनाउन सकिन्छ । यो रणनीतिका केही उदाहरण तल प्रस्तुत गरिन्छ ।

ललितपुर महानगरपालिकाले भूकम्पबाट क्षतिग्रस्त संरचनाहरूको पुनर्निर्माण गर्न स्थानीय समुदायहरु र निजीक्षेत्रलाई सफलतापूर्वक संलग्न गराएको थियो । एउटा विशेषज्ञ संस्थाले पुनर्निर्माणका लागि प्राविधिक सहायता प्रदान गर्‍यो । निजी व्यवसायहीरूलाई उनीहरूका क्षेत्रहरु पर्यटकीय दृष्टिकोणबाट आकर्षक बनाउन लगाइयो । बागलुङ नगरपालिका, बागलुङले विपद्को बेला मानिसलाई स्थानान्तर गर्न खुल्ला क्षेत्र पहिचान गरी प्रभु बैंकसँग मिलेर उक्त क्षेत्रमा पर्खाल लगाउने कार्य गर्‍यो ।

चाँगुनारायण नगरपालिका, भक्तपुरले पर्यटकीय क्षेत्रमा उद्यमीहरूसँग मिलेर विपद् जोखिमको जानकारी सहितको पर्यटकीय विकास योजना तयार पारेको छ । यो योजनामा स्थानीय सरकार र निजीक्षेत्रका उद्यमीहरु मिली तयार पारिएको विपद् जोखिम न्यूनीकरण र प्रतिकार्ययोजना पनि पर्छ ।

## जोखिम हस्तान्तरण

जोखिम हस्तान्तरण प्रकृया अपनाउन, घरपरिवार, व्यावसायिक क्षेत्र र स्थानीय सबैलाई सुझाव दिइन्छ । व्यक्ति विशेष, घरपरिवार, व्यावसायिक क्षेत्र सबैले आफ्ना सम्पत्ति र व्यवसायहरु सबै बिमा सुरक्षाअन्तर्गत राख्ने पहल गर्नुपर्छ । स्थानीय तहले त अझै विशिष्ट भूमिका खेलेर साना किसानहरूका बाली र पशुधनको बिमा गर्दा प्रादेशिक र सङ्घीय सरकारहरूबाट पाइने छुटबारे जानकारी राख्नुपर्छ । साना किसानहरु र अरू सङ्कटासन्न निम्न आय भएका समूहलाई बिमा गर्न ७५% प्रतिशतसम्म छुट प्राप्त गर्न सकिने व्यवस्था छ । नेपालमा १७ वटा बिमा कम्पनी छन्, जसले जीवन र निर्जीवन बिमाबाहेक ग्रामीण क्षेत्रमा साना किसान र निम्न आय भएका व्यक्तिहरूलाई बिमा सुविधा प्रदान गर्दछन् । यस सन्दर्भमा केही रोचक उदाहरणहरु प्रस्तुत गरिन्छ ।

- नीलकण्ठ नगरपालिका, धादिङ्का प्रमुखले किसानका लागि बाली तथा पशु बिमाअन्तर्गत कृषि तथा पशुपन्छी विकास मन्त्रालय दिने ७५% छुटमा मेयर बिमा कार्यक्रमबाट थप १०% छुट दिने योजना कार्यान्वयन गरेका छन् । साथै नगरपालिकाले बिमा रकम दाबी गर्न पनि कम्पनी र किसानबीच मध्यस्थता गरिदिन्छ ।
- गोरखा नगरपालिका, गोरखाले सामाजिक सुरक्षा पहल सुरू गरेको छ । जसअन्तर्गत १४०० ज्यादै गरिब र ज्येष्ठ नागरिकको मेयर बिमा कार्यक्रमबाट,

बिमा किस्ता तिर्न पुग्ने गरी मद्दत गरिएको छ । यो विपद् जोखिम वित्तीय व्यवस्थापन र सामाजिक सुरक्षाको रोचक उदाहरण हो तर यसको असर र व्यावहारिक पक्ष मूल्याङ्कन योग्य हुनसक्छ ।

ठूला सार्वजनिक पूर्वाधारहरु जस्तै, अस्पतालहरु, विद्यालयहरु, ठूला ठूला सार्वजनिक लगानी भएका जलविद्युत् गृहजस्ता पूर्वाधारहरुको बिमा, जोखिम हस्तान्तरणका राम्रा प्रकृयाहरु छन् ।

यी माथिका सबै प्रकृयाले विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीति कार्ययोजना २०१८-२०३० को प्राथमिकता प्राप्त कार्य ११, विपद् जोखिम न्यूनीकरणमा निजी लगानी वृद्धि र प्राथामिकता प्राप्तकार्य १२, जोखिम हिस्सेदारी, बिमा तथा सामाजिक सुरक्षामार्फत विपद् उत्थानशीलता अभिवृद्धि गर्ने कार्यहरुमा सहयोग पुऱ्याउँछ ।

## प्रशिक्षक/सहजकर्तालाई सुझाव

प्रशिक्षक/सहजकर्ताले सर्वप्रथम जोखिम व्यवस्थापनमा वित्तीय सहयोगको अवधारणा बुझाउने तथा प्रत्येक विकास कार्यहरु जस्तै, पूर्वाधार निर्माण, स्वास्थ्य, शिक्षा आदिमा विपद् जोखिम न्यूनीकरणलाई मूल प्रवाहीकरण गर्दा विपद् जोखिम व्यवस्थापनका लागि वित्तीय स्रोतहरु कसरी प्राप्त गर्न सकिन्छ भनी खोज्न लगाउनुपर्छ । यी सबै विकास योजनाहरुमा छुट्याइएका स्रोतहरुबाट केही रकम विपद् जोखिम न्यूनीकरणका लागि प्राप्त हुनसक्छ । प्रशिक्षकले विपद्हरुका मात्रा, बारम्बारता र प्रभावका अवधारणाहरुसँग परिचित गराई सहभागीबीच समूह छलफल गराउनुपर्छ । कस्ता विपद् जोखिमहरुबाट पुनर्स्थितिमा फर्कन पालिकाहरु आफैं खर्च धान्न सक्छन् र कस्ता जोखिमहरुका लागि बिमा योजनामा हस्तान्तरण गर्नुपर्छ भन्नेमा पनि छलफल गराउनु पर्छ । जोखिम हस्तान्तरण योजनामा ठूलो रकम खर्च गर्नुपर्ने हुनाले कसरी स्रोतहरु जुटाउने सम्बन्धमा पनि छलफल हुनुपर्छ । प्रशिक्षक/सहजकर्ताले पालिकाहरुमा बारम्बार आइपर्ने विपत्तिहरुबाट पुनर्स्थितिमा फर्कन गर्न सकिने सम्भाव्य कार्यहरुबारे छलफल गरी निष्कर्ष निकाल्नु पर्छ ।

## सत्र योजना (३० मिनेट)

यस खण्डमा अपेक्षित उद्देश्य प्राप्तिका लागि प्रशिक्षण कार्यविधिबारे छलफल गरिन्छ ।

| समग्र उद्देश्य | विशिष्ट उद्देश्यहरु : सत्रको अन्त्यमा सहभागीले |
|---|---|
| पालिकाका जनप्रतिनिधि र कर्मचारीहरुलाई (क) विपद् जोखिम न्यूनीकरण पूर्वतयारीका लागि वित्तीय सहयोगका अन्य उपायहरु खोजी गर्न र (ख) | • जोखिम हिस्सेदारी र जोखिम हस्तान्तरण प्रक्रिया र यी प्रक्रियाहरु सुरु गर्ने सम्भाव्य योजनाबारे बुझ्नेछन्<br>• सार्वजनिक निजी साझेदारीबारे साधारण ज्ञान प्राप्त गर्नेछन् |

| | |
|---|---|
| विपद् जोखिमका प्रभावहरु अल्पीकरण गर्न सार्वजनिक निजी साझेदारीका अन्य उपायहरु खोजी गर्न सक्षम बनाउने | • निजीक्षेत्रलाई उनीहरूका व्यवसायमा स्थानीय तहमा सम्भाव्य वातावरणीय र अन्य विपद् जोखिमबारे सचेत गराउनु पर्ने जानकारी प्राप्त गर्नेछन् |

## अपेक्षित सहभागी

नगरपालिकाहरूका प्रमुख/उपप्रमुख, गाउँपालिकाहरूका अध्यक्ष/उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्ष, प्रशासकीय समितिका सदस्य, विपद् जोखिम न्यूनीकरणसँग सम्बन्धित सम्पर्क व्यक्ति, इन्जिनियर, पालिकाका विषय समितिका सम्पर्क व्यक्तिहरु ।

## सत्र गतिविधिहरूको सारांश

| गतिविधि | समय | विवरण | औजार | तयारी |
|---|---|---|---|---|
| १<br>जोखिमको वित्तीय व्यवस्थापनमा र जोखिम हस्तान्तरण | दिन ३<br>२:४५–३:१५<br>(३० मिनेट) | **सत्र १५ : जोखिमको वित्तीय व्यवस्थापन र हस्तान्तरण प्रक्रिया**<br>• जोखिमको वित्तीय व्यवस्थापन र हस्तान्तरणबारे बिमा योजनाहरूप्रति सबै सहभागीलाई प्रेरित र प्रोत्साहित गर्ने ।<br>• पालिका सार्वजनिक निजी साझेदारी : वातावरणीय र अरू विपद् जोखिमहरूको अल्पीकरण गर्न उद्योग, व्यवसाय, शैक्षिक संस्था (अनुसन्धान, सूचना तथा प्रविधि) सँग सहकार्य गर्ने | S15T1_Risk<br><br>financing and risk transfer | सहभागी सबैका लागि प्रस्तुत सामग्री छापी तयार राख्ने । |

| | | | | |
|---|---|---|---|---|
| | | • निजीक्षेत्रलाई उनीहरूको गतिविधिहरूबाट स्थानीय तहमा हुने सक्ने वातावरणीय र अन्य विपद् जोखिमहरूको नोक्सानीबाट बच्ने उपायहरु गर्न, वित्तीय सहयोगका लागि प्रोत्साहित गर्ने | | |

## सत्र गतिविधिहरूको विवरण

| | | |
|---|---|---|
| दिन ३<br>(२:४५–३:१५<br>(३० मिनेट) | **गतिविधि १ : विपद् जोखिमको वित्तीय व्यवस्थापन, जोखिम हिस्सेदारी र जोखिम हस्तान्तरण**<br>• जोखिमको वित्तीय व्यवस्थापनमा र हस्तान्तरण प्रक्रियाहरूमा खुल्ला छलफल<br>• जोखिमको वित्तीय व्यवस्थापनमा र हस्तान्तरण प्रक्रियाहरूबारे प्रस्तुति<br>• जोखिमको वित्तीय व्यवस्थापनमा र हस्तान्तरण प्रक्रियाहरूको सारांश | **उद्देश्यहरु**<br>पालिकाका जनप्रतिनिधिलाई विपद् जोखिमको वित्तीय व्यवस्थापन औजारहरूसँग परिचित गराउने<br><br>औजार : S15T1_Risk financing and risk transfer |

## प्रशिक्षण सामग्री

प्रशिक्षण तालिका, बोर्ड मार्कर, मास्किङ टेप, डबल साइडेड टेप, मेटा कार्ड, साइन पेन, न्युज प्रिन्ट पेपर, पुस पिन, कार्डबोर्ड पेपर, खैरो कागज ।

| | |
|---|---|
| अपेक्षित उपलब्धि | पालिकाका सरोकारवालालाई जोखिमको वित्तीय व्यवस्थापन र बिमा योजनाद्वारा जोखिम हस्तान्तरण प्रक्रियाहरु अपनाउन प्रेरित गर्ने । |
| पुष्ट्याइँका आधारहरू | प्रस्तुतिहरु र समूहगत छलफलका टिपोटहरु |
| सन्दर्भ-सामग्री | • विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, २०१८–२०३०<br>• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७६ (पेज ३) http://drrportal.gov.np/upoLads/document/1505.pdf |

# सत्र १६

## स्थानीय तहमा विपद् जोखिम व्यवस्थापन कार्यहरूको मार्गचित्र



# पृष्ठभूमि

## सत्रको परिचय

यस प्रशिक्षणको उद्देश्य विपद् जोखिम व्यवस्थापनमा स्थानीय तहहरूलाई सक्षम बनाउनु हो । अघिल्ला सत्रहरूमा सहभागीले स्थानीय विपद् जोखिम व्यवस्थापन सुशासनका केही अवयवबारे जस्तै, स्थानीय विपद् जोखिम व्यवस्थापन ऐन, विपद् जोखिम व्यवस्थापन कोष कार्यविधि, स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना, विपद् पूर्वतयारी र प्रतिकार्ययोजना र आपतकालीन कार्यसञ्चालन केन्द्रको सञ्चालन प्रक्रिया मापदण्ड आदिका कार्ययोजनाहरु तयार पारिसकेका हुनेछन् । यी गतिविधिहरु र कार्ययोजनाहरु पालिकाहरूलाई स्थानीय तहमा विपद् जोखिम व्यवस्थापनसम्बन्धी नियम, नीति, संरचनाहरु र विपद् जोखिम व्यवस्थापनलाई विकास योजनाका प्रक्रियासँग एकीकृत गर्ने योजना तयारी तथा अद्यावधिक गर्ने मार्गचित्र हुनसक्छ ।

यो सत्रमा यी सबै कार्ययोजनाका समीक्षा गरी एउटै कार्ययोजनामा समायोजन गरी एउटै दस्तावेज बनाइने छ र यो दस्तावेज पालिकाहरूलाई एक एक प्रति दिइनेछ । यो दस्तावेज यस प्रशिक्षणको अमूल्य उपलब्धि हुनेछ ।

## प्रशिक्षक /सहजकर्तालाई सुझाव

यस सत्रमा सहभागीले प्रशिक्षणका विभिन्न सत्रमा तयार पारेका कार्ययोजनाहरूलाई एकीकृत गरी एउटै दस्तावेज बनाउन सहयोग गर्नुपर्छ । यो कार्ययोजनाको टेम्प्लेट यस निर्देशिकाको टुल्स प्याकमा गाँसिएको छ । यो सबै सहभागीमा बाँडिदिनुपर्छ र यसबाट सहभागीले विभिन्न सत्रमा गरेका कार्यहरूलाई आफ्नो पालिकाहरूमा लैजानु हुनेछ । प्रशिक्षकले प्रत्येक पालिकाले तयार पारेका कार्ययोजनाका प्रतिहरु बनाई राख्नुपर्छ (सन्दर्भः S16T1_Group work Plan of Action) ।

## सत्र योजना (६० मिनेट)

यो खण्डमा अपेक्षित उद्देश्यहरु र प्रशिक्षण विधिबारे छलफल गरिन्छ ।

| समग्र उद्देश्य | विशिष्ट उद्देश्यहरु : सत्रको अन्त्यमा सहभागीको |
|---|---|
| विभिन्न स्थानीय विपद् जोखिम व्यवस्थापन ऐन, नीति, रणनीति र कार्ययोजना समावेश गरी समग्र कार्ययोजनाहरूको एउटै दस्तावेज बनाउने, कार्यान्वयनको समयसीमा र कर्तव्यहरु सहितको यस दस्तावेजलाई सबै पालिकाद्वारा अनुमोदन गर्ने प्रतिवद्धता जनाउने । | आआफ्नो पालिकाका लागि विपद् जोखिम व्यवस्थापनसम्बन्धी स्थानीय कानुन, नियम, नीति र आवश्यक संरचनाहरु तयार गरी विकास योजनामा विपद् जोखिम व्यवस्थापनको मूल प्रवाहीकरण गर्ने कार्ययोजनाको मस्यौदा तयार पार्न सक्षम हुनेछन् । |

## अपेक्षित सहभागी

नगरपालिकाहरूका प्रमुख/उपप्रमुख, गाउँपालिकाहरूका अध्यक्ष/उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्ष, प्रशासकीय समितिका सदस्य, विपद् जोखिम न्यूनीकरणसँग सम्बन्धित सम्पर्क व्यक्ति, इन्जिनियर, पालिकाका विषय समितिका सम्पर्क व्यक्तिहरु ।

## सत्र गतिविधिहरूको सारांश

| गतिविधि | समय | विवरण | औजार | तयारी |
|---|---|---|---|---|
| १<br>स्थानीय विपद् जोखिम व्यवस्थापनको कार्ययोजना (पालिकाहरूका लागि) | दिन ३<br>३:१५–३:४५<br>(३० मिनेट) | **गतिविधि १ : विपद् जोखिम व्यवस्थापन कार्ययोजनासम्बन्धी पालिकाहरूका मार्ग चित्र**<br>● विपद् जोखिम व्यवस्थापनसम्बन्धी कार्यहरूमा पालिकाहरूका जनप्रतिनिधि र कर्मचारीको प्रतिवद्धताहरूको सारांश<br>● यी प्रतिवद्धताहरूको कार्यान्वयनका लागि गर्नुपर्ने कार्यहरूको समयसीमा | S16T1_Action Plan | हरेक सत्रको गतिविधि र कार्ययोजना पूरा भइसकेको सुनिश्चित गराउने |
| २<br>स्थानीय विपद् जोखिम व्यवस्थापन घोषणा | ३:४५–४:१५<br>(३० मिनेट) | **गतिविधि २ : पालिकाद्वारा सुधारिएको विपद् जोखिम व्यवस्थापन कार्ययोजनाको घोषणापत्र**<br>● मस्यौदा घोषणापत्रको प्रस्तुति<br>● समूह छलफल र आएका टिप्पणीहरु समाविष्ट गर्ने<br>● उक्त कार्ययोजनालाई सबै पालिकाहरुद्वारा अनुमोदन | S16T2_DecaLration | |

## सत्र गतिविधिहरूको विवरण

| | | |
|---|---|---|
| दिन ३<br>३:१५–३:४५<br>(३० मिनेट) | **गतिविधि १ : पालिकाहरूका लागि विपद् जोखिम व्यवस्थापन कार्यहरूका मार्गचित्र**<br>● प्रत्येक सत्रका लागि निर्धारित गतिविधि र कार्ययोजनाहरु पूरा गर्न लगाउने<br>● प्रत्येक कार्ययोजनामा लैङ्गिक समानता र सामाजिक समावेशी उत्तरदायी कार्यान्वयन गराउने सुनिश्चितता । प्रत्येक चरणका कार्यहरु (आवश्यकताको लेखाजोखा, विश्लेषण, रणनीतिक योजना, स्रोत परिचालन, कार्यान्वयन तथा अनुगमन, समीक्षा र मूल्याङ्कन) पूरा गराउने ।<br>● सबै सत्रहरूका गतिविधिहरु र तयार पारिएका कार्ययोजनाहरूको समीक्षा गर्ने<br>● सहभागी सबै पालिकालाई मार्गदर्शन गर्ने ।<br>● सबै गतिविधि र कार्ययोजनाहरूलाई अन्तिम रूप दिने<br>● उक्त कार्ययोजनाहरूलाई पालिकाहरूको विपद् जोखिम व्यवस्थापन कार्ययोजना बनाउने । | **उद्देश्यहरु**<br>● औजार –S16T1_Action Plan<br><br>अगाडिका सत्रहरूमा तयार गरिएका सबै साना कार्ययोजनाहरूलाई एउटै लामो कार्ययोजनामा समावेश गर्ने । |
| ३:४५– ४:१५<br>(३० मिनेट) | **गतिविधि २ : पालिकाहरुद्वारा सुधारिएको विपद् जोखिम व्यवस्थापन कार्ययोजनाको घोषणा**<br>● घोषणापत्रको मस्यौदालाई पालिकाहरूबाट अनुमोदनका लागि प्रस्तुत गर्ने<br>● सुझावहरु जम्मा गर्ने, समीक्षा गर्ने र आवश्यक परे मस्यौदा घोषणापत्रमा समाविष्ट गर्ने ।<br>● यस घोषणापत्रलाई सबै पालिकाका लागि विपद् जोखिम व्यवस्थापन कार्ययोजना बनाउन स्वीकृति लिने । | सुधारिएको विपद् जोखिम व्यवस्थापन नीति र कार्ययोजना, सबै पालिकामा कार्यन्वयन गर्न प्रतिवद्धता लिने |

### प्रशिक्षण सामग्री

प्रशिक्षण तालिका, बोर्ड मार्कर, मास्किङ टेप, डबल साइडेड टेप, मेटा कार्ड, साइन पेन, न्युज प्रिन्ट पेपर, पुस पिन, कार्डबोर्ड पेपर, खैरो कागज ।

| | |
|---|---|
| अपेक्षित उपलब्धि | पालिकाका जनप्रतिनिधि र कर्मचारीहरूले आ–आफ्नो पालिकाहरूमा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन कार्यहरूका प्राथमिकताको आधारमा गर्नुपर्ने कार्यहरूको सूची तयार पार्ने, कार्ययोजनाहरु तयार पार्ने र यसका लागि समयसीमा तय गर्नेछन् ।<br>प्रत्येक पालिकाले पालिका तहको विपद् जोखिम व्यवस्थापन, कानुन, नियम, नीति, कार्यविधि, सञ्चालन प्रक्रिया र आवश्यक संयन्त्रहरूको स्थापना गर्ने कार्ययोजनाहरु तयार पार्ने, अद्यावधिक गर्ने, स्वीकृत गर्ने र कार्यान्वयन गर्ने मार्गचित्र तयार पार्नेछन् । |
| पुष्ट्याइँका आधारहरू | समूहकार्यबाट तयार पारिएको मस्यौदा दस्तावेज पालिकाहरूद्वारा स्थानीय विपद् जोखिम व्यवस्थापनको घोषणा । |
| सन्दर्भ-सामग्री | |

# प्रशिक्षणपूर्व र प्रशिक्षणपश्चात लिइने परीक्षण र मूल्याङ्कन

पूर्वपरीक्षण प्रश्नावली O1T1_Pre-Test औजारको रूपमा संलग्न छ ।

यो प्रश्नावली सबै सहभागीद्वारा भराई फिर्ता लिई मूल्याङ्कन गरी सुरक्षित राख्नुपर्छ । यो प्रश्नावलीमा जम्माजम्मी १९ प्रश्न छन् । सहभागीलाई उनीहरूको विपद् जोखिम व्यवस्थापनसम्बन्धी ज्ञानको आधार प्रत्येक प्रश्नको उत्तर छान्न लगाउनु पर्छ । सहभागीलाई यो परीक्षा नभई खाली प्रशिक्षणलाई बढी प्रभावकारी बनाउन प्रारम्भिक जानकारी जुटाउन गरिएको परीक्षण हो भनी सुरूमै आश्वस्त पार्नुपर्छ । सहभागीलाई सबै प्रश्नको उत्तर पूरा गर्न लगाई पूर्वपरीक्षण प्रश्नावली फिर्ता लिनुपर्छ । हरेक सही उत्तरको एक अङ्क दिनुपर्छ । यसरी पूरा गरिएको प्रश्नावलीहरु सुरक्षित राख्नुपर्छ ।

प्रशिक्षणपश्चात परीक्षणका लागि प्रश्नावली औजार S17T1_Post-Test औजारको रूपमा संलग्न छ ।

यो प्रश्नावलीमा पनि पूर्वपरीक्षणमा जस्तै १९ प्रश्न छन् । सहभागी सबैलाई प्रत्येक प्रश्नको सही उत्तर छानी प्रश्नावलीका सबै प्रश्नका उत्तर दिन अनुरोध गर्नुपर्छ । प्रत्येक सही उत्तरका लागि १ अङ्क दिइने छ ।

पूर्वपरीक्षण र प्रशिक्षणपश्चात परीक्षण दुवैका प्राप्ताङ्क राखी एक तुलनात्मक सूची तयार पारी यस सूचीलाई प्रशिक्षण प्रतिवेदनमा संलग्न गर्नुपर्छ ।

प्रशिक्षण मूल्याङ्कन प्रश्नावली औजार S17T2_Evaluation औजारको रूपमा संलग्न छ ।

सहभागी सबैलाई प्रशिक्षण मूल्याङ्कन फारम भर्न पनि अनुरोध गर्नुपर्छ । यस मूल्याङ्कनको प्राप्ताङ्कले प्रशिक्षण समग्रीहरूका सान्दर्भिकता, प्रशिक्षणको प्रभावकारिता र प्रशिक्षण व्यवस्थापनलाई झल्काउँछ । यसलाई पनि प्रशिक्षण समापन प्रतिवेदनसँगै समावेश गर्नुपर्छ ।

## प्रशिक्षण प्रतिवेदन (नमुना)

### पृष्ठभूमि

प्रशिक्षण पूरा भएपछि प्रशिक्षक/सहजकर्ताले प्रशिक्षण समापन प्रतिवेदन तयार पार्नुपर्छ । यस प्रतिवेदनमा पृष्ठभूमि, उद्देश्य, सहभागी, सामग्री र प्रशिक्षण पद्दति सबैको वर्णन गरिएको हुनुपर्छ । प्रशिक्षकले प्रशिक्षण अवधिभर सहभागिताको स्तर, सक्रियता, विचार आदानप्रदान र प्रशिक्षणबारे प्रतिक्रिया सबै उल्लेख गर्नुपर्छ । यी जानकारी पछिल्ला प्रशिक्षणका प्रभावकारिता बढाउन सहायक हुन्छन् ।

## प्रशिक्षक/सहजकर्तालाई सुझाव

साधारणतया, प्रशिक्षण समापन प्रतिवेदन प्रशिक्षण आयोजना गर्ने साझेदार संस्थाले तयार पार्दछ । यसका लागि एकजना कर्मचारी खटाई प्रशिक्षण अवधिभरका गतिविधिको निरीक्षण र प्रतिवेदनको तयारी गर्न लगाउन सकिन्छ । तर, यदि प्रशिक्षक वा सहजकर्ताले नै प्रतिवेदन तयार पार्नुपर्छ भने उनीहरूले नै यो काम गर्नुपर्छ । प्रशिक्षण सुरू भएपछि प्रशिक्षक/सहजकर्ता, प्रशिक्षण कार्य र सहभागीलाई सहयोग गर्न अति नै व्यस्त हुनुपर्ने भएकाले प्रशिक्षण सुरू भएदेखि नै सहभागीद्वारा व्यक्त विचारका टिपोटहरु बनाइराख्नु आवश्यक छ । सहभागीका यस्ता भनाइबाट प्रशिक्षक/सहजकर्ताले प्रशिक्षणमा के कस्ता कुरामा जोड दिइरहेका थिए भन्ने कुरा प्रतिवेदनमा झल्काउन सहयोग सिद्ध हुनेछ ।

प्रशिक्षक/सहजकर्ताले प्रतिवेदन तयार पार्दा ध्यान पु¥याउनु पर्ने कुरा

- प्रस्तुत गरिएका विषयवस्तुहरु
- सहभागीका समूहहरूबाट गराउने कामहरूका प्रक्रिया र उपलब्धि
- समूहकार्य र प्रस्तुति भइरहेको बेलाको तस्वीरहरु लिने

यी गतिविधिहरूका लागि प्रत्येक सत्रमा एकजना टिपोटकर्तालाई लगाउन सकिन्छ अथवा प्रशिक्षक/सहजकर्ताले आफ्नो सहयोगी सहजकर्ताको मद्दत लिन सकिन्छ । टिपोटका लागि तल केही सुझाव दिइएका छन् :-

| दिन :<br>(उदाहरणका लागि दिन २) | सत्र नं. र शीर्षक |
|---|---|
| ११:०० – ११:३०<br>(३० मिनेट)<br><br>११:३० –१२:००<br>(३० मिनेट) | **प्रशिक्षण विधि**<br>प्रशिक्षक/सहजकर्ताले प्रशिक्षणका लागि अपनाएका गतिविधिबारे टिपोट<br>गतिविधि १ : शिविर व्यवस्थापन समन्वय समितिबारे पावर प्वाइन्ट प्रस्तुति<br>● प्रस्तुति कसरी गरियो भन्नेबारे बुँदागत टिपोट<br>**गतिविधि २ : शिविर स्थापनाका लागि उपर्युक्त ठाउँको छनौटमा समूहकार्य**<br>● कसरी सहभागीको समूहहरु गठन गरियो ।<br>● समूहकार्य के थियो ? यो कार्य कसरी दिइयो ? |

| | |
|---|---|
| | • प्रशिक्षक/सहजकर्ताबाट समूहहरूलाई कसरी सहजीकरण गरियो ?<br>• समूहकार्यलाई सहभागीले कसरी प्रस्तुत गरे ?<br>• सहभागीबाट सोधिएका महत्वपूर्ण प्रश्न, टिप्पणी, व्यक्त विचारहरु कुनै ? कुनै महत्वपूर्ण कुरा भए सहभागीकै शब्दहरु (सम्भव भएसम्म) का टिपोट ।<br>• प्रशिक्षक/सहजकर्ताले जोड दिएको मुख्य कुराहरूको सारांश तथा सहभागीले मनन गर्नुपर्ने बुँदाहरु । |
| कागजातहरु | प्रशिक्षणका कागजातहरु<br><br>प्रशिक्षण अवधिभर सहभागीका विभिन्न समूहबाट थुप्रै प्रस्तुति हुन्छन् । यीमध्ये केही प्रस्तुति, प्रतिवेदन तयार पार्न र पछिल्ला प्रशिक्षणमा सन्दर्भ-सामग्रीका रूपमा प्रयोग गर्न सकिन्छ । यस्ता महत्वपूर्ण प्रस्तुतिहरु सङ्कलन गर्ने र सके यस्ता दस्तावेजहरूका फोटो पनि तयार पार्ने । |

## दोस्रो चरण : प्रतिवेदन लेखन

धेरै व्यक्तिलाई प्रतिवेदन लेखन चुनौतीपूर्ण कार्य हुनसक्छ । प्रतिवेदनले प्रशिक्षणको प्रभावकारिताबारे महत्वपूर्ण अन्तर्दृष्टि दिने भएता पनि लामो विवरण पढ्न अल्छीलाग्दो हुनसक्छ । प्रशिक्षक/सहजकर्ताले प्रतिवेदन तयार पार्दा,

- सकभर छोटो बनाई लेख्नुपर्छ ।
- लामा विवरणहरु नलेखी तथ्यात्मक जानकारी दिनुपर्छ ।
- पूर्वपरीक्षण, प्रशिक्षणपश्चातको परीक्षण र समग्र मूल्याङ्कनका तुलनात्मक सूचीहरु बनाई र प्रश्नावलीहरु सहितका सामग्री प्रतिवेदनमा समावेश गर्नुपर्छ ।
- सहभागीको उपस्थिति र अन्य आवश्यक कागजपत्र र प्रशिक्षण गतिविधिमा सहभागीको सक्रियता देखिने फोटोसहितका गतिविधिहरूका जानकारी प्रतिवेदनमा समावेश गर्नुपर्छ ।

प्रशिक्षण समापन प्रतिवेदनका टेम्प्लेटहरु यदि अगाडि नै प्राप्त हुन सके राम्रो हुन्छ । नभए औजार S18_T1 Training Report Template लाई प्रयोग गर्न सकिन्छ ।

# S18_T1_TRAINING REPORT TEMPLATE

(नमुना)

## विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा स्थानीय सरकारहरूको क्षमता अभिवृद्धि गराउन आयोजना गरिएको प्रशिक्षणको प्रतिवेदन

(प्रशिक्षण मिति)

(प्रशिक्षण स्थल)

प्रस्तुतकर्ता

(प्रशिक्षकको नाम)

(सह-सहजकर्ता भएमा सह-सहजकर्ताको नाम)

पेश गरिएको

संस्थाको नाम र ठेगाना

# पृष्ठभूमि

(जुन परियोजना अन्तर्गत यो क्षमता अभिवृद्धि गराउने प्रशिक्षण सुरु गरिएको हो त्यस परियोजनाको छोटो परिचय दिने र संलग्न गर्नुपर्ने जानकारीहरूमा स्थानीय सरकार विपद् जोखिम व्यवस्थापनसम्बन्धी क्षमता अभिवृद्धि गराउन नेपाल सरकारको नयाँ नीति र प्राथमिकताहरु, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्थानीय सरकारहरूको क्षमता अभिवृद्धि गराउने प्राथमिकतामा कसरी यस परियोजनासम्बन्धित छ भन्ने कुराहरु पर्छ ।)

प्रशिक्षणको छोटो जानकरी, कहाँ, के, कतिवटा आदि र कसले यस विषेश प्रशिक्षण प्रदान गर्छ भनी वर्णन गर्ने ।

## उद्देश्यहरू

छोटकरीमा प्रशिक्षणको समग्र उद्देश्य र विशिष्ट उद्देश्यहरु उल्लेख गर्ने ।

## प्रक्रिया र विधि

(छोटकरीमा प्राशिक्षणमा संलग्न गरिएको विषय वस्तुको छनौट र प्रशिक्षण विधिको उल्लेख गर्ने । प्रशिक्षणमा उपयोग गरिएका प्रशिक्षण विधिहरु संक्षेपमा उल्लेख गर्ने । प्रशिक्षण योजना र सत्र गतिविधिहरु परिशिष्टमा संलग्न गर्ने ।

प्रशिक्षण पद्धति निम्नानुसार वर्णन गर्न सकिन्छ :

- प्रशिक्षणसम्बन्धित पाठ्य सामग्रीको वितरण
- सत्रका मुख्य मुख्य अवधारणाहरूको पावर प्वाइन्ट प्रस्तुति
- सत्रसँगसम्बन्धित विषयमा सहभागीका अनुभव माथि समूह छलफल
- समूहकार्य र प्रस्तुति, अनुकरण अभ्यास, अन्तर्क्रियात्मक खेल
- प्रशिक्षण सहजकर्ताहरूद्वारा समूहकार्य र प्रस्तुतिबाट आएका मुख्य मुख्य बुँदाहरूको टिपोट

प्रशिक्षण सत्रहरूबाट प्राप्त कुनै खास परिणाम जस्तै समूहकार्य आदि यो भागमा उल्लेख गर्न सकिन्छ)

## प्रक्रिया र विधि

| पद श्रेणी | पुरुष | महिला | जम्मा संख्या | अपाङ्गता भएका व्यक्तिहरु | जेष्ठ नागरिकहरु | सामाजिक विभेदमा परेका समूहहरुबाट |
|---|---|---|---|---|---|---|
| पालिका प्रमुख/अध्यक्ष | | | | | | |
| पालिका उप-प्रमुख/उपाध्यक्ष | | | | | | |
| वडाध्यक्ष | | | | | | |
| वडा सदस्य | | | | | | |
| कार्यकारी समिति सदस्यहरु | | | | | | |
| प्रमुख प्रशासकीय अधिकृत | | | | | | |
| विपद् जोखिम न्यूनीकरण सम्पर्क व्यक्ति | | | | | | |
| अरु थप गर्ने | | | | | | |

## प्रशिक्षण कार्यक्रमको विषयवस्तु

(प्रशिक्षणको विषयवस्तु यस भागमा वर्णन गर्नु पर्छ ।)

## प्रशिक्षणको गतिविधिहरुको सारांश


(प्रत्येक दिनको प्रशिक्षण सत्रहरुका विवरण र सहभागीका अनुभव र छलफलबाट प्राप्त कुनै खास कुराहरुको उद्दरण गर्ने)

## मूलयांकन

प्रशिक्षणको अन्त तिर सहभागीले प्रशिक्षण पश्चात लिइने परीक्षणको प्रश्नावली पूरा गर्नुको साथै प्रशिक्षण मूल्याङ्कन फाराम पनि भरिसकेका हुन्छन । प्रशिक्षण पूर्वर प्रशिक्षण पश्चातका परीक्षणहरुका नतिजालाई निम्नानुसारको तुलनात्मक रेखाचित्र अनुसार प्रशिक्षणको उपलब्धि झल्कीने गरी प्रस्तुत गर्ने ।

प्रशिक्षणको प्रभावकारिता देखाउन मूल्यांकनको नतिजा पनि संलग्न गर्ने ।

उदाहरण : विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन, नेपालगन्ज



## निष्कर्ष

(प्रशिक्षक/सहजकर्ताले माथिको जानकारी अनुसार आफ्नो निष्कर्ष प्रस्तुत गर्नुपर्छ । जसमा भविष्यका लागि कुनै उचित सुझाव भए सो समावेश गर्नुपर्छ ।

## परिशिष्टहरू

(प्रशिक्षण सत्र योजनाहरु र प्रशिक्षण सत्रहरुमा सहभागीबाट प्राप्त कुनै कार्ययोजनाहरु भए परिशिष्टमा समावेश गर्नको साथै सहभागीको दर्ता सूचीको प्रतिलीपी र केही तस्वीरहरु समेत समावेश गर्ने)

USAID
FROM THE AMERICAN PEOPLE

IOM
UN MIGRATION